खण्ड - दुई

A Trilingual Dictionary

of

The Magar Language

(Athāra Magarāt)

अ

अँगार */plv.* **ĩgar**, *syn.* **mẹ̃rə'**, *hmlv.* **gadʒəl/** – [ना. *n.*] काठ, दाउरा आदि बलेर खरानी नबनिसकेको कालो चिज; गोल। partly burnt coal or wood; cinder, charcoal.

अँचम्बिन्य */ɨtʃɨmbɪnjə*, *syn.* **ŋəːlnjə**, *ant.* **malaːmulu lɪnjə/** – [अ.क्रि. *v.i.*] एकोहोरिएर वा वाल्ल परेर रहनु; टोलाउनु। to stare; to get perplexed; to get puzzled.

अँजिर */ɨdʒɪr/* – [ना. *n.*] पचाउन गाह्रो हुने वा नपचेर शरीरलाई पिराउने खालको खानेकुरा; अपाच्य खाद्य। the food that is difficult to digest; indigestible food.

अँत्कँलिन्य */ɨtkɨlɪnjə/* – [स.क्रि. *v.t.*] **१.** एक चिजलाई अर्कोसँग तौल, रुप, गुण, स्वभाव, मूल्य, आकृति आदि लक्षणसँग भिडाएर हेर्नु; तुलना गर्नु; दाँज्नु। to compare the weight, form, quality, nature, cost/value or any feature of one thing with that of another thing; to compare. **२.** एकातिर ढक र अर्कोतिर तौलने चिज राखी ओजन पत्ता लगाउनु; तौल गर्नु; वजन लिनु; तौलनु; जोख्नु। to know the heaviness by placing a weight on the one side and the object to be measured on the other side; to weigh. **३.** वस्तुको लम्बाइ, चौडाइ, ओजन आकार आदिको नापो लिनु; नाप्नु। to take the measure to find out the length, weight, breadth or volume of an object; to measure. **४.** कुनै वस्तु, विषय, घटना, हिसाब आदिको अनुमान लाउनु वा गर्नु; अड्कल काट्नु/गर्नु। to guess; to surmise.

अँदिन्य */ɨdɪnjə/* – [अ.क्रि. *v.i.*] गतिशीलताबाट स्थिरावस्थामा आउनु; रोकिनु; थामिनु; अडिनु। to come to a halt; to abate; to stop.

अँधँपिल्च्या */ɨdʰɨpɪltʃjɑ/* – [वि. *adj.*] शरीरको कुनै अङ्ग चेतनाहीन भएर काम नगर्ने; अपाङ्ग। with a body part not functioning properly for deformation; handicapped.

अँधिया */ɨdʰɪjɑ/* – [ना. *n.*] **१.** उत्पादित अन्नबालीलाई उत्पादक र जग्गाधनीबीच भाग लगाउने काम वा चलन। the practice of sharing the crops between the land owner and the tiller. **२.** कमैया र जग्गाधनीबीच आपसमा भाग लगाएको अन्नबाली। the crops shared by the tiller and the land owner.

अँनिकाल */ɨnɪkɑl/* – [ना. *n.*] खाद्यान्नको चर्को अभाव भएको स्थिति; खानेकुराको अपुग्दो अवस्था। scarcity of food; famine.

अँभी */ɨbʰɪ/* – [ना. *n.*] उन्नति, प्रगति गरेर अरूलाई उछिन्न मनभित्र पालेर राखिएको दृढसङ्कल्प; इबी। the determination that one harbours to outdo others; a grudge; envy.

अँर्नी */plv.* **ɨrnɪ**, *hmlv.* **poro/** – [ना. *n.*] **१.** मध्याह्नको समयमा खाइने खाजा; नास्ता। a light midday meal, snack; tiffin. **२.** मुख्य भोजनभन्दा पहिले खाइने वा पिइने खानेकुरा; जलपान। a small amount of food that is

eaten before or after meals, or a very small meal; snack; a small meal eaten in the late evening; supper.

अर्मिनी */plv.* **ɨrmɨnɪ**, *hmlv.* **rmə'/** – [ना. *n.*] परिवारभित्र खास भूमिका रहेको आइमाई; घरकी मालिक्नी; गृहिणी। the female head of the family; housewife.

अहिँ **/ɨɦĩ**, *syn.* **tą̈ʔ**, *ant.* **əː/** – [विवो. *intj.*] नाइँ, थाहा छैन, कुन्नि, जान्दिनँ, के थाहा पाउँ र, भन्दिनँ, होइन आदि अस्वीकारको अर्थ बुझाउने शब्द। a word that suggests negation: no, I don't know. Perhaps, I don't know. How am I supposed to know? It's not.

असिक **/ɨsɪkə**, *ant.* **gal**, **sərap/** – [ना. *n.*] बृद्धबृद्धा वा मान्यजनबाट पाइने शुभकामनायुक्त वचन; आशीर्वचन; आशीर्बाद; आशीष। the blessing from the elderly or the respected person; benediction; bliss.

अः **/əː**, *ant.* **tą̈ʔ/** – [निपा.*part.*] **१.** अह्राएको वा भनिएको कामकुरामा मञ्जुरी जनाउँदा उच्चारण गरिने शब्द; हुन्छ; लौलौ; ल। a word used to show willingness or acceptance. It's okay; okay-okay; all right; fine. **२.** [विवो. *intj.*] कसैलाई सम्बोधन गर्दा, बोलाउँदा, डाक्दा उसको नामभन्दा पहिले उच्चारण गरिने बोलावटको शब्द; ए ! ओ ! a word used before a noun as a way of attracting someone's attention; hey !

अकमकैःन्य **/əkməkə'ːnjə/** – [अ.क्रि. *v.i.*] राम्ररी हेक्का राख्न नसकी दोधारमा पर्नु; अन्यौलमा पर्नु; अकमकाउनु; अलमल हुनु। to become confused or muddled.

अकर **/əkər**, *ant.* **sədʒə/** – [वि.*adj.*] (स्थान) उठबस वा हलचल गर्न साँगुरो भई असजिलो हुने वा घच्चा पर्ने; असहज; अप्ठेरो। (space) too narrow to move, cramped; uneasy; difficult.

अकल **/əkəl/** – [ना. *n.*] **१.** कामकुरा वा समस्या आदिलाई कुशलतापूर्वक समाधान गर्ने बौद्धिक उपाय; युक्ति; बुद्धि। intellectual skill or measure to solve a problem, craft, plan, intelligence. **२.** काम गर्नको लागि चाहिने सीप, कला। an ability to do an activity or job well, especially because you have practised it; skill; the making of objects, images, music, etc. that are beautiful or that express feelings; art.

अकला */plv.* **əkəla**, **ɦətja**, **bʰukuta**, *ulv.* **bʰuktə**, *ant.* **sukʰə/** – [ना. *n.*] कुनै कठिनाइ वा अभावको कारण भोग्नु परेको पीडा; अभाव र समस्याले हुने असुखको स्थिति; दुःख; कष्ट; पीडा; सास्ती। trouble, problem; difficulty; bother; predicament.

अकिल */glv.* **əkɪl**, *plv.* **urkɪl**, *syn.* **ukɪl/** – [ना. *n.*] धागो, डोरी आदिको घुमाइ वा बटारिएको मात्रा। the extent to which the thread or rope is twisted or spun.

अखत **/əkʰət/** – [ना. *n.*] (कुनै चिज) ज्यादै खाँचो भएको स्थिति; अत्यन्त अभाव। the situation of dire need; acute shortage or scarcity.

अखत्या **/əkʰətja/** – [वि. *adj.*] सजिलो नभएको; अप्ठ्यारो; गाह्रो; असहज। not easy; difficult; uneasy; uncomfortable.

अगन **/əgən/** – [ना. *n.*] शरीरमा धेरै तापक्रम बढेर हुने काम्ने ज्वरो; औलो रोग। a disease that causes fever and shivering; malaria.

अगेथ */plv.* **əgetʰə**, **raɦa**, **bʰubura**, *glv.* **mɪraɦa/** – [ना. *n.*] काठ, गुइँठा, कोइला

आदि बलिसकेपछि बाँकी रहने ज्वालाविहिन रापिलो आगो; भुङ्ग्रो। the fire of wood, dung cakes, coal, etc. that glows without flames; the glowing fire; a dull steady light, especially from a fire that has stopped producing flames; glow.

अगैबगै /əgəˈbəgəˈ/ – [ना. *n.*] गाईभैंसी, भेडाबाख्रा आदि घरपालुवा जनावरहरू; पाल्तु चौपाया। domestic animals such as cows, buffaloes, sheep, goats, etc.; cattle.

अङ्ग्या /əŋgjɑ/ - [ना. *n.*] **१.** मानिस, जनावर वा कुनै चिजको प्रतिरूप; पुतला। a model of a human being, an animal or any thing; a dummy, an effigy. **२.** देवीदेवताका कल्पित प्रतिमूर्ति, आकृति; प्रतिमा; मूर्ति। an image of a deity; an idol, a statue.

अचै /ətʃəˈ/ – [ना. *n.*] रुखो जवाफ, नमीठो व्यवहार वा प्रतिकूल परिस्थिति आदिलाई सहनसक्ने काम, भाव वा गुण; सहनशीलता; सहिष्णुता; धीरता; धैर्य। the feeling or quality that can tolerate a rude response, manner or adverse situation; patience; tolerance; forbearance. > **अचैन्य** /ətʃəˈnjə/– [अ.क्रि. *v.i.*] सहन गर्नु; सहनशील बन्नु; सहेर बस्नु; सहनु। to tolerate; to become patient.

अछत /ətʃʰətə, *ant.* **kətʃa̤s**/ – [ना. *n.*] कुनै निश्चित वस्तु वा स्थानभन्दा पर; अलग। far from a given point; separate.

अछादी /*plv.* **ətʃʰɑdɪ**, *slv.* **utʃʰɑdɪ**/ – [निपा. *part.*] कुरा, घटना वा विचारलाई विश्वासिलो र भरपर्दो बनाउन वाक्यांशपूर्व बोलिने शब्द। a word used prior to the part of an utterance to verify the thing said, the incident happened or the opinion expressed.

अतर /ətər/ – [ना. *n.*] भाङको चोप वा सोको लट्टामा हुने खोटोलाई धुवाँको नशाको रूपमा सेवन गरिने लागुपदार्थ; चरेश; गाँजा। a drug made from the resin of cannabis which is smoked; a resinous preparation of cannabis; hashish; marijuana.

अत्कल /ətkəl, *syn.* **mɑɦɑ**/ – [ना. *n.*] **१.** पछिलाई सम्झेर फारो गरीगरी खर्च गर्ने कला वा काम। an art/act of using sth frugally. **२.** खास लक्षणको आधारमा गरिने अनुमान; अड्कल, लख, अन्दाज। guess; estimation.

अत्यात /ətjɑt/ – [ना. *n.*] **१.** निरन्तर एकै किसिमको काम मात्र गरिरहँदा हुने पटयारको स्थिति; दिग्दारी। a monotonous situation, monotony. **२.** कसैलाई पर्खंदा, कुर्दा वा लगातार एकै ठाउँमा बसिरहँदा हुने खिन्नताको अनुभव; पटयार। a feeling of boredom due to waiting or sitting in the same place for a long time.

अथाकाउ /ətʰɑkɑʷ/ – [ना. *n.*] सामान्य उपलिब्धिलाई लिएर दम्भ प्रदर्शन गर्नेलाई अवमूल्याङ्कन गर्दा भनिने शब्द; त्यस्तो व्यक्तिलाई ठेगान लगाइने तर्क। a word used to devalue someone who is showing their arrogance by exaggerating their achievement.

अदैःन्य /ədəˈːnjə/ – [स.क्रि. *v.t.*] **१.** चलिरहेको कामकुरा आदिलाई बीचैमा रोक्नु; स्थगन गर्नु। to discontinue or stop an action; to postpone. **२.** हुन लागेको वा चालु कामकुरा आदिलाई निषेध गर्नु; भाँजो हाल्नु; छेक्नु। to stop sth from happening; to prohibit; to hinder; to bar. **३.** कसैलाई अघि बढ्न वा कुनै चिजलाई माथिबाट तलतिर खस्न नदिनु;

अँठ्याउनु। to stop someone from moving; to hold; to grab.

अदौत्या /ədəᵘtjɑ/ – [ना. *n.*] दूधलाई बाक्लो हुने गरी बेस्सरी पकाई बनाइएको खानेकुरा; खुवा; कुराउनी। dairy food prepared by boiling down the milk till it becomes semi-solid.

अधकल्च्या /ədʰəkəltʃjɑ/ – [वि. *adj.*] (कुनै काम वा कुरा) सम्पन्न नभएको; अधुरो; अपुरो। (of action) incomplete; unfinished.

अधना /*plv.* **ədʰənɑ**, *tlv.* **urɑɦɑ/ –** [ना. *n.*] ऋण काढ्दा विश्वासको लागि ऋणीले साहूलाई दिने जिन्सी वा जग्गाजमिन; धितो; धरौटी। a valuable item deposited with the mortgagee as security which is to be returned after the payment of the money borrowed; deposit; security. ~**पःरिउ /pɨrɪᵘ/–** [वि. *adj.*] हातखुट्टा वा शरीरको कुनै अङ्ग चलाउनै नसक्ने गरी असजिलोमा परेको; (शारीरिक कमजोरीको कारण) हलचल गर्नै नसक्ने गरी लडेको। trapped rendering unable to move or escape, or fallen/lying motionlessly because of weakness.

अधम /ədʰəm/ – [वि. *adj.*] **१.** बुद्धि कम भएको; केही नजान्ने; बुद्धू। unintelligent; ignorant; dull-witted; foolish; stupid; silly. **२.** आफ्नो हित वा भलाइको बारेमा क्यै नबुझ्ने वा सोच्न नसक्ने; साह्रै सोझो; पुङमाङे। not aware of or careful about their own benefit; naive; gullible; worthless.

अधमर /ədʰəmər/ – [ना. *n.*] (दुरी, बाटो वा कुनै चिज) लम्बाइबाट नाप्दा केन्द्र वा बीचमा पर्ने मध्य भाग। the middle or center of sth; a center.

अधसरो /ədʰəsərɔ/ – [वि. *adj.*] चोटपटक लागेर कुनै अङ्ग चलाउन नसक्ने अवस्थाको। being unable to move your body parts because of injury; maimed.

अनखन्दौ/ənəkʰəndəᵘ, *syn.* **ənəwɑrjɑsɔ/ –** [वि. *adj.*] पहिले नदेखिएको अस्वाभाविक रुप, रङ वा आकारको; आश्चर्यजनक; अचम्मको; अनौठो; नौलो। with the unusual form, colour or shape; not seen before; astonishing; strange; unique.

अनछन्दौ /ənətʃʰəndəᵘ/ – [वि. *adj.*] स्वभाविकभन्दा भिन्न; अस्वाभाविक। different from usual; unnatural; unusual.

अनन्ती /*slv.* **ənəntɪ**, *plv.* **tʃɪtʊ**, *tlv.* **tʰəˈlɪ/ –** [ना. *n.*] कुनैकुनै बाख्राका घाँटीमा पलाएर दायाँबायाँ झुन्डिने ससना जोडी डल्ला; लुर्का। two long lumps that grow from both sides of the neck of some goats.

अनाजो /ənɑdʒo, *ant.* **nɨ̃wə/ –** [वि. *adj.*] सजिलैसँग बिग्रन वा टुटफुट हुने खालको; कमजोर; नाजुक। delicate and easily broken; weak; tender.

अन्कनैःन्य /ənkənəˈːnjə/ – [अ.क्रि. *v.i.*] **१.** डर, धक, सङ्कोच आदिले केही भन्न वा गर्न असजिलो मान्नु; हच्कनु; हिच्किचाउनु। to feel uneasy or embarrassed to say or do sth for fear or hesitation; to draw back; to hesitate. **२.** कुनै कामकुरो गर्ने कि नगर्ने भनी दोधारमा पर्नु; अकमकाउनु। to be in a dilemma; to lose confidence; to falter.

अन̣ाकल /ənɑ̣kələ/ – [क्रि.वि. *adv.*] नाहकमा; बेफ्वाँकमा; विना कारण नै; बिनसित्ति; बेकारमा। for nothing; without any reason; for no reason; in vain.

अपगाल /**əpəgal**/ – [ना. *n.*] **१.** अनाहकमा मिथ्यादोष, बात वा खोट लगाउने काम; कसुरविनाको आरोप। blame; false accusation, defamation. **२.** निर्दोषमाथि गरिने वा लगाइने दोषको आशङ्का; अभियोग। act of accusing; accusation.

अपिङ /*glv. & tlv.* **əpɪŋ**, *plv.* **opẽ(ŋ)**/ – [ना. *n.*] **१.** तरकारीको रूपमा प्रयोग गरिने हरिया सागपात। green leaves used as vegetables; leafy vegetables. **२.** पूर्णरूपले नपाकिसकेको काँचो फलफूल। unripe fruit. **३.** पकाएर वा काँचै खान मिल्ने फलफूल। the fruit that can be eaten cooked or raw.

अबेल्चाःनी /**əbeltʃá:nɪ**/ – [क्रि.वि. *adv.*] कुनै घटना वा कामकुरो आदि के-कसरी भएको हो थाहा नपाइकन; अचानक; अकस्मात्; एकाएक; एक्कासि। having no knowledge of how sth happened; unexpectedly; all at once; suddenly.

अभरङ्गौ /**əbʰərəŋgəᵘ**/ – [वि. *adj.*] अस्वाभाविक र असुहाउँदो रुप, रङको; अमिल्दो आकृति देखिने; बिकृत। with an unusual and unsuitable form and colour; with an odd form/shape; deformed.

अऱैन्य /**ərə̰ˈnjə**, *syn.* **pãdʒɪnjə**/ – [स.क्रि. *v.t.*] अरूलाई कुनै काम गर्ने सल्लाह दिनु; काम गराउनु; अह्राउनु। to advise sb to act or carry out an action; to cause to work; to order.

अर्गल /*plv.* **ərgəl**, *slv.* **kəlʔ**/ – [ना. *n.*] ढोकाको खापामा भित्रबाट लगाइने चुकुल। a device for keeping door closed from inside; latch.

अर्ग्यालो /**ərgjalo**/ – [ना. *n.*] कामकुरा, व्यवहार आदिमा अमिल्दो पाराले अरूभन्दा बढ्ता हुने प्रवृत्ति; अमिल्दो तरिकाले गरिने काम; अर्घेल्याइँ। the tendency to be weirdly different from others in an action, behaviour etc.; oddity.

अर्च्यात्न्य /*nblv.* **ərtʃjatnjə**, *plv.* **dʰə̃ˈnjə**/ – [ना. *n.*] हड्डीमा रहेको मासु दाँतले चिथोरेर खानु; टोक्नु। to tear meat with teeth and separate it from bone.

अर्ज़ा /*hmlv.* **ərza**, *ulv. & krlv.* **manuŋ**, *nblv.* **wo̰r**, *plv.* **bɪralu**/ – [ना. *n.*] बिरालो। a small animal with fur, four legs, a tail and claws, usually kept as a pet or for catching mice; a cat.

अर्थ /**ərtʰə**/ – [ना. *n.*] **१.** जान्ने वा अग्रजबाट पाइने हितकारी वा भलाइको कुरो; असल बाटोतर्फ लाग्न पाइने प्रेरणापूर्ण वचन; ज्ञानगुन वा भलोको कुरा; अर्ती। advice, counsel. **२.** शब्द वा वाक्यको साङ्केतिक माने; शब्दार्थ। the meaning of a word or a sentence; meaning; explanation.

अःर्न्या /*plv.* **ə́:rnja**, **oro̰**, **kubatə̃ˈ**, **nõ̰**, *nblv.* **or**/ – [ना. *n.*] बिगार्ने, भत्काउने वा अरूको अहित हुने काममा लागिपर्ने काम; बिगार्ने, भत्काउने काम; उट्पटयाङ। a tendency to engage in harming others; an act of spoiling or damaging sth; act of spoiling or harming others; a prank. > **अर्न्यारी** /**ərnjarɪ**/– [वि. *adj.*] बिगार्ने, भत्काउने वा अरूको अहित हुने काममा लागिपर्ने; उट्पटयाङ गर्ने खालको। behaving in a way to spoil or harm others; like a monkey; mischievous.

अर्मल /*nblv.* **ərməl**, *plv.* **odʒo**/ – [ना. *n.*] पाल्तु जनावरले अरूको अन्नबालीमा पुऱ्याएको नोक्सानीको बदलामा भराइने क्षतिपूर्ति। recompense made for damage to crops by one's cattle.

अलग /ələgə(zɑ)/ – [क्रि.वि. *adv.*] अलिअलि गरेर; बिस्तारपूर्वक; हलुका किसिमले; सुस्तरी; बिस्तारै। slowly; bit by bit; gently.

अलदर /ələdər/ – [क्रि.वि. *adv.*] बेथितिसँग मालमत्ता फिँजिएर; जताततै छरिएर रहने चालमा; अलपत्र; छरपस्ट; लथालिङ्ग। (of things) scattered disorderly or untidily; badly organized; disorderly; messily.

अलाँतर /əlãtər/ – [क्रि.वि. *adv.*] **१.** ☞ (**अलदर /ələdər/**) **२.** घच्चा लाग्ने ठाउँमा हात, खुट्टा पसारेर ठाउँ ओगट्ने गरी बस्ने चालमा। in the manner of sitting with one's arms and legs spread carelessly so that others get disturbed.

असबाब */plv.* **əsəbɑb, mɑkʰɑ, məstə, nɪkʰələ', dʒɑtɪpɪtɪ, kudʰu** *hmlv.* **bʰjɑ,** *slv.* **təbər/ –** [वि. *adj.*] **१.** प्रशस्त मात्रामा भएको; सोचेजति पुग्दो; धेरै; पर्याप्त; यथेष्ट; मनग्गे। enough in quantity; many; plenty of. [क्रि.वि. *adv.*] धेरै नै, प्रशस्त मात्रामा; खुबै; प्रशस्तै; अति नै; निकै। sufficiently much; too much; abundantly; sufficiently enough.

असर्दो /əsərdo/ – [वि. *adj.*] गर्भ बोकेकी; दोजिया; पेटमा बच्चा भएकी; गर्भ धारण गरेकी; गर्भवती; गर्भिणी। having a baby or young animal developing inside the womb; pregnant.

असल नि पसल्व /əsəl nɪ pəsəlwə/ – [वि. *adj.*] वायु जम्मा भई वा धेरै खानेकुरा खानाले पेट ढाडिन पुगेको। with the swollen stomach because of accumulation of air or overeating.

असान /əsɑn, məsɑn/ – [ना. *n.*] (विश्वास) मरिसकेपछि पनि सक्रिय रहेर जीवित मानिसस वा प्राणीलाई सताउने भनिएको मान्छेको मृतात्मा; प्रेतात्मा। ghost; the spirit of the dead.

अस्कलिन्य /əskəlɪnjə/ – [स.क्रि. *v.t.*/से.भे. *slv.*] अरूको भित्री मनको कुरा बुझ्ने काम गर्नु। to understand what someone has in their mind.

अ̰ʔ /ə̰ʔ/ – [ना. *n.*] पेटभित्रको वायु मुखबाट निस्कने चाल; डकार। act of allowing air from the stomach to come out through mouth or the sound of such an act; a belch.

आ

आँच /ãtʃə/ – [ना. *n.*] **१.** आगो वा कुनै चिजबाट निस्केको राप, ताप। condition with high temperature; heat. **२.** अरूलाई पुऱ्याइने दखल; हस्तक्षेप। meddling in other people's affairs; interference.

आँचल /*plv.* **ãtʃəl, sabʰəla, sogolò**/ – [वि. *adj.*] (शरीर) कुनै रोग वा चोटपटक नलागेको; सद्दे। (of your body) free from any disease or injury; unhurt; fit.

आँचापाँचा /**ãtʃapãtʃa**/ – [ना. *n.*] मनको अस्थिर स्थिति; आकुल-व्याकुल; उद्वेग; उद्विग्नता। restlessness of the mind; distress; desperation; agitation.

आँत /**ãtə**/ – [ना. *n.*] गहिरो हुनाको भाव वा अवस्था; सतहभन्दा तलतिरको लम्बाइ; गहिराइ; गहिरोपना। state of being deep; depth.

आँतपेंत /**ãtəpẽtə**/ – [ना. *n.*] **१.** प्राणीको मुटु कलेजो, आन्द्रो आदि भित्री अवयवहरू। the intestines and other inside organs of an animal or person; entrails. **२.** भङ्ग गर्न नमिल्ने भित्री गोप्य कुरा; आन्तरिक रहस्य। a piece of information that is only known by one person or a few people and should not be told to others; secret.

आँतिन्य /**ãtɪnjə**, *syn.* **dʒoɦə'njə**, *ant.* **kʰorsɪnjə**/ – [स.क्रि. *v.t.*] कुनै कामकुरा गर्न आँट गर्नु; कुनै चिज किन्नको लागि मोल तिर्न मानसिक रूपले तयार हुनु; कुनै काम वा विषय सम्पन्न गर्न हिम्मत राख्नु; आँट्नु। to be mentally ready to do sth or to pay for sth; to dare to do something; to pluck courage; to resolve.

आः /**áː**/ – [क्रि.वि. *adv.*] **१.** मुख फाट्टिने वा बाउने किसिमले; मुख खोल्ने ढङ्गले; आँ। in the manner when the mouth is open as if while eating. **२.** मुख खोल्दाको स्थिति बुझाउने शब्द। gaping of the mouth.

आइज़्याउइज़ी /**a'zjau'zɪ**/ – [ना. *n.*] **१.** कुनै वस्तुलाई अर्कै देख्ने मिथ्या ज्ञान; भ्रान्ति; भ्रम। sth with deceptive appearance; an illusion.

आइबाइ /**a'ba', gʰã'gũ'**/ – [ना. *n.*] अलिअलि मात्र सुनिएको अपुष्ट समाचार; हो-होइन खालको सुइँको। a piece of news, which is quickly spread from person to person; rumour.

आउ /*plv.* **aᵘ**, *slv.* **ɪka**/ – [सर्व. *pron.*] नजिकै रहेको कुनै निश्चित चिजलाई किटेर भन्नुपर्दा जनाउने सर्वनामवाची शब्द; यही; यो। a demonstrative pronoun used to indicate sth near; this; this very. [वि. *adj*] ~**ज़** /**zə**/– यही नै; यो नै। right this. ~**मित्याउ** /**mɪtjaᵘ**/– [वि. *adj.*] यही वा यो जस्तो; यस्तै खालको; यस्तो। like this; similar to this; alike.

आए /**aè**/ – [ना. *n.*] (शरीरमा) घोचिन पुग्दा वा चोटपटक लाग्दा मुखबाट एक्कासि निस्कने चिच्याहटपूर्ण शब्द; आत्थु। a word used to express a sudden physical pain; ouch!

आ?झरी /**a?dʒʰɨrɪ**/ – [क्रि.वि. *adv.*] अहिलेसम्म काम पूरा भइसक्थ्यो, तर कुनै

कारण सो काम हुन सकेन भनेर पश्चातापको अर्थमा वाक्यको अगाडि प्रयोग गरिने शब्द; यतिखेर; यतिन्जेल। a word used in the sentence initial position to express regret about the incompleteness of the action which was supposed to be completed by now.

आक /akə/ – [क्रि.वि. *adv.*] खास नजिकैको ठाउँमा; यहीं आसपासमा; यहाँनेर। a particular place nearby; right in this place; hereabout; somewhere around here.

आकसै /*plv.* **akəsəˈ**, *hmlv.* **akʰəˈkə**, *nblv.* **afəna/** – [क्रि.वि. *adv.*] अलि यतातिर; अलि वर। towards this side; a bit closer or nearer.

आकाउ /akau, aku, agʰjaku/ – [वि. *adj.*] नजिकको चिजलाई इङ्गित गर्दा जनाउने सर्वनामवाची विशेषण; यहाँनेरको; यो। a pronominal adjective used to indicate something near.

आकितर /akɪtər(ə)/ – [ना. *n.*] आफ्नो इच्छाविपरीत कुनै निर्णय हुँदा प्रतिक्रियास्वरुप सोको बिरुद्ध आफूले कुनै कदम उठाउँदा भनिने शब्द; यस्तै हो भने। a word used as an objection to other's decision by someone who has a decisive role to perform; to react; if so.

आकिन /*plv.* **akɪn**, *nblv.* **akan/** – [सर्व. *pron.*] **१.** निश्चित यही ठाउँबाट; यहाँ वा यो ठाउँबाट; यहाँदेखि। from this particular place; from here or this place. **२.** आजको दिनदेखि; अब वा आजदेखि; आइन्दा। from today onwards; now or today onwards; coming; in future.

आकु /aku/ – [सर्व. *pron.*/प.भे. *plv.*] ☞ (**आकाउ /akaᵘ/**)

आखर /akʰər/ – [ना. *n.*] सार्थक अर्थ बुझाउने वर्ण वा वर्णसमूह; शब्द। a letter or group of letters with a complete meaning; a word.

आखला /akʰəla/ – [ना. *n.*] (ऊखु, बाँस, मकैको डाँठ आदि) वनस्पतिको दुई गाँठो बीचको भाग। the stem between two nodes of sugar cane, bamboo or maize stalk.

आखैक /akʰəˈkə/ – [क्रि.वि. *adv.*/उमै.भे. *hmlv.*] ☞ (**आकसै /akəsəˈ/**)

आगल्या/agəlja/ – [वि.*adj.*] आवश्यकताभन्दा ज्यादा; धेरै; बढ्ता। more than necessary; too much/many. ~**पाँन्य /pã(ŋ)njə/**– [स.क्रि. *v.t.*] बढाइचढाइ गरी गफ हाँक्नु; अतिशयोक्तिपूर्ण र अप्रासङ्गिक कुरा गर्नु। to boast; to exaggerate; to embellish sth.

आघ्या/agʰja/ – [ना.*n.*/ग.भे.*glv.*] ☞ (**आदरा /adəra/**)

आङ/aŋə/ – [क्रि.वि. *adv.*] आफू रहेको ठाउँमा; यो वा यस ठाउँमा; यहाँनेर। in, at, or to this place; here.

आङउ /*plv.* **aŋaᵘ**, *syn.* **aŋu**, *nblv.* **anaka/** – [सर्व. *pron.*] आफू रहेतिरको चिजलाई जनाउने सर्वनामवाची शब्द; यतातिरको; यहाँनिरको; यहाँको; यताको; यो ठाउँको। a pronoun that indicates something towards the speaker's side; of this side; of this place.

आङ्या /aŋja/ – [स.क्रि. *v.t.*/ग.भे. *glv.*] ☞ (**आप्न्य /apnjə/**)

आची /atʃiː/ – [विवो. *intj.*] लाज लाग्दो कुरा, प्रसङ्ग, घटना, फोहोर वस्तु वा घृणित सन्दर्भ

देखापर्दा सिकसिको लागेर व्यक्त गरिने शब्द; घृणाको प्रतिक्रिया जनाउने शब्द; छ्या । a word used to express disgust at sth.; a distasteful word, remark, filthy thing or situation; an expression of disgust; yuck; ugh.

आचोः /atʃòː/ – [विवो. *intj.*] तातो वस्तु, सिस्नोले पोल्दा वा मौरी, बारुला आदिले चिल्दा मुखबाट एक्कासि निस्कने चिच्याहटपूर्ण शब्द; आत्था । a word used to express a sudden pain when scorched by fire, or stung by nettle or by insects like a bee; ouch!

आच्या /atʃjá/ – [विवो. *intj.*] बिर्सेको कुनै कामकुरा सम्झनपुग्दा मुखबाट एक्कासि निस्कने शब्द; ओहो ! a word uttered when you remember sth previously forgotten; oh!

आछिम /atʃʰɪm/ – [क्रि.वि. *adv.*] वर्तमान दिनभरको अवधि; यो दिन; आज । all day; this day; today. ~**पऱाती /pərạ̃tɪ/**– वर्तमान समयमा; हिजोआज; अचेल; आजभोलि । at the present time; these days; nowadays.

आछ्या /atʃʰja(kə)/ – [क्रि.वि. *adv.*] निश्चित समयभन्दा अघि; पहिले । before the time referred to; before specified time; previously.

आजेगाल/adʒegal, *syn.* **adʒjal/** – [क्रि.वि. *adv.*] हिजोआज; अचेल । these days, nowadays.

आजोबिजो /adʒobɪdʒo/ – [ना. *n.*] अज्ञात चिज, कुरा आदिको भेउ वा प्रसङ्गको अनुमान; अत्तोपत्तो । speculation about sth unknown; trace; indication.

आभ्यो /*tslv.* **adʒʰjo**, *plv.* **tʃʰjama**, *slv.* **dʒjola/** – [क्रि.वि. *adv.*] **१.** अघिल्लो दिनमा; एक दिन पहिले । on the day before today; yesterday; one day before. **२.** [ना. *n.*] आजभन्दा पहिलो वा हिजोको दिन; गएको दिन; हिजो । the day before today; yesterday.

आतःदा /*plv.* **atɨːda**, *syn.* **ada**, *nblv.* **ana**, *slv.* **ɪde**, *hmlv.* **adɪŋə**, *tlv.* **ade/** – [क्रि.वि. *adv.*] आफू भएतिर; वरतिर; यतातिर । towards the place where you are; towards your side; here.

आतःनी /atɨːnɪ/ – [क्रि.वि. *adv.*] आफू रहेको स्थानतिरबाट; यतापट्टि । towards this side.

आत /atə/ – [क्रि.वि. *adv.*] कुनै वस्तुका माथि; यसमाथि । at; on.

आतान /*nblv.* **atan**, *plv.* **atɪn/** – [क्रि.वि. *adv.*] यसमाथि वा यसदेखि सुरु हुने गरी; यहाँदेखि; यहाँबाट । beginning from this place; from here.

आतिन /atɪn/ – [क्रि.वि. *adv.*/प.भे. *plv.*] ☞ (**आतान /atan/**)

आतिन्य /atɪnjə, *mḍ.* **fondʒoke**, **fordʒoke/** – [स.क्रि. *v.t.*] **१.** कुनै काम गर्न, कतै जान वा क्यै चिज पाउनको लागि हतारिनु; उत्सुकता बढेर आउनु; हतार गर्नु । to hasten or to be curious to do sth or to achieve sth; to be curious. **२.** निरन्तर एकै ठाउँमा बसिरहँदा वा लगातार एउटै मात्र काम गरिरहँदा थकाइको अनुभव गर्नु; पटयार लाग्नु । to feel tired for sitting in the same place or doing the same task for a longtime; to be bored.

आतुरी /atutrɪ/ – [ना. *n.*] **१.** काम छिट्टै नसिद्धिएला कि भनी अत्यासले हुने मनको चञ्चलता; हतार । restlessness for the fear of not completing the task in

time. **२.** हतारमा कामकुरा सिध्याउनुपर्ने हुनाको अवस्था; आच्छुआच्छु। the state in which someone has to accomplish the task hastily; lack of time; great fear; agitation.

आथपाला /atʰəpala/ – [क्रि.वि. *adv.*] यसपटकको समयमा; यो चोटि; यसपालि। in this time; this time.

आदङ /adəŋ/ – [क्रि.वि. *adv.*/उ.भे. *ulv.*] ☞ (**आ̤ʔ /a̤ʔ/**)

आदमारा /adəmara/ – [ना. *n.*] (जित्नको लागि मात्र) पूर्वाग्रही रूपमा पेश गरिने नमिल्दो तर्क। illogical argument.

आदरा /*tlv.* **adəra**, *plv.* **alekʰa**, *tslv.* **a̤wa**, *slv.* **ɪwa¹**, *glv.* **agʰja/** – [ना. *n.*] यो बराबर; यो जति; यत्ति। as much as this; this much.

आदा /ada/ – [क्रि.वि. *adv.*] ☞ (**आतः̤दा /ati̤:da/**)

आदाहोदा /*plv.* **adaɦoda**, *nblv.* **anaɦona**, *hmlv.* **adɪɦudɪ/** – [क्रि.वि. *adv.*] **१.** यता पनि उता पनि; यता र उता; वरपर; छेउछाउ; आसपास; यताउति; यताउता। this side and that side; hither and thither. **२.** [ना. *n.*] हिसाबकिताबमा हुने बेरुजुको स्थिति; हिनामिना; गोलमाल। the irregularity in accounts; embezzlement; misappropriation; mess. **३.** [वि. *adj.*] जथाभावी; अस्तव्यस्त; लथालिङ्ग; भद्रगोल। chaotic, messy; disorderly; random.

आदे /ade/ – [क्रि.वि. *adv.*/उ.भे. *ulv.*] ☞ (**आतः̤दा /ati̤:da/**)

आध्या नि ताध्याउ /adʰja nɪ tadʰjaᵘ, ɔ̤̃ nɪ tʃõwə, *ant.* **tʃo̤rtʃor ki̤ᵘ/** – [वि. *adj.*] के गर्दा भलाइ हुन्छ के गर्दा हुँदैन आदि बारेमा क्यै नजान्ने; आफ्नो र पराइबीचको हितको भेद छुट्याउन नसक्ने; साह्रै सोझो; लाटो-लाटी सरहको। stupid; idiot; half-witted.

आनी¹ /*plv.* **anɪ**, *hmlv.* **ajən**, *nblv.* **akan/** – [क्रि.वि. *adv.*] यतातिर; यतापट्टि। to this side.

आनी² – [क्रि.वि. *adv.*] यतापट्टिबाट; यहाँदेखि। from this side; from here. > **आनिकाउ /anɪkaᵘ/**– [वि. *adj.*] आफू रहेतिरको; यतापट्टिको; यतातिरको। of your side; of this side.

आन्याःओने /anjaːone/ – [ना. *n.*/निभु.भे. *nblv.*] बोल्न असजिलो मान्ने अवस्था; अनकनाइ; हिचकिचाहट; अकमकाइ। the situation when you feel uncomfortable to speak; hesitation; embarrassment.

आपा /apa/ – [ना. *n.*/निभु.भे. *nblv.*] बुबाका दिदी-बहिनी अर्थात् ससुरा (लोग्नेका बुबा) लाई सम्बोधन गरिने साइनो। word used to address father's sisters or husband's father.

आप्न्य /*plv.* **apnjə**, *hmlv.* **ɦapnjə**, *glv.* **aŋjə/** – [स.क्रि. *v.t.*] ताकेर गोली चलाउनु; धनु वा बन्दुकले हान्नु। to shoot with an arrow or a gun.

आफी /afɪ(tə), *syn.* **afətə/** – [नायो. *post.*] **१.** जुनसुकै चिजको वल्लोपट्टि; वल्लो किनारमा; वारि। on this side of anything; this side. **२.** [ना. *n.*] आफूतिरको किनार वा थलो; वल्लोपट्टिको सडक, नदी वा ठाउँ आदि। the edge of your side; this side of a road, a river or a place.

आम /am, *syn.* **laltʃʰəna**, *ant.* **nərkət/** – [ना. *n.*] खानेकुराप्रतिको मनपराइ; खाने इच्छा; खान मन लाग्ने अवस्था; चाख; रुचि। desire

for food; appetite; interest. ~**बिरि सिउ /biri sɪᵘ/**– [वि. *adj.*] खानेपिउन पटक्कै रुचि नलागेको। having no appetite at all.

आम्जाम /amdʒam/ – [ना. *n.*] ☞ (**अत्कल /ətkəl/**)

आःम्न्य /à:mnjə, tʃɪnjə, bʰə'ʔnjə, tʃĩnjə/ – [अ.क्रि. *v.i.*] (चिज) ओस्, पानी, माटो आदिको सम्पर्कले वा पुरानो भई गल्दै जानु; सड्नु; मक्किनु। to become gradually worse due to dampness, water, soil or with age; to decay; to rot away.

आम़ाँ /amã̰/ – [विवो. *intj.*] ओहो, आम्मै उदेक जस्ता विस्मयादिबोध गराउने शब्द; ओहो ! an exclamation of wonder; Alas! Oh!

आराःउरू /ara:urú/ – [ना. *n.*] बिस्तारै हल्लने, चल्ने वा चलाउने काम; चलबलाइ; हलचल। an act of stirring, moving or making something move slowly; gentle movement.

आरैं /arə̃ˈ/ – [ना. *n.*] लोहार, ताम्राकारहरूले घरेलु प्रयोजनका भाँडा, खेती-किसानका सामानहरू मर्मत गर्ने र हातहतियार आदि अर्जाप्ने ठाउँ। a place where things are made out of metal by heating and hammering; smithy.

आरो /aro/ – [ना. *n.*] **१.** रातो हुने गरी सुइरो तताएर पिलोको मुखमा घुसाई खिल र पिप निकाल्ने काम। the act letting the pus ooze from a boil by piercing the red-hot skewer through its center. **२.** घुसाउनको लागि तताइएको तीखो चिज। the hot pointed object to pierce something; heated skewer.

आर्क /arkə/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**आ़ख /a̰kʰə/**)

आल /alə/ – [क्रि.वि. *adv.*] यसभित्र; यसमा। inside this; in this.

आलाउ */tslv.* **alaᵘ**, *plv.* **alu**, *slv.* **ala/** – [वि. *adj.*] यही चिज वा ठाउँभित्र रहेको भनेर जनाउने सर्वनामवाची विशेषण; यसभित्रको। a pronominal adjective used to indicate sth is in or within a particular thing or place; inside this.

आलाकाचा /alakatʃa/ – [क्रि.वि. *adv.*] सित्तै; व्यर्थै; विनासित्तै; नाहकमा। for no reason; in vain; without rhyme or reason.

आलाजाल /aladʒal/ – [ना. *n.*] एकपछि अर्को गरी फटाफट टिप्ने वा उठाउने काम। act of collecting or plucking things one after another.

आलु /alu/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**आलाउ /alaᵘ/**)

आलेखा /alekʰa/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**आदरा /adəra/**)

आसःरिन्य /asɨrɪnjə/ – [अ.क्रि. *v.i.*] गर्भाशयभित्र भ्रुणनिर्माणको प्रक्रिया आरम्भ हुनु; गर्भ बस्नु; गर्भधारण गरिनु; गर्भाधान हुनु; गर्भवती बन्नु। to conceive a child; to be conceived; to be pregnant.

आसा नि देसाउ /asa nɪ desaᵘ/ – [वि. *adj.*] साइनो, सम्बन्ध क्यै नपर्ने; आफन्त बाहेकको; पराइ। having no kinship or relationship; other than your relatives; other; stranger.

आसिनी /asɪnɪ/ – [क्रि.वि. *adv.*/उमै.भे. *hmlv.*] ☞ (**आ़इँसी /a̰ˈsɪ/**)

आस्बापत /asbapət/ – [ना. *n.*] शरीरमा रहेको ठूला-साना कपडा; ओढो। a small or big piece of clothing to cover the body; a wrap.

आहाती /**ɑɦɑtɪ**/ – [ना. *n.*] लोकजीवनमा चलेको शिक्षाप्रद उक्ति; लोकोक्ति; आहान; आख्यान । a folk adage; a proverb; a parable.

ऑइँसी /*plv.* **ɑ̃ˈsɪ**, *hmlv & nblv.* **ɑsɪnɪ**, *glv.* **ɑɦɪŋ**/ – [ना. *n.*] चलिरहेको साल; यो साल; चालूबर्ष । the current year; this year.

ऑ? /*plv.* **ɑ̃?**, *ulv.* **ɑdəŋ**, *nblv.* **ɑnɑ**/ – [वि. *adj.*] (कुनै चिज) निर्धारित परिमाणको । with fixed quantity.

ऑख /*tslv.* **ɑ̃kʰə**, *plv.* **ɑrkʰə**, *ulv.* **ɑrkə**/ – [क्रि.वि. *adv.*] यसै बखत; यही बेलामा; अहिले; यतिखेर । at this very moment; now; at this moment.

ऑज़ /*plv.* **ɑ̃zə**, *nblv.* **ɑnɑzə**/ – [क्रि.वि. *adv.*] यति मात्र; यति नै; यो जति मात्र । this much; only this much.

ऑफै /**ɑ̃fəˈ**/ – [क्रि.वि. *adv.*] अहिले वा यतिखेर सम्म; यस बेलासम्म; यतिन्जेल । yet; up till now; still.

ऑर्तानी /*plv.* **ɑ̃rtɑnɪ**, *ulv.* **rɨnɪŋ**, *glv.* **rətɑ̃ˈ**/ – [ना. *n.*] **१.** चलिरहेको वर्षको अघिल्लो वर्ष; बितेको वर्ष; पोहोर; गतवर्ष; गएसाल । the year before this year; last year. **२.** [क्रि.वि. *adv.*] चालुवर्षको अघिल्लो सालमा; पोहोर । in the year before the year running; last year.

ऑवा /**ɑ̃wɑ**/ – [ना. *n.* / ग.भे. *glv.*] ☞ (**आदरा** /**ɑdəra**/)

ऑवाक /**ɑ̃wɑkə**/ – [क्रि.वि. *adv.*] यतै कतैतिर; यही आसपासनेर । somewhere here; near here; hereabout.

ऑवाल्यु /**ɑ̃wɑlju**, *syn.* **ɑldʰju(pɑr)**/ – [वि. *adj.*] यस परिमाण वा आकारको; यो बराबरको; यो जत्रो; यत्रो । of this quantity or size; as big as this; of this big.

इ̰

इजर /ɪdʒər/ – [ना. *n.* / प.भे. *plv.*] ☞ (**बोरो /boro/**)

इत्याउ */plv.* **ɪtjaᵘ**, *syn.* **ɪtu**, *ulv.* **ə'taᵘ**, *slv.* **ə'tanjə**, *nblv.* **adɪᵘ**, *hmlv.* **mɨdʰɪᵘ/** – [वि. *adj.*] यो जस्तो; यस्तै खालको; यस्तो। exactly like this or like this; like.

इनाम /ɪnam, *ant.* **kạrə̃'/** – [ना. *n.*] कसैले उल्लेखनीय वा उत्कृष्ट काम गरेबापत उसलाई प्रोत्साहन र सम्मानस्वरुप दिइने उपहार; पुरस्कार। a thing that you are given because you have done sth good, worked hard; reward; prize.

इर्खा /ɪrkʰa/ – [ना. *n.*] **१.** एकै प्रकारको कुनै काम वा कुरामा निरन्तर लागेर पनि नटुङ्गिदा लाग्ने थकाइको अनुभव। tiredness that you feel when the action remains incomplete despite your earnest efforts. **२.** कुनै कामकुरा गर्नसक्ने सामर्थ्य; जोस; साहस। inner strength required to perform an action; vigour; courage. **~सिउ /sɪᵘ/**– [वि. *adj.*] (कुनै काम लगातार गरिहँदा या पूरा गर्न नसक्दा) थकाइ वा पटयार लागेको; जोस जाँगर घटेको। with the feeling of boredom when the action remains incomplete despite your earnest efforts; with diminished vigour.

इर्तुर /ɪrtur/ – [ना. *n.*] पीडा वा दुःखको अवस्थामा गरिएको खल्लो अनुभव; न्यास्रोपना; निदाउरो; निन्याउरो; उदास। the feeling of sadness when you are in pain or in trouble; gloom, dejection, sadness.

इर्तुन्य तान्य /ɪrturnjə tanjə/– [अ.क्रि. *v.i.*] पीडा वा एक्लो हुँदा खल्लो अनुभव गरिनु; न्यास्रो लाग्नु वा मान्न; न्यास्रिनु; उदास हुनु। to feel sad when you are alone or in pain; to feel lonely or gloomy.

इवाइ /ɪwa'/ – [वि. *adj.* / से.भे. *slv.*] ☞ (**आदरा /adəra/**)

इसि̰न्य */plv.* **ɪs̰ɪnjə**, *tlv.* **jusɪnjə**, *nblv.* **wɪsɪnjə**, *krlv.* **dʰaːnjə/** – [स.क्रि. *v.t.*] परस्परमा कलह मच्चाउनु; भनाबैरी गर्नु; झगडा गर्नु। to row; to fall out (with sb); to quarrel.

इहिरी /ɪɦɪrɪ/ – [ना. *n.*] वन्य जीवजन्तुको शिकार गर्ने मान्छे; शिकारी। a person who hunts wild animals and birds; a hunter. **~का̰ /ka̰ʔ/**– वन्य जन्तुलाई खेदेर मार्न सिपालु कुकुर; शिकार खेल्न जान्ने खालको, तालिम पाएको वा दिइएको शिकारी कुकुर। a dog trained for hunting (wild birds/animals); a hound.

इ̰ँ /ḭ̃/ – [ना. *n.* / निभु.भे. *nblv.*] ☞ (**से̰ँ /sḛ̃/**)

इ̰र /ɪ̰r/ – [ना. *n.*] टाउको भुइँतिर जोतिने गरी खस्ने स्थिति। with the head first and the rest of the body following; headlong.

उ

उ$_{१}$ **/u/ –** [उप.*pref.*] निजी वस्तुमाथि एकजनाको अधिकार जनाउने गरी तृतिय पुरुषमा लाग्ने उपसर्ग। *e.g.* उ+भ़िम = उभ़िम (उसको घर), उ+रुप्या = उरुप्या (उसको रुपैंया) आदि। prefix that suggests third person singular possession e.g. *His* home/house, *his* money, etc.

-उ$_{२}$ **–** [प्रत्य. *suf.*] धातुमा जोडिएर क्रियालाई पूर्णभूतकालमा बदल्ने र विशेषणको अर्थ दिने बनाउने प्रत्यय। (*e.g.* खा+उ = खाउ "कडा", प़ा+उ = प़ाउ "बढेको" आदि।) suffix added to the root to change the verb into past participle and to form an adjective.

ऊइ */slv.* **ʊɪ**, *plv.* **kʰɑdər/ –** [ना. *n.*] मृत देहलाई गाड्ने खाल्डो; कब्रिस्तान; चिहान। burial ground.

उ? */tslv.* **u?**, *llv.* **og**, *krlv.* **tʃõtʃjɑ/ –** [ना. *n.*] दिसा मन पराउने, बनेल जस्तै घरपालुवा जनावर; सुँगुर। a domestic animal that belongs to the boar family and feeds on human excreta; pig. > **उ?स्या /u?sjɑ/–** सुँगुरको मासु। pork.

उखी/ukʰiː/–[ना.*n.*]**१.**झगडा गर्ने माध्यम खोज्ने काम; निहुँ खोजाइ। an act of looking for loopholes; a pretext to start quarrels, bickering. ~**लिन्य/दान्य /lɪnjə/dɑnjə/–** [स.क्रि. *v.t.*] झगडा गर्ने निहुँ खोज्नु। to find a pretext for quarrelling or discord; to make an issue of sth. **२.** अनायासमा हुन जाने कुनै घटना, दुर्घटना वा पर्न जाने आघात। an unexpected incident or accident.

उखुजु /ukʰudʒu, *ant.* **sɑbʰəlɑ/ –** [वि. *adj.*] शरीरको कुनै अङ्ग बेकाम भएको; हातगोडा आदि भाँचिएको वा नाक, कान, आँखा आदि विकृत भएको; अङ्गभङ्ग भएको; विकलाङ्ग; अपाङ्ग। unable to use the body part; having the limbs broken or deformed eyes, ears, etc.; handicapped; disabled.

उघारैन्य /ugʰɑrəˈ?njə/ – [स.क्रि. *v.t.*] कुनै कुरा, घटना, आदिको खुलस्त वर्णन् गर्नु; व्याख्या वा बेलीविस्तार लाउनु। to explain an incident or an activity, event etc.

उघुनिउ /ugʰunɪᵘ/ – [वि. *adj.*] **१.** तालिम वा प्रशिक्षण प्राप्त गरी पोख्त भएको; कुनै विशेष विधामा दक्षता हासिल गरेको; तालिम प्राप्त। trained. **२.** (घोडा वा कुकुर आदि जनावर) तालिम पाएको। (of animals such as a horse, a dog, etc.) trained; skilled; tame. **३.** राम्रो स्वभाव र आचरण भएको; सोमतिलो; सोमती; शिष्ट। having good manners; well-mannered. **४.** वन्य प्राणीलाई घरपालुवा हुने बानी पारिएको। domesticated; tamed.

उघुनैःन्य */plv.* **ugʰunəˈːnjə**, *glv.* **gʰunəˈːnjə/ –** [स.क्रि. *v.t.*] **१.** वन्यजन्तुलाई घरपालुवा बन्न बानी पार्नु। to domesticate; to tame. **२.** बालबच्चालाई सभ्य व्यवहार र सोमत सिकाउनु; ज्ञानगुनका कुराले पोख्त तुल्याउनु; परिपक्व बनाउनु; ज्ञान भर्नु। to make children well-mannered or well-behaved; to inculcate knowledge into sb.

उघुरिउ /ugʰurɪᵘ/ – [वि. *adj.*] राम्रो स्वभाव र आचरण भएको; सोमतिलो; शिष्ट। having good manners; well-mannered; well-behaved.

उङ्घिन्य */plv.* **uŋgʰɪnjə**, *nblv.* **zʰulnjə**, *mḍ.* **oŋke/ –** [अ.क्रि. *v.i.*] निद्रा नपुगेर झुल्नु; उँघ्नु; उङ्नु। to doze for short of sleep; to snooze.

उछार /utʃʰar, *ant.* **saŋoro, tʃʊʔwə/ –** [वि. *adj.*] **१.** (भाँडो, कोठा, खेत, जमिन, भूभाग आदि) चारैतिर लम्बाइ चौडाइ मनग्गे पुगेको; विस्तृत; फराकिलो; चौडा। having enough length and breadth in all directions; spacious; wide. **२.** [ना. *n.*] कामकाज क्यै नभएको अवस्था; फुर्सद। the time when you have no work to do; leisure.

उछु/*plv.* **utʃʰu, gʰul, bagul**, *nblv.* **kʰopa/ –** [ना. *n.*] कुखुराले फुल पार्न, ओथारो बस्न वा सानातिना वस्तु राख्न भित्री गाह्रोमा बनाइएको सानो खोपी। a hole/hollow space made in the wall where the things are kept or the hen lays eggs and incubates them; a niche.

उछुती /utʃʰutɪ, *syn.* **kutʃʰutɪ/ –** [वि. *adj.*] अरूसँग नमिल्ने बानी-व्यवहार वा स्वभावको। having strange behaviour or nature; eccentric.

उछुरिन्य /utʃʰurɪnjə/ – [अ.क्रि. *v.i.*] छालामा चिलाउने वा दुख्ने प्रकारको घाउ, खटिरो, विमिरा आदि निस्कनु; विमिरा आउनु। to appear rashes on your skin caused by blood toxemia or reaction to sth; itching rashes to appear on your skin.

उज्याउरी /udʒjaᵘrɪ/ – [ना. *n.*] साइनो नमिल्ने (चेली माइतीको साइनो पर्ने) व्यक्तिहरूबीच जोडिएको पतिपत्नीको सम्बन्ध। the marital relationship that the tradition does not approve of (the match).

उतारैःन्य /utarəˈːnjə/ – [स.क्रि. *v.t.*] दुःख, कष्ट, विपद आदि परेकालाई भारोपर्म, सहायता आदि दिएर उकास्नु। to assist others in need; to help or support sb; to rid sb of sth; to help, support sb.

उती /utɪ/ – [ना. *n.*] चलिरहेको विषय वा प्रसङ्गबीच अनुचित माग राखी खोचे थाप्ने काम; बखेडा; खोचे। an act of making a nuisance by demanding sth unreasonably in the middle of sth going on; nuisance; dispute.

उत्किन्य /útkɪnjə/ – [अ.क्रि. *v.i.*] कुनै व्यक्तिलाई मृत झाँक्रीको आत्माले छुनु; मृत झाँक्रीको आत्माले कसैमा अवतार लिनु; देउता चढ्नु; नयाँ झाँक्री बन्नु। to be touched by the spirit of the dead shaman or to be reincarnated (a dead witch doctor or shaman); to be a new shaman.

उथुपाउँ /utʰupãᵘ, *syn.* **utʰupul/ –** [ना. *n.*] **१.** एकै ठाउँमा स्थिर भई बस्न नसकेर यो गरुँ कि ऊ गरुँ भइरहने स्थिति; अस्थिर मनस्थिति; मनको अस्थिरता; अधीरता; चञ्चलता। a state of being unable to remain still; restlessness of mind. **२.** स्थिर रहन नसकेर हलचल गरिरहने अवस्था; कलमल। an act of being in constant motion; movement.

उद /udə/ – [ना. *n.*] टाउको मुन्तिर र खुट्टा मास्तिर पारेर पल्टिँदै अगाडि बढ्ने खेल, काम वा घटना; पल्टयाङ्बाजी। a game or movement in which sb turns over completely, with their feet over their head; somersault. **~हाएन्य /ɦaenjə/–**

[स.क्रि. *v.t.*] पल्टयाङ्बाजी खेल्नु; शिर पहिले धसिने गरी लड्नु। to somersault.

उदाङ्ग्या /udaŋgja, *syn.* **ɦoldoŋga/** – [वि. *adj.*] (कोठा) ठूलो खालको खाली; भित्र केही नभएर खाली रहेको; (ठाउँ) खाली। (of a room) not having anything; empty; (of space) vacant.

उदिबिदी /udıbıdı/ – [ना. *n.*] **१.** हतारको बेला काम सक्नुपर्ने हुने स्थिति; कामको हतारो; चटारो। the time/situation when you are bound to finish a task hurriedly/hastily for the lack of time. **२.** कामको अत्यधिक भार; बोझ। excessive burden or load of some work.

उदिम /udím/ – [ना. *n.*] कुनै उद्देश्य पूरा गर्नको लागि गरिने अथक प्रयास; यत्न; चेष्टा; प्रयत्न; निरन्तर गरिने उद्यम; ध्याउन्ना। an unceasing effort made for a specific objective; attempt; effort; continuous hard work; attention; industriousness.

उदुन्तु /uduntu/ – [ना. *n.*] एक वर्षभन्दा मुनिको दूध छोडिनसकेको भेडाबाख्राको पाठापाठी। a young goat/sheep less than one year old that is still suckling; an unweaned lamb or kid.

उदुम /udúm, *syn.* **sərdʒam/** – [ना. *n.*] **१.** समानधर्मी काममा आउने वा एकै प्रयोजनमा एक-अर्काका पूरक भई आउने वस्तुहरूको समुदाय। things used for the homogeneous purpose; a group of things which can be complementary to each other for the same purpose; a group of similar things that belong together in some way; a set. **२.** गन्तीको पुग्दो अवस्था; गणपूरक। a quorum.

उन्दुमुन्धु /undumundʰu/ – [ना. *n.*] चोटपटक वा कुनै कारणले एक्कासि आँखामा छाएको क्षणिक अँध्यारोपन; तिर्मिराहट; अन्धकार। dazzle; blindness caused by injury or some sudden stroke, blow, etc. on eyes.

उपɨति /upɨtı/ – [ना. *n.*] कुनै काम गरेबापत प्राप्त हुने आम्दानी; कमाइ; आयश्रोत; आम्दानी। the amount of money that someone is paid for the work they do; earning; money that is earned from doing work or received from investments; income.

उपुर /upúr/ – [वि. *adj.*] **१.** (वस्तु) एकदेखि भिन्न; अर्को; दोश्रो; अरू; अन्य। different from sth already mentioned; another; the second one; the other **२.** (व्यक्ति) परिचयभन्दा बाहिरको; अपरिचित; बिरानो; नचिनेको। not known to you; foreign to; unknown; stranger.

उफरपाफर /ufərpafər/ – [ना. *n.*] भित्री अवयवहरूमा पीडा हुँदाको असहनीय छटपटी। restlessness caused by severe abdominal pains.

उफुङ्गा /ufuŋga/ – [क्रि.वि. *adv.*] प्रतिव्यक्तिको आधारमा; भएकाजति सबैलाई; मानिसैपिच्छे; प्रतिव्यक्ति; जनही। based on per head; separately; per person; per head.

उफुया /ufuja/ – [वि. *adj.*] आवश्यकताभन्दा बढी; उब्रेको; नचाहिँदो; अनावश्यक। more than necessary; leftover; surplus; unnecessary.

उफुरा /ufura, *syn.* **for/** – [ना. *n.*] तातो चिजले पोल्दा छालाभित्र बन्ने पानीले भरिएको फोको। a blister.

उफुरुल /*nblv.* **ufurul**, *plv.* **kɨtkɨriː/** – [ना.

n.] (खास गरी मकै) भिन्याउँदा राम्रो चाहिँलाई थन्क्याइसकेपछि तत्काल उपभोग गर्न कमसल जतिलाई नथन्क्याएर बाँकी राखिएको अन्नबाली; भिन्याएकोमध्ये कम गुणस्तरको अन्न। the second grade crops (especially maize) kept for an immediate use left after sorting out the good ones.

उबिन्य /ubɪnjə/ – [अ.क्रि. *v.i.*] उचित क्षतिपूर्ति हात पर्नु; लगानी भएको श्रम अनुसार प्रतिफल पाउनु। to be in a situation to get sth satisfactory as compensation or in return for labour or hard work.

उब्जिन्य /úbdʒɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** प्रकट हुनु; धर्तीमा अवतरित हुनु। to appear; to come to the earth/world; to descend to the earth. **२.** शरीर पैदा हुनु; जन्म लिनु; जन्मनु। to be born.

उभहन्या /ubʰəɦərjɑ, *ant.* **ũdəɦərjɑ/ –** [वि. *adj.*] **१.** (जनावर) कम्मरभन्दा मुनिको तुलनामा माथिको वा ढाडभन्दा शिरतिरको भाग ठूलो भएको। (of animal) having a larger shape towards the front. **२.** (मानिस) छाती ठूलो भएको। (of man) having V-shaped body; broad chested.

उभ्याली /ubʰjɑlɪ, *ant.* **ũdʰjɑlɪ/ –** [ना. *n.*] हिउँद सिद्धिएर बर्खा लाग्ने बेलाबीचको समय; उभेली। the time between winter and rainy seasons; spring.

उमुँभानी /umũdʒʰɑnɪ/ – [क्रि.वि. *adv.*] केकसरी भएको, घटेको वा आएको हो भन्ने थाहै नपाई; अचानक; अकस्मात्; सहसा; एक्कासि; एकाएक। without knowing how sth happened or came; unknowingly; suddenly; unexpectedly; all at once; accidentally.

उमुँभानिकाउ /*plv.* **umũdʒʰɑnɪkɑᵘ**, *nblv.* **ətʃəkəkɑn/ –** [वि. *adj.*] एक्कासि घट्ने वा हुने; आकस्मिक। happening or taking place without warning, sudden; unexpected; emergency.

उमुलनी /*plv.* **umuləni**, *nblv.* **umulkɑn/ –** [क्रि.वि. *adv.*] शुरुबाट नै; पहिलेको स्थितिबाटै। from the very beginning.

उऱाला /*plv.* **urɑ̣lɑ**, *hmlv.* **əpnɪsɪm**, *slv.* **orɑlɑ**, *ant.* **ukɑlɑ/ –** [ना. *n.*] तलतिर भासिँदै गएको जमिन; भिरालो ठाउँ; ओरालो; ओह्रालो। the area of land that is higher at one end than the other; slope.

उरिम /urɪm/ – [ना. *n.*] खोसेला छोडाइएका मकैका घोगाहरूलाई धेरै दिनसम्म सुरक्षित राखिराख्न जमिनभन्दा केही माथि उठाई बनाइएको काठ, बाँस आदिको सानो घर। a small hut made especially for storing the dry pods of maize.

उऱी /urɪ̣, *ant.* **onɑ̃/ –** [ना. *n.*] **१.** तिहुन, तरकारी आदिको रस। soup, stew (of vegetable or meat). **२.** कुनै चिजको पन्यालो अंश; झोल। the watery part of any thing; liquid.

उरूʔ /urʊʔ/ – [ना. *n.*] एकदम थोरै समयको लागि हल्लँदाको अवस्था; क्षणिक हल्लाइ। an act of moving momentarily. > **उरूʔउरु /urʊʔuru/–** हल्लने, चल्ने र चलबलाउने स्थिति; अलिअलि मात्रामा हुने हलचल। the situation in which sb/sth moves or stirs momentarily; movement.

उरूʔउरुःव /urʊʔuruːwə/ – [वि. *adj.*] चल्दो अवस्थाको; चलायमान; गतिशील; हल्लँदो। in motion; moving; dynamic.

उरैःन्य /urə̃ˈːnjə/ – [स.क्रि. *v.t.*] अशुद्ध सुनचाँदीलाई गालेर शुद्ध बनाउनु। to purify gold, silver, etc. by melting them.

उऱैन्य */plv.* **urə̰ˈnjə**, *nblv.* **oˈranjə/** – [स.क्रि. *v.t.*] (कुनै चिज) अव्यवस्थित तवरले कतै थुपार्नु; रास लगाउनु; डङ्गुर तुल्याउनु। to put things in an untidy pile; to heap things; to pile things.

उर्किल /urkıl/ – [ना. *n.*] ☞ (**अकिल /əkıl/**) ~**झाऱ्न्य /dʒʰaʔnjə/**– [स.क्रि. *v.t.*] धागो, डोरी आदिलाई बढी मात्रामा बटार्नु। to spin a thread or rope to tightly.

उर्जैःन्य /urdʒə̀ːnjə/ – [स.क्रि. *v.t.*] **१.** जसोतसो गरी दिन कटाउनु; समय गुजार्नु। to manage to pass a day; to pass time **२.** जीवननिर्वाह गर्नु; गुजारा चलाउनु; जीवनयापन गर्नु। to run one's life; to earn one's survival. **३.** पालो सिध्याउनु; कर्तव्य पूरा गर्नु। to do one's duty or finish one's share of the work.

उर्मा नि धुर्मा /urma nı dʰurma/) – [ना. *n.*] अव्यवस्थित तवरले चिजविज थुप्रिएको स्थिति। the situation when things are in a complete shambles; a shambles.

उलामाला /ulamala, *syn.* **ulumulu/)** – [ना. *n.*] **१.** अस्थिर मनस्थिति; चञ्चलता। restless mood, restlessness. **२.** धेरै कामको रासले गर्दा भएको हतारो; कामको चटारो; अत्यधिक कार्यव्यस्तता; काम गर्न भ्याइनभ्याइ भएको स्थिति। haste caused by a load of work; too much work; hectic schedule.

उल्त्या /ultja/ – [वि. *adj.*] **१.** सामान्यतयाः मिल्नुपर्ने चिज, कुरा आदि नमिलेको; अमिल्दो; उल्टो। in reverse order; opposite; reversed; turned inside out. **२.** कुनै वस्तुको पछाडिपट्टिको भाग; विपरीत। the back part of sth; back.

उल्पिन्य /ulpınjə/ – [अ.क्रि. *v.i.*] काम न काजसँग यताउता डुल्नु; उद्देश्यविना नै बरालिनु। to wander around; to meander around; to loiter around.

उल्प्या /ulpja/– [वि. *adj.*] विना काम वा उद्देश्य डुलिरहने स्वभावको; बरालिने बानी भएको। loitering; wandering.

उल्लिगिल्ली /ullıgıllı, *ant.* **sıŋar, bəjən/** – [ना. *n.*] निच्याउने वा होच्याउने काम; खिसी; खिल्ली। the act of humiliating; mocking or ridiculing sb; mockery; jest.

उसःकत */plv.* **usɨːkətə**, *nblv.* **rıtlə**, *ant.* **tʃʷïtə/** – [क्रि.वि. *adv.*] सबभन्दा पहिले वा अगाडि; पहिल्यै। earliest; ahead of all.

उस्किन्य /uskınjə, *ant.* **dubınjə/** – [अ.क्रि. *v.i.*] आर्थिकस्तर वृद्धि हुनु; आर्थिक रूपले उठ्नु; अर्थोन्नति गर्नु। (of one's economic status) to rise; to flourish; to thrive.

उस नि थुस /us nı tʰus/) – [ना. *n.*] सोचेको, चाहेको कुरा नपुग्दा गरिने असन्तुष्टीपूर्ण व्यवहार। grievance; a gripe; a grumble.

उ़म /u̱m/ – [क्रि.वि. *adv.*] अचानक कतै हाम फाल्ने ढङ्गले; ह्राम्म। with jerking movement; (to jump) jerkily.

उ़र /u̱r/ – [क्रि.वि. *adv.*] एकैपल्ट ज्वाला उठेर; एक्कासि मुस्लो उठेर बल्ने ढङ्गले; ह्रार्र; झ्वार्र। with sudden and strong flames; the manner of suddenly bursting into flames. > **उ़रउ़र /u̱ru̱r/**– ठूलो ज्वाला उठेर बल्ने वा त्यसरी बल्दाको आवाज झैं; ह्रारह्रार। with raging flames.

उ़रु /u̱ru/ – [ना. *n.*] भुटेको मकै, गहुँ, जौ आदिको पीठोद्वारा बनाइएको जाँड वा छ्याङ। an alcoholic drink made from fermented

flour of roasted maize, wheat, barley, etc; malted beer.

ऊइ */slv.* **ʊɪ**, *plv.* **kʰadər/ –** [ना. *n.*] मृत देहलाई गाड्ने खाल्डो; कब्रिस्तान; चिहान। an area of land where dead bodies are used to buried; burial ground.

ऊफु */nblv.* **ʊfu**, *plv.* **sjambəra**, *tslv.* **kəndʒəra**, *slv.* **kʰərem**, *glv.* **sundʒurɪ**, *ant.* **sərəlja, dʒəlo/ –** [ना. *n.*] सबभन्दा ससाना (आलु, तरुल, पिँडालु आदि कन्दविशेष); सप्रन नपाएको वा पुष्ट नभएको (कन्दमूल) । small root vegetables such as potatoes, yams, etc.; root vegetables which are not plump.

ऊल */nblv.* **ʊl**, *plv.* **gʰul/ –** [ना. *n.*] हात, खुट्टा नहुने घम्रिएर हिँड्ने सरिसृप परिवारको चिसो रगतीय प्राणी; सर्प। a reptile with a long cylindrical body and no logs; snake.

ए

एँथ्या /*ulv.* **ẽtʰja**, *plv.* **purgadja**/ – [ना. *n.*/प.भे. *plv.*] छोटो गादो जस्तै गरेर लगाउने (पुरुषको) वस्त्र। a garment worn by *Magar* males.

पुर्गाद्या

-ए /*plv.* **e**, *slv.* **lə**/ – [विभ. *bibh.*] नाम वा सर्वनाममा (छोटो संयोजक चिह्नपछि आउने) जोडिएर कर्ता र करण कारकको अवस्था बुझाउने प्रत्यय। (*e.g.* डाँ कलम-ए डा'सर्के "मैले कलमले लेखें"। कुइ-ए सान डा'दोके "हातले इसारा गरें" इ.); ले। suffix added to a noun or pronoun to indicate the nominative and instrumental cases. (e.g. I wrote with a pen. I signalled with my hand); with.

एकतार[१] /*plv.* **ekətar**, **ekorja**, **ekəmnjə** *slv.* **dʰalə'**, *krlv.* **pagʰəl**/ – [क्रि.वि. *adv.*] प्रायः; सधैँभरी; अटुट् रूपले; निरन्तर। often; all the time; ceaselessly.

एकतार[२] – [क्रि.वि. *adv.*] नित्य; लगातार; सदा; सधैँ। daily; regularly; always.

एकम्न्य /**ekəmnjə**/ – [क्रि.वि. *adv.*] ☞ (**एकतार** /**ekətar**/)

एकल्या /**ekəlja**/ – [वि. *adj.*] शवलाई सद्गति गर्न लाँदा झुन्ड्याइने एकल (खासगरी हरिस) डन्डी; चोटपटक लागेको अपाङ्ग जनावरलाई बीचमा झुन्ड्याई दुबैतिरबाट काँधमा उचालेर बोकिने यस्तो काठ वा बाँस आदिको डन्डी। a pole used to carry a dead body to the burial ground; a pole used to carry an injured animal.

एकोर्‍या /**ekorja**/ – [क्रि.वि. *adv.*] ☞ (**एकतार** /**ekətar**/)

एकोल्ता /**ekolta**, *ant.* **maɦolja**/ – [ना. *n.*] थोरै सङ्ख्यामा रहेको पारिवारिक अवस्था; सङ्ख्यात्मक रूपमा सबभन्दा सानो परिवार; थोरै जन; नपुग्दो जनसङ्ख्या। a family with few members; the smallest unit of a society; nuclear/small family; few members.

-एन /*hmlv.* **en**, *tslv.* **nɪ**, *tslv.* **kɪn**/ – [विभ. *bibh.*] **१.** शब्दको अन्त्यमा आउने विभक्ति; "बाट"। *bibhakti* (morpheme) that indicates source; from. **२.** नाम वा सर्वनामको पछिल्तिर जोडिएर द्विवचन जनाउने प्रत्यय। plural suffix added to a noun or pronoun to indicate dual number.

एन्य /**enjə**, *syn.* **janjə**/ – [स.क्रि. *v.t.*] **१.** कसैलाई क्यै चिज, ज्ञान आदि दिनु; स्वामित्त्व हस्तान्तरण गर्नु; सुम्पनु; बुझाउनु। to entrust; to hand over. **२.** दान, बकस गर्नु; अर्पण गर्नु; दिनु। to give a donation; to give a gratuity or gift; to offer sth.

एल[१] /*tslv.* **el**, *llv.* **pəleʔ**/ – [ना. *n.*] आलोपालो गरी एक अर्काको काम गर्ने चलन; एक अर्कामा कामको साटोफेरो गरी परस्परमा सघाउपघाउ गर्ने काम; कामको ऐंचोपैंचो; पर्म। mutual exchange of labour. > **एल्सिन्य** /**elsɪnjə**/ – [स.क्रि. *v.t.*] एकले अर्काको काममा पालैपालो गरी गर्नु; कामको ऐंचोपैंचो लिनेदिने गर्नु; सघाउपघाउ गर्नु; पर्म लगाउनु। to accomplish each other's work turn by

turn; to exchange the labour; mutual exchange of labour.

एल[२] **–** [ना. *n.*] (सर्प, गडयौंला आदि) रगडिने चाल। slithering. > **एःल्न्य /eːlnjə/–** [अ.क्रि. *v.i.*] सर्प, गँडयौला झैं घस्रेर रगडिँदै अगाडि बढ्नु। to slither like a snake or earthworm.

एःल्न्य /eːlnjə/ – अर्धतरल पदार्थ बग्नु। (of semi-solid or liquid things) to flow.

ए̰ँ/*plv.* **ẽ, ẽŋ**, *glv.* **kʰe/ –** [ना. *n.*] धान रोप्ने खेत वा गहुँ, जौ, कोदो, मकै आदि अन्नबाली छर्ने पाखो बारी; बाली लगाउन मिल्ने जमिन; खेतीयोग्य जग्गा। paddy field or the hillside slope or steep land where food crops such as wheat, barely, millet, maize, etc. are grown; arable land. ~**पाःन्य /paʔnjə/–** [अ.क्रि. *v.i.*] बालीनाली उठाइसकेपछि पुनः अर्को बाली लगाउने अनुकूल बनाउन खनजोत गर्नु; खनीखोन्नी गर्नु; जोत्नु। to prepare the land for growing crops; to till; to plough.

ए̰ /**ẽ**/ **–** [ना. *n.*] किनबेच गरिने कुनै वस्तुको निर्धारित मूल्य; वस्तु निर्माण वा उत्पादन गर्दा लागेको लागत; परल दाम; मूल्य। the cost of producing sth; cost price; cost. ~**झाःन्य /dʒaʔnjə/–** [स.क्रि. *v.t.*] कुनै चिज किन्नको लागि दाम हाल्न मानसिक रूपले तयार हुनु वा आँट्नु। to be ready to pay for sth.

ए̰न्य[१] /**ẽnjə**, *mḍ.* **benke/ –** [स.क्रि. *v.t.*] खाएको कुरा पचेपछि दिसाको रूपमा निकाल्नु; दिसा गर्नु; हग्नु। to get rid of solid waste from your body through your bowels; to defecate; to do a poo; to poo.

ए̰न्य[२] /**ẽnjə/ –** [अ.क्रि. *v.i.*] अन्यायपूर्वक वा अवैध तरिकाले हात पारिएको चिज फिर्ता गर्ने हुनु; क्षतिपूर्ति भर्नुपर्ने हुनु; तिर्न बाध्य हुनु। to be ready to return the expropriated thing; to compensate; to pay.

ए̰रा /**ẽra/ –** [ना. *n.*] **१.** अर्काका गाईवस्तु, भेडा, बाख्रा आदि पालिदिने व्यक्ति (मुख्य ग्वाला) ले पशुधनी (नासो हाल्ने) का खेतबारीमा मलिदिने पालो वा प्रचलन। practice of tethering domestic animals in the fields of the owner by the cowherd in order to enrich the fertility of the soil. **२.** मल पाउनको लागि तिरिने पीठो वा सो बराबरको दस्तुर। payment mostly in terms of flour for manure. **३.** कुनै प्रयोजनमा आफ्नो तर्फबाट हालिने पालो वा भाग। turn or share of sth from your side.

ए̰ल /**ẽl**/ **–** [ना. *n.*] **१.** बाँडफाँड वा प्रयोग गरिसकेपछि बच्न गएको अंश; बाँकी; छनौटो; शेष। the remaining part or portion; the remaining part left after other parts have been used or filtered; a residue. **२.** भाग गर्दा भाग नलागेर बाँकी रहेको अङ्क; शेष। the number left after one number has been subtracted from another; the remainder.

ए̰लो /**ẽlo/ –** [वि. *adj.*] बचेखुचेको; बाँकी रहेको; बचेको। leftover; remaining, residue.

ए̰ल्न्य /*plv.* **ẽlnjə**, *nblv.* **kəletnjə/ –** [अ.क्रि. *v.i.*] शेष वा बाँकी रहनु; बच्नु। to continue to exist; to remain.

ऐ /**ə'/ –** [क्रि.वि. *adv.*] यस्तरी; यसो गरी; यस प्रकारले। thus; in this way.

ऐःज़ /**ə'ːzə/ –** [वि. *adj.*] **१.** मोल नपरेको; विना मूल्यको; तिर्नु वा दस्तुर बुझाउनु नपर्ने; शुल्क नलाग्ने; विना शुल्क; निःशुल्क। free of charge; without charge; free of cost; gratis; for free. **२.** [क्रि.वि. *adv.*] काम न काजसँग; विना काम; विनसित्तै। for nothing; for no

reason. **३.** [वि. *adj.*] पारिश्रमिक नलिइएको; विना वेतनको; ज्यालाविनाको। unpaid; not receiving a salary; without a salary or wage; done voluntarily; honorary.

ऐजैःद */plv.* **əˈdʒəˈːdə**, *glv.* **əˈdʒəˈː (de/dɪ/rə)**, *nblv.* **ɑˈdɑdə/** – [क्रि.वि. *adv.*] यस्तो किसिमले; यस्तै गरी वा प्रकारले; यसरी; यस्तरी। in this way; in this manner; thus.

ऐताउ /əˈtɑʷ/ – [वि. *adj.*/उ.भे. *ulv.*] ☞ (**इत्याउ /ɪtjɑʷ/**)

ओ

ओ$_{१}$ /*plv.* **o**, *tslv.* **wɑs**, *ulv.* **wə'**/ – [ना. *n.*] बोटबिरुवामा फल लाग्नुभन्दा पहिले निस्कने विविधरङ्गी मनोहर अङ्ग; फूल। a part of plant which is often brightly coloured with a pleasant smell, or the type of plant that produces these; blossom; flower; bloom.

ओ$_{२}$ – [ना. *n.*/प.भे. *plv.*] तृतीय पुरुष एकवचनवाचकको अधिकारभित्रको, निजी वा स्वकीय जनाउने सर्वनामवाची उपसर्ग। (*e.g.* ओ+पाँ = ओ'पाँ "उसको कुरा", ओ+नैं = ओ'नैं "उसको साथी" आदि।) prefix that comes with a noun word that indicates third person singular possession, ownership or belonging (see introduction).

ओग /og/ – [ना. *n.*/लु.भे. *llv.*] ☞ (**उग /uʔ/**)

ओगʔ /ogʔ/ – [ना. *n.*] व्यापार, व्यावसाय, वस्तु खरीद-बिक्री गर्दा प्राप्त हुने लाभ; नाफा; मुनाफा; फाइदा। the return which is earned after the transaction of goods; profit, gain.

ओगोरैन्य /ogorə'njə/ – [अ.क्रि. *v.i.*] गाईभैंसी, भेडाबाख्रा आदिले खाएको घाँस आराम गरेको समयमा मुखमा फर्काई पुनः चपाउनु; ओगराउनु। to chew again the food by the animals such as cows, sheep, goats, etc. by bringing back from the stomach into the mouth; to chew the cud.

ओचाʔ /otʃɑʔ/ – [ना. *n.*] बिक्रेताले क्रेतालाई दिने अतिरिक्त वा थप सानोतिनो वस्तुको मात्रा; थपनी; फाउ। an additional item or amount of sth offered by the seller to the buyer; a gratis item/sth in the form of gift.

ओचाहित /otʃɑhɪt/ – [ना. *n.*] कुनै कुराको जरुरत परेको स्थिति; कुनै कुरा नभइनहुने भएको अवस्था; जरुरत; खाँचो; आवश्यकता। need; necessity; want.

ओछोम्जोम /otʃʰomdʒom < tʃʰomdʒom/ – [ना. *n.*] अरूले बोलेको सही कुरालाई बङ्ग्याएर अर्कै अर्थ लगाइदिएर गरिने कटाक्ष; व्यंग्य। a satire; ridicule.

ओजो /odʒo/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**अर्मल /ərməl/**)

ओःत /*krlv.* **oːtə**, *llv.* **pa̤rtɪ**, *slv.* **gɑlɑ**, *nblv.* **məjã̄kɪn/** – [क्रि.वि. *adv.*] आउँदो वा आउने अर्को दिनमा; आजको पछि; भोलि। tomorrow; the next day.

ओतेःउरि̤प /oteːuri̤p/ – [ना. *n.*] ज्ञानगुण, अर्ती-उपदेश आदिद्वारा हुने परिपक्वता; सोमत र सभ्य व्यवहार। maturity; decency; civilization.

ओतोरा /otorɑ/ – [ना. *n.*] **१.** दोहरी गीतमा आउने वा दिइने गीतको जवाफ; गीत गाउँदाको सवाल जवाफ। a reply given by each party in a duet. **२.** सोधाइमा आउने जवाफ; प्रश्नको उत्तर; प्रश्नोत्तर। a reply; an answer.

ओत̤ो /ot̤o̤, *syn.* **oton/** – [ना. *n.*] कुनै कामकुरा आदिमा एकको सट्टामा आउने अर्को; विकल्प; सट्टा। an option; an alternative.

ओदैन्य /odəˈnjə/– [स.क्रि. *v.t.*] (गेडागुडी आदि) यत्रतत्र छरिने गरी फ्याँक्नु; छर्नु। to scatter.

ओदो /odo/ – [ना. *n.*] पानीमा खेल्ने र माछा खाने बिरालो जस्तै प्राणी। an otter.

ओन̤ाँ */plv.* **onɑ̤̃**, *nblv.* **orkɑ**, *ant.* **urɨ̤**/ **–** [ना. *n.*] तरकारी वा झोल वस्तुमा रहेको ठोस भाग; झोल पदार्थमा रहेको छोक्रा। solid food mixed with vegetable soup or liquid food; solid; non-juicy part of food.

ओनाउलो /onɑʷlo/ – [ना. *n.*] सत्यता लुकाएर रचिएको बनावटी कारण; बहाना; निहुँ। a pretended reason for doing sth that is used to hide a truth; a pretext; a false excuse; a pretension.

ओन̤े का ओन̤े /one̤ kɑ one̤/ – [ना. *n.*] आफ्नै ढङ्गले कसैसँग बिस्तारै र लगातार गरिरहने कुरा; आफ्नै सुरमा कसैको अगाडि गरिरहने लगातारको कुरा। in a manner of speaking monotonously.

ओन्य¹ /onjə, *mḍ.* **gɑke/ –** [स.क्रि. *v.t.*] पेयपदार्थ घुट्काउनु; पिउनु। to take liquid such as water into the mouth and swallow it; to drink; to gulp.

ओन्य² – [स.क्रि. *v.t.* / कोरा.भे. *krlv.*] ☞ (**चेंन्य /tʃʰẽnjə/**)

ओपराँ */mas.* **opərɑ̃(ŋ)**, *fm.* **omərɑ̃(ŋ)**/ **–** [ना. *n.*] चराहरूका भाले जात; भाले पक्षी। a male bird.

ओपराʔ */plv.* **opərɑʔ**, *ulv.* **sɪsjɑ/ –** [ना. *n.*] **१.** आठमाना परिमाणको वस्तु अटाउने भाँडो। a measuring pot that has the capacity for eight *mānās* of things. **२.** [वि. *adj.*] आठमानाको मात्रा वा परिमाणको। having the quantity of eight *mānās.*

ओपा */mas.* **opɑ**, *fm.* **omɑ/ –** [ना. *n.*] **१.** जीवजन्तुको भालेजात; भाले; पुरुष जाति। a male animal. **२.** फल नलाग्ने खालको बोटविरुवा; पुलिङ्गी वनस्पति। (of plants) that cannot produce fruit; a male plant.

ओपें /opẽ(ŋ)/ – [ना. *n.* / प.भे. *plv.*] ☞ (**अपिङ /opɪŋ/**) ~**पल्तिन्य /pɨltɪnjə/–** [अ.क्रि. *v.i.*] बालबच्चाहरू उमेर पुगेर पनि बढी लाडे हुनु। to behave childishly; to be pampered.

ओपोःस ज़ /opoːsəzə/ – [क्रि.वि. *adv.*] कुनै चिज राखिएको खोल वा भाँडोसहित नै; (सामानसहितको पोको, झोला, बाकस आदि) सम्पूर्ण रूपले नै। with the cover or pot itself in which sth has been kept; (a bag or box with goods) as a whole.

ओबरा /obərɑ/ – [ना. *n.*] (चिज वा कुनै कुरा) एकमा अर्को मिसिएर रहने स्थिति; मिश्रण; मिलावट। a combination of different things; a mixture.

ओबुलुम /obulum, *plv.* **gedɑ́/ –** [ना. *n.*] अन्न, अनाजका दाना; गेडागुडी। seeds of food plant crops; grains of maize, rice, wheat, etc.

ओभाल्या /obʰɑljɑ/ – [ना. *n.* / ग.भे. *glv.*] ☞ (**ओलवा /oləwɑ/**)

ओःम /ȯːm/ – [ना. *n.*] दुखिरहेको दुखाइ क्षणिक समयको लागि बिसेक हुँदाको अनुभव; सञ्चोको महसुस। a feeling that you have when pain in your body ebbs away; a feeling of temporary relief.

ओमराँ */fm.* **omərɑ̃(ŋ)**, *mas.* **opərɑ̃/ –** [ना. *n.*] चराहरूका पोथी जात; पोथी पक्षी; चरी। a female bird.

ओमा /omā/ – [ना. *n.*/स्त्री.लि. *fm.*] **१.** प्राणीको पोथी जात; माउ। a female animal, a female parent of an animal. **२.** फल लाग्ने जातको वनस्पति। a fruit bearing plant. **३.** [वि. *adj.*] आमा हुने जातकी; माउ; स्त्री। being a mother; female. > **ओमाफु /omafu/**– [ना. *n.*] टुसाएपछि चाउरी परेर बाँकी रहेको कन्द। the shrunken root of sth (potato, yam etc.) that remains underneath the surface after it sprouts.

ओम्खोरा */plv.* **omkʰora**, *syn.* **bʰopka**, *hmlv.* **fursula**, *llv.* **bʰobona**, *glv.* **funtʃula/** – [ना. *n.*] बिट फर्केर घाँटी फाँचिलो भई पेट फुलेको पानी पिउने भाँडो; आम्खोरा। a brass or copper water vessel with a narrow neck and broad mouth, used for drinking water.

ओःम्न्य /oːmnjə/ – [अ.क्रि. *v.i.*] **१.** शारीरिक कमजोरीले लड्ने हुनु; बिरामी भई भुइँमा ढल्नु। to fall down suddenly because of weakness or illness; to collapse for weakness. **२.** गारो, गोठ, घर आदि भत्केर ढल्नु; भत्कनु। to collapse or crumble down (walls, sheds, houses, etc).

ओरभेँ /ordʒẽ(ŋ), rdʒẽ < dʒẽ/ – [ना. *n.*] **१.** अग्लोपना; ऊचाइ। height. **२.** गहिरो हुनाको स्थिति; गहिरोपन; गहिराइ। the distance from the top or surface to the bottom of sth; depth.

ओरदाँ₁ /ordã(ŋ)/ – [ना. *n.*] ढुङ्गा, झटारो, गुलेली, बन्दुक आदिले हान्दा ठीक निशानामा पार्नसक्ने खुबी; निशाना लगाउने क्षमता, कला वा सीप। an ability to hit the thing targeted at with a stone, stick, etc. or to shoot with a catapult or a gun accurately; a skill at shooting accurately. ~**लेउ/leᵘ/**– [वि. *adj.*] ठीक ठाउँमा निशाना लगाउनसक्ने। having ability to shoot accurately at the same point. ~**कुइ दाँव मिँ /kuˈ dãwə mĩ/**– [ना. *n.*] टाढाबाट हान्दा ठीक निशाना लगाउनसक्ने व्यक्ति; निशानेवाज। a sharpshooter.

ओरदाँ₂ */plv.* **ordã(ŋ)**, *nblv.* **ukudãᵘ/** – [ना. *n.*] (लामो चिज) बाङ्गोटिङ्गो नहुनाको स्थिति; सीधापन। when there is no bending or curving (a stick, rod, pole).

ओऱो /orọ/ – [ना. *n.*] ☞ (**अर्न्या /ərnjɑ/**)

ओर्नप /ornə̀p, *ant.* **dʒəɦərɑʔ/** – [ना. *n.*] पिँधाइ, रगडाइ, घिसाइ आदिबाट बनेको मसिनो धुलो; (पीठो) मिहिन। fine powder; flour.

ओर्का /orkɑ/ – [ना. *n.*/निभु.भे. *nblv.*] ☞ (**ओऩाँ /onã̰/**)

ओर्केस /orkes/ – [ना. *n.*] **१.** लामो समयसम्म मस्काएर नरम बनाइएको ढिँडो आदिबाट आउने मिठास। flavour that the boiled-flour meal gives off when the flour is beaten with simmering water for a long time. **२.** मुछिएको पीठोको लेसिलोपना। stickiness in the kneaded flour.

ओर्ख्यो */plv.* **orkʰjò**, *nblv.* **sulu/** – [ना. *n.*] वस्तुको लम्बाइतिरको नाप; लम्बाइ; लम्बापन। the lengthwise measurement of sth; length.

ओभ्र्यो /ordʒʰjo/ – [ना. *n.*] यता वा उता, यसो हो या उसो हो भनी गरिने अन्दाज; अनुमान; लख। a guess; conjecture.

ओर्नप /ornə̀p, *ant.* **dʒəɦərɑʔ/** – [ना. *n.*] पिँधाइ, रगडाइ, घिसाइ आदिबाट बनेको मसिनो धुलो; (पीठो) मिहिन। fine powder; flour.

ओर्नै /ornəˈ/ – [ना. *n.*] काममा गरिने ढिलासुस्ती,

विलम्ब। delay; deferment.

ओर्भै /orbʰə'/ – [ना. *n.*] सुध्रन गाह्रो हुने गरी बिग्रेको स्थिति; दुर्गति; अवनति। the situation of being damaged beyond recovery; degradation; decline.

ओर्स्या /orsjɑ/ – [ना. *n.*] फलफूल वा खाद्य वस्तुमा हुने मौलिक स्वाद वा मिठास; स्वादिलोपन। the natural taste or flavour of fruits or food; taste.

ओल /ol/ – [सर्व. *pron.*] तृतीय पुरुषलाई जनाउने एक वचनवाची शब्द; ऊ, उनी। third person singular pronoun, he/she.

ओलज़ /ol(nɪ)zə/ – [क्रि.वि. *adv.*] आफसेआफ ; आफै; स्वतः। by oneself, itself; on one's own.

ओलवा */plv.* **oləwɑ**, *glv.* **obʰɑljɑ/** – [ना. *n.*] भुट्दा फुरेको गेडागुडी। grains that burst open and become light forming white when roasted such as popcorn.

ओलाम */hmlv.* **olɑm**, *slv.* **lɑm**, *glv.* **lɪmpɑ**, *plv.* **sjɑrlɑm/** – [ना. *n.*] भर्खर लिखाबाट निस्केको जुम्राको स-साना बच्चा। newly hatched louse.

ओल्कोता */plv.* **olkotá**, *syn.* **lokotɑ**, *nblv.* **okoltɑ/** – [ना. *n.*] **१.** प्राणीको बाहिरी भागलाई ढाक्ने प्राकृतिक अस्तर; छाला। the natural outer layer that covers the body of an animal; skin. **२.** वनस्पतिको बाहिरी कवचको रूपमा ढाकिएको प्राकृतिक कडा तह; बोक्रा। the hard outer covering of a plant; bark.

ओल्गैःन्य /olgə'ːnjə/ – [स.क्रि. *v.t.*] कसैलाई बाजागाजा बजाएर विशेष कदर गर्दै अभिनन्दन गर्नु। to honour; to felicitate (sb) with fanfare. > **ओल्गैःदलाँन्य/olgə'ːdə lãnjə/**– [स.क्रि. *v.t.*] उल्लेखनीय कार्य गरेबापत कसैलाई बाजागाजा तथा विशेष स्वागत-सत्कारका साथ एक स्थानबाट अर्को स्थानमा पुऱ्याउनु वा परिक्रमा गराउनु। to move sb with a fanfare from one point to another in their honour for some remarkable achievement.

ओल्नी /olnɪ, *syn.* **kjãnɪ/** – [ना.यो. *post.*] उ/उनी आफै/स्वयम्। he/she himself/herself.

ओल्याङपल्याङ */plv.* **oljɑ̤ŋ (nɪ) pəljɑ̤ŋ**, *nblv.* **udɑŋbɪdɑŋ/** – [क्रि.वि. *adv.*] (चिज) घरीघरी तलकोलाई माथि र माथिकोलाई तल पार्ने काम; वल्टाइ-पल्टाइ। in or into a position in which the top of sth is where the bottom is normally found and the bottom is where the top is normally found: upside down.

ओसा */slv.* **osā**, *nblv.* **bɑmrɑ**, *plv.* **lɑdʊ/** – [ना. *n.*] जाँड बनाउँदा अन्न, फलफूल आदिलाई रासायनिक प्रतिक्रिया गराई कुहाउन जडीबुटीको मिसावटबाट बनाइएको मसला; मर्चा। the plant used as a ferment in brewing; yeast.

ओसिऱ्या */glv.* **osɪrjɑ**, *slv.* **sɪrɑ**, *plv.* **dʒəm/** – [ना. *n.*] – [ना. *n.*] कुखुराको टाउकोमा चेप्टो-डोलो भई निस्केको मासुको लोलो; सिउर। the soft, red piece of flesh on the head of a male chicken; comb.

ओहाती /oɦɑtɪ/ – [ना. *n.*] ☞ (**पजै /pədʒə'/**) > **ओहाती जोहाती /oɦɑtɪ dʒoɦɑtɪ/**– दुइ पक्षबीचमा हुने कडा प्रकारको भनाभन, छलफल वा प्रश्नोत्तर; सवाल-जवाफ; तर्कवितर्क। wrangle

between two parties; discussion or question-answer; argument.

ओहोर /oɦor/ – [ना. *n.*] चोट लागेर वा कुनै विकारले गर्दा शरीरको कुनै अङ्गमा हुने असहाय पीडा। severe pain in any part of the body caused by an injury or anything harmful.

ओ̰म /o̰m/ – [ना. *n.*] ठूलो आवाज आउने गरी पिट्ने वा आघात पार्ने काम; त्यसरी पिट्दा निस्कने आवाज। a sound produced while hitting.

ओ̰म्कैःन्य/*plv.* **o̰mkəˈːnjə**, *nblv.* **ləfərenjə, sprenjə/ –** [स.क्रि. *v.t.*] लट्ठी आदिले नराम्ररी चुट्नु; पिट्नु; गोद्नु। to beat (a person or an animal) severely with a stick, etc.; to thrash; to beat severely.

क

कँ /kɨ̃/ – [ना. *n.*] ढाडलाई आडमा अड्याएर बसिने आसन; अडेस्। the situation when you recline on sth; a prop.

कःन्य /kɨ̤ʔnjə/ – [स.क्रि. *v.t.*] बिरामीलाई निको पार्न धामी-झाँक्रीले आफ्नो देवता बोलाई झारफुक गर्नु; झाँक्रीले कसैलाई झारफुक गर्नु। to call in a shaman or witch doctor to cure people of illness; to exorcise.

कःसिन्य /kɨ̤ʔsɪnjə/ – [स.क्रि. *v.t.*] आफ्नो उपचार गर्नको लागि धामी-झाँक्री बसाल्नु; झारफुक गरिनु। to summon a shaman or witch doctor for one's treatment; to call in a shaman or witch doctor; to be exorcised.

कः */plv.* **kɨ:**, *llv.* **kək**, *hmlv.* **rkəŋ/** – [ना. *n.*] खाएपछि पेटमा जम्मा हुन गएको वस्तु; लादी। food yet to be digested in the stomach; (before it is passed from the body) solid waste matter in the stomach.

कःङरिन्य /kɨŋɨrɪnjə/ – [अ.क्रि. *v.i.* / निभु.भे. *nblv.*] जाडोले कठ्याङ्ग्रिँदा वा लगातार क्यै चिज अँठ्याइरहँदा, असजिलो पर्दा पाट्टिएर चलाउन गाह्रो हुनु। to get cramp in a particular part of your body due to cold or while grasping sth for a long time.

कःचःल्तिन्य /kɨtʃɨltɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** भइरहेको उन्नति, प्रगतिको गति रोकिनु; कार्यक्रम तुहिनु; अधकल्चो हुनु। (of an ongoing progress) to come to a halt; (the programme) to be aborted, to be left incomplete. **२.** कुनै कारणवश निद्राको सिलसिला टुट्नु; निद्रा कचपल्टिनु। (of sleep) to be disturbed; not to have sound sleep. **३.** धौधौले रुवाइ रोकिएको बच्चा फेरि रुनु। (of children) to resume crying.

कःचिन्य /kɨtʃɪnjə/ – [अ.क्रि. *v.i.*] तयार गरिएको खानेकुरा निम्त्याएको पक्ष नआइदिँदा खेर फालिने हुनु; बासी रहनु; खेर जानु। to be in a situation when food goes waste due to the absence of guests; (of food) to go stale; to go waste.

कःच़ः /kɨtʃ̤ɨ/ – [क्रि.वि. *adv.*] च्यापिने चालले; ठोकिएर च्यापिन पुग्ने गरेर। in the manner of being sandwiched between two things; in the manner of being crushed when hit against sth.

कःछःनी/kɨtʃʰɨnɪ, kɑtʃʰəbɨndɪ, tʃʰətkjá/ – [ना. *n.*] मगर पुरुषहरूले घुँडादेखि माथि कमरदेखि मुन्तिर बेरेर लगाउने पहिरन, कपडा; कछाड। knee-length loincloth worn (wrapped) by *Magar* males.

कःत्कःरी /kɨtkɨrɪ/ – [ना. *n* / प.भे. *plv.*] ☞ (**उफुरुल /ufurul/**)

कःनिन्य */plv.* **kɨnɪnjə**, *tlv.* **kəɦɪnjə/** – [अ.क्रि. *v.i.*] रोगले च्याप्दा, ठूलो परिश्रम पर्दा, गर्दा, बल लगाउँदा, सकिनसकी काम गर्दा वा दोधारमा परी मन र इन्द्रियलाई नियन्त्रण गर्नुपर्दा

मुखबाट 'अँ..अँ' को ध्वनि निकाल्नु; कन्नु। to make a long deep sound because you are very sick, exerting yourself or controlling your mind when you are in dilemma; to groan.

कन्जुस्या /kɨndʒusjɑ, *ant.* **furmɑsɪ/ –** [वि. *adj.*] आवश्यक पर्दा पनि खर्च गर्न नचाहने; कन्जुस। unwilling to spend money; parsimonious; mean; tight-fisted; stingy.

कन्धनी /*tslv.* **kɨndʰɨnɪ**, *hmlv.* **dʰərɑtʃʷĩ/ –** [ना. *n.*] लङ्गौटी अड्याउन कम्मरमा बाँधिएको डोरी। the string which supports a loincloth.

कबली /*plv.* **kɨbɨlɪ**, *slv.* **kəddu/ –** [ना. *n.*] तरकारी बनाउन वा पकाएर खान पनि हुने लहरामा फल्ने एक प्रकारको फल; फर्सी। a common vegetable that grows on a climbing plant; pumpkin.

करिँकरीं /kɨrĩkɨrĩ/ – [ना. *n.*] प्राण जान लाग्दा, आघात-प्रहारले बेहोस हुँदा, क्रोध बढ्दा, मिर्गी रोगले छोप्दा हुने शारीरिक कम्प। a sudden movement of the muscles of the body caused by a fatal blow, anger or epilepsy or when a person is in death throes; convulsion. **~गूःन्य /gŭnjə/–** [अ.क्रि. *v.i.*] (गम्भीर आघात पर्दा, प्राण जान लाग्दा, मिर्गी रोगले छोप्दा) शरीर काम्नु। to convulse due to epilepsy or when a person is in death throes.

करिला /kɨrɪlɑ̃/ – [ना. *n.*] भारीको नाम्लोको डोरी तलतिर नखुस्कियोस् भनी अड्याइने सानो डोरी। a small ring-shaped strap through which the rope used for carrying a load is inserted.

करिप् /*plv.* kɨrɨp, *nblv.* **gʰrjɑssə/ –** [क्रि.वि. *adv.*] काठ, झिँजा आदि साना चिज भाँचिनपुग्ने गरी; भाँचिदा आवाज आउने गरेर। easily (breaking or snapping such as dry twigs); with a cracking sound of breaking. **~मोलो /molo/–** [वि. *adj.*] मरेर पूरै निमिट्याउन भएको; वंश बिनाश भएको। (of family) becoming extinct.

करिमा /*plv.* **kɨrɨmɑ**, *hmlv.* **skɨrɪmɑ**, *slv. & nblv.* **gərema/ –** [ना. *n.*] बर्खामासमा प्रायः साँझतिर ठूलो र लामो स्वरले कराउने एक प्रकारको पखेटावाल किरा; झ्याउँकिरी। a winged insect that lives in forest and makes a shrilled sound in the rainy season; a cicada.

करी /kɨriː, *syn.* **fɑlsɑ/ –** [ना. *n.*] हाड नभएको मासुको चोक्टा; फल मासुको टुक्रा। a piece of boneless meat; a chunk of meat.

करीलाः /kɨriːlá/ – [ना. *n.*] बोक्रामा नरम काँडा हुने एक प्रकारको लहरे तरकारी फल; बडेला; चुच्चे करेला। a type of vegetable with light green skin covered with soft thorns.

करीं /kɨrĩ/ – [क्रि.वि. *adv.*] धेरैजना एकै साथ एकै ठाउँमा उभिने वा झुम्मिने गरेर; झुरुप्पै। in the manner of gathering or crowding at a place.

कर्चउली$_1$ /*plv.* **kɨrtʃɨulɪ**, *slv. & glv.* **kjo̤/ –** [ना. *n.*] ठेकीबाट घ्यू, तेल आदि झिक्न प्रयोग हुने लामो डन्डीयुक्त चम्चा। a long handled spoon which is used to take ghee or oil from a wooden vessel.

कर्चउली$_2$ **–** [ना. *n.*/प.भे. *plv.*] दुबै पक्षको कम्मरमा डोरीले बाँधी दुई विपरीत दिशातिर

तानातान गरेर जित्नको लागि गरिने प्रतिस्पर्धा; त्यसरी खेलिने खेल। a type of sport in which two teams pull at the opposite ends of a rope tied to participants' waists; tug of war.

कर्ती /kɨrtiː/ – [ना. *n.*] डन्डीले बियोलाई उफारेर खेलिने नेपालको राष्ट्रिय खेल मानिएको एक खेल; डन्डीबियो। a national game in which a *biyo"* (a small stick) is placed in a hole and this is lifted out and pushed away with a *dandi* (a larger stick); *dandi-biyo.*

कलाँव /kɨlĩwə/ – [वि. *adj.*] कुनै कामकुरो कुशलतापूर्वक गर्ने सीप भएको; दक्ष; पोख्त; सिपालु; कुशल; निपुण। having capacity to do sth; skilful; perfect; practised.

कलःन्य */plv.* **kɨlɨːnjə,** *nblv.* **kəlnjə/** – [स.क्रि. *v.t.*] गह्रुङ्गो वस्तुलाई उचाल्न वा असजिलो ठाउँबाट निकाल्नको लागि लामो डन्डीलाई छोटो वस्तुको मुनि अड्काएर थिचेर उचाल्नु। to move or lift sth heavy using a lever; to use crowbar.



कलःन्य

कली /kɨlɪ/ – [ना. *n.*/निभु.भे.*nblv.*] ☞ (**की /kɪː/**)

कसान्दी /kɨsɨndɪ/ – [ना. *n.*] पेट र मुख फुकेको घाँटी सानो भात आदि पकाउन प्रयोग हुने प्रायः ढलौटको भाँडो; कसौंडी। a round cooking pot with a narrow neck, especially made of brass.

कसरी /kɨsɨrɪ/ – [ना. *n.*] धागो, बाबियो आदि बाटेर बनाइएको कुनै वस्तु बाँध्ने, कस्ने प्रयोजनमा आउने मोटो डोरी; धेरै डोराहरूका बाटिएको रुप; डोरी। a thick rope made of the *bābiyo* grass or any long twisted fibers.

कसिन्य /kɨsɪnjə/ – [अ.क्रि. *v.t.*] **१.** ढुङ्गा, झटारो, लौरा, घोचा आदिले क्यै चिजलाई प्रहार गर्न बलपूर्वक तम्सिनु; प्रहार गर्न तम्तयार हुनु। to be ready to attack sb/sth with sth or to throw a stone or a small stick at sth or sb; to be ready to throw sth forcefully; to brandish. **२.** सरसामान बिक्री गर्दा सकेसम्म मोल बढाउने प्रयास गर्नु; बढाबढ गर्नु। try to increase prices; to hike a price. **३.** डोरीले बेस्सरी मस्काउनु; कसेर बाँध्नु; टुर्‍याउनु। to lash sb/sth with a rope; to strap. **४.** पेच आदि घुमाएर टम्म पार्नु; कस्नु। to screw sth tightly.

कस्किन्य /kɨskɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** बस्ने वा सुत्ने ठाउँको अभाव हुनु; ठेलमठेल हुनु। to be crammed for space. **२.** कतै घुसाउन लागिएको चिज अटाउन वा छिर्न गाह्रो हुनु। to be too tight to be held or to go into.

कहिन्य /kɨɦɪnjə/ – [स.क्रि. *v.t.*/थ.भे. *tlv.*] ☞ (**कनिन्य /kɨnɪnjə/**)

कँवार्‍या /kə̃warjɑ/ – [ना. *n.*] **१.** एक अर्कामा विपरीत हुने खाल (झाँक्री र बोक्सी) को ज्ञान जानेको। a person with special power of both good and evil spirits. **२.** राम्रो-नराम्रो दुबै खाले कामको भूमिका खेल्ने मान्छे। a person who has both good and bad roles.

-क /kə/ – [विभ. *bibh.*] "मा" "माथि" "नेर" (निश्चित क्षेत्रमा) आदिको भाव बुझाउने प्रत्यय। a suffix that suggests on and near sth; on, at.

कʔ /*plv.* **kʔ**, *slv.* **kəˈ**, *glv.* **suˈːʔ**/ – [ना. *n.*] आवश्यकतानुसार भाँडा-बर्तनको मुख खोल्न र बन्द गर्न प्रयोग गरिने साधन; बिर्को। a cover on a container which can be lifted up or removed; a lid.

कʔन्य /**kʔnjə**, *ant.* **fəˈʔnjə**/ – [स.क्रि. *v.t.*] भाँडाको मुखमा बिर्को कस्नु; बिर्को लाउनु। to keep a lid on a container; to screw down a lid.

कङ /**kəŋ**/ – [ना. *n.*] ☞ (**खँ** /**kʰɨ̃**/)

कचल /*plv.* **kətʃəl**, *llv.* **kətʃməlɑ**, *glv.* **kəskərɑ**/ – [ना. *n.*] सुक्न नभ्याएको काँचो काठ; नसुकेर बाल्न वा बल्न लायक नभइसकेको दाउरा। green wood; the wood too green to burn.

कच्या /*nblv.* **kətʃjɑ**, *plv.* **kətʃʰjɑtə**/ – [ना. *n.*] सुकेपछि बाल्ने उद्देश्यले काटिने वा काटेर राखिएको काँचो काठ। green wood collected to burn when it gets dry.

कच़ास /**kətʃa̤s**/ – [क्रि.वि. *adv.*] कुनै चिजको नजिकमा पुगेर; आपसमा टाँसिने वा जोडिने गरी; ठिक्कसित टम्म भई मिलेर वा जोडिएर; टयाक्क। closely and firmly; in a tight manner; tightly.

कछवा /**kətʃʰəwɑ**/ – [ना. *n.*] (राँगो, खसी, सुँगुर आदि) को मासुको बिलो बनाई घरघरमा लगी किनाउने काम; त्यसरी किनाइने मासुको बिलो। practice of killing an animal (he-buffalo, goat, pig etc.) so as to distribute its share among neighbours; a share of meat obtained in this way.

कछ्यात /**kətʃʰjɑtə**/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**कच्या** /**kətʃjɑ**/)

कतङ्ज /**kətəŋdʒə**/ – [ना. *n.*/से.भे. *slv.*] लेकतिर हुने एक प्रकारको डाले घाँस। a type of tree found in the mountains. Its leaves are used as fodder.

कतन्यासी /**kətənjɑsɪ**/ – [ना. *n.*] मासु काट्ने काम गरेबापत ज्यालाको रूपमा पाइने मासुको बिलो। the share of meat that one gets for butchering an animal.

कतर /*plv.* **kətər**, **tʃepərɑ**, *slv.* **sel**/ – [ना. *n.*] दलिनमाथि बिछ्याइने वा छापिने चिरेर चेप्टा पारिएका काठ; चिर्पट। planks of wood used to make floors.

कतरेःन्य[1] /*plv.* **kətəreːnjə**, *nblv.* **tʃʰɪkɪnjə**/ – [स.क्रि. *v.t.*] कपडा, कागत, कपाल आदिलाई कैंचीले काट्नु; कैंची लाउनु। to cut sth with a pair of scissors.

कतरेःन्य

कतरेःन्य[2] – [स.क्रि. *v.t.*] मुसाले थैला, कपडा, डोरी आदि काट्नु। (by a rat) to gnaw sacks, ropes, cloth, etc.

कतवा[1] /**kətəwɑ́**/ – [ना. *n.*] कफ जस्तै सेतो चिप्लो, लेस्याइलो र रगत मिसिएको दिसा; रगतमासी; आउँ। stool marked with blood and mucus; dysentery.

कतवा[2] **धिम** /**kətəwɑ́ dʰɪm**/ – [ना. *n.*] अन्दाजी दुई हजार ग्राम (दुई किलो) बराबरको तौल वा ढक। a unit for measuring weight, equal to two kilograms.

कतवाल /**kətəwɑl**/ – [ना. *n.*] स्थानीय सभाले गरेको निर्णय, सन्देश, झारा आदि गाउँघरको मुख्य-मुख्य चोक, थलो वा अग्लो ठाउँमा उभिई कुर्लेर सुनाउने गाउँद्वारा चुनिएको स्थानीय कर्मचारी; गाउँघरको काम पर्दा अह्राइने व्यक्ति; स्थानीय सन्देशवाहक; कटुवाल। a person appointed by villagers to shout news,

official announcements, etc. standing at the main junctions of a village or town; a village messenger; a town crier.

कतवै /kətəwəˈ/ – [ना. *n.*] जथाभावी रूपले काटेर हतियारको धार मेटाउने वा बोधो बनाउने काम। an act of blunting a weapon using it carelessly.

कताँस /kətãsə/ – [ना. *n.*] बाँस जस्तो तर, ढुङ्ग्रो मसिनो हुने कडा खालको वनस्पति; बेत। a bamboo-like plant with a long, hard, hollow stem used to make furniture; *bet* cane.

कता */plv.* **kətá**, *syn.* **kata**, *tlv.* **kədiː**, *glv.* **kugjo**, *hmlv.* **natɪ**, *nblv.* **nĩ**, *slv.* **nəˈ/** – [क्रि.वि. *adv.*] घृणा, अपमान, निन्दा, झर्को, शङ्का, वितर्क, प्रश्न माथि प्रश्न, अवरोध कुनै कुराको किसिम बुझाउने शब्द; के ? word that is used to show disgust, insult, contempt, annoyance, doubt, etc.; what?

काताकु /kətaku, *syn.* **kataka^{u}/** – [सर्व. *pro.*] धेरैमध्ये कुनै एकलाई मात्र तोकेर जान्न वा भन्नुपर्दा प्रयोग गरिने प्रश्नवाचक शब्द; को ? कुनचाहिँ ? interrogative word used to identify sth/sb from a known group or range; who? which one?

कतेर्ना /kəternɑ/ – [ना. *n.*] दुई धारले च्यापेर कपडा, रौं, कागज आदि काट्न हुने धातुको साधन; कैंची। a hand-held metal instrument used for cutting cloth, paper or hair; scissors.

कतौत */plv.* **kətə^{u}tə**, *hmlv.* **rŋɪl/** – [ना *n.*] दाँत उम्रने र दाँतलाई सुरक्षित राख्ने मासुको घर; दाँतको घर; गिँजा। either of the two areas of firm flesh that surrounds the roots of the teeth; gum.

कत्कत /kətkət (nɪ) zẽzẽ/ – [ना. *n.*] सकभर कम खर्चमा काम फत्ते गर्ने काम; मितव्ययिता; किफायत; फारो; फारु। habit of reducing expenditure; economy; saving; spendthrift.

कत्त नि भुत्त /kəttə nɪ b^{ɦ}uttə/ – [क्रि.वि. *adv.*] **१.** शरीरका सबै अङ्गहरू एकदम पीडा हुने गरी। with severe pain through the body. **२.** भएभरको सम्पत्ति स्वाहा गर्ने ढङ्गले। in the manner of squandering all property.

कथान्य */nblv.* **kət^{ɦ}anjə**, *plv.* **rɪ̤ʔnjə/** – [स.क्रि. *v.t.*] घोडालाई तह लाउन वा अपराधीलाई कायल गर्न कोर्राले सिम्काउनु; कोर्रा लाउनु। to whip a horse; to whip a culprit, criminal, etc.; to make one confess sth.

कदा /kədɑ/ – [क्रि.वि. *adv.* / उ.भे. *ulv.*] ☞ (**काराउ /kara^{u}/**)

कदाइ */plv.* **kədɑˈ**, *nblv.* **kəˈdadə/** – [क्रि.वि. *adv.*] कसो गरेर; के गरी; कसरी। in what way or manner; how.

कदी /kədɪ/ – [ना. *n.* / थ.भे. *tlv.*] ☞ (**कता /kədɑ/**)

कदेम्न्य */plv.* **kədemnjə**, *nblv.* **tʃernjə/** – [स.क्रि. *v.t.*] (कौ चिज) अन्तरमा पारेर च्याप्नु; अँचेट्नु; थिच्नु। to push against sth; to press.

कने */plv.* **kəne**, *ulv. & tlv.* **kənɪ/** – [ना. *n.*] **१.** विभिन्न परिकार रोटी, ग्वार्चा आदि बनाउन मुछेको वा मुछ्नको लागि तयारी अवस्थामा राखिएको पीठो। (of wheat, millet, etc.) dough or flour ready for baking *roti*. **२.** गहुँको पीठो। wheat flour.

कन्जरा /kəndʒərɑ/ – [ना. *n.* / तसे.भे. *tslv.*]

☞ (**ऊफु /ʊfu/**)

कप[१] **/kəp/** – [ना. *n.*] **१.** कुनै चिजलाई ढाकिने गरी माथिबाट छोप्ने काम। an act of covering sth. **२.** ढाक्ने वा छोप्ने चिज। a lid or cover.

कप[२] – [ना.*n.* / से.भे.*slv.*] ☞ (**काप्ची/kɑptʃɪ/**)

कप्ज */ulv.* **kəpdʒə**, *plv.* **kʰɪp/** – [ना. *n.*] कपडा आदि जोडेर अडयाउन प्रयोग गरिने धातुको वस्तु। a pin used for fastening things, especially cloth, which has a round end into which the sharp point fits, so that it is covered and cannot stitch into you; a safety-pin.

कप्त[१] */plv.* **kəptə**, *hmlv.* **dʒɑ/** – [ना. *n.*] धामी-झाँक्रीले टोकेर निकाल्ने, मानिस वा जनावरको शरीरभित्र बोक्सी वा प्रेतात्माले राखिदिएको भन्ने विश्वास गरिएको विकार। poison/a harmful substance placed by a witch or evil spirit in the body of a person or an animal. It is believed to be taken out by a shaman with his teeth.

कप्त[२] – [ना. *n.*] **१.** व्यापारीले मात्रा बढाएर बढी फाइदा लिन राम्रो चिजभित्र मिलाएको नराम्रो चिजको मिश्रण; मिसावट। adulteration **२.** मुखले राम्रो व्यवहार गरिए तापनि कसैप्रति भित्रभित्र मनमा पालेर राखिएको दुर्भावना। a feeling of resentment or ill-will towards a person which you may not show in your behaviour.

कप्न्य /kəpnjə, *md.* **ɦupke/** – [स.क्रि. *v.t.*] **१.** एक चिजलाई अर्को चिजले ढाक्नु; क्यै चिजलाई अरूले नदेख्ने गरी छोप्नु। to keep one thing with another; to cover sth so that it cannot be seen. **२.** ☞ (**मोंन्य /mo̤ʔnjə/**)

कर /kər/ – [ना. *n.*] **१.** उड्ने प्राणीको उड्न सहायक हुने अङ्ग; उड्ने साधनमा जडित उड्नको लागि प्रयोग हुने अङ्ग; पखेटो। the part of the body which a bird, insect or bat uses for flying, or the flat surface sticking out from the side of an aircraft; a wing. **२.** कसैलाई बलजफ्ती वा दबावमा पारी कामकुरा गर्न बाध्य तुल्याउने काम; कसैको इच्छाविपरीत काम गर्न लगाइने जोड वा दबाव; करकाप। strong pressure that makes sb do sth that they do not want to do; compulsion.

करःसिन्य /kərʔsɪnjə/ – [स.क्रि. *v.t.*] घुम, काम्लो आदि ओढ्दा अडयाउनको लागि घाँटीनेर अङ्कुस लगाउनु। to hook; to secure or to fasten sth

करप */nblv.* **kərəp**, *llv.* **boloŋ**, *tslv.* **sɪp/** – [नायो. *post.*] सँगसँगैको; साथ; सित; सँग; समेत; सहित। with; together with; including.

कराउनी /kərɑunɪ/ – [ना. *n.*] दूध पकाउँदा भाडोको पिँधमा बसेको पाप्रा। condensed milk prepared by boiling.

कराकसी /kərɑkɨsɪ/ – [ना. *n.*] कुनै निश्चित उद्देश्य पूरा गर्नका लागि कसिएर जोतिने अवस्था; नसिध्याई नहुने गरी कडाइका साथ गरिने कुनै काम। state of exerting yourself to accomplish a certain goal; exertion.

कराःन्य/*plv.* **kərɑːnjə**,*nblv.* **korkorɑnjə/** – [अ.क्रि. *v.i.*] कुखुरीले फुल पार्ने बेलामा क्वारक्वार गरेर कराउनु; कुखुरीले फुल पार्ने सङ्केत दिनु। (of a hen) to cluck when it is ready for laying eggs; to indicate that a hen is going to lay eggs.

करामत्ती /kərɑmɨtɪ/ – [ना. *n.*] कुनै काम सम्पन्न गर्ने उद्देश्यले नथाकेर निरन्तर लागिरहने

चाल। persistent and hardworking effort in doing sth; diligence.

कराःम्न्य /kərɑ́ːmnjə/ – [अ.क्रि. *v.i.*] अधकल्चो हुने गरी पोलिनु; डामिनु। to burn slightly; to be scorched.

कराʔन्य /kərɑʔnjə/ – [अ.क्रि. *v.i.*] खाने-लाउने कुरा अपुग हुनु; अभाव खड्किनु। to be short of subsistence; to be short of food.

करेʔ /kəreʔ/ – [ना. *n.*] पेट खाली हुँदाको अनुभूति; आहारको आवश्यकता परेको अनुभव; खाने इच्छा; भोक। the feeling you have when you are hungry; desire for food; hunger. > **करेउ¹ /kəreᵘ/–** [वि. *adj.*] भोकको इच्छापूर्ति नभएको; अतृप्त; भोकाएको। wanting or needing food; hungry. > **करेउ²–** खान नपाएको; नखाइकन रहेको; भोको। starved. > **करेन्य /kərenjə,** *md.* **rəntʃʰɪke, rəˈsɪke/–** [अ.क्रि. *v.i.*] के खाऊँ के खाऊँ हुनु; भोक लाग्नु; खाने इच्छा जाग्नु; भोकाउनु। to feel hungry. **~तान्य /tɑnjə/–** अनिकालमा पर्नु; भोकभोकै हुनु। to be hit by famine; to starve. **~सिन्य /sɪnjə/–** खाएर तृप्त हुनु; अघाउनु। to be satiated; to be filled up.

करेम /kərem/ – [ना. *n.*] **१.** कपालमा घुसारेर दाँतीहरूबीच लिखो अड्काई थिचेर मार्न प्रयोग गरिने काइँयो जस्तै एक साधन। a comb-like instrument which is used to kill lice in the hair of the people; a louse comb. **~सी /siː/–** खाएपिएको चिज बढी हुँदा अपच भई मुखबाट निस्कने दुर्गन्धित श्वास; डकार। air that comes up noisily from your stomach and goes out through your mouth; a belch.

करेम

करै /kərəˈ/ – [ना. *n.*] मुख फुकेर पिँधतिर साँघुरो हुँदै गएको खास गरी तरकारी बनाउन र गेडागुडी भुट्न आदि काममा प्रयोग हुने भाँडो; कराही। a large pot that narrows down towards the bottom with handles on both sides used for cooking curry and roasting beans; a cauldron.

करौंती /kərɑ̃ᵘtɪ/ – [ना. *n.*] काठ चिर्ने आरा। a tool with a longer or round blade and a row of sharp points along one edge, which is used for cutting hard materials, such as wood or metal; saw.

कर्कराःतौ /kərkərɑːtəᵘ/ – [वि. *adj.*] (नोट, कागज, कपडा आदि) प्रयोग नगरिएको नयाँ र सफा। (of paper money, clothes, paper, etc.) not used before; new; brand new.

कर्कैःन्य /kərkəˈːnjə/ – [स.क्रि. *v.t.*] ढोकाको खापाको खुरलाई उप्काएर सोबाट मुस्किलले मान्छे छिर्न वा निस्कन हुने बनाउनु। to push open the door partially so that a person can pass through it.

कर्गल्न्य /kərgəlnjə, *md.* **arkɑle, dʒuke/ –** [अ.क्रि. *v.i.*] **१.** कसैकहाँ पाहुना जाँदा वा कसैकोमा रहँदा सो पक्षबाट हुने अस्वाभाविक व्यवहारदेखि असजिलो महसुस गर्नु। to feel uneasy or uncomfortable due to the behaviour of a host you visit or with whom you stay. **२.** ☞ (**४. कैःन्य /kəːˈnjə/**)

कर्त्या /*plv.* **kərtjɑ,** *nblv.* **torãjɑ/ –** [ना. *n.*] बोक्रा कडा हुने खालको फर्सी, लौका, चिचिण्डो आदि। pumpkins, gourds,

snake gourds, etc. which have thick skin.

कर्त्याप्न्य/*plv.* **kərtjɑpnjə**, *syn.* **kədemnjə**, *hmlv.* **kərnjɑpnjə/** – [स.क्रि. *v.t.*] कुनै चिजलाई दुईतिरबाट दबिने गरी थिच्नु; च्याप्नु। to press sth from two sides; to press.

कर्न्य$_{१}$ **/kə́rnjə/** – [स.क्रि. *v.t.*] **१.** बाहुमा क्वै चिज बोक्नु; अँगालो हाल्नु; अँगाल्नु। to take and keep sth in your hands or arms; to embrace. **२.** कसैको समर्थन गर्नु। to support sb.

कर्न्य$_{२}$ – [वि. *adj.*/से.भे. *slv.*] स्वाभाविक मूल्यभन्दा बढी; महङ्गो। costing more than usual; expensive.

कर्‍या /kərjɑ/ – [वि. *adj.*] अरूको आश्रय वा आधारमा रहेको; पराधीन; पराश्रित। needing to rely on sb; under the authority; subordinate; dependent.

कर्लेतेःव /kərleteːwə/ – [वि. *adj.*] मिल्दो तरिकाको मोटोघाटो; सुहाउने गरी मोटाएको; (शरीर) हृष्टपुष्ट; अथुलो। having the stout and healthy body; robust.

कर्सा /kərsá/ – [ना. *n.*] पाखुरामा भएको बल; बाहुबल। strength of arms; bodily strength.

कर्सिन्य /kərsɪnjə/ – [स.क्रि. *v.t.*] काँधमा काँध मिलाउनु; अङ्कमाल गर्नु। to hug each other affectionately or passionately; to embrace.

कर्‍रैन्य /kərə̰ˈnjə/ – [स.क्रि. *v.t.*] क्वै प्राप्तिको अपेक्षा राखी अग्रजलाई टोकस्नु। to irritate, pursue seniors expecting to gain sth.

कल^{१} **/kəl**, *syn.* **tʃutʃiː/** – [ना. *n.*] चोर औंलाले तानेर पड्काउन प्रयोग हुने बन्दुकको महत्त्वपूर्ण पुर्जा; ट्रिगर। a lever that is pressed with a finger to fire a gun; a trigger.



भुन्दुकु

कल^{२} – [ना. *n.*] **१.** वैमनश्य साधेर वादविवाद र मुद्दा चल्ने-चलाउने काम; झगडा; कलह; रडाको। an act of raising or entering into a dispute and undertaking legal proceedings; dispute; row. **२.** रगतमा रहेको खराब तत्त्व छानेर पिसाबको रूपमा शरीरबाहिर निकाल्ने, मेरुदण्डका दायाँ र बायाँनेर रहने दुई अङ्ग; मिर्गौला। either of a pair of small organs in a body which takes away waste matter from the blood to produce urine, a kidney.

कलाँ /kəlɑ̃/ – [ना. *n.*/निभु.भे. *nblv.*] ☞ (**क्याँ /kjɑ̃/**)

कलिन्य /kəlɪnjə/ – [अ.क्रि. *v.i.*/निभु.भे. *nblv.*] ☞ (**कि̰न्य /kḭnjə/**)

कर्ल्ें /*plv.* **kəlẽ**, *slv.* **koloŋ**, *nblv.* **gʰɑ̃to**, *glv.* **bʰer/** – [ना. *n.*] गाईभैंसी, भेडाबाख्रा आदि पाल्नु जनावर नहराउन् वा कतातिर गएका छन् भन्ने थाहा होस् भनेर घाँटीमा झुन्ड्याइदिइने, रालो हल्लिई ठोकिएर आवाज आउने एक धातुको वाद्य; घण्टी। a bell hung round the neck of domestic animals like cows so that one knows where they are by the ringing sound it produces; a bell.

कर्ल्ें̰ /*plv.* **kəlḛ̃(toso)**, *nblv.* **tʰɪrjɑʷ/** – [वि. *adj.*] पानी जम्ने बराबर वा सोभन्दा कम तापक्रमको; ठिहिऱ्याउने खालको चिसो; ठन्डी। zero degree Celsius or the temperature below this; freezing point; bitter cold; a chill.

कलेः /kəlè/ – [ना. *n.*] जिउको कुनै अङ्गमा स्पर्श गर्दा उब्जने सकसकी; कुतकुती; काउकुती। a feeling caused by touching a part of the body lightly; tickle; tickling sensation.

कलेःन्य */plv.* **kəlè:njə**, *hmlv.* **kʰərlè:njə**, *nblv.* **kulɪtnjə/** – [स.क्रि. *v.t.*] कुतकुती लगाइदिनु; काउकुती लगाउनु। to tickle sb.

कलेःसिन्य */plv.* **kəlè:sɪnjə**, *hmlv.* **kʰərle:sɪnjə**, *nblv.* **kulɪsnjə**, *md.* **klɪɦɪke/** – [अ.क्रि. *v.i.*] जिउमा सकसकी महसुस गर्नु; काउकुती लाग्नु। to have a tickling sensation.

कलेन /kəlen/ – [ना. *n.*/निभु.भे. *nblv.*] ☞ (**किँ /kĩ(ŋ)/**)

कलैन्य /kələˈnjə, *md.* **swaɖʰja kʰaske/** – [स.क्रि. *v.t.*] **१.** छासमिस भएका चिजहरूबाट खास चिज छानी-छानी छुट्याउनु; फोहोर मैला र अनावश्यक कुरो हटाई चाहिँदो कुरो वा चिज मात्र अलग्याउनु; केलाउनु; छान्नु। to separate sth from a group/heap of things; to separate what is useful from what is not; to sift; to sort out. **२.** ☞ (**फाल्न्य /falnjə/**)

कल्दर */plv.* **kəldər**, *syn.* **kotʰola**, *hmlv.* **səndʒam/** – [ना. *n.*] कोट, कमिज आदिको घाँटीनेर पर्ने गरी दोब्रिएको घेरो; कठालो; कलर। the upright or turned-over neck band of a shirt; a collar.

कल्पासै /kəlpasəˈ/ – [ना. *n.*] भुइँ ऐंसेलु। strawberry.

कल्ब्याली /kəlbjalɪ, *syn.* **tʃʰaʔ/** – [ना. *n.*] बिहान र बेलुकीमध्ये कुनै एकपल्टमा खाइने मुख्य भोजन; छाक। the food eaten either in the morning or evening; meal; one course of a meal.

कल्याङ/kəljaŋ/ – [ना. *n.*/ग.भे. *glv.*] ☞ (**१. क्याँ /kjã(ŋ)/**)

कल्साँदो /kəlsãdo/ – [वि. *adj.*] कालो, सेतो मिश्रित रङको मुहार भएको; गहुँगोरो। having a fair complexion.

कसाः /kəsà:(rakə)/ – [क्रि.वि. *adv.*] **१.** आशा राखेर; आशाका साथ; अपेक्षासहित। in a way that shows someone's hope of having or receiving sth; hopefully. **२.** [ना. *n.*] ध्याउन्ना वा कन्जुस्याइँ गर्दा उच्चारित गरिने शब्द; त्यसो गर्नेलाई प्रेरित गर्ने शब्द। a word uttered while contemplating sth or showing unwillingness to give sth.

कसैन्य /kəsəˈnjə/ – [स.क्रि. *v.t.*] **१.** बेचिने वस्तुको भाउ कस्नु। to try to increase the price of sth. **२.** डोरीले बेसरी मस्काएर जोडले बाँध्नु; टुर्‍याउनु; कस्नु। to fasten sth tightly with a rope; to tie together tightly and firmly. **३.** घुसारिएको चिजलाई कसिलो बनाउनु। to tighten sth inserted. **४.** पेच आदि घुमाएर टम्म पार्नु। to tighten a screw as far as it can go.

कस्कैन्य /kəskəˈnjə/ – [स.क्रि. *v.t.*] ☞ (**२, ३, ४. कसैन्य /kəsəˈnjə/**)

कस्न्य */plv.* **kəsnjə**, *hmlv.* **skəsnjə/** – [स.क्रि. *v.t.*] (खच्चड, खसी आदिलाई) भारी बोकाउनु; भारी कस्नु। to make sb/sth carry a load; to force sb to carry a load; to bundle sth up.

क़नो /kə̰no, *ant.* **dʒʰelo/** – [ना. *n.*] **१.** निरन्तरको शारीरिक अभ्यास वा स्वस्थताको कारण मांसपेशीमा आउने कडापन; दह्रो मांसपेशी। well-developed muscles

due to regular exercise or good health. **२.** (टाँक, तुना, डोरी आदि) बेस्सरी कस्सिएको। .(of strings, ropes, buttons, etc) too tight.

क़म /kə̰m, *syn.* **ŋə̰m/ –** [ना. *n.*] **१.** क्रमिक अभ्यासले गर्दा बनेको स्वभाव वा व्यवहार। behaviour or habit formed due to repeated practice. **२.** मादक पदार्थको सेवनबाट बन्नगएको कुलत; लत। habit of taking alcohol or a harmful drug; addiction. **३.** यौन वासना; व्यसन। a sexual desire; lust. **४.** कुनै विषयप्रतिको अत्यधिक आसक्ति; विचारअनुसारको क्रियाकलाप; स्वभाव; बानी। over-indulgence in sth; obsession; temperament; habit.

काँ */plv.* **kã(ŋ)**, *nblv.* **jakã/ –** [ना. *n.*] **१.** बिहान र बेलुकाको नियमित भोजन; खाना; बिहान र बेलुकीको छाक टार्न खाइने मुख्य खानेकुरा; एक छाकमा खाइने ढिँडो वा भात। the main meal (rice or flour meal) eaten in the morning and the evening. **~लस्कैन्य /ləskəˈnjə/–** ढिँडो मस्काउनु। to stir *dhindo* until it becomes fine and smooth. **~हाएःन्य /ɦaᵉːnjə/–** भात, ढिँडो खानको लागि थालमा बाँड्नु; पस्कनु। to serve rice, *dhindo*, etc. on a plate. **२.** > **घोगाकाँ /gʰogakã/–** उम्लेको पानीमा पीठो हाली ओढालेर पकाइएको खानेकुरा; ढिँडो। a thick sticky flour meal; *dhindo*. **३.** > **छालकाँ /tʃʰalkã/, मलाकाँ /məlakã/–** चामल पकाएर बनाइएको खानेकुरा; भात। boiled rice.

काँःन्य /kãːnjə/– [स.क्रि. *v.t.*] उम्लेको पानी (काँखै) मा दाबिलोले चलाउँदै अलिअलि पीठो राख्दै ढिँडो मस्काउनु; ढिँडो ओढाल्नु। to stir *dhindo*, a Nepali flour meal like porridge, with a ladle while the water is still simmering.

काँखै */plv.* **kãkʰəˈ**, *nblv.* **jakãkʰo/ –** [ना. *n.*] उमालेर ढिँडो ओढाल्न आँचमा बसालिएको पानी; ढिँडोको बाहान। the water boiled to make *dhindo*.

काँचिवाल/*plv.* **kãtʃɪwal**, *nblv.* **zʰapzʰap/ –** [ना. *n.*] झमेलाको कामकुरा वा सोचाइ आदिले उत्पन्न हुने तनाव। mental worry or emotional strain; tension.

काँधो /(sja)kãdʰo/ – [ना. *n.*] पाहुनालाई मार काटेर खुवाई स्वागत गरिसकेपछि सोही मार (खसी, भेडा, राँगो, सुङ्गुर आदि) को टाउको, एक सपेटो र ठूलो भुँडीको टुक्रामा फोक्सो, कलेजो आदिका टुक्राहरू राखेर पोको पारी घोचामा उनेर पाहुनाहरू फर्कंदा बिदाइमा केही परसम्म पुऱ्याएर दिइने कोसेली। a gift of flanks and chunks of meat, head, lungs, breast, etc. offered to guests once they leave the host's place after taking part in feasting and merry-making.

काँभुल /kãbʰul/ – [ना. *n.*] भेडाको ऊनबाट ओढ्न, ओछ्याउन बनाइएको कम्बल; काम्लो। blanket made from sheep wool; coarse rug.

क़ाँ$_{१}$ */plv.* **kə̰**, *hmlv.* **skã/ –** [ना. *n.*] जौ, गहुँ आदि अन्न वा वनस्पतिको दानाबाट निस्कने काँढा प्रकारको तुस; झुस। a fine flexible thorn-like growth on the grains of wheat, rice or other plants; hairs on a plant.

क़ाँ$_{२}$ **–** [ना. *n.*/शे.भे. *slv.* **zʰul**] माछा, सर्प आदिको करङको काँढायुक्त हाड। the spine of fish, a snake, etc.

का[1] */plv.* **kā**, *nblv.* **ŋãka/** – [ना. *n.*] स्त्रीजातिले प्रयोग गर्ने रहनी; थेगो। a cliché or expression used by women.

का[2] */plv.* **kā**, *nblv.* **tã/**– [ना. *n.*] स्त्री यौनाङ्ग; योनी। vagina.

काः /káː/ – [ना. *n.*] कलेजो र फोक्सोको माझमा रहने, चिल्लो पदार्थ पाचन गराउने, पहेंलो रङको तीतो धातु; पित्त। a yellowish green fluid stored in the gall bladder which helps to digest the fat; bile.

काइके /kaˈke/ – [ना.*n.*] भोटबर्मेली भाषा परिवारभित्र पर्ने, अठाह्र मगरात क्षेत्रको डोल्पा जिल्लाको ताराकोटमा बुढा, रोका, राना र घर्ती आदि थर भएका मगरहरूले बोल्ने परिको भाषा भनिने भाषाको नाम; काइके मगर भाषा। the language of the Tibeto-Burmese family, especially spoken by the *Magar*s such as *Budhā*, *Rokā*, *Rānā* and *Gharti* from the *Magarāt* region.

काइदा /kaˈda/ – [ना. *n.*] **१.** काम गर्ने विधि, उपाय वा जुक्ती; तरिका। a way, method or trick of doing sth; a method. **२.** कामको सीप वा ढङ्ग। a way or skill of doing sth. **३.** व्यवहारको किसिम; चाल। a manner or way of doing sth.

काउँवाज़िउँवा /kãʷwa (nɪ) ẓĩʷwa/ – [ना. *n.*] **१.** धेरै जनाबाट एकैसाथ निस्केको होहल्लापूर्ण आवाज; हल्लीखल्ली; कानै खाने प्रकारको हल्ला; कोलाहल। a lot of noise made by people; ear-splitting noise; an uproar. **२.** भए नभएका कामकुरा, घटना आदिको व्यापक हल्लीखल्ली; हल्ला; प्रचार। rumour; a piece of information or a story that people talk about, but that may not be true; propaganda.

काउ /kaʷ, *md.* **kʰatʃə/** – [वि. *adj.*] निम, करेलो, चिराइतो आदि वा जलेको चिजको स्वादको; तीतो। having the taste of *neem* leaves, bitter-gourd or *chirāito* or that of burnt thing; bitter. > **काःकाःव /kaːkaːwə/**– अलिअलि तीतो; तीतो-तीतो स्वादको। having a slightly bitter taste.

काʔ */plv.* **kaʔ**, *nblv.* **kaŋga**, *glv.* **kagə/** – [ना. *n.*] चिल्लो, कालो प्वाँख हुने एकजातको चरा; काग। a bird with shiny black feathers; a crow.

काकला */plv.* **kakəlá**, *slv.* **dom**, *md.* **ŋe/** – [ना. *n.*] **१.** लहरामा लाम्चो आकारको फल फल्ने, काँचै खाइने फलविशेष; काँक्रो। a large fruit/vegetable that grows on the creeper, that is eaten raw; cucumber. **२.** पहेंलो फूल फुल्ने एक प्रकारको हिमाली पुष्प। a yellow flower that grows in the mountains.

काख्यामकुखिम /kakʰjamkukʰɪm/ – [ना. *n.*] चेली-माइती वा मान्यजनको अगाडि लाजले असहज मान्ने काम; लाजले हुने अप्ठ्यारोपना। an uncomfortable feeling that you have in the presence of a respected person or a person of family ties; uneasiness.

काघाता /kagʰata/ – [क्रि.वि. *adv.*] भुतुक्कै भई मरेर ढल्ने ढङ्गले। in the manner of dropping dead.

काङराँव /kaŋərãwə/ – [वि. *adj.*] **१.** (शरीर) खानपानको अभावले बाहिरैबाट हाड, करङ देखिने; जीर्ण। having a very thin body due to the lack of sufficient nutrient food; raw-boned; have-starved. **२.** (रुखवृक्ष आदि) बूढो भएर वा रोग लागेर पात झरेपछि सिक्रिएको। (of trees) left only

with branches without leaves; bare.

काङ्ग्यो /kaŋgjo/ – [ना. *n.*] **१.** केराको कोसाहरूका पङ्क्तिबद्ध समूह। a bunch of bananas. **२.** पानीघट्टको घुम्ने मानीमा अडिएर माथिल्लो फग्ल्याँटालाई घुम्ने गराउने भाग। the lower part of the water mill that supports the upper part with the help of the central perpendicular (iron) rod.

काचाबुल */plv.* **katʃabul**, *nblv.* **dʒosdadə/** – [क्रि.वि. *adv.*] जुनसुकै युक्ति वा प्रक्रिया अपनाएर; जुनसुकै तरिका वा किसिमले; जे जसो गरेर भएपनि; जसरी तसरी; अनिवार्य रूपले। by resorting to any process or method possible; by hook or by crook; compulsorily.

काचिबन्द /katʃıbəndə/ – [ना. *n.*] लज्जाजनक (अश्लील) शब्द प्रयोग गर्ने काम; अश्लील प्रलाप। an act of using vulgar words; a vulgar expression.

काच्याकुची /katʃjakutʃı/ – [क्रि.वि. *adv.*] **१.** चोटपटक लाग्दा वा मुखमा अमिलो चिज पर्दा आँखा, मुख बङ्ग्याउने गरेर; नाक, मुख कोप्च्याएर। by contorting your face with pain or when you taste sth sour. **२.** आघात परेर भाँडो-बर्तन आदि पूरै कुच्चिने चालले। by crushing utensils completely.

काछ[१] /katʃʰə/ – [ना. *n.*] तुलो, तराजुमा सामान जोख्दा एकातिरको भागमा राखिने फलाम, ढुङ्गो आदिको ढिको; ढक। a unit of weight.

काछ

काछ[२] – [ना. *n.*] तिर्नु पर्ने सापटी; सरसापट गरिएको चिज। a borrowed amount; a borrowed item. **३.** ब्याज पाइने गरी लगानी गरिएको धन। the wealth invested for interest; principal.

काछबन्दी /katʃʰəbɨndı/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**कछन्नी kɨtʃʰɨnı**)

काजिसिन्य /kadʒısınjə/ – [स.क्रि. *v.t.*] पूजापाठ गर्दा चोखिएर नयाँ र चोखो वस्त्र पहिरिनु; चोखिनु; पवित्र बन्नु। to wear new and purified/clean clothes for worship to purify oneself ceremonially.

काता /katá/ – [क्रि.वि. *adv.*] ☞ (**कता /kəta/**) **~म̣ाःति /mạ:tı/**– [ना. *n.*] घटना, प्रसङ्ग सम्झे वा बिर्से झैं हुने अवस्था; झझल्को। when you remember people, things or events; reminiscence.

काताकाउ /kataka^{u}/ – [ना. *n.*] ☞ (**कताकु /kətaku/**)

काताङउ /kataŋa^{u}, *syn.* **kətaŋu/** – [वि. *adj.*] कुन ठाउँको भनेर जान्न वा भन्न पर्दा प्रयोग हुने प्रश्नवाचक शब्द; कुन ठाउँको ? कहाँको ? in what place? where?

कातालाउ /katala^{u}, *syn.* **kətalu/** – [वि. *adj.*] **१.** कुन खाल वा किसिमको ? के जस्तो ? कस्तो ? which type; what type; how/what is he/she/it, etc. like. **२.** कुन ठाउँ, दर्जा वा जातको ? of which place, status or caste? **३.** रिस, झर्को, उदेक आदिमा प्रयोग गरिने शब्द। word which is used to express indignation, annoyance, surprise, etc.

कातीः /kati:/ – [ना. *n.*] यौनाङ्गमा उत्पादन हुने सेतो चिज; काई। fungus accumulated in genital organs.

कातू */plv.* **katu**, **katjá**, **kal**, *nblv.* **lwe**, *slv.* **dʰəp**, *md.* **d̥o/** – [ना. *n.*] पुरुषको जनेन्द्रीय; पुरुषको लिङ्ग। a male sex organ;

penis.

कात्याः /katjá/ – [ना. *n.*] ☞ (**कातू /katʊ/**)

काथप[१] */plv.* **katʰəp** < **kwatʰəp**, *nblv.* **səp/** – [ना. *n.*] भारी बोक्दा सजिलोको निम्ति पिठ्युँमुनि राखिने घाँस, पराल वा पट्याइएको कपडा आदि। a small bundle of grass, hay or a piece of folded cloth used as a cushion which is put on the back while carrying a load.

काथप[२] – [ना. *n.*] कपडा थन्क्याउन, झुन्ड्याउन टाँगिएको डोरी वा काठ। a rope used for hanging clothes; a pole suspended horizontally from two ends.

काथा /katʰa, *syn.* **bãdʒa/** – [ना. *n.*] सन्तान नभएको वा नजन्मेको व्यक्ति; निःसन्तान; सन्तानविहीन। childless. > **काथाक़ा? /katʰakạ?/** – वेवारिसे र निम्नस्तरको कुकुर; भुस्याहा कुकुर। a stray dog; a mangy dog.

काथ्या /katʰja/ – [ना. *n.*] **१.** बाँस वा निगालाको चोया काढेर बाँकी रहेको भित्री भाग; गिद्रो। soft pith of bamboo. **२.** बार बार्न, ओछ्याउन वा भकारी बनाउनको लागि बाँस वा निगालाको गिद्रोलाई बुनेर बनाइएको साधन; चित्रो। matting made from the pith of bamboo which is used for covering a floor, making a basket for storing grains or making the walls of a hut.


काथ्या

कादा */plv.* **kada**, *tlv.* **tʃjandər**, *nblv.* **bʰara**, *slv.* **pen/** – [ना. *n.*] कपडा पट्याएर राख्न प्रयोग हुने खासगरी भित्तामा लामो डन्डीलाई दुवैतिरको टुप्पोबाट बाँधेर झुन्ड्याइएको साधन; ओढ्ने ओछ्याउने आदि कपडालाई पट्याएर राख्न तेर्सो पारी राखिएको काठ वा डोरी। a long stick/cane suspended by ropes on both sides over which clothes can be draped for storage; clothes hanger; a wooden bar or rope over which bedding can be draped.

कादा

काना */tslv.* **kanā**, **kanda**, **koda**, *plv.* **kətara**, *hmlv.* **kãdɪ**, *tlv.* **kətaːdɪ**, *llv.* **kạtada/** – [क्रि.वि./सर्व. *adv./pro.*] **१.** कुन दिशातिर ? कसतर्फ ? कतातिर ? which direction; towards which person ? to what place ? where? **२.** [वि. *adj.*] एउटा आँखाले मात्र देख्ने; एउटा आँखा नभएको वा फुटेको; एक आँखे; कानो। one-eyed, blind in one eye.

कानाखोप्चा /kanákʰoptʃa/ – [ना. *n.*] जान, पुग्न मुस्किल पर्ने ठाउँ; दुर्गम। a far away place; a remote place.

कानाभोंकोरा */plv.* **kanaʰõkora**, *nblv.* **kaljabʰomərа/** – [ना. *n.*] जमिनमुनि खनेर घर बनाउने, अलिअलि मह पनि पार्ने मौरी जातको कालो किरा; भमरा। a black bee that nests in burrows and also makes a small amount of honey; a bumble bee.

कान्छी /kantʃʰɪ/ – [ना. *n.*] दिदीबहिनीहरूमध्ये सबभन्दा पछि जन्मेकी; अरूभन्दा कम उमेरकी। the youngest girl child woman in the family.

कान्छी? /kantʃʰɪ?/ – [ना. *n.*] काकाको पत्नी; कान्छी आमा। younger uncle's wife;

aunt.

कान्तःदा /*plv.* **kantːda**, *nblv.* **kanadadə**/ – [क्रि.वि./सर्व. *adv., pron.*] कता वा कुन दिशातिर ? in which direction? where?

कान्दला /**kandəla**, *syn.* **kanla**/ – [ना. *n.*] खेतबारीका पाटा, गरा छुट्याउने डिल वा कान्लो। a raised boundary of earth/stone that divides a farmland into terraces.

कान्नी /*plv.* **kannɪ**, *hmlv.* **kãjəl**, *nblv.* **kaɪn**/ – [क्रि.वि. *adv.*] कतातिर वा कुन दिशाबाट ? कताबाट ? from which place or direction? from where?

काःन्य /**kaːnjə**/ – [स.क्रि. *v.t.*] **१.** खसिरहेको भकुण्डो वा कुनै वस्तु भुइँमा नपुग्दै हातले अड्याउनु वा पुनः माथितिर नै फर्काउनु। to hold a falling ball or any object before it drops onto the ground or to send it back into the air. **२.** अरूले गरिरहेको कुरा वा प्रसङ्गलाई बीचैबाट मोडिदिनु वा बदलिदिनु; कुरा काट्नु। to move off the ongoing subject matter; to change the subject matter; to interrupt.

कान्रादा /*plv.* **kanrada**, *hmlv.* **kãradiː**, *nblv.* **kazʰarana**/ – [क्रि.वि. *adv.*] कतै अनिश्चित दिशातिर; कतैतिर। to the unknown direction; somewhere.

कानुल /*plv.* **kanu̦l**, *nblv.* **usnul**/ – [ना. *n.*] शुभ नभएको, मङ्गल वा कल्याणको अभाव; अमङ्गल; अशुभ; अनिष्ट; अलच्छिन। sth ominous; lack of sth auspicious; misfortune.

कापःरिन्य /**kapːrɪnjə**, *ant.* **surasnjə**/ – [अ.क्रि. *v.i.*] **१.** गरेको कसुर वा अपराधमा साबित हुनु; आफ्नो दोष, गल्तीमा कायल हुनु। (of an offence or crime) to be proved/confirmed; (of one's offence or mistake) to be admitted. **२.** सम्भावित सजाय, दण्ड, आक्रमण आदिबाट त्रसित बन्नु; डर मान्नु; तर्सनु। to be scared of the possible punishment, attack, etc.; to be terrified; to be scared. **३.** डर, त्रासले थुर्थुर काम्नु। to tremble with fear.

काप /**kap**/ – [ना. *n.*] **१.** काठ वा बाँसको चिम्टा; च्याप्ने साधन वा यन्त्र; चेपुवा। a tool for gripping things; pincers/tongs. **२.** बीचमा परेर दुबैतिरबाट च्यापिने अवस्था; चेपाइ। the state of being clamped or pressed together.

कापरा[१] /*plv.* **kapərã**, *slv.* **kəmra**, *nblv.* **gã**/ – [ना. *n.*] थुन्से, डोको आदिलाई बलियो राख्न निगाला वा बाँसको दुई-दुई फगल्याँटालाई चारैतिरबाट पिँधदेखि बिटसम्म भित्र-बाहिर गर्दै ठाडो हुने गरेर घुसाउँदै राखिएको कप्टेरा। a split of bamboo that runs twisted vertically from bottom to top of wicker baskets such as *doko*, *thunche*, etc. and supports their bases.

भेर

कापरा[२] – [ना. *n.*] हात, खुट्टा आदिका हड्डी भाँचिदा हलचल हुन नपाई राम्ररी जोडियोस् भनी अड्याउन राखिएको बाँस, काठको कप्टेराद्वारा बनाइएको कस्ने, बाँध्ने घरेलु साधन; काम्रो। a device made of carved splinters of bamboo or wood used for bandaging up a broken or damaged arm, leg, etc.



कापलाʔ /kapəlaʔ/ – [ना. *n.*] सिङ्गो ठोस वस्तुलाई दुई भाग वा टुक्रा गरेर बचेको आधा भाग; फग्ल्याँटो; फ्याक। a broken half of hard material.

कापल्या /kapəljā/ – [वि. *adj.*] चेहरा वा टाउकामा लागेको चोटको कारण खाल्डो परेको। having a deep cut on the head or face; dented.

काप्कुप /kapkup/ – [ना. *n.*] प्रकाशको अभाव भई अँध्यारो भएको अवस्था; अँध्यारोपना; अन्धकार। absence of light; darkness. > **काप्कुपो/kapkupo**, *ant.* **पलाँव/pəlą̃wə/**– [वि. *adj.*] झाडी, जङ्गल आदि बाक्लो भएर वा बादल लागेर अँध्यारो छाएको। darkness due to thick bushes or forest.

क्य़ोःन्य /*plv.* **kjo̰ʔnjə**, *nblv.* **konjə**, *hmlv.* **kolonjə**, *glv.* **kəljonjə**, *md.* **gʰoke**, *md.* **gʰoɦoke**, *ant.* **rɑ̰snjə/ –** [स.क्रि. *v.t.*] **१.** अरूबाट कुनै चिज स्वीकार्नु; ग्रहण गर्नु; समात्नु; कुनै चिज समाउनु। to accept; to receive or catch hold of sth. **२.** कुनै चिजलाई फुत्किन नसक्ने गरी अँठ्याउनु; पक्रनु। to grasp, grip, clutch or hold sth. **३.** सरकारी अधिकारीले दोषीलाई गिरफ्तार गर्नु; पक्रनु। to arrest sb, to take into custody sb, to capture sb.

क्वा /kwɑ, *md.* **bəd̪en/ –** [ना. *n.*] लगाउन, ओढ्न वा ओछ्याउनको लागि कपास, ऊन वा रेसा आदिको सूतलाई बुनेर बनाइएको वस्त्र; कपडा; लुगा। cloth, clothes, clothing; fabric.

क्वाल्जी /*hmlv.* **kwɑldʒíː**, *nblv.* **bʰotjɑ**, *plv.* **bʰətɑ̀ndʒíː**, *llv.* **bʰətɑne/ –** [ना. *n.*] तिहुन, तरकारी र अचार बनाउन हुने साथै अन्नको सट्टामा भोजनको रूपमा समेत प्रयोग गर्न मिल्ने एक प्रकारको खाद्य; आलु। a round vegetable which grows underground and has white flesh with light brown, red or pink skin, or the plant on which these grow; potato.

क्वासक्वासो /kwɑskwɑso, *ant.* **kʰəsərɑ/ –** [वि. *adj.*] (छाला) छुँदा नै घाउ होला वा दाग बस्ला जस्तो सफा र कोमल; नरम। (of

skin) very or too sensitive; tender and delicate.

क्वासिम /kwɑsɪm/ – [ना. *n.*] निजी प्रयोजनको लागि बढी लागत र श्रम खर्चेर बनाइएको गुणस्तरीय काम्लो। (hand-made) best quality woollen blanket for personal use.

क्वा̤ʔन्य /kwa̤ʔnjə/ – [स.क्रि. *v.t.*] **१.** कपडाले ढाक्नु वा छोप्नु; छाता, घुम आदिले बर्षात्बाट बचाउन ओढाउनु। to cover sb/sth with cloth or an umbrella or *ghum*; to protect sb/sth from rain. **२.** शरीर ढाकिदिनु; ओढाउनु; ओढ्न चिज उपलब्ध गराउनु। to clothe; to cover someone's body with a piece of cloth.

क्वा̤ल्न्य /kwa̤lnjə/ – [स.क्रि. *v.t.*] मुखभित्रको खानेकुरा निल्न नपाउँदै बाहिर निकाल्नु; बच्चालाई खुवाउन चपाइएको खानेकुरा ओकल्नु; उगेल्नु। to bring chewed food back; to bring back the chewed food to feed young ones; to regurgitate.

क्वा̤सिन्य /kwa̤sɪnjə, *mḍ.* **puɦuke/ –** [स.क्रि. *v.t.*] **१.** ओढ्ने चिजले जिउ ढाक्नु; ओढ्नु। to cover your body with something to protect yourself from cold; to wrap yourself in a piece of cloth. **२.** छाता, घुम आदिले शरीरमा ओत पार्नु। to take shelter under an umbrella or a *ghum*, etc.

ख

खँ /*plv.* **kʰĩ(ŋ)**, *syn.* **kəŋ**, *nblv.* **kʰɔ̃**, *md.* **(mɪ)ɦɪl/** – [ना. *n.*] प्राणीको टेकेर उभिने वा कुनै चिजको अडिने मुख्य अङ्ग; खुट्टो। one of the parts of the body of a human or animal that is used for standing or walking, or one of the thin vertical parts of any object on which it stands; a leg.

खँगर /**kʰĩgər**, *syn.* **kʰəŋgər/** – [ना. *n.*] बोसोलाई खहऱ्याएर तेल निकालेपछि बचेको ठोस पदार्थ। dregs (that remain after animal fat has been overheated or clarified).

खँडऱी /**kʰĩŋɨriː/** – [क्रि.वि. *adv.*] एक्कासि तर्सने गरी; झसङ्ग। with sudden fright; startlingly.

खँती$_{१}$ /**kʰĩtiː/** सुतेको वा ओछ्यानमा लेटिएको बेला पाउतिर पर्ने भाग। towards the foot of the bed while seated or asleep.

खँती$_{२}$ – [ना. *n.*] कसैको जन्म, आगमन वा कुनै चाड, विशेष अवसर आदिको उपलक्ष्यमा प्रयोग गर्न बनाइएको जाँड-रक्सी। a liquor prepared for the purpose of consuming/using in the festival or on the occasion of someone's birth, arrival, etc.

खँतीदाङउ /**kʰĩtiːdaŋaᵘ/** – [वि. *adj.*] आफू रहेकोभन्दा तलतिरको। beneath.

खँबाँ /*tslv.* **kʰĩbɑ̃**, *plv.* **kʰəŋbaŋ/** – [ना. *n.*] पाइतलाको मुन्तिरको भाग; पैतालाको आसन। bottom of the foot; a sole. ☞ (घाँ /**dʱĩ**/) *for picture.*

खँन्य /*plv.* **kʰĩnjə**, *nblv.* **kʰenjə**, *ant.* **fiːnjə/** – [स.क्रि. *v.t.*] पकाउनको लागि भाँडोलाई आगोको आँचमा राख्नु; बाहान बसाल्नु। to put a cooking pot with water on the oven.

खँसै /**kʰĩsə'/** – [ना. *n.*] खुट्टाको औंला। one of the digits of the human foot; a toe.

खऱगऱऱ /**kʰɨgɨrɨ/** – [क्रि.वि. *adv.*] **१.** आघात, चोटपटक पर्नाले मरिहाल्ने चालमा; एक्कासि मर्ने किसिमले; भुतुक्क। drop dead. **२.** [ना. *n.*] भुतुक्क भई मर्ने अवस्था; खुत्रुक्क। an act of dropping dead.

खऱतऱऱ /**kʰɨtɨrɨ́/** – [ना. *n.*] **१.** कसैको झलझली सम्झना आउने स्थिति; झझल्को। when you remember sb/sth; reminiscence. **२.** बल्छी वा पासोमा परेको माछा हल्लिँदा अलिअलि पाइने चाल। a slight movement felt on the line when the fish eats the bait.

खऱती /**kʰɨtɪ**, *syn.* **tutɑ/** – [ना. *n.*] व्यापार, व्यवसाय आदिमा व्यहोरिने वा हुने नोक्सानी; घाटा; हानि। money that has been lost by a company or an organization; loss.

खऱन्किउ /**kʰɨnkɪᵘ/** – [वि. *adj.*] बलियो हुने गरी गाडिएको; धसाइएको। firmly pierced, impaled or erected.

खऱन्किन्य /**kʰɨnkɪnjə**, *ant.* **kjũnjə/** – [अ.क्रि. *v.i.*] किला, घोचा आदि बलियो हुने गरी धसिनु, गाडिनु वा रोपिनु। (of nails, stakes, etc.) to be pierced or impaled firmly.

खऱऱँखऱऱँ /**kʰɨrĩkʰɨrĩ/** – [क्रि.वि. *adv.*] काठ-पात वा बिस्कुन आदि सुकेर झुर्रिने गरी। (of

wood, leaves or crops spread in the sun) in the manner of being parched or dried out.

खरँन्य */plv.* **kʰirĩnjə**, *syn.* **kʰirĩkʰirĩ tanjə**, *nblv.* **kəraːmnjə**, *ant.* **sɪdʒʰɪnjə/** – [अ.क्रि. *v.i.*] घाममा सुकाएको चिज (बिस्कुन) को आर्द्रता सिद्धिनु; ओसिलोपन हराउनु; पूरै सुख्खा हुनु; झुर्रिनु। (such as crops spread in the sun) to become dry; to become parched or crisp.

खरि /kʰiri/ – [क्रि.वि. *adv.*] ☞ (**खतर /kʰətərə/**)

खरजँन्य */plv.* **kʰirdʒĩnjə**, *nblv.* **kʰurdunjə/** – [स.क्रि. *v.t.*] सतह सम्याउने उद्देश्यले खुट्टाले टेक्नु; कुल्चनु। to tread on earth to level it; to trample.

खरलीं /kʰirlĩ/ – [ना. *n.*] धातुका भाँडा-बर्तन अचानक ठोकिनपुग्दा निस्कने तीखो आवाज। a sharp sound made when metal utensils hit sth hard.

खरिउ /kʰiːrɪᵘ/ – [वि. *adj.*] **१.** (तेल, घ्यू आदि) धेरै तातेको; खहरिएको। (of oil, butter) well-boiled or clarified. **२.** तिर्खा, गर्मी आदिबाट बेस्सरी सताइएको। thirsty; parched.

खरी /kʰiriː/ – [ना. *n.*] **१.** पाटी, सिलोट आदिमा लेख्न हुने सेतो वा खैरो प्रकारको नरम चट्टान; खरी ढुङ्गा। limestone; chalk. **२.** ठूलो रुख हुने एक प्रकारको डाले घाँस। a type of large fodder tree.

खर्किन्य **/kʰirkɪnjə**, *ant.* **raːsɪnjə/** – [अ.क्रि. *v.i.*] गाईवस्तु चरनबाट फर्केर वास बस्नको लागि गोठको वरिपरि जम्मा हुनु। (of cattle) to gather after returning home from grazing.

खलीं /kʰilɪ/ – [ना. *n.*] तिल, तोरी आदि पेलेर तेल निकालिसकेपछि बचेको छोक्रा; पिना। dregs of oil; remains of mustard seeds after crushing for oil; oil-cake.

खʔ/kʰʔ/ – [वि. *adj.*] **१.** अर्थले बताएबमोजिमको; अर्थ अनुसारको; मतलव भएको; तार्किक। reasonable; logical. **२.** काम लाग्ने; उपयोगी। useful.

खकन्द /kʰəkəndə/ – [ना. *n.*] भारी बोक्दा नाम्लोले टाउकोलाई पार्ने भार कम गर्न दुबै काँधमा अड्याउन प्रयोग हुने चेप्टो डोरी; काँधको पेटी। a strap passed round both shoulders used to support the load carried on one's back with the help of a *nāmlo;* a shoulder strap.

खगप /kʰəgəp/ – [क्रि.वि. *adv.*] **१.** कपडा, ओढो आदिले कुनै चिजलाई एक्कासि छोप्ने ढङ्गले; कुनै चिजलाई कुनै चिजमाथि पर्ने वा पार्ने किसिमले। in the manner of covering sth suddenly with a wrap, shawl or a piece of cloth. **२.** कसै वा कुनै चिजमाथि चढिहाल्ने गरेर। in the manner of getting on sth suddenly.

खगर्‍या /kʰəgərjɑ/ – [ना. *n.*] हिउँदको समयमा गहुँ, जौ आदि बालीका बीचमा उम्रिने, खास गरी गुन्द्रुक बनाएर खान हुने एक प्रकारको स्वादिलो लेकाली साग। a mountain leafy vegetable that grows in the winter in the wheat or barley field. It can be dried and preserved.

खगाल्या **/kʰəgɑljɑ**, *syn.* **tʃʰãtʃurjɑ/** – [वि. *adj.*] (जनावर, पशुपक्षी आदि) शरीरको भन्दा घाँटीमा फरक रङ भएको। (of animals, birds, etc.) having the hair or feather on the neck, different in colour from that of the body.

खङ्गर /**kʰəŋgər**/ – [ना. *n.*] ☞ (**खँगर** /**kʰĩgər**/)

खत /**kʰət**, *syn.* **bɪkʰjɑtə**/ – [ना. *n.*] चिताएको वा भनिएको भन्दा उल्टो अर्थ मान्ने काम; भनिएको वा सुनिएको कुराको अर्थ अर्कै ठानेर मनमा परेको पिर; दुःख मनाउ; चोट। an act of interpreting sth in a wrong way; emotional pain, hurt, groan caused when one misinterprets others' actions or words. ~**तीःन्य** /**tiːnjə**/– [स.क्रि. *v.t.*] कसैको कामकुरो वा व्यवहार आदिबाट मनमा चोट पर्नु; दुःख लाग्नु; पीर पर्नु। to feel hurt due to someone's words or action.

खतखत /**kʰətəkʰətə**, *ant.* **ɦɪpɦɪp**/ – [क्रि.वि. *adv.*] जाडो, ठन्डीले पूरै शरीर काम्ने गरेर; जाडोले थुरथुर हुने चालले; असाध्यै जाडो महसुस हुने गरी। shivering with cold; shiveringly. ~**गाँन्य** /**gãnjə**/ – [अ.क्रि. *v.i.*] जाडोले शरीरमा कम्प छुट्नु; थुरथुर काम्नु; बेसरी जाडो मान्नु वा लाग्नु। to shiver or convulse with cold; to feel much cold.

खतेरा /**kʰəterá**/ – [ना. *n.*] कुनै विकारले जिउमा निस्केका साना-ठूला घाउ; खटिरा। a painful swelling on the skin; a boil; sore; a blister.

खत्करी /**kʰətkərɪ**/ – [ना. *n.* / उमै.भे. *hmlv.*] ☞ (**थप्का** /**tʰəpkɑ**/)

खदरैन्य /**kʰədərəˈnjə**/ – [स.क्रि. *v.t.*] (चिज) एकै ठाउँमा थुप्रो पार्नु; रास लगाउनु; डङ्गुर तुल्याउनु; थुपार्नु। to stack; to pile; to heap.

खदेप /*plv.* **kʰədep**, *syn.* **kətʃa̤s**, *hmlv.* **kʰəməp**/ – [क्रि.वि. *adv.*] आपसमा टाँसिएर रहने वा बस्ने तरिकाले। in a position in which two objects or persons remain close-by; attached or joined together.

खन्जमन्ज /**kʰəndʒəməndʒə**/ – [ना. *n.*] कडा श्रम वा शारीरिक विकारले पुरानो रोग बल्झेर दुःखेको अङ्गप्रत्याङ्ग; वृद्धावस्था वा शारीरिक कमजोरीले पुराना रोगहरू बल्झिने स्थिति; बल्झेका पुराना रोगहरू। a body part which is painful because of hard work, physical illness or relapse of the chronic disease; the situation when the chronic disease relapses due to old age or physical weakness.

खन्दैन्य /*plv.* **kʰəndəˈnjə**, *nblv.* **kʰãdɪnjə**/ – [स.क्रि. *v.t.*] लात्तीले खाँद्नु; गोद्नु; भकुर्नु। to boot; to kick; to thrash.

खपर /**kʰəpər**/ – [ना. *n.*] गिदीलाई सुरक्षित राख्ने टाउकाको हड्डी; खप्पर। the bone of the head, which surround the brain and give the head its shape; skull.



खपलैःन्य /*plv.* **kʰəpələ̀ːnjə**, *nblv.* **kʰɑpɪnjə**/ – [स.क्रि. *v.t.*] एक चिजमाथि अर्को चिज पर्ने गरी राख्नु; खप्टयाउनु। to heap one thing on top of another; to stack; to pile up.

खप्ता /**kʰəptɑ**/ – [ना. *n.*] **१.** कुनै चिजको पुरानो र झुत्रो (कडा) खोल। a worn-out covering of sth. **२.** कुनै चिजको खबटो। a a hard shell.

खप्सिन्य[१] /*plv.* **kʰəpsɪnjə**, *hmlv.* **rkʰəpnjə**, *nblv.* **mərsɪnjə**, *mḍ.* **punke**, *ant.* **bʰɑʔsɪnjə**/ – [स.क्रि. *v.t.*] हात हालाहाल गर्नु; लुछाचुँडी गर्नु; लड्नु; भिड्नु। to try to knock someone down (by pushing with your hands); to pull and twist each other; to fight; to wrestle.

खप्सिन्य[२] – [अ.क्रि. *v.i.*/निभु.भे. *nblv.*] ☞ (**ने̰ʔसिन्य** /**nḛʔsɪnjə**/)

खबरा /**kʰəbərɑ**/ – [ना. *n.*] दुई वा सो भन्दा बढी वस्तुको मिश्रण; घोल; मिसावट; छासमिस। a combination of different things; a mixture; a mishmash; a compound.

खब्दारो /**kʰəbdɑro**/ – [वि. *adj.*] शारीरिक ढाँचा मिलेको; राम्रो आकार वा स्वरुपको; हृष्टपुष्ट। (of the body) well-formed; shapely; robust.

खयल्ती /*slv.* **kʰəjəltiː**, *hmlv.* **nɪkurtɪ**, *plv.* **nɪurtiː**/ – [ना. *n.*] ससाना किराहरू खाने र घरका भित्ता-भित्तामा लिप्सिँदै हिँड्ने छेपारो जस्तो सानो जीव; माउसुली। a house lizard; a gecko.

खर[१] /**kʰər**, *syn.* **fərɑ̃(ŋ)**/ – [ना. *n.*] घुसेको, घुसाएको चिजलाई अकस्मात् थुत्ने वा फुत्त तान्ने काम। an act of pulling sth suddenly and sharply. ~**से̰ल्न्य** /**sḛlnjə**/– [स.क्रि. *v.t.*] अकस्मात् थुत्नु। to pull sth in this manner.

खर[२] /*plv.* **kʰər**, *nblv.* **wət**/ – [क्रि.वि. *adv.*] छिटो गरी थुत्ने किसिमले; थुत्त। pulling or yanking sth jerkily.

खरक /*plv.* **kʰə́rkə**, *nblv.* **kʰɑrjɑ**/ – [क्रि.वि. *adv.*] (समय बारे प्रश्न जनाउने शब्द) कुन समयमा; कुन बखत वा बेला; कतिखेर; कहिले ? at what time? on what occasion? when?

खरखर /**kʰərəkʰərə**/ – [क्रि.वि. *adv.*] (तान्ने, लाने आदि काम) एक पछि अर्को गरेर। (pulling or taking away things) one after another.

खरङ /**kʰə́rŋə**/ – [क्रि.वि. *adv.*] **१.** धेरै लामो समयको अगाडि वा पछाडि। before or after a long time. **२.** कहिले ? कुन समय ? भनेर जनाउने प्रश्नबोधक शब्द। interrogative word used to ask at what time or at what point sth happens; when? at what time?

खरङमरङ /*plv.* **kʰə́rŋəmə́rŋə**, *nblv.* **kʰɑrjɑmɑrjɑ**/ – [ना. *n.*] धेरै अगाडि वा पछाडिको समय; युगौंयुग अगाडि वा पछाडि; परापूर्व। distant past or future; before or after ages; ancient times.

खरङ्गा /**kʰərəŋgɑ**/ – [ना. *n.*] (खैंजडी जस्तै) धातुको साना डल्ला राखी बजाउन प्रयोग गरिने खोक्रो गोलाकार घण्टी। (नाच्नेहरूले ती घण्टी खुट्टामा उनेर बजाउने गर्दछन्।) a small ball-shaped hollow bell rung with the other round metal balls inside. (Dancers tie garlands of those bells onto their feet).

खरन्त्या /**kʰərəntjɑ**/ – [ना. *n.*] **१.** कुनै चिजको टुप्पो सिद्धिने बेलाको घाँटी जस्तो भाग। part of an object which is at the top and is narrower than the part below it; the neck of sth like a bottle.

खरराङ /*plv.* **kʰərrɑŋə**, *nblv.* **kʰɑrjɑkʰɑrjɑ**/ – [क्रि.वि. *adv.*] धेरै अगाडि वा पछाडिको कुनै अनिश्चित समयमा।

(of past or future) in the indefinite remote time.

खरल /kʰərə́l/ – [ना. *n.*] सिनुको सुकेर बाँकी रहेको छाला र हड्डी; खोक्पा। carrion.

खरसाँगल/*plv.* **kʰərsə̃gəl**, *nblv.* **gurmala/ –** [ना. *n.*] छालामा सिपीको खोललाई विभिन्न बुट्टामा राखी फलामे सिक्रीमा झुन्डयाई धामी-झाँक्रीले गलामा पहिरिने एक आभूषण; त्यसको माला। a string of mussel shells studded in a leather strap worn by a shaman or witch doctor while invoking spirits.

खरसाँगल

खराः /kʰəráʔ, *syn.* **nıkan/ –** [ना. *n.*] काठ वा ढुङ्गा खोप्नको लागि प्रयोग हुने धातुका साधन; छिनु। a chisel.

खरातन /kʰərɑtən/ – [ना. *n.*] ☞ (**कारैं /kạ̄rə̃ˈ/**)

खरामखराम */plv.* **kʰərɑmkʰərɑm**, *nblv.* **kʰərməkʰərmə/ –** [ना. *n.*] बच्चाले बिस्तारै हात-गोडा चाल्दाको अवस्था; बामे सराइ। in the manner of moving slowly along on hands and knees; in the manner of crawling (of bodies).

खरामाँस/kʰərɑmə̃sə/ – [ना. *n.*] खानपिनको रस शरीरमा लाग्ने अवस्था; पोषणतत्त्व। when the body absorbs nutrients; nutrition.

खराल्या/kʰərɑljɑ/ – [वि. *adj.*] ☞ (**कोङ्गोतोःव /koŋgʰotoːwə/**)

खरेस /kʰəres/ – [क्रि.वि. *adv.*] धारिला चिजले कमलो-नरम चिज स्वाट्ट काट्ने वा काटिनपुग्ने ढङ्गले। in the manner of slashing or severing sth (with a razor or knife).

खरैं$_{१}$ */plv.* **kʰərə̃ˈ**, *nblv., glv.* **kʰəriː**, *slv.* **kʰəlljɑn/ –** [ना. *n.*] एकमाथि अर्को थपी बनाइएको काठको थुप्रो; रास; हारी; चाङ। a stack of wood; a pile; a heap.

खरैं$_{२}$ **–** [ना. *n.*] **१.** पिसाब फेर्दा पोल्ने एक प्रकारको यौनरोग; पिसाब पोल्ने रोग। a disease of the sexual organs which can be given from one person to another during sex; gonorrhoea. **२.** छिनछिनमा पिसाब लागिरहने रोग; तुरतुरे। frequent micturition.

खःरैन्य /kʰəːrə̃ˈnjə/ – [स.क्रि. *v.t.*] तेल, घ्यु आदि रातो हुने गरी तताउनु; खहऱ्याउनु। to clarify cooking oil, *ghee*, etc.

खर्क/kʰə̀rkə/ – [ना. *n.*] गाईवस्तुको गोठ राख्न र चराउन हुने बाँझो जग्गा। uncultivated land for grazing and keeping cattle.

खर्कन्दा /kʰərkəndɑ/ – [ना. *n.*] दुबैतिरबाट समाउने कान भएको ताउलो जस्तो ठूलो भाँडो; ठूलो ताउलो। a large copper cooking pot with handles on both sides; a cauldron-like copper pot with handles on both sides.

खर्कैंःन्य */plv.* **kʰərkəˈːnjə**, *nblv.* **kʰərkɑnjə/ –** [स.क्रि. *v.t.*] भेडाबाख्रा, गाईभैंसी आदि पाल्नु जनावरलाई वास बसाउन एकै ठाउँमा भेला गराउनु; वास बसाउनु; जम्मा पार्नु। to gather cattle in the evening.

खर्खैरःव */plv.* **kʰərkʰərəˈːwə**, *nblv.* **tʃʰoro**, *ant.* **gɑgə́gugu:wə/ –** [वि. *adj.*] **१.** छिटो छरितो र स्फूर्तिका साथ काम गर्नसक्ने; जाँगरिलो; फुर्तिलो। (of people) quick; energetic; smart; fast; active. **२.** छिटो-छरितो कुद्न-दौड्न सक्ने। (an act of running) fast.

खर्खर[१] /*plv.* **kʰə́rkʰə́r**, *nblv.* **kʰorkʰor**/ – [ना. *n.*] छालामा कुनै स-साना जीव हिँड्दा वा रगडिँदा हुने काउकुतीको अनुभव। an itchy, scrachy or prickly feeling caused when the sensitive part of your body is touched lightly by sth; tickle.

खर्खर[२] – [क्रि.वि. *adv.*] जबरजस्ती तानेर कतै लाँदै गर्ने चालमा। in the manner of dragging along with force.

खर्गै /*plv.* **kʰərgəˈ**, *slv.* **dʰõsɑ**, *nblv.* **kʰərgɑ**/ – [ना. *n.*] बाँस वा निगालाको कलिलो मुना; तामा। bamboo shoots.

खर्दापखर्दापो /*plv.* **kʰərdɑp-kʰərdɑpo**, *nblv.* **korono**/ – [वि. *adj.*] लेसिलो चिज कतै टाँसिएर सुकेको; लेसिलो चिज सबैतिर लागेको। covered with sth sticky; sticky; adhesive.

खर्नेःन्य /*plv.* **kʰərnèːnjə**, *nblv.* **kʰrópnjə**/ – [स.क्रि. *v.t.*] कलिलो मकैको घोगा, फलफूल आदिको बाहिरी भागमा दाँतले टोक्नु; दाँतले छोडाउनु। to bite with your teeth sth such as the charred corn on the cob; to shell sth with your teeth.

खर्न्य /**kʰərnjə**/ – [स.क्रि. *v.t.*] खहरिएको तेल, घ्यू आदिमा रोटी, अण्डा आदि खानेकुरा पकाउनु; तार्नु। to cook food such as eggs in oil; to deep-fry.

खर्लक /*plv.* **kʰərlək**, *nblv.* **kʰəl**/ – [ना. *n.*] एक पटकमा निलिने झोलको मात्रा; तरल चिज निल्ने काम; घुट्को। a quantity of liquid consumed in one swallow; a gulp; an act of gulping.

खर्लेखर्लेःव /*plv.* **kʰərlekʰərleːwə**, *nblv.* **luno**/ – [वि. *adj.*] घोटिएर वा दलिएर खिइँदै गएको; खिइएको। damaged by long use; worn-out; overused.

खल /**kʰəl**/ – [क्रि.वि. *adv.*] कुनै नरम खानेकुरालाई नचपाइकन नै निल्दाको ढङ्गले; सुलुक्क; सुलुसुलु। in the manner of swallowing sth whole. ~**गाल्न्य** /**gɑlnjə**/– [स.क्रि. *v.t.*] सुलुक्क निल्नु। to swallow down sth whole.

खलखल /**kʰəl-kʰəl**/ – [क्रि.वि. *adv.*] **१.** (खोलानाला आदिको पानी) निरन्तर बगिरहने ढङ्गले; सलल। the way in which a river flows smoothly and continuously. **२.** खानेकुरा सुलुक्क सुलुक्क निल्ने गरेर; सुलुसुलु। in the manner of swallowing food right down.

खलक /**kʰələk**, **tʰoʔ**, **pərjɑl**/ – [ना. *n.*] आफ्नै वंशका दाइभाइ नाता पर्ने व्यक्तिहरूका समूह; भाइबिन्द्रालो; वंशको परम्परागत क्रम; वंश; पुर्खा; गोत्र; कुल; खानदान। a group of families related through a common ancestor or marriage; a clan; descendants.

खलेंन्य /**kʰəlẽnjə**/ – [स.क्रि. *v.t.*] ☞ (**अर्च्यात्न्य** /**ərtʃjɑtnjə**/)

खल्का /**kʰəlkɑ**/ – [ना. *n.*] एक पटकमा पिइने तरल पदार्थको मात्रा; घुट्की। an amount of drink that is swallowed at one time; a swallow; a gulp.

खल्न्य /**kʰə̀lnjə**/ – [स.क्रि. *v.t.*] ऊन, कपास, रेसा आदिबाट धागो बनाउनु; धागो कात्नु। to spin fibres, wool etc. into threads.

खल्न्य

खल्पतर /**kʰəlpətər**/ – [ना. *n.*] धोइ-पखाली गर्दा राम्ररी भएको सफाइ; सफा। when sth is thoroughly cleaned. > **खल्पतर बाउ** /**kʰəlpətər bɑᵘ**/– [वि. *adj.*] राम्ररी धोइ-

पखाली गरिएको । thoroughly washed.

खल्याङबल्याङ /**kʰəljaŋ-bəljaŋ**/ – [ना. *n.*] **१.** धेरै टुक्राहरू मिलेर बनेको कुनै मालका सारा अवयव छुट्टिएको अवस्था; त्यसरी छुट्टिने, बेग्लिने, भत्किने, बिग्रने आदि चाल; फाड्ल्याङ-फुड्लुङ; फाड्फुङ। when sth is broken down into parts; an act of breaking sth down; pulling sth apart; taking to pieces. **२.** [क्रि.वि. *adv.*] कुनै वस्तु काम नलाग्ने गरी भत्काउने, बिग्रने, बिगार्ने पारेर । in the manner of damaging sth beyond repair or use.

खवार /**kʰəwar**, *syn.* **kʰer**/ – [ना. *n.*] कुनै चिज काम नलाग्ने भई खेर जाने स्थिति; फजुल; अपव्यय; हानि; नोक्सानी; खेर। when sth goes to waste; loss; damage; waste.

खसखस /**kʰəs-kʰəs**/ – [ना. *n.*] **१.** ठूलो र बाक्लो रूपले जम्मा भएको भिड। a crowd of people; a crush; a mass of people. **२.** सुक्खा खोकी लाग्दा घाँटीमा हुने सकसकी; खस्खस्। a tickle or irritation in your throat when you are suffering from dry cough; irritation.

खसर्‍या /*plv.* **kʰəsərjá**, *nblv.* **bʰusa**/ – [ना. *n.*] धुलिएको डाँठ र झुर्रिएको पातलाई बिंडी, चुरोट आदिमा प्रयोग गरिने एक वनस्पति; सुर्ती। a plant whose dry leaves and crushed stalks are used for smoking or chewing; tobacco.

खसरभुसर /**kʰəsər-bʰusər**/ – [ना. *n.*] पेट मात्र भर्नको लागि खाइने रुखोसुखो खानेकुरा। unwholesome or coarse meal for mere subsistence.

खाँदा /**kʰãda**/ – [ना. *n.*] निश्चित लम्बाइको कपडा पटयाउँदा वा बेर्दा हुने एकाइ; थान। a whole piece of cloth.

खाँःन्य[1] /*llv.* **kʰã:njə**, *ant.* **dʰumnjə**/ – [स.क्रि. *v.t.*] कतै उज्यालो पार्न बलिरहेको अगुल्टो झिकेर देखाउनु। to point burning wood somewhere to light.

खाँःन्य[1] /**kʰã:njə**, *syn.* **sjãnjə**/ – [स.क्रि. *v.t.*] बलिरहेको आगो कम गर्न वा निभाउन चुह्लोबाट अगुल्टो पन्छाउनु; ओझाउनु। to pull burning wood out of the hearth so that the fire fades away or burns out.

खा /*llv.* **kʰa**, *nblv.* **gʰurjan**, *plv.* **sĩka**/ – [ना. *n.*] **१.** आँखामा एक्कासि पर्नजाने कुनै चिजको टुक्रो वा छेस्को। sth, usually dirt or dust, which has entered your eye. **२.** छोटो सिन्को वा त्यसैको टुक्रो; सिन्को। a splinter; a twig.

खाउ /**kʰaᵘ**, *ant.* **dʒʰjaso**/ – [वि. *adj.*] **१.** गिलो वा नरम नभएको; (खेतबारी) खनजोत गर्न, (कुनै चिज) काट्न, (खानेकुरा) चपाउन गाह्रो हुने खालको; कडा; साह्रो; चाम्रो। (of land) not soft or easily broken; (of food) hard or tough. **२.** लगानी गरिएको धन उठाउन वा दिइएको सापटी-ऋण आदि फिर्ता लिन गाह्रो हुने खालको। having hard time to get the money back that you have invested or someone owes you. **३.** (कुनै कामकुरा वा अवस्था) कठिन वा गाह्रो हुने खालको; साह्रो। (of work or situation) very difficult or tough.

खाʔ /*plv.* **kʰaʔ**, *nblv.* **kʰana**/ – [वि. *adj.*] नापो वा गन्तीको सूचनाको लागि प्रयोगमा आउने प्रश्नबोधक विशेषण; कति ? how much? > **खाʔवा** /**kʰaʔwa**/– कुनै वस्तुको गुण, काम, अवस्था, आदिको मात्राको सूचनाको लागि प्रयोग गरिने प्रश्नबोधक शब्द; कतिको ? how much?

खाʔन्य /**kʰáʔnjə**/ – [अ.क्रि. *v.i.*]

खाएको (ठोस) चिज एक्कासि श्वासनलीतिर गएर घाँटीमा अड्किनु; खाएपिएको चिज श्वासको वेगले तालुतिर जानु; सर्कनु। to go down the wrong way; (food) to escape towards the nasal cavity; to choke.

खागः /*plv.* **kʰagʔ**, *nblv.* **kəntʰa**/ – [ना. *n.*] बच्चाको नाइटोमा बाँकी रहेको सालको सुकेको भाग चुँडेपछि सो टुक्रा, तीन गेडा टिमुर र केही खरानी एकै ठाउँमा राखी बच्चाको घाँटीमा झुन्ड्याइदिइने जन्तर। a young baby's placenta attached to the navel; an amulet made up of its dry pieces along with three grains of *timur* and some ashes.

खागर /**kʰagər**, *ant.* **mãlə** & **nm̥**/ – [ना. *n.*] **१.** धेरै जसो समय हिउँ जमिरहने धेरै उचाइको भूभाग। a high point of Earth's surface often covered in snow; mountain. **२.** हिमालभन्दा केही तलतिरको भाग। a dry plateau down the mountain.

खागाप /**kʰagap**/ – [क्रि.वि. *adv.*] **१.** ओढ्ने वस्तुले छपक्क छोपिहाल्ने वा ढाकिहाल्ने चालमा। in the manner of covering sb/sth or veiling them completely with the material like a shawl or a blanket. **२.** शारीरिक कमजोरी भई, आघात परेर वा प्राण गएर कहीं-कतै पछारिन पुग्ने ढङ्गले। in the manner of falling down because of extreme weakness or as if by a death blow. **२.** बिपत्तिले भौंतारिरहनुपर्ने चालमा। in the manner of wandering here and there because of adversity.

खातः /**kʰatʔ**, *syn.* **mudʰus**/ – [ना. *n.*] थाल, बटुका वा अन्य दैनिक प्रयोजनका सामानहरू राख्न काठको फल्याक जोडेर बनाइएको बाकस; सन्दुक। a chest made of planks used for storing things of daily use such as utensils.

खातः

खाता /**kʰatã**/ – [ना. *n.*] दाह्री, जुँगासँग जोडिने गरेर उम्रेको गालाको रौं। a beard; whiskers.

खात्खुत /**kʰatkʰut**, **bʰəsəm**, **bʰusuk**/ – [ना. *n.*] जुवा, तास खेलेर, प्राकृतिक बिपत्ति परेर वा चोरचकार लागेर भएभरको चल-अचल सम्पत्ति स्वाहा हुने वा भएको अवस्था; सर्वनाश। a state of complete destruction of one's property because of theft or natural calamity; economic impoverishment.

खात्या /**kʰatja**/ – [वि. *adj.*] लामा-लामा जुँगा, दाह्री, कपाल झुप्प पालेको। having a long beard and a moustache. > **खात्या नि पात्याउ** /**kʰatja nɪ patjaᵘ**/– दाह्री, जुँगा झ्यापझ्यापती उम्रेको; झ्यापुल्ले। bearded; hirsute.

खात्या

खादर[१] /**kʰadər**/ – [ना. *n.*] आलु, पिँडालु आदिलाई सुरक्षित राख्न गाडेर थन्क्याइने खाल्डो। a pit where the vegetables such as potatoes are stored.

खादर[२] – [ना. *n.*/प.भे. *plv.*] ☞ (**ऊइ** /**ʊ'**/)

खादिन्य /*plv.* **kʰadɪnjə**, *nblv.* **ruŋgɪnjə**, *ant.* **gərãnjə**, *ulv.* **səmnjə**/ – [अ.क्रि. *v.i.*] धेरै लामो समयसम्म बिरामी भई रोगशय्यामा पर्नु; सिकिस्त बिमारीले लामो समयसम्म नछोड्नु; थला पर्नु। to be bedridden; to be very sick for a long time.

खाना /**kʰana**/ – [वि. *adj.*/निभु.भे. *nblv.*]

☞ (खाः /kʰáʔ/)

खान्य /**kʰannjə**/ – [ना. *n.* / से.भे. *slv.*] घाँस काट्नु। to cut grass.

खान्य /**kʰanjə**, *ant.* **dʒʰjasnjə**/ – [अ.क्रि. *v.i.*] **१.** (खानेकुरा) चाम्रो भई चपाउन वा टोक्न नसकिने हुनु। to be difficult to bite and chew sth tough. **२.** (जग्गाजमिन) खनजोत गर्न गाह्रो हुनु। to be difficult to dig or plough. **३.** लगानी गरेको ऋण, दिइएको सापटी उठाउन मुस्किल पर्नु। to be difficult to get back the money that you have invested or lent someone.

खाप[1] /**kʰapə**/ – [ना. *n.*] खप्टयाइएको वा जोडिएको भाग; दुई वस्तु जोडिएनेरको जोर्नी; जोर्ती। a place where two things overlap or are connected; a joint.

खाप[2] /**kʰap**/ – [ना. *n.*] राडी, पाखी, काम्लो, बोरा आदि सिलाउन हुने ठूलो खालको सियो। a thick needle, which is used to stitch rugs, blankets, sacks, etc.

खाप्चा /**kʰaptʃa**/ – [ना. *n.*] आफ्नो उत्तरदायित्व वा जिम्मेवारीमा परेको कुनै काम। a share of work trusted to someone as their responsibility.

खाम /**kʰam**/ – [ना. *n.*] **१.** भाषा; नेपाली भाषालाई खसकुरा भनिने प्रचलन रहेको समयदेखि भोटबर्मेली परिवारका सबै भाषालाई नबुझिने र तुच्छताबोध गराउने गरी स्थापित गरिएको "भाषा" शब्द; भोट-बर्मेली भाषीहरूका मातृभाषाबाट साझा रूपमा अनुवाद हुने "भाषा" शब्दको अर्थ। (*e.g.* मगर खाम "मगर भाषा", थकाली खाम "थकाली भाषा", छन्त्याल खाम "छन्त्याल भाषा" राउटेको "खामची", आदि)। language; a word for *bhāsā* (a Nepali word, meaning 'language') used in a diminutive and sometimes derogative sense; language. (e.g. *Magar Khām* (*Magar* language), *Thakāli Khām* (*Thakāli* language), *Chhantyāl Khām* (*Chhantyāl* language). **२.** अठार मगरात क्षेत्रमा भोटबर्मेली भाषिक परिवारको सबै भाषाको तर्फबाट अठार मगरात क्षेत्रको मगर भाषाले एकल प्रतिनिधित्व गर्ने भएकोले भाषावक्ताहरूबाट "भाषा" शब्दको अनुवादको रूपमा बढी प्रयोग गर्दै आएको शब्द। word, meaning ' language', that is used by the *Athāra Magarāt Magar* speakers. **३.** मुखबाट सार्थक शब्दसमूहको ध्वनि निकालेर विचार आदान-प्रदान गर्ने माध्यम; भाषा। communication with words; language. **४.** चिठी-पत्र, कागत आदि हालेर बन्द गर्न हुने कागतको थैलो; लिफाफा। an envelope. **५.** पानी पर्दा नरुझेर सुरक्षित रहन वा बच्न बसिने थलो; ओत। a place that provides protection against rain; a shelter. > **खाम्सिन्य** /**kʰamsınjə**/– [स.क्रि. *v.t.*] नरुझिने ठाउँमा ओत लिनु; ओत बस्नु; ओतिनु। to shelter from the rain. **६.** कुनै दुई चिज वा अङ्गको परस्परमा जोडिने भाग; जोर्नी। a joint. **७.** दुई हात पसारेर कुनै चिजलाई बेर्दा वा समाउँदा हुन आउने नापो। the measurement of sth that you get by embracing it with your arms. **८.** [ग.भे. *glv.*] सुरिला रुख चढ्दा रुखमा हालिने अँगालो। an act of embracing the trunk of a tree while climbing.

खामिन्य /**kʰamınjə**, *ant.* **mẹnjə**/ – [स.क्रि. *v.t.*] **१.** घटित घटना, प्रसङ्ग आदिलाई मनमा राख्नु; कण्ठ गर्नु; सम्झनामा राख्नु; घोक्नु। to commit sth to memory; to memorise; to learn sth by heart. **२.** कुनै सिद्धान्त, अर्ती आदिलाई आत्मसात् गर्नु। to absorb, realize or internalize a principle, advice, etc.

खार /*plv.* **kʰar**, *nblv.* **ɦaŋgja**/ – [ना. *n.*] रूखको काण्डबाट फाटेर निस्केको सानो ठूलो

अङ्ग; मूलबाट छुट्टिएर निस्केको शाखा; हाँगो। a section from where a tree branches; a node.

खारजुँ /**kʰardʒũ(ŋ)** / – [ना. *n.*] घोडाको पुच्छरको रौं वा प्लास्टिकको मसिनो धागोबाट बनाइएको माछा मार्ने पासो। a fishing trap made of hairs from a horse's tail or thin plastic threads.

खारताउ /**kʰartaᵘ**, **kʰartu**, **kʰarlaᵘ**, **gutʰəlaᵘ**, *ant.* **batəŋkaᵘ** & **pɪwa**/ – [वि. *adj.*] **१.** धेरै जनाको हक लाग्ने वा हिस्सा भएको; साझा। belonging to or shared by two or more people; common. **२.** (कुनै चिज) सम्मिलित व्यक्तिहरूमध्येबाट लगानी भएको मूलधन अनुसार समान अनुपातमा बाँडिने; हिस्सेदार वा अंशियारहरूमा दामासाहीले भाग लाग्ने। commonly shared by the stakeholders or shareholders.

खारा /**kʰara**/ – [ना. *n.*] ☞ (**क़ारैं** /**kạrɔ̃ˈ**/)

खारिम /**kʰarɪm**/ – [ना. *n.*] गलाको पछाडिपट्टिको भाग; घाँटीको पछिल्तिरको हिस्सा; गर्धन। the back of neck; nape.

खार्न्य /**kʰarnjə**/ – [अ.क्रि. *v.i.*] **१.** बोट-बिरुवाको काण्डबाट शाखा पलाउनु; हाँगा फैलनु; हाँगिनु। to produce branches; to branch. **२.** मूल बाटोबाट सहायक बाटो छुट्टिनु। (of roads) to fork.

खाःर्न्य /*llv.* **kʰá:rnjə**, *nlv.* **spja:njə**, *plv.* **sərẽnjə**, *syn.* **tərəˈ:njə**/ – [स.क्रि. *v.t.*] पेय पदार्थ पिएर सिध्याउनु; निथार्नु। to drink sth up.

खाल₁ /**kʰal**/ – [ना. *n.*] **१.** रोइ-कराइ वा अनुनय-विनय गर्दाको जिद्दीपूर्ण शारीरिक हाउभाउ; (केटाकेटी) इच्छाएको वस्तु नपाउँदा हातगोडा बजार्दै रुने काम। physical movements made while crying or pleading for sth; twisting and rolling movements, especially made by children lying on the floor. **२.** जुवा खेल्ने थलो। a gambling place; a casino. **३.** जुवा खेल्नको लागि पुग्ने आवश्यक रकम। the amount sufficient for gambling.

खाल₂ – [ना. *n.*] हेर्दा नजिक देखिए पनि जाँदा घुमाउरो भई टाढा पर्ने बाटो। a destination that looks near, yet takes a long time to reach because the road/path is winding and long.

खालʔ /*plv.* **kʰalʔ**, *nblv.* **kʰal**, *slv.* **kʰaˈʔ**/ – [ना. *n.*] आरनको आगो फुक्ने छालाको थैलो; खलाँती। bellows.

खालहुइ /**kʰaləɦuˈ**, *syn.* **pɪrgʰul**/ – [ना. *n.*] दूध, घ्यू, पीठो, मोही आदि राख्न भेडा-बाख्रा आदिको छालालाई माडेर नरम बनाई बनाइएको थैलो। a leather sack made of goat or sheep skin. It is used to keep ghee, flour, liquids, etc.

खासिन्य /**kʰasɪnjə**, *mḍ.* **tʃuɦuke**/ – [अ.क्रि. *v.i.*] घाँटीमा कफ जम्दा सो निकाल्न वा खसखस मेटाउन ख्वाकख्वाक आवाज निकाल्नु; खोक्नु। to cough.

खासै /**kʰasɔ́ˈ**/ – [ना. *n.* / प.भे. *plv.*] ☞ (**कासे** /**kase**/) ~**गो** /**go**/– ओखरको भित्रिपट्टि रहने स्वादिलो गुदी। the flesh of walnut.

खासो /*plv.* **kʰaso**, *slv.* **tʃuˈ**/ – [ना. *n.*] श्वासनलीभित्र जमेको कफ; खकार। a thick substance in your nose and throat

that is produced especially when you have a cold ; phlegm; sputum.

खास्यो /kʰɑsjo/ – [ना. *n.*/निभु.भे. *nblv.*] ☞ (**कासे /kɑse/**)

खि */hmlv.* **kʰɪ**, *plv.* **gənəᵘtə/** – [ना. *n.*] सङ्ख्याको तथ्याङ्क राख्ने वा गन्ने काम; गन्ती; गणना। counting.

खिती /kʰɪtiː, *syn.* **dʰuʔr/** – [ना. *n.*] झाँक्रीहरूले आफ्नो आङको देउता बोलाउँदा गाउने लयात्मक मन्त्र; पतुर्ने वा फलाक्ने भाका; पतुर्ने मन्त्र। a melodious *mantra* chanted by a shaman while invoking God; an invoking *mantra*; the spell chanted by a witch doctor or shaman while invoking spirits. ~**लाँन्य /lãnjə/**– [अ.क्रि. *v.i.*] झाँक्रीहरूले आङको देवतालाई सुनिने गरी मन्त्र गाएर बोलाउनु; पतुर्नु; फलाक्नु। to invoke spirits by chanting a spell; to invoke spirits.

खित्का /kʰɪtkɑ/ – [ना. *n.*] अति खुसी हुँदा, रमाइलो लाग्दा, ठटयौलीपूर्ण कुरा सुन्दा, देख्दा हाँसिने ठूलो र खुल्ला हाँसो; अट्टहास। a belly laugh; a hoot of laughter.

खिन्ती */plv.* **kʰɪntiː**, *nblv.* **dʒʰjɑmpɑl/** – [ना. *n.*] ठूला ढुङ्गामा प्वाल पार्न वा फोर्न प्रयोग गरिने लामो फलामे साधन; झम्पल। a tool made of a long heavy iron bar used for digging holes or breaking rock.

खिन्तैन्य/kʰɪntəˈnjə/–[स.क्रि.*v.t.*](खानेकुरा) पानीको मात्रा घटाई बाक्लो/लेदो बनाउन आँचमा पकाउनु। to simmer liquid food in order to make it thicker.

खिन्य¹ /kʰɪnjə, *ant.* **nɪmɑnjɑsnjə/** – [अ.क्रि. *v.i.*] भनिएको वा अह्राएको कुरो मान्न; आज्ञापालन गर्नु; टेर्नु। to follow order; to obey.

खिन्य² – [अ.क्रि. *v.i.*] असाध्यै पीडा महसुस गर्नु; लामो समयसम्म बिरामी पर्नु। to feel severe pain; to fall ill for a long time.

खिप /kʰɪp/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**कप्ज /kəpdʒə/**)

खिपखिपो */plv.* **kʰɪp-kʰɪpo**, *nblv.* **kʰɪpɑlo**, *ant.* **zʰjɑnzjɑno/** – [वि. *adj.*] (स्वेटर, तान, वस्त्र आदि) अति बाक्लो हुने गरी बुनिएको। (of sweaters, pieces of cloth, etc.) thickly-knitted or weaved.

खिम्च्याल /kʰɪmtʃjɑl/ – [क्रि.वि. *adv.*] (खास गरी तरल वा सामान्य रूपमा गेडागुडी पनि) एक्कासि सबका सब पोखिने गरी; ह्याल्ल। gushingly.

खिरिन्य /kʰɪrɪnjə, *syn.* **kʰɪrɪtɪnjə**, *ant.* **jonjə/** – [स.क्रि. *v.t.*] घुम्दै माल-सामान किन्दै, खरिद्दै डुल्नु। to walk around shopping; to shop; to purchase in this way.

खिरी /kʰɪriː/ – [ना. *n.*] कसैलाई बिगार्न, बदला लिन पछ्याइरहने काम; खेदो। pestering; following someone with the intention of taking revenge. ~**पःसिन्य /pɨsɪnjə/**– [स.क्रि. *v.t.*] बदला लिन वा बिगार्न कसैलाई पछ्याइरहनु; खेदो गर्नु। to hound sb in order to avenge.

खिर्कैन्य */plv.* **kʰɪrkəˈnjə**, **ɦəpkəˈːnjə**, **dʒʰotorəˈnjə**, *ulv.* **dʒjɑnjə**, *mḍ.* **ŋərke/** – [स.क्रि. *v.t.*] कामकुरो बिगार्ने वा अनावश्यक रूपमा बरालिनेलाई झपार्नु; हप्कीदप्की गर्नु; रिसाइदिनु; छाँस्नु; हपार्नु; हकार्नु। to reprimand; to rebuke; to scold; to admonish; to chew sb out.

झोतोरैन्य /dʒʰotorəˈnjə/ – [स.क्रि. *v.t.*] ☞ (**खिर्कैन्य /kʰɪrkəˈnjə/**)

खिर्गिल्तिलो /kʰɪrgɪltɪlo/ – [वि. *adj.*]

१. (धागो) कसेर बाटिएको; खिरिलो। (of ropes) tightly twisted, interwoven. २. सानो भइकन पनि पुष्ट, राम्रो र आकर्षक; पोटिलो; खाँदिलो। plump; stout; chubby; nourished.

खिल /kʰɪl/ – [ना. *n.*] काठ, बाँस, फलाम आदिको तीखो लाम्चो काँटा; सुइरो; कीलो। a peg; a spike; a dowel.

खिल्खिलैःन्य /kʰɪlkʰɪləˈːnjə/ – [स.क्रि. *v.t.*] १. टाढै सुनिने गरी ठुल्ठुला स्वरले हाँसखेल गर्नु; रमाउनु। to roar with laughter. २. हाँसखेलमा मग्नमस्त रहनु। to spend time talking and laughing.

खिवोयो /kʰɪwojo/ – [वि. *adj.*/उ.भे. *ulv.*] ☞ (**ख्यूव /kʰɪjʊwə/**)

खिस /kʰɪs/ – [ना. *n.*] १. कसैले आफूमाथि गरेको हानि या अपकारको बदला लिने विचार, सोच वा सोही अनुसार गरिने कार्य; बदलाको भावना; साटो फेराइ; प्रतिशोध। an action or thought intended to take revenge or to retaliate; revenge; retaliation. २. अरूको सुख, समृद्धि, सम्पत्ति, उन्नति-प्रगति आदि देखेर गरिने वा लाग्ने डाह; इर्ष्या। the feeling of wanting something that someone has; envy; jealousy. > **खिस्न्य¹ /kʰɪsnjə/**– [स.क्रि. *v.t.*] अरूको सुख-सम्पत्ति, उन्नति-प्रगति आदि देखेर आफूले पनि त्यस्तै गर्ने इच्छा राख्नु; त्यसो गर्न मन गर्नु। to envy; to covet. > **खिस्न्य²**– कम्मर कसेर लागिपर्नु; प्रतिस्पर्धामा उत्रिनु। to gird yourself; to be ready for competition. ~**फेरैःन्य /ferəˈːnjə/**– कसैले गरेको हानिको विरुद्ध मौका-अवसर पारेर बदला लिनु; साटो फेर्नु; प्रतिशोध लिनु। to avenge; to retaliate; to get even with sb.

खिसानी /kʰɪsɑnɪ, *syn.* **kʰɪs/** – [ना. *n.*] अर्काको उन्नति, प्रगति, समृद्धि, फुर्तीफार्ती देखेर मनमा उब्जने विद्वेष वा प्रतिस्पर्धाको भावना; डाह वा ईर्ष्या। the situation when you are envious of someone else's progress or achievement; jealousy.

खी /kʰiː/ – [ना. *n.*] शरीरमा टाँसिएको जुका (भ्यात्लुङ) हटाउन टुप्पामा ताछेर धारिलो बनाइएको निगाला, बाँस वा काठ आदिको साधन। a device made from bamboo or wood with a sharpened edge, used to pick the leeches off your body.

खीम्न्य/kʰíːmnjə, *syn.* **sɑpnjə**, *mḍ.* **pɑke/** – [स.क्रि. *v.t.*] १. बेपत्ता भएको चिज भेट्टाउन वा कुनै नयाँ चिज वा उद्देश्य प्राप्त गर्न प्रयत्न गर्नु; खोजी गर्नु; खोज्नु; तलासी लिनु; खोजबिन गर्नु। to search (for sth); to attempt to get sth. २. नयाँ वा अन्दाजका कुनै कुरा भेट्टाउन कोशिस गर्नु; थाहै नभएको वस्तु पत्ता लगाउन खोज्नु; अनुसन्धान गर्नु। to investigate; to research. ३. कसैसँग झगडाको बाटो रोज्नु; निहुँ खोज्नु। to make an issue of sth; to pick a fight; to provoke a quarrel. ४. पोथी पशुले भालेसँग संसर्गको चाहना राख्नु; भाले खोज्नु। (of female animals) to be on heat; to look for a mating partner.

खुँ */plv.* **kʰũ(ŋ)** > *hmlv.* **rkʰũ/** – [ना. *n.*] सेतो रङको गुराँस। white rhododendron.

खुँपी */plv.* **kʰũpiː**, *nblv.* **kʰũbɪs**, *slv.* **kʰum/** – [ना. *n.*] डाँठ पेलेर निस्केको गुलियो रसद्वारा चिनी आदि बनाउन हुने आँख्लादार एक वनस्पति; ऊखु। sugar cane. ~**पुल /pul/**– [ना. *n.*] चुसेर वा पेलेर निकालिएको ऊखुको खोस्टा; खोइलो। sugar cane waste left after it is pressed. ~**पिन्य /pɪnjə/**– [स.क्रि. *v.t.*] उखु चपाएर रस चुस्नु। to chew sugar cane and suck its juice.

खुँपुर */hmlv.* **kʰũpur**, *tslv.* **kʰoˈgʰɑ**, *plv.*

kʰorgo/ – [ना. *n.*] खानेकुरा पकाउँदा भाँडाको पिँधमा टाँसिएर बनेको चाम्रो पत्र; माम्री। rice or porridge crust that sticks to the bottom of the cooking pot.

खु */glv.* **kʰu**, *plv.* **nel/** – [ना. *n.*] मुखभित्रको ओडारको माथिल्लोपट्टिको कोप्रो अङ्ग; तालु; च्यापु। the top part of the inside of your mouth; palate.

खुइल्या */nblv.* **kʰuˈlja**, *plv.* **kʰulkja** *&* **takulja/** – [वि. *adj.*] तालुको रौं सबै झरेर खाली भएको; कपाल खुइलिएको; तालुखुइले। having little or no hair on the head; bald.

खुगु */nblv.* **kʰugu**, *syn.* **dʒʰakʰurɪ**, *plv.* **dadʊ**, *slv.* **naltʃja/** – [ना. *n.*] **१.** सामान्यतः दुई माना अटाउने, पानी खाने आदि कार्यमा दैनिक प्रयोगमा आउने अर्धनलीयुक्त समाउने डन्डी भएको घरेलु भाँडो। a copper pot which has the capacity of holding two *mānās* of liquid. It is used to drink water without touching one's lips. **२.** परापूर्वकालदेखि प्रयोगमा आएको अठाह्र मगरात मगरहरूको साँस्कृतिक प्रतीकको रूपमा रहेको भाँडो। a symbolic pot of high cultural significance found among the *Magar*s from *Athāra Magarāt* regions.

खुगु

खुगुरु /kʰugurú, kʰudurú, bʰutuk *&* **tetoro/** – [क्रि.वि. *adv.,* ना. *n.*] भुतुक्क भई एक्कासि मर्ने किसिमले; खुत्रुक्क। (of dying) suddenly and unexpectedly.

खुङ/*slv.* **kʰuŋ**, *plv.* **gõ(ŋ)**/ – [ना. *n.*] ऋतुचक्र अनुसार बसाइ सरिने गाउँभन्दा केही माथि लेकभन्दा तल पर्ने क्षेत्र। a region that lies above a village and below a highland; a place for seasonal migration.

खुङ्गु /kʰuŋgu/ – [ना. *n.*/उमै.भे. *hmlv.*] ☞ (**कुपा /kupa/**)

खुती$_{१}$ **/kʰutɪ/** – [ना. *n.*] जाँतोको माथिल्लो फग्ल्याँटाको किनारमा गाडिएको घुमाएर पिस्नको लागि हातले समाउने भाग; हातो। the handle of grinding stone. ☞ (**राँथै /rãtʰəˈ/**) *for picture.*

खुती$_{२}$ – [ना. *n.*] पाल्तु जनावरहरूको समूह; जनावरको बथान वा बगाल। a group of domestic animals; a herd; a flock.

खुतीः /kʰutiː/ – [ना. *n.*] मेरुदण्डको तल्लो र गोडाको जरो जोडिने चाकनेरको हड्डी; चाक र गोडाको हाडजोर्नी। pelvic bone. ☞ (**खपर /kʰəpər/**)

खुतु /kʰutu/ – [ना. *n.*] दमाहा बजाएर सार्वजनिक सूचना दिने काम; दमाहाद्वारा कसैलाई बोलाउने वा सन्देश दिने सङ्केत। an act of conveying a message or giving a notice publicly by beating a drum.

खुदुरु /kʰuduru/ – [क्रि.वि. *adv.,* ना. *n.*] ☞ (**खुगुरु /kʰuguru/**)

खुनुस /kʰunus, bɪkʰjatə, kʰət/ – [ना. *n.*] नमीठो वचन व्यवहार आदिले गर्दा कसैको मनमा पर्न जाने पिर; दुःखमनाउ। emotional pain felt due to someone's rude behaviour or words; grievance. ~**घुर्न्य /gʰurnjə/**– [अ.क्रि. *v.i.*] मनमा दुःख वा पिर मान्नु। to be hurt by someone's rude behaviour or words; to be upset or unhappy; to take sth to your heart.

खुप /kʰup/ – [ना. *n.*] महिलाको कपाल ढाक्ने पछ्यौरा; घुम्टो। a piece of cloth used by a woman to cover her head; a veil. > **खुप्सिन्य /kʰupsɪnjə/**– [स.क्रि. *v.t.*] रुमाल पछ्यौराले कपाल ढाक्नु; घुम्टो ओढ्नु। to cover

the head with a veil; to veil oneself.

खुपिन्य /*plv.* **kʰupɪnjə**, *nblv.* **kʰupɑnjə**/ – [स.क्रि. *v.t.*] **१.** छिनो, बर्मा आदिले ढुङ्गा, काठ आदिमा बुट्टा काट्नु वा प्वाल पार्नु; कुँद्नु। to drill through stone or wood, to chisel figures out of stone or wood. **२.** जाँतो, घट्ट आदिमा दाँती निकाल्नु; खोप्नु। to cut patterns into the grinding stones; to engrave.

खुम्चिउ /**kʰumtʃɪᵘ**, *ant.* **pəlɑ̤lɑːwə**/ – [वि. *adj.*] बाहिरी सतह भित्रतिर धसिएर आकार र आयतन घटेको; खुम्चिएको। shrunk.

खुर[१] /**kʰur**, *syn.* **kʰurɪ**/ – [ना. *n.*] जिउको बनोट; जिउडाल; शारीरिक कद। physique; shape; size; structure; frame; countenance.

खुर[२] – [ना. *n.*] **१.** गाईभैंसी, भेडाबाख्रा आदि प्राणीको खुट्टाको टुप्पामा हुने सिङ जस्तै कडा टेक्ने भाग। a hoof. **२.** झ्यालढोका बाकस आदिको खापा अड्याउन बनाइएको चुच्चो भाग। a pointed end that supports the *khapa* of a wooden window, door or a box lid; a pivot.

खुर[३] – [ना. *n.*/ग.भे. *glv.*] ☞ (**खोर्च्यो** /**kʰortʃjo**/)

खुरी /**kʰurɪ**/ – [ना. *n.*] ☞ (**खुर** /**kʰur**/)

खुरी /**kʰuriː**/ – [ना. *n.*] जाँड, छ्याङ; रक्सी आदि पिउन प्रयोगमा आउने काँसाको कचौरो; कटौरो; बटुको। a bowl made of bronze, used for drinking home-made liquor.

खुरुखुरु /**kʰurúkʰurù**/ – [क्रि.वि. *adv.*] आनाकानी नगरी कुनै चिज लिनेदिने वा अह्राएको सरासर मान्ने वा गर्ने ढङ्गले; सरासर। in the manner of obeying sb or doing sth without complaint or delay.

खुरुल्त्या /**kʰurultjɑ**/ – [वि. *adj.*] रौं, कपाल वा प्वाँख पूरै झरेर खाली भएको; तालुखुइले। with no hair on the head; bald. (रुख बिरुवा आदिमा) पात, बोक्रा नभएको। (of plants) without bark and leaves; bare.

खुर्कैन्य /*plv.* **kʰurkəˈnjə**, *nblv.* **kʰurkɑnjə**/ – [स.क्रि. *v.t.*] **१.** बोक्रा ताछेर फाल्नु; खुर्कनु। to peel or scrape. **२.** छुरा आदिले कपाल काट्नु; खौरनु। to shave.

खुर्गु /*nblv.* **kʰurgu**, *plv.* **bum**/ – [ना. *n.*] बाँस वा निगालाको चोयालाई बुनेर बनाएको अनाज राख्न हुने कोठो, भाँडो। a large bamboo container used for storing food grains.

खुर्गु

खुर्जा /**kʰurdʒɑ**/ – [ना. *n.*] प्रायः खुकुरीको दापको सानो घरमा राखिने खुकुरीको आकारकै सानो हतियार; कर्द। a small knife carried in the *khukuri* sheath; a small *khukuri*.

खुर्मुन्या /**kʰurmurjɑ**/ – [वि. *adj.*] नथाकी, नबसी काममा निरन्तर उद्यत रहने; मिहिनेती; उद्यमी; उद्यमशील; परिश्रमी। laborious; hard-working; industrious; diligent.

खुल /**kʰúl**/ – [ना. *n.*] **१.** कुनै उत्सव, भोज आदिमा कसैलाई बोलाउने काम; निमन्त्रणा; निम्तो। an act of inviting sb or being invited; invitation. **२.** बोलावट; आव्हान; निमन्त्रणा; निम्तो। summon; calling for; invitation. > **खुल्न्य**[१] /**kʰúlnjə**/– गाईभैंसी, भेडाबाख्रा आदि घरपालुवा जनावरहरूलाई बोलाउँदै उनीहरूका अगाडि अगाडि जानु। to lead cattle by calling them. > **खुल्न्य**[२] ☞ (**३. क़िन्य** /**kɩ̤njə**/)

खुलिन्य[१] /**kʰulɪnjə**/ – [अ.क्रि. *v.i.*] **१.** खोला-नाला, बाढी आदिले झन् गहिरो खाल्डो वा खोल्सो बनाउँदै जानु। to erode by a river

or rivulet. **२.** घाउ-खटिरो पाकेर गहिरो हुँदै जानु। (of wounds) to fester.

खुलिन्य[२] – [स.क्रि. *v.t.*] ☞ (**पऱ्ल्न्य/pərə̰lnjə/**)

खुल्किन्य /kʰulkɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** रौं, भुत्ला, प्वाँख आदि झर्नु; खुइलिनु। to go bald. **२.** [वि. *adj.*] उखेल्न सजिलो हुने खालको; सजिलै जरा छोड्ने। that can be easily uprooted; shallow-rooted.

खुल्कैःन्य[१] */plv.* **kʰulkəˈːnjə**, *syn.* **bʰoʔnjə**, *nblv.* **punnjə**, *ant.* **rupɪnjə/** – [स.क्रि. *v.t.*] **१.** काटिएको मारको रौं खुइल्याउनु, भुत्ल्याउनु। to pluck the butchered animal's hair or chicken's feathers after wetting it with hot water. **२.** बोटबिरुवा, झारपात वा रोपिएको चिजको जरासमेत आउने गरी तान्न; उखेल्नु। to uproot a plant. **३.** (अश्लील प्रयोग) कसैलाई हेपेर वा गालीको अवस्थामा अश्लील शब्द प्रयोग गर्नु; (यौनाङ्गको वरिपरि उम्रने रौं "जाँठो उखेल्ने" भन्ने अर्थमा प्रयोग गरिने शब्द) उखेल्नु। (offensive) to use an offensive word in order to insult or scold someone (meaning 'uprooting one's pubic hair').

खुल्कैःन्य[२] */plv.* **kʰulkəˈːnjə**, *md.* **tʃjɑʈke/** जगल्टा, कपाल समाएर लछारपछार गर्नु; भुत्ल्याउनु; जगल्टयाउनु (while quarrelling or fighting) to clutch someone by their hair.

खुल्क्या /kʰulkjɑ/ – [वि. *adj.*] ☞ (**खुइल्या /kʰuɪljɑ/**)

खुल्तीः /kʰultíː/ – [ना. *n.*] लगाइने कपडा (कमिज, पैन्ट, ज्याकेट, चोलो आदि) मा गाँसिएको झोला प्रकारको थैलो; गोजी। a small pouch in clothes; a pocket.

खुस /kʰus, gʰõᵉ, gʰon/ – [ना. *n.*] पलेंटी मारेर बस्दा बन्ने, केटाकेटी बस्न मिल्ने गोडा माथिको आसन; काख। top of your thighs when sitting; a lap.

खुस्खुस /kʰus-kʰus/ – [ना. *n.*] साह्रै मसिनो स्वरले भनिने गोप्य कुरा; बिस्तारै एकजनासँग मात्र खुसुक्क भनिने कुरा; साउती; कानेखुसी। sth said in a whisper. > **खुस्खुस ँनि पाँन्य /kʰus-kʰus nɪ pɑ̃njə/**– [स.क्रि. *v.t.*] कसैको कानमा मुख जोडी बिस्तारै केही भन्न; कानेखुसी गर्नु। to whisper. ~**लिन्य /lɪnjə/** – अरूले नसुन्ने गरी बिस्तारै कुरा गर्नु। to speak or suggest sth secretly. > **खुस्खुस्या /kʰuskʰusjɑ/**– [वि. *adj.*] गला बसेको; अरूले प्रष्ट नसुन्ने गरी बोल्ने; अति सानो स्वरमा बोल्ने। unable to speak loudly because of a cold; habit of speaking in a very low voice.

खे /kʰe/ – [ना. *n.* / ग.भे. *glv.*] ☞ (**एँ /ẽ/**)

खेगेप /kʰegep/ – [ना. *n.*] भित्रभित्र पाकेर बाहिरी पत्र सुकेको घाउ; घाउबाहिरको सुकेको पत्र। the crust over the healing wound; scab.

खेङ्गेंव */plv.* **kʰeŋgẽwə**, *nblv.* **tʰənəttə/** – [वि. *adj.*] गिलो नभएको; साह्रो; कठोर; कडा; चाम्रो। not soft; not easy to crush; hard; stiff; tough.

खेदा /kʰedɑ/ – [ना. *n.*] कसैलाई बिगार्न, बदला लिन पछ्याइरहने काम; खेदो। an act of following sb with an intention of harming them.

खेदारु */plv.* **kʰedɑru**, *nblv.* **kʰedɑrjɑ/** – [ना. *n.*] भाले खोजेको गाई, भैंसीका पछिपछि लाग्ने साँढे, राँगाको समूह। a group of domestic animals (cows, buffaloes etc.) while males following females on heat.

खेदैन्य */plv.* **kʰedəˈnjə**, **kʰepəˈːnjə**,

tʃaɦarnjə, tʃaɦarınjə, *nblv.* **sgʰwatnjə,** *mḍ.* **ləgarḍıke,** *ant.* **goɦarınjə/ –** [स.क्रि. *v.t.*] **१.** कुट्ने, मार्ने उद्देश्यले पछ्याउनु; लखेट्नु। to drive away; to hunt; to hound; to chase. **२.** सीमा पार गराउनु; लखेट्नु। to chase someone with an intention of driving them away.

खेनाउऱ्या /kʰenaᵘrjɑ/ – [वि. *adj.*] ☞ (**कोङ् घोतोःव /koŋgʰotoːwə/**)

खेनो */plv.* **kʰeno,** *nblv.* **seleno/ –** [वि. *adj.*] **१.** बोसोयुक्त चिल्लो पदार्थ भाँडो वा कुनै चिजमा लागेर जमेको। oily; greasy. **२.** काम गर्ने कला भएको; सीप, ढङ्ग पुगेको; कुशल। competent; capable; skilled.

खेप /kʰep/ – [ना. *n.*] **१.** (चिज बोकेर) कतै ल्याउँदा वा लाँदाको पटक; पटक-पटकमा ओसार-पसार गर्दाको भारी। a load carried at a time. **२.** पटक; पल्ट; चोटि। a time; an occasion.

खेपा */plv.* **kʰepɑ,** *nblv.* **selepɑ,** *hmlv.* **selpɑ,** *slv.* **lepɑ,** *glv.* **hjepɑ,** *ant.* **meːmɑ/ –** [ना. *n.*] लोग्ने वा मर्द मान्छे; पुरुष। a male person; a male. **~ज़ा /zɑ/–** पुरुष सन्तान; छोरो। a son.

खेपैःन्य /kʰepəˈːnjə/ – [स.क्रि. *v.t.*/प.भे. *plv.*] **१.** ☞ (**खेदैन्य /kʰedəˈnjə/**) **२.** कसैको पछिपछि लागिरहनु; पछ्याइरहनु; क्यै पाउन वा मद्दतको लागि कसैको पछिपछि लागिरहनु; पछ्याउनु। to follow someone to obtain something or for help.

खेमो /kʰemo/ – [वि. *adj.*] **१.** कुनै कामकुरो सम्पन्न भएको; सिद्धिएको; समाप्त भएको। finished; completed. **२.** पूरै सम्पत्ति सकिएको; निमिटयान्न भएको; टाट पल्टिएको; आर्थिक रूपले सिद्धिएको। having no property left; bankrupt; broke; penniless. > **खेम्न्य¹ /kʰemnjə,** *mḍ.* **ɦekke/–** [अ.क्रि. *v.i.*] वस्तुको मात्रा वा समयसीमा आदि टुङ्गिनु; समाप्त हुनु; सकिनु। (of things or time) to finish; to end; to be over. > **खेम्न्य²–** [स.क्रि. *v.t.*] कुनै कामकुरा पूरा वा सम्पन्न गर्नु; टुंग्याउनु। to complete sth; to end sth.

खेराँलु /kʰerɑ̃lu/ – [ना. *n.*] कलिलो डाँठलाई पकाएर तरकारीको रूपमा उपयोग गर्न मिल्ने एक प्रकारको जङ्गली वनस्पति; कुरिलो। a wild plant with soft stems that are consumed as vegetable; wild asparagus.

खेराउत्या /kʰeraᵘtjɑ/ – [ना. *n.*] माल समान खरिद्दै डुल्ने मान्छे; खरिते। a person who travels from place to place for purchasing goods; a purchaser.

खेर /kʰer/ – [ना. *n.*] ☞ (**खवार /kʰəwar/**)

खेस /kʰes/ – [क्रि.वि. *adv.*] हात वा खुट्टा कतै सुट्ट छिराइहाल्ने चालले। in the manner of inserting hands or legs somewhere.

खेसा /kʰesɑ̃/ – [ना. *n.*] खुकुरीको दापमा सँगै जोडिएका कर्द, चकमक आदि राख्न बनाइएका छाला वा काठका ससाना गोजी। small pocket made up of wood or leather on the side of the sheath of a *khukuri*, where small knives called *karda, chakmak,* etc. are inserted.

खेसें /kʰesẽ > kʰesẽ-kʰesẽ/ – [ना. *n.*] सानो आवाज निकालेर भित्रभित्र मात्र रुने काम; सुँक्क-सुँक्क। an act or sound of sobbing; sobs.

खेस्न्य /kʰesnjə/ – [अ.क्रि. *v.i.*] **१.** वस्तुमा

रहेको तापक्रम घट्नु; चिसो हुनु; सेलाउनु। to become less warm; to become cold; to cool. **२.** जोस, उत्साह, रिस आदि घट्दै जानु; क्रोध कम हुनु। to become less energetic or vibrant; to cool down.

खैं /kʰɜ̃ˈ/ – [ना. *n.*] खनिज पदार्थ रहेको भूगर्भ; खानी। a deep hole under the ground where minerals such as gold, copper, lead, iron, coal etc. are dug or mined; a mine.

खै /kʰəˈ/ – [ना. *n.*] **१.** फलाममा लाग्ने कस; खिया। a reddish-brown layer that forms on iron; rust. > **खैन्य¹ /kʰəˈnjə/–** [अ.क्रि. *v.i.*] खिया लाग्नु। to rust. **२.** [ना. *n.*] कुनै दुईभन्दा बढी वस्तुबीच आपसमा आकार-प्रकार, रुप-गुण, तौल आदिमा हुने समानता। similarity between more than two things in terms of size, shape, form, quality or weight. > **खैन्य²–** [अ.क्रि. *v.i.*] रुप, गुण, आकार एउटै जस्तो लाग्नु; मेल खानु। to look similar in form, quality or size. **३.** [ना. *n.*] परस्परमा हुने मैत्री सम्बन्ध; मित्रता; आत्मीयता। friendly relation; friendship; intimacy. > **खैन्य³ /kʰəˈnjə,** *syn.* **səkʰəˈnjə/–** [स.क्रि. *v.t.*] विचार एउटै बनाउनु; विचार-व्यवहार मिलाउनु; मिलनसार बन्नु। to form similar opinions; to establish coordination between thoughts and behaviours; to be sociable.

खैखै /kʰəˈkʰəˈ/ – [ना. *n.*] एकदम नजिकको साइनो पर्ने; नातेदार; आफन्त। a very close relative; kinsman.

खैलाबैला /kʰəˈlabəˈla, *syn.* **kʰəˈlaməˈla/ –** [ना. *n.*] चर्को वादविववाद हुँदा सुनिने कोलाहल; भनाभन। a noisy argument; a dispute; an altercation; a row; an uproar.

खोंच्याःन्य /kʰõtʃjaːnjə/ – [अ.क्रि. *v.i.*] खुट्टा खोच्याएर हिँड्नु; खोच्याङखोच्याङ गर्नु; लङ्गडाउनु; खोच्याउनु। to limp; to hobble.

खोंता /kʰõta, *syn.* **kʰoŋta/ –** [ना. *n.*] बार बार्न प्रयोग गरिने लाम्चो र सुरिलो काठको घोचो। a wooden post which is used to make a fence.

खोंपा */hmlv.* **kʰõpa,** *plv.* **kʰompa/ –** [ना. *n.*] कपालको पछाडि सपक्क पारी कसिएको कपालको जुरो। hair gathered in a tight round coil on the back or top of the head; a bun.

खोइघा /kʰoˈgʰa/ – [ना. *n.*/तसे.भे. *tslv.*] ☞ (**खुँपुर /kʰũpur/**)

खोएँन्य /kʰõᵉnjə/ – [स.क्रि. *v.t.*] धागो कात्नुपूर्व ऊनमा रहेको डल्लो, गाँठो आदिलाई हातले खुकुल्याउनु। to undo knots in the wool or remove lumps from it before spinning it into a thread.

खोए¹ /kʰoe/ – [ना. *n.*] जाँड बनाउन वा भोजभतेरमा खानेकुरा पकाउन प्रयोग गरिने बिट चेप्टो हुने मझौला खालको तामा, पित्तल, आदिको भाँडो; सानो खड्कुँलो; ताउलो। a medium-sized copper or brass vessel, which is used to cook rice in a feast or to brew liquor.



खोए[२] – [ना. *n.*/से.भे. *slv.*] रोगव्याधि, कलह, झगडा, षडयन्त्र आदिले घर-परिवार वा समूहभित्र प्रवेश गर्ने अवस्था। the situation when a family or a group is infected with disease or falls prey to conspiracy or imbroglio.

खोगोप /kʰogop/ – [ना. *n.*] **१.** घाउ, खटिरो सुकेर वा बिसेक भएर निस्केको पाप्रो; कुनै वस्तुको बाहिरी तह सुकेर बनेको पत्र। crust over healing wound; scab; a dry outer covering of sth. **२.** सिनोको सुकेको छाला र हड्डी। carrion.

खोगोरो /kʰogoro/ – [क्रि.वि. *adv.*] **१.** खुत्रुक्क मर्ने चालले; भुतुक्क भई मर्दाको किसिम। (of dying) suddenly and unexpectedly. **२.** हातखुट्टा चलाउन वा चल्नै नसक्ने गरी प्रहार गर्ने वा पर्ने चालले; भुतुक्कै हुने गरी। in the manner of hitting sb fatally; (of dying) at once or without a struggle.

खोङ्ग्या /kʰoŋgja/ – [वि. *adj.*] अग्रज वा अरूका सुझाव, राय, सल्लाह नमान्ने; अरूसँग नमिल्ने; एकलकाँटे। not heeding others' suggestion or advice; stubborn; reclusive.

खोत /(o)kʰot/ – [ना. *n.*] राम्रो कुरालाई पनि बङ्ग्याएर नराम्रो अर्थ निकाल्ने काम; झगडा गर्ने निहुँ; अड्को; खोचे; बखेडा। an act of making an issue of sth; an issue; a pretext.

खोतैःन्य /kʰotəˈːnjə/ – [स.क्रि. *v.t.*] कुनै सिङ्गो चिजबाट आंशिक रूपले केही झिक्नु वा चलाउनु। to take out a certain amount from sth; to stir sth with sth.

खोत्याʔ /kʰotjáʔ, *syn.* **rəsja/** – [ना. *n.*] ढिँडो पकाउन प्रयोगमा आउने बिट भएको तामा, पित्तल आदिको सानो भाँडो; ढिँडो आदि पकाइने भाँडो। a small vessel of copper, brass, etc. used for cooking flour-meal; a locally made iron container for cooking flour meal called *dhindo*.

खोनाहा /kʰonaɦa/ – [वि. *adj.*] **१.** (गाई, भैंसी आदि जनावर) सिङले हानिहाल्ने स्वभावको; रिस भएको; रिसाहा; क्रोधी। (of domestic animals) irate; angry; ready to butt. **२.** जहाँ पाइला टेक्यो त्यहीं ठाउँमा अशुभ गर्ने; अलक्षिण। ominous; inauspicious.

खोन्ता /kʰonta/ – [ना. *n.*/उ.भे. *ulv.*] ☞ (**किला /kila/**)

खोप /kʰop/ – [ना. *n.*] (खाने कुरा) टाढैबाट मुखतिर ताकेर फ्याँकेर खाने काम। an act of throwing food into your mouth from a bit far. > **खोप्न्य**[१] **/kʰopnjə/**– [स.क्रि. *v.t.*] बोटबिरुवाबीच बाँझो रहनपुगेको ठाउँमा बिउ रोप्नु। to sow the seeds in a barren spot of land. > **खोप्न्य**[१]– गेडागुडी वा अन्य खानेकुरा एक-एक गरेर वा टाढाबाट मुखमा फाल्दै खानु। to eat food grains by throwing bits into mouth. > **खोप्न्य**[३]– चरा, कुखुरा आदिले चारो खानु। to take small bits of food with a beak; to peck.

खोपल्याक /kʰopəljak/ – [क्रि.वि. *adv.*] ठूलो ठाउँ वा भाँडोभित्र सानो चिज एकैचोटि पस्ने वा खस्ने गरी। in the manner of inserting or putting sth somewhere, or putting a smaller object into a bigger pot without any obstruction.

खोपोराʔ /kʰoporaʔ/ – [ना. *n.*] खर, पराल वा ढुङ्गा, माटोले छाएको सानो छाप्रो; झुपडी। a hut, often thatched with dry grass, straw or stones and clay.

खोप्चा /kʰoptʃa/ – [ना. *n.*] **१.** नवजात शिशुलाई लगाइदिइने हातले सिलाएको साधारण टोपी। a hand-woven cap for a newly born baby. **२.** दुबै कान नै ढाक्ने

खालको काम्लोको टोपी। a woollen cap that covers the head, neck and ears; balaclava.

खोप्या /(tə)kʰopjá/ – [ना. *n.*] ताउलामा एक पटकमा पकाइएको खाद्यपदार्थ; त्यसको एक बाहान। food cooked at a time, especially in a large copper pot.

खोमोरा /kʰomoraɑ, *ant.* dʒələtʰəlo/ – [वि. *adj.*] बुढ्याइँले जीर्ण भएको; (प्राणी वा वनस्पति) बूढो; (मानिस) जीर्ण। old; aged.

खोम्गोम /kʰomgom/ – [क्रि.वि. *adv.*] कहीं, कतै वा अग्लो ठाउँमा एक्कासि चढिहाल्ने गरेर; फुत्त उक्लिहाल्ने चालले। in a manner of climbing up suddenly, abruptly or quickly.

खोम्पा /kʰompɑ/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**खोँपा** /kʰõpɑ)

खोयाम /kʰojɑm/ – [क्रि.वि. *adv.*] १. हात, खुट्टा हल्लाउने चालले; हान्न वा पिट्नको लागि हात चलाउने ढङ्गले। with your hand or leg moving; with your hand or leg moving to hit sb. २. अँध्यारोमा कुनै चिजले हलचल गरेको अलिअलि देखिने गरेर। in the manner of sth slightly stirring in the darkness.

खोर /kʰòr/ – [ना. *n.*] पाल्तु जनावरलाई घँस्याउन, जैविक फोहोर फालेर प्राङ्गारिक मल बनाउन र मल थुप्राएर राख्नको लागि खाली राखिएको घर अगाडिको ठाउँ। a front yard used for tethering cattle and piling a compost heap.

खोर

खोःर /kʰór/ – [ना. *n.*] होशियारीको गुण वा भाव; सतर्कता; होशियारी। alertness; carefulness.

खोराँदो /kʰorɑ̃do/ – [ना. *n.*] गाईभैंसी, भेडाबाख्रा आदि जनावरको खुर पाक्ने र मुखभित्र खटिरो आउने एक रोग; खोरेंत। foot and mouth disease.

खोरो /kʰoro/ – [वि. *adj.*] १. कडा स्वभाव वा मिजासको; शिष्ट नभएको; रुखो। rude; discourteous. २. शारीरिक स्वस्थता र स्फूर्तिले भरिएको; रुघा, खोकी आदि सामान्य रोगले सताउन नसक्ने खालको। (of the body) healthy; immune to colds.

खोरोप्न्य /kʰoròpnjə/ – [स.क्रि. *v.t.*] १. खाल्डोभित्र राखिएको कुनै चिज वा गडिएको लासलाई ढुङ्गै-ढुङ्गाले पुर्नु। to bury a corpse or anything by covering it only with stones. २. काम चलाउ तरिकाले गारो-पर्खाल लाउनु। to build a temporary wall. ३. क्यै चिजलाई ढुङ्गैढुङ्गाले हान्नु। to hit sth/sb with stones; to stone sb/sth.

खोर्खोर्‍या /kʰorkʰorjɑ/ – [ना. *n.*] भाँडोभित्रको गोटीलाई हल्लाएर घोप्ट्याएपछि थापिएको रकम गोटीमा परेनपरेको अनुसार लिनेदिने गरिने जुवा। a gambling game played with dice; dice.

खोर्गो /kʰorgo/ – [ना. *n.* /प.भे. *plv.*] ☞ (**खुँपुर** /kʰũpur)

खोर्च्यो /*plv.* kʰortʃjo, *glv.* kʰur, *slv.* kʰurtʃjɑŋ/ – [ना. *n.*] नेपालीको पहिचानको रूपमा मानिएको प्रायः कम्मरमा भिरिने फलामे धारिलो हतियार; खुकुरी। a large knife with a sharp curved blade, used as a symbol of the Nepalese; a Gurkha knife; a *khukuri*.

खोर्च्योसिप /kʰortʃjosɪp/ – [ना. *n.*] खुकुरी राख्ने भाँडो; दाप। a cover into which a

khukri fits so that the blade cannot cut someone when it is not being used; a sheath. ☞ (**खेसा /kʰesɑ**) *for picture.*

खोऱ्या */plv.* **kʰorjɑ**, *glv.* **kʰərɪ/** – [ना. *n.*] **१.** केही वर्षको अन्तरमा फाँडफुँड गरी खेती गरिने जग्गा। a left barren land used for shifting cultivation. **२.** खोरिया। a barren land prepared for cultivation.

खोर्लोक्या /kʰorlokjɑ/ – [ना. *n.*] कम्मरमा हँसिया भिर्दा सो राख्न बनाइएको काठको दाप; खुर्पेटो; खुर्पेठ्याक। a wooden sickle holder that hangs from the waist.

खोर्सिन्य /kʰorsɪnjə/ – [स.क्रि. *v.t.*] **१.** डर, त्रास लागेर पछाडि हट्नु; खुट्टा तान्न; हच्कनु; दच्कनु। to draw back, to pull back your legs for fear of sb/sth; to falter; to hesitate. **२.** आक्रमण गर्दा वा झम्टिँदा बढी बल परोस् भनेर पछि सरेर ठाउँ लिनु। to draw back to gather strength by taking a position while attacking or pouncing.

खोलाʔ /kʰolɑʔ/ – [ना. *n.*] सानो नदी; खोलो। a brook; a stream.

खोलेःन्य[१] */plv.* **kʰoleːnjə**, *slv.* **kʰɑlnjə**, *glv.* **kʰojonjə/** – [स.क्रि. *v.t.*] भाँडा आदि माझ्नु; पखाल्नु। to do the washing-up; to rinse sth.

खोलेःन्य[२] – [स.क्रि. *v.t.*] दोष लागेकोलाई सोधखोज गर्नु; सोधपुछ गरी रहस्य खोल्न लगाउनु; केरकार गर्नु। to interrogate; to cross-question; to grill sb.

खोःलैन्य /kʰoːləˈnjə/ – [स.क्रि. *v.t.*] बाँस वा निगालाको चोया निकाल्नुपूर्व आँखो ताछ्नु; झुस खुर्कनु। to scrape the branches off the nodes and the outer layer of bamboo or *nigālo* before splitting it.

खोल्खोल /kʰol-kʰol/ – [क्रि.वि. *adv.*] पानी आदि कुलुलु बग्ने गरेर। in the manner of flowing with a gurgling sound.

खोल्यानी /kʰoljɑnɪ/ – [ना. *n.*] ढिँडो पकाइसकेपछि भाँडोको पिँधमा टाँसिएको माम्रीलाई पानी हालेर भिजाई खानयोग्य बनाइएको लेदो पदार्थ। a thick soft food prepared by adding water to the crust of flour meal stuck to the bottom of the cooking pot.

खोसोल्याक /kʰosoljɑk/ – [क्रि.वि. *adv.*] कुनै प्वाल वा भ्वाङ आदिमा कुनै चिज खस्ने, पर्ने, छिर्ने ढङ्गले; खोप्लाक्क। in the manner of falling, dropping sth in a larger, wider hole, receptacle, etc.

खोसोराʔ /kʰosorɑ́ʔ/ – [ना. *n.*] मकैको ढोड काटिसकेपछि खेतबारीमा बाँकी रहेको जरातिरको भाग। a stalk of maize left on farm.

ख्याँ /kʰjɑ̃/ – [ना. *n.*] कुनै चिज ग्रहण गर्दा हात थाप्ने कार्य; हत्केला वा अङ्गुली पसारेर क्यै चिज माग्ने वा ग्रहण गर्ने काम। an act of asking for or receiving sth with your open palms joined together.

ख्या */plv.* **kʰjá**, *hmlv.* **səlá/** – [ना. *n.*] बोटबिरुवाको श्वास फेर्ने भाग; पात। one of the flat, usually green parts of a plant which are joined at one end to the stem or branch; a leaf.

ख्यानैःन्य[१] **/kʰjɑnəˈːnjə**, *ant.* **kĩnjə/** – [स.क्रि. *v.t.*] कुनै काम गर्दा सहकर्मी वा सहयात्रीभन्दा अगाडि जानु वा बढ्नु; टप्नु; छोडेर जानु। to leave sb behind while walking.

ख्यानैःन्य[२] **/kʰjɑnəˈːnjə**, *ant.* **mẹ̣njə/** – [अ.क्रि. *v.i.*] बिर्सेर वा भुलेर जानु; छुट्नु। to forget; to fail to recall; to be left behind.

ख्यानैःन्य[३] **/kʰjɑnəˈːnjə**, *ant.* **lɑ̃njə/** – [स.क्रि. *v.t.*] माया मारेर जानु; त्याग्नु; छोड्नु। to abandon; to discard.

ख्यान्य */plv.* **kʰjɑnjə**, *hmlv.* **bʰĩnjə**, *nblv.* **bʰɪnnjə**, *slv.* **kjɑˈnjə**, *mḍ.* **loɦoke/** – [स.क्रि. *v.t.*] **१.** कुनै वस्तुलाई एकातिरबाट अर्कोतिर फाल्नु, मिल्काउनु, फ्याँक्नु। to throw; to toss; to hurl; to cast. **२.** गर्भ तुहाउनु; गर्भपतन गराउनु। to have miscarriage; to remove the foetus; to abort.

ख्यारो /kʰjɑro, *ant.* **rṹwə/** – [वि. *adj.*] वस्तुको मोटाइ वा बाक्लोपन कम भएको; पातलो। (of flat objects) thin.

ख्यासिन्य /kʰjɑsɪnjə/ – [वि. *adj.*] **१.** [अ.क्रि. *v.i.*] (शरीर) राम्ररी सरसफाइ र सरसजावट नगरी बस्नु। to live messily or dirtily. **२.** [स.क्रि. *v.t.*] लथालिङ्ग पाराले कपडा लगाउनु। to dress messily or shabbily. **३.** [स.क्रि. *v.t.*] खाएको चिजमा कुनै विकार परेर वा दिगमिग भएर मुखबाट निस्कनु; छाद्नु; उल्टी, बान्ता, वमन गर्नु। to vomit.

ख्युँन्य /kʰjũnjə/ – [स.क्रि. *v.t.*] जहाँजहाँ सित्तैमा खानपिउन पाइन्छ उतैउतै धाउने गर्नु; खानेकुरा चाहार्दै हिँड्नु। to frequent or hang around somewhere with the prospect of getting food to eat gratis.

ख्यूव /kʰjʊwə/ – [वि. *adj.*] घोटिएर वा दलिएर खिइएको। (of objects) worn; eroded.

ख्योंग्यों /kʰjõgjõ/ – [क्रि.वि. *adv.*] **१.** चिप्लेर वा लडेर कतै पुगिहाल्ने गरी; फुत्त पुग्ने गरेर। (in the manner of landing somewhere) with a sudden slide or slip. **२.** ☞ (**चेकोप /tʃekop/**)

ख्यो[१] */plv.* **kʰjo**, *glv.* **fultuŋ**, *hmlv.* **skũ**, *slv.* **petjɑ/** – [ना. *n.*] महिलाले लगाउने भोटो प्रकारको लुगा; जनाना चौबन्दी; चोलो। a bodice; blouse.

-ख्यो[२] – [प्रत्य. *suf.* (*cond.*)] धातुमा जोडिँदा अनिश्चित सम्भावनार्थ जनाउने प्रत्यय; होला। (*e.g.* ता+ख्यो = भयो होला, जै+ख्यो = गऱ्यो होला, बा+ख्यो = गयो होला आदि।) a suffix which is attached to a root to indicate probability; maybe.

ख्योःन्य /kʰjoʔnjə/ – [अ.क्रि. *v.i.*] **१.** मर्मभेदी बोलीले चित्त दुख्नु; घोचपेचको बोली बोल्दा मनमा पिर पर्नु। to feel hurt or wounded by someone's harsh words. **२.** पेट आदि अङ्गभित्र च्वास्स हुने गरी दुख्नु; चस्का हान्न; घोच्नु। to feel a stab of pain; to feel a sharp pain in your stomach. **३.** [स.क्रि. *v.t.*] कुनै चिजभित्र तीखो वा धारिलो चिज पसाल्नु; रोप्नु; घोप्नु; घोच्नु। to pierce; to stab; to prick; to gouge.

ख्योन्य */plv.* **kʰjonjə**, *hmlv.* **slonjə**, *ant.* **tũˈnjə/** – [अ.क्रि. *v.i.*] **१.** लम्बाइ बढ्नु; लामो हुनु। to be longer; to lengthen. **२.** पछिसम्म रहने वा टिक्ने हुनु; चिरस्थायी हुनु; टिक्नु। to last; to be durable.

ख्योःव */plv.* **kʰjoːwə**, *hmlv.* **solo**, *glv.* **hlu**, *nblv.* **gʰjo**, *llv.* **kʰepɑ**, *ant.* **tũˈzɑ**, **tuno**, *mḍ.* **lotʃə/** – [वि. *adj.*] **१.** लम्बाइ बढी भएको; लामो। long. **२.** चिरस्थायी; पछिसम्म रहने; टिकाउ। long-lasting; durable.

ख्वाँगिल */plv.* **kʰwɑ̃gɪl**, *hmlv.* **kʰwɑ̃gɪr/** – [क्रि.वि. *adv.*] **१.** चारैतिरबाट गोलाकार हुने गरी घेरिने चालमा। in the manner of encircling or surrounding sb/sth.

ख्वाः /kʰwaʔ/ – [सर्व./वि. *pron., adj.*] ☞ (**४. कोए /koᵉ/**)

ख्वाप्चापो /kʰwaptʃapo/ – [वि. *adj.*] चोट लागेको ठाउँमा कुच्चिएर धसिएको; प्वाल वा खाल्डो परेको। having a depression by being hit; dented.

ख्वाँगिलो /kʰwãgɪlo, *syn.* **kʰwargɪlo** > **kʰwargwaro/**– [वि.*adj.*] गोलो आकारको; वृत्ताकार। circular; round; spherical.

ख्वाल्या /kʰwalja/ – [वि.*adj.*] नचाहिँदो हल्ला फैलाउने; तुच्छ; असभ्य; गँवार। uncouth; boorish.

ख्वास /kʰwas/ – [क्रि.वि. *adv.*] एक्कासि प्वाल पर्ने/पार्ने वा छेड्ने/छेडिने ढङ्गले। in such a way to pierce or to be pierced suddenly. > **ख्वासख्वासो /kʰwas-kʰwaso/**– [वि. *adj.*] तुरुन्तै, सजिलै चुँडिने वा च्यातिने खालको; अति नरम; नाजुक। easily damaged, broken, snatched or harmed; very soft; fragile; tender.

ग

गाँ /*nblv.* **gĩ**, *plv.* **tʃʰotò:**/ – [वि. *adj.*] **१.** एकदेखि भिन्न; अर्को; दोश्रो; अरू; अन्य। next; second; other. **२.** भिन्न; बेग्लै; अलग। different. **३.** आफू बाहेकको; पराइ; चिनजान नभएको; बिरानो; अपरिचित। (of people) unknown; strange.

गाजिउ/**gɨdʒɪᵘ**, *syn.* **gɨmkɪᵘ**, *ant.* **tʃərara fəra:wə**/ – [वि. *adj.*] दम्भले वा स्वभावैले कम बोल्ने; आवश्यक पर्दासमेत धेरै नबोल्ने; अल्पभाषी। not talking much even if required; quiet; withdrawn; reserved; taciturn.

गादीःगादी सैसिन्य /**gɨdi:gɨdí: sə̰ˈsɪnjə**/ – [स.क्रि. *v.t.*] **१.** खानेपिउने वा कुनै कामकुरा आदिमा व्यग्रताका साथ लागिपर्नु; मरिमेटेर लाग्नु। to get desperately involved in sth. **२.** छोड्नै नसक्ने गरी वा मुखै नबिसाइकन खाइरहनु वा पिइरहनु। to eat voraciously, with relish or a great appetite.

गादिन्य /**gɨdɪnjə**/ – [अ.क्रि. *v.i.*] **१.** (क्यै चिज) पूरै डुब्नु; हिलो, धाप आदिमा भासिन पुग्नु; बुड्नु। to sink completely in mud, swamp, sand or mire. **२.** धनसम्पति आदि पूरापूर नष्ट हुनु; आर्थिकरूपले अन्तिम अवस्थामा पुग्नु; सम्पत्ति डुबेर स्वाहा हुनु; टाट पल्टनु। to go bankrupt.

गाम्किउ /**gɨmkɪᵘ**/ – [वि. *adj.*] ☞ (**गाजिउ** /**gɨdʒɪᵘ**/)

गाम्किन्य¹ /**gɨmkɪnjə**, *ant.* **fə̃ˈnjə, sə̰̃njə, sə̰lə̰̃njə**/ – [अ.क्रि. *v.i.*] हावा ओहोरदोहोर हुन नपाई धेरै गर्मीको महसुस गर्नु; उम्सनु; गुम्सनु। to feel suffocated due to heat or lack of air circulation.

गाम्किन्य² /**gɨmkɪnjə**, *ant.* **tʃʰadʒasnjə**/ – [अ.क्रि. *v.i.*] रिसले नबोलेर बस्नु; गम्कनु। not to speak because of anger; to fume; to seethe.

गारगैं /**gɨrĩ**/ – [ना. *n.*] **१.** धामीझाँक्री बसाल्दा उसलाई दिइने नगद, भेटी, अन्न आदि। the offering of money, grains etc. made to a shaman or witch doctor when summoned. **२.** मुर्दालाई घाटमा लाँदा बाटाबाटामा फ्याँकिने पैसा। coins or pieces of iron dropped on the way to the cemetery in the name of the dead person.

गारगैंन्य /**gɨrĩnjə**/ – [अ.क्रि. *v.i.*] निद्रा पुगेर ब्युँझनु; निद्राले छोड्नु; निद्रा पुग्नु। to wake up from enough sleep; to have enough sleep.

गार्किन्य /**gɨrkɪnjə**/ – [अ.क्रि. *v.i.*] **१.** जमिनको सतह तलतिर दबिनु; भासिनु; सर्नु। (the earth's surface) to move slowly downwards; to sink; (towards sth) to incline. **२.** समय गुज्रिँदै जानु; समय घर्कनु; बेला जानु। (of time) to pass.

गार्जिउ /**gɨrdʒɪᵘ**, *syn.* **gʰəgərano**/ – [वि. *adj.*] एकदमै ठूलो; बडेमानको; यामानको; विशालकाय; अजङ्गको। larger than usual; giant.

गालगैंन्य /**gɨlĩnjə, pemnjə, fulupsɪnjə**, *ant.* **tərã lɪnjə**/ – [स.क्रि. *v.t.*] घोप्टो परी

छातीले भुइँमा टेकेर (हात खुट्टा पसारेर) रहनु, सुत्नु। to lie prone.

गलिन्य /gɨlɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** फल आदि कुनै वस्तु तल्तिर झर्नु; खस्नु। (of fruits, etc.) to fall from the tree. **२.** कुष्ठरोग, दुर्घटना वा कुनै कारणले शरीरका अङ्गहरू झर्नपुग्नु। (of organs) to drop due to leprosy or any mishaps.

गल्किन्य[1] /gɨlkɪnjə, *ant.* **dʒɨmɪnjə/** – [अ.क्रि. *v.i.*] घ्यू, बरफ आदिमा ताप परेर पग्लन सुरु हुनु। (of ghee, ice, etc.) to become liquid; to melt; to thaw.

गल्किन्य[2] – [अ.क्रि. *v.i.*] अडान छोड्दै जानु; गल्नु। to slowly give up one's stance; to succumb.

गल्ती /gɨltɪ/ – [ना. *n.*] जानी-नजानी वा अनायास हुन गएको अनुचित काम; बिराम; भुल; त्रुटि। a fault, mistake or error; a slip.

गल्थिउ /gɨltʰɪᵘ/ – [वि. *adj.*] हस्म न भस्मसँग हलक्क बढेको। full-grown; mature; bulky.

गहनिन्य /gɨɦɨnɪnjə/ – [अ.क्रि. *v.i.*] असह्य पीडा हुँदा आर्तनाद गर्नु; कन्नु। to cry or groan with pain.

ग /gə/ – [ना. *n.* / ग.भे. *glv.*] ☞ (**गप /gəp/**)

गज /gədʒə/ – [ना. *n.*] **१.** घर, पर्खाल आदिको गारो उठाउन जमिनमुनि राखिएको ढुङ्गाको आड; जग। a part of a building below the ground; a foundation. **२.** कामकाजको आरम्भ; थालनी; शुरुवात। beginning or commencement of sth.

गजन्या /gədʒənjɑ/ – [वि. *adj.*] मोटोघाटो भई राम्ररी हुर्केबढेको; अथुलो। healthy; stout.

गजर /gədʒər/ – [ना. *n.*] घोडा, सुँगुर आदि प्राणीको गर्दनमा हुने खम्रो रौं; जगर। a horse's mane; the bristle of animals such as pigs.

गजा /gədʒɑ́/ – [ना. *n.*] दमाहा, ढ्याङ्ग्रो आदि बजाउन प्रयोग हुने छोटो डन्डी; गजो। (of musical instruments) a drum stick.



गजापो /gədʒɑpo/ – [वि. *adj.*] **१.** (कुनै व्यक्ति, वस्तु, कुरा) गुण, रुप, आकारप्रकार आदिद्वारा मनै खिच्ने खालको; आकर्षक; राम्रो; सुन्दर; beautiful; attractive. **२.** राम्रो गुणस्तरको; असल; काइदाको। of high quality; of high standard; good; first class.

गज्यारिन्य /gədʒjɑrɪnjə/ – [स.क्रि. *v.t.*] **१.** कुनै चिजको रस निकाल्न सोको चारैतिरबाट बेस्सरी च्याप्नु; निचोर्नु। to squeeze sth. **२.** एकै ठाउँमा मिसमास पार्नु; मुछ्नु। to mix; to knead.

गत /gətə/ – [ना. *n.*] काम गर्नसक्ने क्षमता; सामर्थ्य। efficiency; capacity.

गथा /gətʰɑ/ – [ना. *n.*] खरिद-बिक्री गरिने वस्तुको थोक मात्रा; एकमुष्ट नगद; थोक। a stock of things for sale and purchase. > **गथैन्य /gətʰəˈnjə/**– [स.क्रि. *v.t.*] नरमकरम मिलाएर एकमुष्ट कुनै चिज खरिद गर्नु; थोकमा किन्नु। to buy goods wholesale.

गदा /gədɑ/ – [ना. *n.*] (बस्न, सुत्न हुने) डसना वा त्यस्तै प्रकारको मोटो र नरम आसन वा ओछ्यान। a soft thick seat or bed made of cotton, cloth etc.

गदान्त्या /gədɑntjɑ/ – [ना. *n.*] जमिनमुनि गाडेर राखिएको धन; गाडधन। buried treasure.

गदारिन्य /gədɑrɪnjə, *md.* **feʈke/** – [स.क्रि. *v.t.*] कुनै चिजलाई तलतिर दबाव दिएर थिच्नु; अँचेट्नु। to press sth down; to compress.

गन /gən, ŋən, ŋə̃ˈ/ – [ना. *n.*] तरकारीको रूपमा प्रयोग गरिने हरिया वनस्पतिको पात; सागसब्जी; सागपात। leafy green vegetable.

गनौत/gənəᵘtə/ – [ना. *n.* / प.भे. *plv.*] ☞ (**खि /kʰɪ/**)

गःन्य /gə̀ːnjə/ – [अ.क्रि. *v.i.*] (कुनै चिज) तरलावस्थाबाट बाक्लो, ठोस वा साह्रो बन्दै जानु; जम्नु। to solidify; to freeze.

गप[1] */plv.* **gəp**, > *hmlv.* **rgəp**, *glv.* **gə**, *slv.* **hp/** – [ना. *n.*] लुगा, कपडा आदि सिउने फलामे नाश्रीवाल सुइरो; सियो। a sewing needle.

गप[2] – [ना. *n.*] बूढीऔंलाको चौडाइभरिको नाप; अङ्गुल। a measurement equal to the length of a thumb.

गपैःन्य /gəpə́ˈːnjə/ – [स.क्रि. *v.t.*] दुई वा सोभन्दा धेरै चिजलाई एक आपसमा मिलाउनु; मिसाउनु; संयुक्त तुल्याउनु; जोड्नु। to mix; to combine; to unite.

गप्न्य /gəpnjə, *ant.* **tʰunjə/** – [स.क्रि. *v.t.*] इनार, कुवा, धारो आदिबाट पानी उघाएर भाँडोमा हाल्नु; पानी भर्नु। to collect water from a well, tap, etc.

गबाःन्य /gəbɑ̀ːnjə/ – [स.क्रि. *v.t.*] उफ्रन, भाग्न वा लात्ती हान्न नसकोस् भनेर जनावरका खुट्टा बाँधिदिनु; खुट्टे लाउनु; छाँद्नु। to hobble an animal by tying its legs.

गम[1] */plv.* **gəm**, > *hmlv.* **rgəm**, *glv. & slv.* **həm**, *md.* **dʒʰɑ/** – [ना. *n.*] बोट, बिरुवा आदि उम्रन वा बढ्नसक्ने भूसतहको मलिलो अंश; माटो। the fertile layer or crust on the surface of the ground in which plants grow; soil; earth.

गम[2] – [ना. *n.*] कुनै चिज उपभोग गर्नको लागि भित्रैदेखि जागेर आएको चाहना; अभिरुचि। inner desire for sth.

गमदर्ला[1] */plv.* **gəmdərlɑ**, *hmlv.* **dĩkurɑ**, *llv.* **bʰosjɑ/** – [ना. *n.*] खेत आदि खनजोत गर्दा निस्कने माटाको ढिस्को वा डल्लो। clods of earth after digging or ploughing it.

गमदर्ला[2] – [ना. *n.*] माटाको डल्लो। a lump or clod of earth.

गर[1] **/gər > gər-gər/** – [ना. *n.*] पछिलाई चाहिन्छ भन्ने सोचविचारै नराखी कुनै पनि वस्तु (अन्न, धन आदि) निकालिरहने काम। an act of consuming or spending sth thoughtlessly. **~वाल्न्य**[1] **/wɑlnjə/–** [स.क्रि. *v.t.*] कुनै वस्तु त्यसरी निकाल्नु। to consume or spend sth in this manner. **~वाल्न्य**[2]**–** धनसम्पत्ति उडाउनु; मास्नु। to squander property.

गर[2] – [ना. *n.*] **१.** घरको छानो, छतको भित्रपट्टिको भाग; सिलिङ। the inside top of a room; a ceiling. **२.** कुनै कुरा पूरा गर्न राखिएको सीमा वा सर्त; अडान। sth that must exist for sth else to happen; a condition.

गरक /gərək/ – [क्रि.वि. *adv.*] सबैजना सँगसँगै मिलेर कुनै काम एकैसाथ सिध्याउने चाल; एकसाथ। in the manner of accomplishing a task or achieving an end together.

गरवा/gərəwɑ/ – [ना. *n.*] खोलाभित्रको उपयुक्त स्थानमा चारोलाई ढुङ्गाले थिचेर छाडेर सो चारा खान माछाहरू जम्मा भएपछि घेरो मारी माछा मार्ने काम। an indigenous technique of catching fish by closing in on them. **~झोम्न्य /dʒʰomnjə/–** [स.क्रि. *v.t.*]

पानीमा ढुङ्गा थुपारी माछाका कृत्रिम घर वा कुर बनाइदिनु; माछा बस्नको लागि पानीमा ढुङ्गा थुपार्नु। to make artificial *kur* for fish.

गराँन्य[१] */plv.* **gərɑ̃(ŋ)njə**, *ulv.* **səmnjə/** – [अ.क्रि. *v.i.*] रोगबाट मुक्त भई बिसेक, निको हुनु; सञ्चो हुँदै जानु। to return to a previous state of health; to recover; to convalesce.

गराँन्य[२] – [अ.क्रि. *v.i.*] सन्तुष्ट हुनु; चित्त बुझ्नु। to be satisfied or contented.

गरेʔ **/gəreʔ/** – [ना. *n.*] गाई, भैंसी आदिलाई बाँध्नको लागि निगालाको चोयालाई बाटेर बनाइएको डोरी; चोयाको दाम्लो। a tether made of *nigālo* strips.

गर्कन **/gərkən**, *syn.* **gərkɑ/** – [ना. *n.*] यात्रा गर्दा पार गरिने लगभग एक कोससम्मको दुरी; एक बिसौनाको दुरी। a distance of one *kosh* (about two miles) that a person covers in their journey; one stoppage.

गर्खा **/gərkʰɑ/** – [ना. *n.*] तुलनात्मक रूपमा ठूलो र घना गाउँ। a large and densely populated village.

गःर्न्य **/gəːrnjə/** – [अ.क्रि. *v.i.*] भिर, पखेरा आदि असजिला ठाउँमा गइसकेपछि वा अग्लो रुखमा चढिसकेपछि कहाली लागेर फर्कन नसक्ने हुनु; गएको वा चढेको ठाउँमा अड्कने हुनु। to be unable to climb down a precipice or tall tree because you feel dizzy due to height; to get stuck in a precipice or tall tree; to be stranded there.

गर्भ्या **/gərbʰjɑ**, *ant.* **dɑ̃tʰjɑ/** – [वि. *adj.*] पेटमा बच्चा रहेको; गर्भधारण गरेकी; गर्भ बोकेको; गर्भिणी; दोजिया। pregnant; expecting a baby.

गल[१] */plv.* **gələ**, *slv.* **tʃʰər/** – [ना. *n.*] गहुङ्गो चिज पल्टाउन प्रयोग हुने काठ वा फलामे डन्डी। a wooden or metal bar which is used to move a heavy object; a lever.



गल[२] – [ना. *n.*] सुँगुर जस्तै मोटो र कसिलो देखिने जङ्गली प्राणी; बँदेल; बनेल। a wild boar.

गलाँ */plv.* **gəlɑ̃(ŋ)**, **dʰɑ̃**, > *hmlv.* **rdʰɑ̃**, *glv.* **dʰɑʷlɑ**, *slv.* **dɑʷrɪ/** – [ना. *n.*] वस्तुभाउलाई बाँध्नको लागि जुट वा भाङको रेसा बाटेर बनाइएको डोरी; दाम्लो। a tether made of jute fibres.

गलैःन्य **/gələ̀ːnjə/** – [स.क्रि. *v.t.*] स्थिर वा कुन्डिरहेको कुनै वस्तुलाई खस्ने बनाउनु; झार्नु; खसाउनु। to cause sth to fall; to drop.

गल्कैःन्य **/gəlkə̀ːnjə/** – [स.क्रि. *v.t.*] **१.** ठोस चिजलाई ताप दिई पग्लिने पार्नु; पगाल्नु। to change a substance from a solid to a liquid state by heating it; to melt. **२.** कुनै कुरामा अरूलाई मञ्जुर गराउनु। to make someone to agree; to persuade. **३.** पोथी जनावरलाई यौनसम्पर्कको लागि तयार तुल्याउनु; यौनोत्तेजित पार्नु। to make a female animal ready for mating; to titillate; to cause sexual arousal.

गल्द्या **/gəldjɑ/** – [ना. *n.*] परिपक्व अवस्थामा पुगेको प्रायः एक्लै रहने भाले बँदेल। a mature male wild boar that loves to live alone.

गल्न्य */plv.* **gə̀lnjə**, > *hmlv.* **rgə̀lnjə/** – [स.क्रि. *v.t.*] **१.** कसैलाई करकापमा पारी कुनै चिज खरिद गराउनु; किन्न लगाउनु; भिडाउनु; किनाउनु। to cause or force sb to buy sth. **२.** ढोकाको खापा बन्द गर्नु; ढोका लगाउनु; थुन्नु। to shut the door. **३.** कुनै चिज वा

कसैलाई कोठाभित्र थुनेर ढोका बन्द गर्नु। to shut sb/sth in a room.

गसाँका */nblv.* **gəsãka,** *hmlv.* **skẽ,** *plv.* **mãtʰə/** – [ना. *n.*] छ्याङ थन्क्याउन हुने डल्लो आकारको माटाको ठूलो भाँडो; माटाको गाग्रो। a large earthen pot used to store *chhyāng.*

माँथ

गाँ /gã/ – [ना. *n.*/निभु.भे. *nblv.*] ☞ (**१. कापरा /kapəra/**)

गाँत्यागुँती /gãtjagũtiː, *syn.* **gaŋəljaguŋɨliː/** – [ना. *n.*] नागबेली परेको घुमाउरो परेको देखिने नदी, बाटो वा वस्तु; नागबेली। curving and twisting like a snake; serpentine.

गाँथा /gãtʰa/ – [ना. *n.*] वनस्पतिको हाँगा, पात पलाउने भाग; खण्ड-खण्ड परी जोडिएको देखिने ऊखु, मकै, बाँस जस्ता वनस्पतिको जोर्नी; आँखा। a place on the stem of a plant such as sugar cane, maize, bamboo from which a branch or a leaf grows; a node; a knot.

गाँथैसिन्य /gãtʰəˈsɪnjə, *ant.* **fjaʔsɪnjə/** – [अ.क्रि. *v.i.*] कुकुर, स्याल आदि जनावर यौनसम्पर्क गर्दा जोल्टिनु। (of dogs, jackals) to get entangled while coupling.

गाँदा /(r)gãdà/ – [ना. *n.*] आयोडिनको कमीले घाँटीमा ग्रन्थी फुलेर निस्कने डल्लो; गलगाँड। a swelling at the front of the neck caused by an increase in size of the thyroid gland; goitre.

गाँदारुली /gãdaruliː/ – [ना. *n.*] वर्षा यामको समयमा ओसिलो ठाउँमा पाइने ढाडमा साह्रो खबटो भएको र भुइँमा घस्रँदै सेतो च्याल छोड्दै हिँड्ने एक प्रकारको किरा; शंखेकिरा। a small creature with a soft wet body and round shell, that moves very slowly and often eats garden plants; a snail.


गाँदारुली

गाँदालोतन /gãdalotən/ – [ना. *n.*] जिद्दी प्रदर्शन गर्न भुइँमा गरिने लडीबुडी। writhing about or rolling on the floor demanding for sth; rolling.

गाँन्य /gã(ŋ)njə, *md.* **ʈereṇke/** – [अ.क्रि. *v.i.*] धेरै जाडो लागेर कठ्याङ्ग्रिनु; जाडोले गर्दा हातखुट्टा अररिनु; गङ्ग्रिनु; कक्रक्क पर्नु। to go stiff with cold.

गाँस /gãsə/ – [ना. *n.*] **१.** शवमाथि वा काजकिरियाकोदिनइच्छानुसारश्रद्धाञ्जलीस्वरुप चढाइने रुपैंया-पैसा। money that is put on the dead body during funeral or offered in the name of the dead person on the day of the last rites. **२.** दुई चिजको आपसमा जोडिएको भाग; जोर्नी। a joint.

गाः /gáː, *md.* **sawət/** – [ना. *n.*] **१.** कुखुरा, चरा आदि खाने ठूलो जातको हिँस्रक पक्षी; चिल। an eagle. **२.** [क्रि.वि. *adv.*] मुख फाट्टिने गरी; मुख खोल्ने किसिमले; खान खोज्ने ढङ्गले; आँ। with your mouth wide open; in the manner of eating sth; agape.

गाउला /gaᵘla/ – [ना. *n.*] ☞ (**छ्वान /tʃʰwan/**)

गाʔ /gàʔ/ – [ना. *n.*] **१.** मुखबाट निस्केको आवाज। any sound produced from the mouth of man or animals. **२.** कुनै वस्तु ठोकिँदा आउने आवाज, ध्वनि। a sound produced striking against sth. **३.** लसुनसँग मिल्दो आकार, रङ र पत्र भएको,

वनपाखामा पाइने, खान हुने एक किसिमको कन्दमूल। a wild root vegetable that resembles garlic.

गाङ्न्य /gaŋnjə/ – [अ.क्रि. *v.i.*] ☞ (**गाँन्य /gãnjə**)

गाजल /gadʒəl/ – [ना. *n.*/उमै.भे. *hmlv.*] ☞ (**अँगार /ĩgar/**)

गात्न्य /gatnjə/ – [स.क्रि. *v.t.*/निभु.भे.] ☞ (**२. गैःन्य /gə'ːnjə/**)

गादाल्फ्यागुदुल्फी gadalfjagudulfɪ/ – [ना. *n.*] झोलपदार्थमा मिसिएर रहने चोक्टाचोक्टी। pieces mixed or dipped in liquids such as vegetable soup.

गादू /gadʊ́/ – [ना. *n.*] तामाको सानो गाग्री। a small copper vessel for holding/carrying drinking water.

गादैःन्य /gadə̀'ːnjə, *md.* **tʃʰakke, ʈʰakke/** – [स.क्रि. *v.t.*] क्यै चिजलाई जमिनमुनि राखेर पुर्नु; गाड्नु। to put sth into the ground and cover it; to bury.

गाद्यागद्दी /gadjagɨdíː/ – [ना. *n.*] एक्कासि क्यै नसुनिने गरी कान बन्द हुने स्थिति। in the manner of being struck deaf.

गाना? /ganà?/ – [ना. *n.*] खुट्टा पलाइनसकेको भ्यागुताका बच्चा; चेपागाँडा। a small black creature witha large head and long tail which lives in water and develops into a frog or toad; tadpole.

गानिसो /ganɪso/ – [वि. *adj.*] (पिप) अर्ध तरलावस्थाको; बाक्लो; जमेको। (of pus) a thick yellowish or greenish liquid.

गापगाप /gapgap/ – [ना. *n.*] मर्ने बेलामा बोल्न चाहेको सङ्केत दिने आवाजविहिन मुख चलाइ; प्याकप्याकति; मृत्युवरणको अन्तिम श्वास फेराइ। a gasp made by a dying person; a person's dying breath.

गाप्तापो /gaptapo, *ant.* **dʒɨmɪᵘ/** – [वि. *adj.*] राम्ररी नजोडिएर वा चर्केको ठाउँमा रुन् फाटेको। a narrow opening or a cracked (in a joint).

गाब /gabə/ – [ना. *n.*] सुकेको काठभित्र हुने रातो रङको कडा भाग। the red hard part dry wood.

गाबरा */plv.* **gabəra, rel, tʃerdʒé**, *hmlv.* **lũzʰuriː/** – [ना. *n.*] टुक्र्याइएर वा टुक्रिएर मसिना भएका ससाना ढुङ्गाको समूह; रोडा; गिट्टी; कङ्क्रिट। very small stones used for making a wall; gravel; grit.

गाबु */plv.* **gabu**, *tlv.* **ɦərpe/** – [ना. *n.*] दूध दुहुन प्रयोग हुने मुख फुकेको र पिँधतिर साँगुरिँदै गएको काठको ढुङ्ग्रो; दुधेरो; गबुवा। a milking pot made of wood.

गाभिना /gabʰɪna/ – [वि. *adj.*] ☞ (**असर्दो /əsrdo/**)

गाभिन्य /gabʰɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** समयमा निदान र उपचार नगर्दा रोगले रुन् गम्भीर रुप लिनु; सङ्क्रमण फैलनु। (of infection) to spread in the body due to the lack of timely treatment; to get infected. **२.** दुईभन्दा बढी वस्तुहरू एकै ठाउँमा मिसिन वा जोडिन पुग्नु; जोडिनु। (of more than two things) to mix; to join; to meet together.

गाम्किल /gamkɪl/ – [ना. *n.*] आफूले इच्छाएको कुरा नपाएको वा नपुगेको रिसले अरूले अह्राएको वा भनेको कामकुरा नगरी बस्ने स्थिति; बाउँठिने काम। to be in a sulk.

गार */slv.* **gar**, *plv.* **pup**, > *hmlv.* **rpup/** – [ना. *n.*] पाखा, भित्ता आदिमा बनेको प्रकृतिक खोपा; ठूलो चट्टानको ओत परेको भाग; ओडार। a cave; a den; a cavern.

गारा /gara/ – [ना. *n.*] ढुङ्गाको पर्खाल लगाउँदा बीचमा मसलाको रूपमा राखिने मुछिएको गिट्टी माटो। building material that is made by mixing mud and small stones, grit, etc.

गाःर्न्य/gà:rnjə/ – [अ.क्रि. *v.i.*] डर, त्रास आदिले होस हराएर बोल्न नसक्ने भई साहस टुट्नु; होस हराउनु। to lose courage to speak resulting from fear or confusion.

गाल /gal/ – [ना. *n.*] अरूको अनिष्ट कामना गर्दै गरिने दुर्वाच्य; सराप; कलङ्कसूचक बोली; गाली। a curse, an abuse. > **गालदुबाल /galdubal/**– गालीको थुप्रो; गालीगलौजको वर्षा। a volley of abuse.

गाला[१] **/gala**, *mḍ.* **sjapus/** – [ना. *n.*] चेहराको दायाँबायाँ भाग; गाला। the soft part of your face which is below your eye and between your mouth and ear; cheek.

गाला[२] – [क्रि.वि. *adv.*/से.भे. *slv.*] ☞ (**ओःत /o:tə/**)

गालिन्य /galɪnjə/ – [अ.क्रि. *v.i.*] लगातार रोएर थाक्नु। to feel exhausted after weeping for a long time.

गाल्न्य[१] **/galnjə**, *mḍ.* **melke**, *ant.* **tjạ̈lnjə/** – [स.क्रि. *v.t.*] **१.** खानेकुरा आदि निल्नु। to swallow. **२.** (हेय वा गालीको भावमा) बेसरी धेरै खानु; घिच्नु; हसुर्नु। to gulp sth down; to gobble sth down. **३.** कसैबाट लिएको ऋण, सापटी आदि पचाउनु; फिर्ता नगर्नु। not to pay sb back. > **गालगुल /galgul/**– [क्रि.वि. *adv.*] (खानेकुरा) भेट्टाउनासाथ तुरुन्त खाएर सिध्याउने गरी; भएजति सबै खाइहाल्ने आहारिसे चालले। (of eating) greedily; hungrily; gluttonously.

गाल्न्य[२] – [अ.क्रि. *v.i.*] च्यापच्यापे चिज, रङ; फोहोर वस्तु कतै टाँसिन पुग्नु; लाग्नु। to stain; to get stuck.

गाःस */krlv.* **gà:sə**, *syn.* **fərne**, *glv.* **fərnɪŋ**, *slv.* **fənɪŋ**, *ant.* **ạ̈rtanɪ/** – [ना. *n.*] आउने अर्को वर्ष वा साल; आगामी वर्ष, साल। next year; coming year.

गास्या /gasja/ – [ना. *n.*] मागेर पेट पाल्ने; गाँस खोज्दै हिँड्ने; मागेर जीविका चलाउने; मागी खाने; माग्ने; भिखारी। a beggar; a destitute.

गिन /gɪn/ – [सर्व. *pron.*] 'म' शब्दको द्विवचनरुप; दुई जनाको प्रतिनिधित्त्व गरेर एक व्यक्तिले बोल्दा प्रयोग गर्ने सर्वनामवाची शब्द; हामी दुई। first person dual pronoun used as the subject of a verb; we two.

गिन्न्य /gɪnnjə/ – [स.क्रि. *v.t.*/शे./निभु.भे. *slv. & nblv.*] कसैसँग कुनै विषयमा जानकारी लिनु, प्रश्न गर्नु; जवाफ वा निधो माग्नु; सोध्नु। to put a question to someone, or to request an answer from someone; to ask.

गिन्मीं /gɪnmĩ/ – [सर्व. *pron.* (*poss.*)/वि. *adj.*] "मेरो" शब्दको द्विवचन; हामी दुई जनाको स्वामित्त्व भित्रको; हामी दुई जनाको। first person dual possessive pronoun; our (two).

गिप /gɪp/ – [क्रि.वि. *adv.*] ☞ (**घाल्यापगःलिप /gʰaljapgɨlɪp/**) ~**राल्न्य/ralnjə/**– [स.क्रि.

v.t.] पहिरो, हुल, माहुरीको समूह आदिले एक्कासि ढाकी वा छोपिहाल्नु। to be engulfed by a landslide, a swarm of bees, a crowd of people, etc.

गिर /gɪr/ – [ना. *n.*] दुई पाताबीच गर्धनको मुन्तिरको भाग। nape.

गिरगाँद्या /gɪrgɑ̃djɑ/ – [वि. *adj.*] **१.** मोटा पाँसुला गरेको तर होचो र बलिष्ट। chunky. **२.** शारीरिक गठन मिलेको; हृष्टपुष्ट। stout; robust.

गिल /gɪl/ – [ना. *n.*] छिटोछिटो पाइला सारेर गरिने यात्रा; दौडाइ; कुदाइ। an act of moving swiftly; a swift walk; run. > **गिल्न्य**[1] **/gɪlnjə/–** [स.क्रि. *v.t.*] छिटो छिटो पाइला सारेर हिँड्नु; सुइँकुच्चा ठोक्नु; फटाफट गोडा चाल्नु; दौड्नु; कुद्नु; दगुर्नु; टुइँकनु। to stride; to run; to take your heels. > **गिल्न्य**[2]**–** कुनै काम छिटो छरितोका साथ गर्नु। to finish a piece of work quickly.

गिलगिल/gɪlgɪl/ – [ना. *n.*] **१.** किरा, फटचाङ्ग्रा, मानिस, जनावर आदिको ठूलो वा बाक्लो भिड। **२.** अति ठूलो सङ्ख्याको हुल वा भिड। a swarm of insects; a crowd of people; a herd of animals.

गिलिप /gɪlɪp/ – [क्रि.वि. *adv.*] ☞ (**गिप /gɪp/**) > **गिलिपगिलिप /gɪlɪpgɪlɪp/–** अति ठूलो र बाक्लो भिड हुने चालले। in the manner of being crowded or swarmed.

गिल्लैन्य /gɪllə'njə/ – [स.क्रि. *v.t.*] अर्काको अवनति वा दुर्गुणलाई इङ्गित गरेर गिज्याउनु; रुप, स्वभाव, चरित्र आदिको खिसी गर्नु; अरूलाई होच्याएर कुरा गर्नु; गिल्ला गर्नु। to make fun of somebody maliciously; to tease.

गिव /gɪwə, gɪso, gɪswə, *ant.* **bomo/ –** [वि. *adj.*] धेरै तौल भएको; गह्रौं; गहुङ्गो; बोझिलो। heavy; weighty. > **गिस /gɪs** & **rgɪs/–** [ना. *n.*] पदार्थमा पर्ने गुरुत्वाकर्षणको मात्रा; भार; वजन; बोझ। weight; heaviness. > **गिसन्य /gɪsnjə,** *md.* **lɪske/–** [अ.क्रि. *v.i.*] गह्रुँगो हुनु; भारी हुनु। to be heavy.

गुँ */plv.* **gũ** *syn.* **guŋ,** *slv.* **gurgɪ/ –** [ना. *n.*] **१.** पाखुरा र नारीको जोर्नी खुम्च्याउँदा चुच्चो पर्ने अङ्ग; कुहिनो। elbow. **२.** कुहिनोदेखि माझी औंलासम्मको नापो; एक हात वा आधा गजको नाप वा लम्बाइ। a unit of length, equal to the distance from the elbow to the tip of the middle finger; a cubit. **–न्य–** [स.क्रि. *v.t.*] हातले कुनै चिजको नाप लिनु; एकएक हात गरी नाप्नु। to measure with a cubit. > **गुँथु /gũtʰu/–** [ना. *n.*] कुहिनोदेखि मुठीसम्मको नापो वा लम्बाइ। a unit of length, equal to the distance from the elbow to the fist; a short cubit.

गुइ /gu'/ – [ना. *n.*] डाले घाँसको रूपमा प्रयोग गर्नमिल्ने ठूला रुख हुने वृक्ष; खर्सु; खन्नेतो। a type of fodder tree.

गुखीः */plv.* **gukʰíː (kạ?),** *hmlv.* **gʰuskiː/ –** [ना. *n.*] टाउको ठूलो, लामा रौं र घोक्रे आवाज हुने शुद्ध नश्लको ठूलो कुकुर; भोटे कुकुर। a mountain dog.

गुगूःती /gugoːtíː/ – [ना. *n.*] लामो डन्डीलाई बीचमा कौचिजले अडयाएर दुबैतिर बसी बच्चाले खेल्ने खेल। seesaw.

गुगूती

गुङ /guŋ/ – [ना. *n.*/ग.भे. *glv.*] ☞ (**गुम /gum/**)

गुङ्गुही */krlv.* **guŋguɦɪ,** *nblv.* **gu'lɑ,** *glv.*

gulaɦɪ, *hmlv.* **gõ¹**, *plv.* **məltʃʰapja jaŋguɦɪ/** – [ना. *n.*] खैरो र कालो लामो भुत्ले पुच्छर हुने जङ्गली जन्तु; मलसाँप्रो। a small carnivorous animal with a long body and tail, short legs, and brown fur; a weasel.

गुजुरा /gudʒura/ – [ना. *n.*] भौतिक शरीर बाँच्ने माध्यम; जसोतसो पेटपालो गर्ने काम; निर्वाह; जीविकोपार्जन; जीविका; जीवनयापन। livelihood. ~**दान्य /danjə/**– [अ.क्रि. *v.i.*] जेनतेन जीविका चलाउनु; जीवन निर्वाह गर्नु। to live at subsistence level.

गुजुऱ्या /gudʒurja/ – [वि. *adj.* / प.भे. *plv.*] लामो कपाल भई नसुहाउँदो देखिने; गुजुल्टो, जगल्टा भएको; झाँक्रो परेको। unkempt or dishevelled hair.

गुथलाउ /gutʰəlaᵘ/ – [वि. *adj.*] ☞ **(खारताउ /kʰartaᵘ/)**

गुदी */plv.* **gudɪ**, *hmlv.* **gʰət/** – [ना. *n.*] **१.** प्राणीको खप्परभित्र हुने सम्पूर्ण इन्द्रियलाई नियन्त्रण गर्ने र ज्ञान दिने नरम पदार्थ; मथिङ्गल; मस्तिष्क; मगज; गिदी। the organ inside the head that controls through, memory, feelings and activity; brain. **२.** स्थितिको सोचविचार, तर्क वितर्क र निर्णय आदि गराउने शक्ति; बुद्धि; प्रतिभा। intelligence; talent.

गुधु /gudʰu/ – [क्रि.वि. *adv.*] खुत्रुक्क, भुतुक्क भई मर्ने वा मार्ने गरेर; प्रहारद्वारा भुतुक्कै परेर ढाल्ने वा ढल्ने गरी। (of killing or dying) suddenly and unexpectedly.

गुन /gun/ – [ना. *n.*] **१.** कसैले गरेको उपकार। succor; help. **२.** प्राप्त उपकारको मूल्याङ्कन; उपकार सम्झने काम; कृतज्ञता। gratefulness; gratitude. ~**मानिन्य /manɪnjə/**– [स.क्रि. *v.t.*] उपकार सम्झनु; प्राप्त योगदानको मूल्याङ्कन गर्नु; गुन मान्न; आभार प्रकट गर्नु। to express gratitude.

गुन्जुरिन्य /gundʒurɪnjə/ – [अ.क्रि. *v.i.*] धागो धेरै बटारिएर गाँठो पर्नु। to become twisted into a knot; to get knotted.

गुन्दुरी /gundurɪ, *syn.* **bʰudʒa/** – [ना. *n.*] मुलालाई मसिनो बनाई कुनै भाँडोमा खाँदेर वा खाडलमा थिचेर केही समय राखी अमिलो बनाइएको गुन्द्रुक; सिन्की। a type of dry and sour vegetable made from moolis, crushed and kept in a container or a pit until it goes sour.

गुन्य¹ */plv.* **gunjə** > *hmlv.* **rgunjə/** – [स.क्रि. *v.t.*] पाउने आशामा कुरेर बस्नु; ढुक्नु; धर्ना कस्नु। to wait expecting to get sth.

गुन्य² – [स.क्रि. *v.t.*] कसैको बाटो हेर्नु; प्रतीक्षा गर्नु; पर्खेर बस्नु; पर्खनु; कुर्नु; रुङ्नु। to wait; to hang around; to linger.

गुन्य³ */plv.* **gunjə** > *hmlv.* **rgunjə**, *mḍ.* **ŋoske/** – [स.क्रि. *v.t.*] कसै वा कुनै चिजको सुरक्षाको लागि चियो गर्नु; रुँगेर बस्नु। to keep vigil in order to safeguard sth or sb.

गुबा /(u)guba/ – [ना. *n.*] वनस्पतिको भर्खरै पलाएको कलिलो मुना। sprouts; shoots.

गुम */plv.* **gum**, > *hmlv.* **rugum**, *glv.* **guŋ/** – [ना. *n.*] सुत्दा टाउको उचाल्न शिरमुनी राखिने नरम साधन; सिरानी। a cloth bag filled with soft materials, used for resting your head on in bed; a pillow.

गुम्सिन्य¹ */plv.* **gumsɪnjə**, > *hmlv.* **rgumsɪnjə/** – [स.क्रि. *v.t.*] सुत्दा टाउको मुनि सिरानी वा कुनै चिज राख्नु; सिरानीमा टाउको अड्याउनु। to rest your head (while sleeping) on a pillow or sth else that is soft or comfortable.

गुम्सिन्य² – [स.क्रि. *v.t.*] **१.** हावाको आवतजावत

बन्द भई हप्प हुनु; बाफ, गर्मी आदिले उकुसमुकुस हुनु; गुम्सनु; बाफिनु। to feel uncomfortable or suffocated through excessive heat and lack of fresh air. **२.** कसैको आश्वासनमा भर परेर बस्नु; कसैप्रति आश्रित रहनु; आशा सँगालेर बस्नु; अपेक्षा राख्नु। to depend on sb; to expect sth from sb.

गुर[१] /*plv.* **gur**, *glv. & slv.* **ur**, *mḍ.* **wapa**/ – [ना. *n.*] घोडा, खच्चड, गाडी आदि वाहन वा मानिसले एक पटकमा बोक्नसक्ने वस्तुको मात्रा; बोक्नको लागि बोरा, डोको, झोला आदिमा भरिएको सामानको एकाइ वा बोझ; भारी। a load carried in one trip by a person or a burden of beast; a load.

गुर[२] – [ना. *n.*] विद्या, शिक्षा, शिल्प, बुद्धि र कर्मसम्बन्धी योग्यता दिलाउने व्यक्ति; पढाउने मान्छे; शिक्षक; गुरु। a teacher; a tutor; a guru; an instructor.

गुराहा /**guraɦa**/ – [ना. *n.*] (विश्वास) झाँक्री-धामीहरूलेतन्त्र-मन्त्रद्वाराआफैलाईबदल्नेबाघको रुप। (of common beliefs) existence of a shaman/witch doctor transformed into a tiger by using the power of *mantra*, invocation, etc.

गुरी /*plv.* **gurı**, *syn.* **gurla**, *slv.* **kʰırrja**, *glv.* **tər**/ – [ना. *n.*] मोही पार्दा मदानीको सर छिराइने प्वाल भएको काठको चक्का; घुर्रो। a small wooden wheel with a hole in which a churner is inserted.

गुरिन्य /**gurınjə**/ – [स.क्रि. *v.t.*] लेदो चिजलाई राम्ररी घोल्न जोडले चलाउनु वा मथ्नु; हुँडल्नु। to move a liquid with a ladle, stick or your hand in order to mix it properly; to stir.

गुरीःन्य /**gurí:njə**/ – [स.क्रि. *v.t.*] **१.** लामो चिजलाई घुमाएर कुप्रो पार्नु; गोलाकार बनाउनु; कुप्राउनु। to bend sth; to make sth round. **२.** धोक्रो, भकारी आदि बनाउन चित्रो, मान्द्रो आदिलाई घुमाउनु। to roll sth like a bamboo mat into a round shape so as to make it a container.

गुर्कुवा /**gurkuwa**/ – [ना. *n.*] दुई वा सोभन्दा बढी वस्तुहरूलाई एकै ठाउँमा छ्यासमिस पारेर सालाखालामा गरिने खरीद-बिक्री; ठूलो-सानो, असल-कमसल, नरमकरम आदिको रोखपोख मिलाएर वा सरदरमा गरिने किनबेच। buying and selling of goods wholesale.

गुर्कैन्य[१] /**gurkəˈnjə**/ – [स.क्रि. *v.t.*] त्यसरी खरिद बिक्री गर्नु। to buy or sell goods wholesale.

गुर्कैन्य[२] – [स.क्रि. *v.t.*] कुनै वस्तुलाई ठेलेर अगाडि बढाउनु; गुडाउनु। to push or roll something ahead.

गुर्गी /**gurgı**/ – [ना. *n.*/ग.भे. *glv.*] ☞ (**गुँ** /**gũ**/)

गुर्धामान /**gurdʰaman**/ – [ना. *n.*] सीमा नाघेर अगाडि बढेको वादविवाद वा लडाइँझगडा आदि। a raging debate, quarrel or fight.

गुर्धुस /**gurdʰus**/ – [ना. *n.*] **१.** जोडले हिँड्दा जमिन थर्किएर सुनिने आवाज। the heavy tread. **२.** [क्रि.वि. *adv.*] आवाज निस्कने गरी पाइला चाल्ने गरेर। in the manner of treading heavily.

गुर्धैन्य /**gurdʰəˈnjə**/ – [स.क्रि. *v.t.*] मल बनाउन गाईवस्तुलाई पराल, सोत्तर आदिमाथि कुल्चाउनु; खट्टाले मिच्नु; थिच्नु। to press,

thresh or flatten things with hooves or feet.

गुल /gul/ – [ना. *n.*/से.भे. *slv.*] पोथी पक्षी ओथारो बस्ने ठाउँ। the place where a bird incubates; a nest.

गुल्थैन्य /gultʰəˈnjə/ – [स.क्रि. *v.t.*] जगल्टो समातेर तान्नु; जगल्टयाउनु; भुत्ल्याउनु; लुछ्नु। to seize sb by their hair.

गुल्फा */llv.* **gulfa**, *plv.* **dərla/** – [ना. *n.*] ढिँडो ओडाल्दा वा पीठो मुछ्दा राम्ररी नघोलिनाले सोभित्र बन्न गएको सा-साना डल्ला। the flour that is not well stirred while cooking.

गुसिन्य /gusɪnjə/ – [स.क्रि. *v.t.*] **१.** क्यै चिज प्राप्तिको आशाले कुरेर बस्नु। to wait in the hope of getting sth. **२.** (कोही वा क्यै चिजको बारेमा) चियो गर्न रुँगेर बस्नु; ढुक्नु। to lie in wait.

गुस्ती₁ /gustɪ/ – [ना. *n.*/प.भे. *plv.*] कसैको अनुपस्थितिमा उसको बारेमा गरिने भएनभएका कुरा; पछाडि कुरा काट्ने काम। backbiting; an act of backbiting.

गुस्ती₂ – [ना. *n.*/निभु.भे. *nblv.*] ☞ (**१. पाँ /pã/**)

गूःन्य /gŭnjə, *mḍ.* **burukke/** – [अ.क्रि. *v.i.*] **१.** मनमा अत्यास, भय, सङ्कष्ट उत्पन्न हुँदा वा जाडो कमजोरी आदिले गर्दा शरीरमा कम्प छुट्नु; थरथराउनु; थुरथुर हुनु; मुटु काँप्नु; काम्नु। to shiver with fear, excitement, cold, weakness, etc. **२.** धामीझाँक्रीमा देवता चढ्नु; थर्थराउनु; काँप्नु। (of a shaman/witch doctor) to convulse the body while invoking spirits.

गें /gẽ(ŋ)/ – [क्रि.वि. *adv.*] एकै प्रयासमा उचाल्ने गरी; जुरुक्क। lifting sth with a jerk.

गेंदा /gẽda/ – [ना. *n.*] डोलो, लामो काठ आदिको लम्बाइतिरको टुक्रो वा खण्ड; रुखलाई टुक्र्याएर बनाइएको गिँड; मुढो। a piece cut from a tree; a log.

गे /(r)ge/ – [ना. *n.*] जग्गाजमिन, माल, धनसम्पत्ति वा कुनै चिजको स्वामी वा अधिकारी; मालधनी; मालिक। a person who owns sth; an owner.

गेः /geː/ – [सर्व. *pron.*] 'म' शब्दको बहुवचनरुप; तीनभन्दा धेरै जनाको प्रतिनिधित्त्व गरेर एक व्यक्तिले बोल्दा प्रयोग गरिने सर्वनामवाची शब्द; हामी तीन वा सोभन्दा बढी; हामीहरू। (of three or more) first person plural pronoun; we (three or more).

गेʔ /géʔ/ – [क्रि.वि. *adv.*] बिस्तारै अडयाइराख्ने चालले; बिस्तारपूर्वक अडयाउने गरी। in the manner of supporting or propping sth.

गेʔन्य /geʔnjə/ – [स.क्रि. *v.t., i.*] **१.** पिठयुँको सहायताले अडिनु; अडेस लाउनु। to lean against sth. **२.** कोल्टे फेर्नु; कोल्टिनु। to change your side; to lay on your side. **३.** [अ.क्रि. *v.i.*] गाई, भैंसीले दूध दिन तयार हुनु; फाँचामा दूध जम्मा हुनु; पग्रनु। to be ready for milking/to be ready to be milked.

गेङ /geŋ/ – [ना. *n.*/ग.भे. *glv.*] ☞ (**धें /dʰẽ/**)

गेदा /geda/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**ओबुलुम /obulum/**)

गेद्या /gedja/ – [ना. *n.*] भाले सुँगुर; बिर। a male pig; a boar.

गेप /gep/ – [क्रि.वि. *adv.*] (चिज) ठाउँ ओगट्ने वा छेक्ने चालले राख्ने वा अडयाइराख्ने गरेर। in the manner of occupying a space .

गेमीं /gemĩ/ – [सर्व. *pron.* (*poss.*)/वि. *adj.*] "मेरो" को बहुवचन; हामीहरू (तीन जनाभन्दा धेरै) को स्वामित्त्व भित्रको; हामीहरूको; हाम्रो। first person plural possessive adjective;

our (three or more).

गेम्न्य /gemnjə/ – [अ.क्रि. *v.i.*] लगातार समाई वा अँठ्याइरहँदा, अकड पर्दा थाकेर हातका औंलाहरू चलाउन गाह्रो हुनु। to experience a muscular cramp after holding sth for a long time.

गेर्जा /gerjɑ(so), *syn.* **gerwə/ –** [वि. *adj.*] (वस्तु) बाङ्गिएको; टेढिएको। (of objects) crooked; bent; curved.

गेर्न्य /gernjə/ – [अ.क्रि. *v.i.*] सोझो चिज बाङ्गो हुनु; बाङ्गिनु; टेढिनु। to curve.

गेर्जास्न्य /gerjɑsnjə/ – [अ.क्रि. *v.i.*] सोझो वा सीधा नहुनु; टेढो रहनु; टेढिनु; बाङ्गिनु। to curve; to bend.

गेर्व /gerwə/ – [वि. *adj.*] भात, ढिँडो आदिमा पानीको मात्रा बढी भएको; गिलो। (of rice *dhindo,* etc.) soft because of containing much water.

गेर्न्य /gernjə/– [अ.क्रि. *v.i.*] भात, ढिँडो आदिमा पानीको मात्रा बढी भई गिलो हुनु; पन्यालो हुनु। (rice, *dhindo,* etc.) to be too soft.

गेल /gel, *syn.* **bərã/ –** [ना. *n.*] **१.** झाँक्रीको आङमा कम्पका साथ चढ्ने मृतात्मा वा देवीदेवता। the spirit of the dead or gods possessed in a shaman's body when he/she invokes. **२.** नचाहिँदो नहुँदो कुरा सुन्दा मनमा उठ्ने नराम्रो भावको जोस; क्रोध; रिस। wrath; anger. ~**छुन्य /tʃʰunjə/–** [स.क्रि. *v.t.*] रिस उठ्ने व्यवहार गर्नु; निहुँ खोज्नु; जिस्क्याउनु। to taunt; to provoke; to tease.

गेला /gelɑ/ – [ना. *n.*] **१.** अन्दाजी चार पाँच गाँस हुने जतिको गरी पकाइएको फर्सीको अंश। a cooked piece of pumpkin that can be eaten in four or so bites. **२.** अन्दाजी चार पाँच गाँस हुने जतिको खानेकुराको मात्रा। four or so mouthfuls of food.

गैःन्य */plv.* **gəˈʔnjə**, *slv.* **ɦɑˈnjə**, *md.* **əɖkəlɖɪke/ –** [अ.क्रि. *v.i.*] **१.** कतै अल्झेर निस्कन नसक्ने हुनु; अड्कनु। to become entangled or get stuck with sth. **२.** दुई वा सोभन्दा बढी वस्तुहरू आपसमा जोल्टिनु; लठारिनु। (of two or more objects) to get entangled; to get stuck. **३.** गएको ठाउँ (भिर, रुख आदि) बाट फर्कन नसक्नु; गर्ज पर्नु; अड्किनु। to get stuck up a precipice, tree, etc and being unable to come down.

गैःन्य[1] */plv.* **gə́ˈːnjə**, *slv.* **həˈnjə**, *md.* **ɖuske/ –** [स.क्रि. *v.t.*] अरूको कामकुरामा सहायता, मद्दत गर्नु; सघाउनु। to help; to assist.

गैःन्य[2] */plv.* **gə́ˈːnjə**, *slv.* **resɪnjə**, *md.* **lɪ̤ŋke/ –** [स.क्रि. *v.t.*] **१.** ताल, सुर, लय मिलाई राग अलाप्नु; कविता, गीत, भजन आदिको लय मिलाएर भन्नु; गीत गाउनु। to use the voice to produce words or sounds in a musical way; to sing. **२.** बढाइचढाइ गरी बखान गर्नु; प्रशंसा, तारीफ गर्नु। to flatter sb; to sing the praises of; to eulogise.

गैपा /gəˈpɑ/ – [ना. *n.*] हातखुट्टाको मोटो चाहिँ औंलो; बूढी औंलो। a thumb or the largest toe.

गों/gõ(ŋ)/ – [ना. *n.*] **१.** पहाडको माथिल्लो अग्लो ठाउँ। high point of land. **२.** बर्खामासमा बसाइँ सरिने गाउँभन्दा उच्च भूभाग; लेक। a high land which is above the village where people shift annually in rainy season. **३.** गिर्दो आर्थिक अवस्था; गरिबी। a bad economic situation; poverty. **४.** पूर्वघटनाको नकारात्मक प्रभाव। bad effects of a past event.

गोंदा$_{१}$ **/gõdɑ(gəlbə)/ –** [ना. *n.*] अप्ठ्यारो खालको अवस्था, स्थिति वा हालत। a predicament; a very difficult situation.

गोंदा$_{२}$ **–** [ना. *n.*] मृत्यु हुने समयावधि। the moment when one is dying. **~पे̰ल्न्य /pḛlnjə/–** [अ.क्रि. *v.i.*] त्यस्तो अवस्था पार हुनु। to overcome such a predicament.

गो */plv.* **(o)go**, *hmlv.* **rgo/ –** [ना. *n.*] **१.** ओखर, आरु इत्यादि फलहरूका हाडभित्र रहने खानयोग्य मीठो सारतत्त्व। the soft pulpy edible part of dry fruits like walnut, peach, etc.; flesh **२.** शरीरभित्र रहने शक्ति; बर्कत। energy. **३.** धन; सम्पत्ति। wealth; property.

गोएँ */plv.* **goẽ**, *krlv.* **gwɑn/ –** [ना. *n.*] **१.** वस्तुको नाप; लम्बाइ, चौडाइ र उचाइ। the length, breadth and height of sth; dimensions. **२.** परिमाण, लम्बाइआदिको नाप। the size, length, quantity of sth; measurement.

गोएँन्य */plv.* **goẽnjə** > *hmlv.* **rgoẽnjə/ –** [स.क्रि. *v.t.*] वस्तुको (ओजन, परिमाण, आयतन वा लम्बाइको) नाप लिनु; नाप्नु; तौलनु। to measure sth; to weigh sth.

गोए /goe/ – [ना. *n.*] **१.** थाहा नपाउने गरी अर्काको धनमाल हरण गर्ने व्यक्ति; चोर। a thief. **२.** [वि. *adj.*] (शरीर) स्फूर्ति नभएको; लोसे। sluggish; slack.

गोएसिन्य /goesɪnjə/ – [अ.क्रि. *v.i.*] अर्काको उन्नति र प्रगति देखेर लोभ लाग्नु; इर्ष्या गर्नु; राल काढ्नु; लोभिनु। to envy someone's success, progress, etc.; to covet sth.

गोखोर */plv.* **gokʰor**, *syn.* **nɑrsɪŋ**, *hmlv.* **kʰogor/ –** [ना. *n.*] थाल जस्तै चेप्टो आकारको दुबैपट्टि बिट उठेको कानमा लगाउने सुनको जनाना गहना; चेप्टे सुन। two pieces of flat gold jewelry worn by women on their ears.

गोगो नि लाँलाँव /gogo nɪ l̃il̃iwə/ – [वि. *adj.*] स्फूर्तिका साथ काम गर्न वा हिँड्न नसक्ने; स्फूर्ति नभएको; लोसे। physically inactive; lacking in vim and vigour.

गोथो */plv.* **gotʰo**, *tlv.* **zʰəke/ –** [ना. *n.*] गोठाला बस्नको लागि बनाइएको झुप्रो; गोठ। a shed or hut where a cowherd lives; a herdsman's cottage.


गोथो

गोद्द्या */slv.* **goddjɑ**, *plv.* **bʰurkɑunjɑ/ –** [ना. *n.*] **१.** काठको मुड्ग्रा (भुर्काउन्या) ले काठकै डल्लो (पुर्काउन्या) लाई हान्दै अर्को पक्षको गोलमा पुऱ्याएर बाजी जितिने एक प्रकारको परम्परागत खेल। a type of traditional game played between two teams, with wooden clubs and a ball. **२.** त्यसरी खेल्दा हानिने काठको मुड्ग्रो। a wooden club used in this game to hit a ball.

गोद्द्या

गोन्य /gonjə, *mḍ.* **sokke/ –** [अ.क्रि. *v.i.*] **१.** चोटपटक वा कुनै विकाररले शरीरको कुनै अङ्ग फुल्नु; सुन्निनु। (of body parts) to increase in size as a result of injury, infection, or other medical condition; to swell

२. रोटी पकाउँदा फुल्नु। (of roti bread) to puff up while being cooked.

गोम्फा /gomfa/ – [ना. *n.*] ☞ (**खोंपा /kʰõpa/**)

गोर[१] */plv.* **gor**, > *hmlv.* **zgor**, *slv.* **bara/** – [ना. *n.*] तस्बिर, ऐना, ढ्याङ्ग्रो, डम्फु आदिको चौघेरो; चौकोस; फ्रेम। the frame of mirror, *damphu*, *dhyāngro* (drum), etc.

गोर[२] */slv.* **gor**, *plv.* **mətʰə/** – [ना. *n.*] झाँक्रीको शव गाडिएको चिहानमाथि ढुङ्गा, माटो आदिको गारो लगाएर ठड्याइएको थुम्को। a burial shrine of a shaman.

गोराँता /gorãta/ – [ना. *n.*] घरहरूका पङ्क्तिबीचको बाटो; गल्ली। a passage between houses; an alley.

गोरोन्सिन्य /goronsınjə/ – [स.क्रि. *v.t.*] झाँक्री-धामी बसालेर गौंडा, ग्रहदशा फाल्नु; धामी-झाँक्री बसाल्नु। to summon a shaman or witch doctor to invoke spirits.

गोर्खोना /gorkʰona/ – [ना. *n.*] घरको आसपासमा बाँकी राखिएको खाली जग्गा। an open space around a house.

गोला /gola/ – [ना. *n.*] **१.** अंशबण्डा गर्दा आफूतिर परेको चलअचल सम्पत्ति। movable or immovable parental property that one has got in their share. **२.** ढिकुटी खेल्दा वा कुनै चिज जम्मा गर्दा आफ्नो तर्फबाट हाल्नु पर्ने भाग। the amount of money that one contributes to the treasury or to a common fund. **३.** वायु जम्मा भएर हुने पेटको वायुगोला; गानु। gastritis. **४.** अरिङ्गाल, कमिला आदि एकै ठाउँमा झुम्मिएको बाक्लो हुल। the swarm of bees, hornets, etc. **५.** बाँडफाँड, लेनदेन, छनोट वा चुनाव आदिमा सामान्य प्रकारले छिनोफानो हुन नसक्दा निर्णयको लागि प्रयोग गरिने मिल्दोजुल्दो पद्धति वा उपाय; चिट्ठा। some measures adopted to reach a decision in order to finalise a dispute; lottery; the luck of the draw.

गोलाःगोलाःव /golaːgolaːwə/ – [वि. *adj.*] (चिज) कुहिएर वा हिलाम्मे भई मुछिएको। muddy.

गोलाःल मेलाःल माहुव /golaːlə melaːlə maɦuwə/ – [वि. *adj.*] (मानिस) खासै महत्त्व नभएको; खास विषय वा कुरामा गन्तीमा नआउने; महत्त्वहीन। (of people) worthless; insignificant.

गोलोंन्य /golõnjə, *mḍ.* **kʰorɦoke, dʒʰalke/** – [अ.क्रि. *v.i.*] कुनै वस्तु पल्टिँदै अगाडि वा ओह्रालोतिर बढ्नु; गुड्नु; पल्टनु। to roll down; to tumble down.

गोल्न्य /golnjə/ – [अ.क्रि. *v.i.*] घोप्टो परेर चारवटै हात र खुट्टाले एकैसाथ टेक्नु; चौपाया जनावरले टेके जस्तै गर्नु। to crawl.

गोल्सिन्य /golsınjə/ – [अ.क्रि. *v.i.*] बिहान प्रस्थान गरी गन्तव्यमा पुगेर सोही दिनमै प्रस्थान बिन्दुमा फर्केर आइपुग्नु; एकै दिनभित्र पुग्नुपर्ने ठाउँमा पुगेर पनि फर्केर आइपुग्नु। to arrive in the place from where you started your journey on the same day.

गोहारिन्य /goɦarınjə/ – [स.क्रि. *v.t.*] **१.** आपद-विपद पर्दा सहयोगको लागि अरूलाई पुकार गर्नु; मद्दत माग्नु; हारगुहार माग्नु। to call out someone for help. **२.** कसैको पछिपछि लागिरहनु; पिछा गर्नु; पछ्याउनु। to follow someone.

गोह्या /goɦja/ – [ना. *n.*] शारीरिक प्रकृतिसँग नमिल्दो दोष, विकार वा बिग्रँदो स्थिति; बिमारी; रोग। illness; sickness; disease.

ग्याँन्य /gjã(ŋ)njə/ – [स.क्रि. *v.t.*] कुनै चिजलाई दुईतिरबाट समाएर उचाल्नु; कतै लाने वा पुऱ्याउने उद्देश्यले लामो काठ, डन्डी

आदिमा झुन्ड्याएर बोक्नु। to lift sth from two sides; to lift sth with the help of a pole.

ग्याग्यागिगीःव /gjagjagɪgĭwə, *syn.* **gagaː gugŭwə/** – [वि. *adj.*] ठन्डी वा लोसेपनले गर्दा हात, गोडा राम्ररी चलाउन नसक्ने; मन्द गतिमा चलखेल गर्ने। unable to feel or have sensations as a result of extreme cold; numb.

ग्यारगुर /*plv.* **gjargur**, *slv.* **dundɪ/** – [ना. *n.*] निधारमा अडिने गरी बाँधेर दुबैतिरबाट दुई वटा गजाले बजाइने छालाले मोहोरिएको मादलभन्दा छोटो खरी नराखिएको एक वाद्य। a drum smaller than a *mādal* which is secured on one's forehead with a strap and hit with two sticks.

ग्यारगुर

ग्याःल्न्य /gjálnjə/ – [अ.क्रि. *v.i.*] कुनै वस्तु केही ढल्कनु, निहुरिनु। to lean; to bend down.

ग्युँन्य /*plv.* **gjũnjə**, *hmlv.* **rgolwõnjə/** – [अ.क्रि. *v.i.*] कुकुरले भुक्नुको बाहेक अस्वाभाविक रूपले रोएजस्तो गरी कराउनु। (of dogs) to whine.

ग्वा /*hmlv.* **gwa**, *plv.* **jəm**, *mḍ.* **lam/** – [ना. *n.*] मानिस, जनावर, सवारी साधन आदि हिंड्नहिंडाउन बनाइएको आवतजावतको ठाउँ; मार्ग; सडक; बाटो। a path; a trail; a road.

ग्वाःग्वाःव /gwaːgwaːwə/ – [वि. *adj.*] ऊनमा रहेको डल्लो, गाँठोलाई हातले फुटाली खुकुलो पारिएको। (of wool) having no tangled knots; untangled.

ग्वार्वा /*hmlv.* **gwarwa**, *plv.* **padʒɪ/** – [वि. *adj.*] ढाँट कुरा गर्ने; सत्य नबोल्ने; असत्य कुरा गर्ने; ढँटुवा। not telling truth; liar.

घ

घर्त्तैःन्य /gʰĩtəˈːnjə/ – [अ.क्रि. *v.i.*] बिमारीले लामो समयसम्म सताउनु; थला पर्नु; बिमारले पिराउनु। to be bed-ridden; to suffer from illness for a long time.

घर्गर्तःव /gʰigɨtiːwə/ – [वि. *adj.*] **१.** (लाज लाग्दा, अरूले छाँस्दा, रिस उठ्दा) मुख रातो पिरो भएको। (of your face) red because you are angry, embarrassed or ashamed. **२.** प्रहार, चोटपटक आदिको कारणले शरीरका कुनै अङ्ग रातो भएको। (of body parts) red because of injury, burn, cut, etc. **३.** ठन्डी, जाडो आदिले कठ्याङ्ग्रिएको। numb because of extreme cold.

घर्त्त /gʰiti/ – [ना. *n.*] गेडागुडी पिस्न प्रयोगमा आउने, पानीको बेगले चल्ने परम्परागत ढुङ्गे मिल; घट्ट। traditional water mill, used for grinding grain through the energy produced by flowing water from a certain height to strike a runner.



घर्तिङ */krlv.* **gʰitɪŋ, ŋə̃ˈtiː, ŋəntiː,** *slv.* **ŋətɪŋ/ –** [ना. *n.*] कलिलो मुन्टो तरकारीको रूपमा खान हुने रुचिकर अग्निवर्धक वैज्ञानिक नाम Urtica doica Linn भएको बिझाउने, पोल्ने एक वनस्पति; सिस्नो। Himalayan nettle.

घर्तिन्य /gʰitɪnjə/ – [अ.क्रि. *v.i.*] आकार, आयतन, गुणस्तर आदि कुनै कुरामा कमी आउनु; कम हुनु; घट्नु। to be smaller in size, amount, degree, quality, etc.; to reduce or diminish.

घर्रिप /gʰirɪp/ – [क्रि.वि. *adv.*] **१.** चपाउने काम वा चपाउँदा आवाज आउने किसिम; कुनै कडा चिज दाँतले कुड्क्याउने चालमा। with a sound of biting sth hard. **२.** कुनै काम धेरै जना लागेर वा एकैसाथ तुरुन्तै सम्पन्न गर्ने गरेर। in the manner of completing a task working together.

घर्री /gʰirɪ, *mḍ.* **mətʃɑ/ –** [ना. *n.*] चिल्ला बोट र लामा-फराकिला पात भई ठूला कोसा लाग्ने नरम र गुलियो स्वाद हुने एक फल; केरा। a long curved fruit with a yellow skin and soft, sweet white flesh inside; banana.

घर्तिर्त /gʰirtɪʔ/ – [ना. *n.*] विचार-विवेचनार्थ रचिएको गाथा; विभिन्न दृष्टिकोण र विविध ढङ्गले सैद्धान्तिक सन्दर्भ प्रस्तुत गर्ने घटनात्मक वर्णन; घटना वा आख्यान भएको रचना; कहानी; कथा। a narrative; a legend; a chronicle; an anecdote; a lore, a story. **~भान्य /dʒʰɑʔnjə/–** [स.क्रि. *v.t.*] कथा सुनाउनु वा भन्नु। to narrate a story.

घर्त्ती /gʰirtiː/ – [ना. *n.*] अठाह्र मगरात मगर जातिको चार प्रमुख थर (बुढा, पुन, रोका र घर्ती) मध्ये एक; घर्ती थर; घर्तीमगर। one of the four major *Athāhra Magarāt* clans, others being *Budha*, *Pun* and *Roka*; *Gharti Magar*.

घर्लिन्य /gʰɨrlɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** प्रसवपीडाले लामो समयसम्म सताउनु; लामो समयसम्म सुत्केरी बेथा लागिरहनु। to be in labour for a long time. **२.** लामो समयसम्म बिरामी भई थला पर्नु; रोगशय्यामा पल्टने हुनु; कुनै बिमारले लामो समयसम्म सताउनु। to be confined to bed for a long time; to be bedridden.

घग /gʰəgə/ – [क्रि.वि. *adv.*] बिहानी समयको शुरुवात हुनासाथ; एकाबिहानै; सखारै; सबेरै। early morning; at first light; at a dawn.

घगरान /gʰəgərɑn(o), *syn.* **gɨrdʒju/ –** [वि. *adj.*] (वस्तु) हेर्दैमा सुन्दर एवम् विशाल; भव्य। (of objects) splendid in appearance; gorgeous.

घचैःन्य /gʰətʃə̀ːnjə/ – [स.क्रि. *v.t.*] **१.** कसैको कारण आफूलाई दुःख पर्दा सम्बन्धितसँगै सो बारेमा दुखेसो पोख्नु; गुनासो गर्नु; पीडा पोख्नु। to express your grievance or grief. **२.** कसैलाई पश्चातापको अनुभूति गराउनु। to make sb regret.

घत /gʰət/ – [ना. *n.* / उमै.भे. *hmlv.*] ☞ (**गुदी /gudɪ/**)

घन्कुत /gʰənkut/ – [वि. *adj.*] **१.** जुवा, तासमा हारेर वा व्यापार व्यवसायमा ठूलो नोक्सानी व्यहोरेर सर्वस्वहरण भएको। bankrupt (because of gambling or loss in business). **२.** अस्तित्त्व समाप्त भएको; निमिट्याऱ्न। completely damaged or ruined. ~**ख्यान्य /kʰjɑnjə/–** [स.क्रि. *v.t.*] ठूलो नोक्सानीमा पुऱ्याउनु; सर्वस्वहरण गराउनु। to damage; to cause a great loss; to confiscate someone's whole property. ~**तान्य /tɑnjə/–** [अ.क्रि. *v.i.*] सर्वस्वहरण हुनु; ठूलो नोक्सानी व्यहोर्नुपर्ने हुनु। to have one's whole property confiscated; to be incurred with a great loss.

घन्चमन्च /gʰəntʃəmənt̪ʃə/ – [ना. *n.*] कसैको अगाडि अक्कर पर्ने गरी बस्ने काम; कसैसँग एकदमै टाँसिएर बस्दाको स्थिति। the situation in which people are crammed; an act of being crammed.

घन्कैःन्य /gʰənkəˈːnjə/ – [स.क्रि. *v.t.*] एकदम राम्रो र कुशलतापूर्वक कुनै काम वा कुरा फत्ते गर्नु; राम्ररी सम्पन्न गर्नु। to accomplish a task satisfactorily.

घन्चाँद्या /gʰəntʃɑ̃djɑ/ – [वि. *adj.*] अस्वाभाविक रूपले निधार उठेको; अग्लो निधार भएको। having a domed forehead.

घरनघात /gʰərəngʰɑt/ – [ना. *n.*] आफूले भने वा चाहेजस्तो गर्न गराउन गरिने दुराग्रह; ढिपी; हठ। stubbornness; pigheadedness. ~**ख्यान्य /kʰjɑnjə/–** [स.क्रि. *v.t.*] हठ, जिद्दी गरेर अरूलाई दिक्क पार्नु; करकापमा पार्नु। to irritate someone by insisting on sth; to put pressure on someone. ~**जैन्य /dʒəˈnjə/–** जिद्दी गरेर कसैलाई सताउनु; हठ गर्नु। to bother someone by insisting on sth; to be stubborn or obstinate. ~**लिन्य /lɪnjə/–** जिद्दी, हठ वा ढिपी नछोड्नु। not to give up stubbornness or obstinacy.

घराउँल्या /gʰərɑ̃ᵘljɑ/ – [ना. *n.*] दुई माना अटाउने भाँडो वा सो परिमाणको वस्तु। a pot that can hold two *mānās* of quantity or two *mānā*s of quantity.

घर्न्य */plv.* **gʰərnjə**, *slv.* **hrnjə**, *mḍ.* **rɑpke/ –** [अ.क्रि. *v.i.*] **१.** मनमा पीर पर्दा आँसु बगाउनु; रुनु। to shed tears; to cry; to weep; to sob; to lament. **२.** कसैको व्यवहारबाट ज्यादै दुखित हुनु; मनमा पिर पर्नु। to be hurt by someone's behaviour; to

be sad; to be worried. ३. कसैकोमा दुखेसो पोख्नु; दुःख पुकार गर्नु; मनको पीडा पोख्नु। to share your feeling with sb; to pour your heart out to someone.

घर्लेःसिन्य /gʰərləːsɪnjə/ – [अ.क्रि. *v.i.*] कसैको जिउमा जोडिएर मायाले लडिबुडि खेल्नु। (especially of children) to play on someone's lap or touch them in a playful manner.

घलैःन्य /gʰələ̀ːnjə/ – [स.क्रि. *v.t.*] कुनै काम कुरा गर्न करकापमा पार्नु; कर लाउनु; क्यै काम गर्न फकाइफुलाइ गर्नु वा दबाब दिनु। to press, urge or coax sb to do sth.

घल्सिन्य /gʰəlsɪnjə/ – [स.क्रि. *v.t.*] कुनै कामकुरा शुरु गर्न, सिध्याउन वा कतै जान चटारिनु; हतारिनु; हतार गर्नु। to hurry to begin, to complete sth or to go somewhere.

घसन /gʰəsən/ – [ना. *n.*] गोरुलाई नार्नुपूर्व खुवाइने घाँस, पराल, दाना आदि। fodder fed to oxen before they are taken out to plough the field.

घस्कैःन्य /gʰəskə̀ːnjə/ – [स.क्रि. *v.t.*] भाँडाबर्तनमा रहेको कस, फोहोर आदि हटाउन बेसरी दलेर, रगडेर सफा गर्नु; टल्कने गरी सफा पार्नु; माझ्नु; मस्काउनु। to scrub utensils clean.

घस्यौता /gʰsjoᵘta/ – [ना. *n.*] ☞ (**भ्यास्कता /dʒʰjaskəta/**)

घाँतो /gʰɑ̃to/ – [ना. *n.*] पूजापाठमा बजाउन वा पशुको घाँटीमा बाँध्न प्रयोग हुने रालो ठोकिएर आवाज आउने एक वाद्य; घण्टी। a hollow open-ended metal instrument with a rounded top that produces a ringing sound when struck; a small bell.

घाँलुँ /gʰɑ̃lũ(ŋ)/ – [ना. *n.*] बगरमा पाइने एक प्रकारको रातो रङको गहुङ्गो ढुङ्गो। a type of deep red stone found on the river bank; iron stone.

घा /*slv.* **gʰa**, *hmlv.* **bja**, *nblv.* **wja**, *glv.* **rwjạ**, *plv.* **rjạ**/ – [ना. *n.*] घुँडादेखि माथि जाँघसम्मको मांसपेशी बढी भएको डोलो भाग; साँप्रो; तिग्रो। the top of the leg between the knee and the hip; a thigh.

घाइँगुइँ /gʰɑ̃ˈgũˈ/ – [ना. *n.*] ☞ (**आइबाई /aˈbaˈ/**)

घाइगुइ /gʰaˈguˈ/ – [ना. *n.*] कुराकानी; बोलीचाली; बोलचाल। talk; conversation.

घाई /*plv.* **gʰaⁱː**, *ulv.* **mã**, *hmlv.* **por**, *glv.* **maˈ**, *llv.* **mạ̃**, *slv.* **hɪnaˈ**/ – [ना. *n.*] चोटपटक, आघात, प्रहार आदिले रगत निस्केको शरीरको कुनै भाग; कुनै विकारले निस्केको चोटपटक; घाउ। a wound; a lesion; injury; hurt.

घाए /gʰaᵉ/ – [ना. *n.*] बोलचाल वा कुराकानीको शुरुवात गर्ने काम; कुराको थालनी, उठान। an act of starting conversation; the beginning of a talk.

घाखाम /gʰakʰam, *syn.* **bərã/** – [ना. *n.*] "घा" को अर्थ साँप्रो (फिलो) र "खाम" को अर्थ जोर्नी भई बनेको दुई साँप्राको जोर्नी भनेर अर्थ दिने शब्द; दुई साँप्रा जोडिएको शरीरको अङ्ग। the part of the human body where the legs join the trunk; crotch.

घागरी /gʰagɨriː/ – [ना. *n.*] धातुको पानी बोक्ने भाँडो; गाग्री। a water vessel made of copper, brass, etc.

घागरी

घागरा */plv.* **gʰagəra**, *hmlv.* **gʰamər/** – [ना. *n.*] केटीहरूले कम्मरदेखि मुनितिर बाँधेर लगाउने प्रायः घुँडासम्म छुने मुजा भएको पोशाक; जामा। a frock.

घाछुम /gʰatʃʰum/ – [ना. *n.*] दुई "घा" (साँप्रो) जोडिएर "छुम" (ओखल) अर्थ लाग्ने शरीरको अघिल्लो अङ्ग; यौनाङ्ग रहने शरीरको अगाडिपट्टिको भाग। the front part of the body around the genitals; loin.

घात /gʰat/ – [ना. *n.*] धेरै अवसरहरू प्राप्त गर्नसकिने उपयुक्त थलो; सुगम ठाउँ। a place where all sorts of facilities are available; an accessible place.

घातः /gʰatʔ/ – [ना. *n.*] नदी तर्नको लागि वारपार कसिएको डोरी वा फलामको लट्ठा; तुइन। a twine bridge.

घातराँ /gʰatərã/ – [ना. *n.*] दुई गोडा फुकाउँदा हुने बीचको खाली भाग; टाङ। the space between two legs.

घाताःघुत /gʰataːgʰut/ – [वि. *adj.*] बिमारले ज्यादै सताएर मर। roasted, beaten at a time. **२.** जमातका सबैलाई एकसाथ हचुवामा दिइने सजाय। wholesale punishment. **३.** कसैले गरेको कुकर्मबापत पाउने सजायमा निर्दोष पनि पर्ने स्थिति। the situation when you are punished for others' crime.

घान्जरा /gʰandʒəra/ – [ना. *n.*] ओखरको भित्रिपट्टि रहेको खान हुने स्वादिलो गुदी। the meat of walnut.

घान्य /gʰanjə, *md.* **ɖʰake**, **dʒoske/** – [अ.क्रि. *v.i.*] आगाले पोलिएर अँगार वा खरानी हुनु; डढ्नु; जल्नु। (of fire) to burn to ashes.

घाप /gʰap/ – [ना. *n.*] पाइलो सार्दा एकपल्टमा गोडाले नाघ्ने दुरी; कदम; फड्को। the distance covered in a single step or stride; a pace. > **घापघाप /gʰap-gʰap/**– लामालामा फड्कामा छिटोछिटो पाइलो सार्ने काम; टुइँकाइ; कुदाइ। an act of striding; stride; a pace. > **घाप्न्य /gʰapnjə/**– [स.क्रि. *v.t.*] टाडमुन्तिर पारेर कौ चिजलाई नाघेर जानु; नाघ्नु। to jump over sth. > **घापघाप लिन्य /gʰap-gʰap lɪnjə/**– छिटोछिटो पाइला सार्नु; टुइँकनु। to stride; to take to your heels.

घाप्यागुपी /gʰapjagupiː/ – [ना. *n.*] बालकले भर्खरै पाइलो सार्नलाग्दाको हिँडाइ; बामे सराइ; बिस्तारैको हिँडाइ। a gait with short unsteady steps; a toddle.

घाम$_{१}$ /gʰam/ – [ना. *n.*] सूर्यबाट पाइने तापयुक्त राप; घाम; धूप। sunlight; sunshine; daylight. ~**तान्य /tanjə/** – [अ.क्रि. *v.i.*] उष्णता बढ्नु; तातो हुनु; गर्मीको महसुस गरिनु। to feel hot. ~**मुइँसिन्य /mũˈsɪnjə/**– [स.क्रि. *v.t.*] घाममा आफूलाई सेकाउनु; घाम ताप्नु। to bask in the sunshine: to sunbathe. ~**जोरो /dʒoro/**– [ना. *n.*] गर्मीको समयमा हुने काम्ने बिमारी; कामज्वरो। malaria > **घामसोता^{१} /gʰamsota/** – काम वा धपेडीको कारण पसिनै पसिनाले निथ्रुक्क हुने स्थिति। the situation when you are drenched with sweat. > **घामसोता^{२}**– प्रश्नको जवाफ दिन नसकेर हुने लाजमर्दो स्थिति। the situation when you are embarrassed because you are unable to answer the questions.

घाम$_{२}$ /gʰam, *md.* **kʰantʃə/** – [ना. *n.*] तातोपन; ऊष्णता; गरम; गर्मी। having high temperature; hot.

घार */plv.* **gʰar**, **tʰana**, **rɪbɪ**, *krlv.* **tuŋ/** – [ना. *n.*] फलफूल अन्नपात आदिको बोट। plants, fruit trees.

घाराःगोरो /gʰaraʔgoro/ – [ना. *n.*] गन्तव्य वा लक्ष्यमा नपुग्दै वा उद्देश्य प्राप्तिमा असफल भई फर्किनुपर्ने हुने स्थिति। a condition of withdrawal resulting from failure to achieve success.

घारिताउ /gʰarɪtaᵘ/ – [वि. *adj.*] **१.** (स्थान) आफू रहेभन्दा मास्तिरको; माथितिरको। (of location) located above sth. else; upper. **२.** उमेर, दर्जा आदिले माथिको; जेठो, अग्रज। elder; senior; higher-ranking

घार्ज्या/gʰardʒja/–[ना.*n.*] गर्नसकिँदा सकिँदै बाँकी राखिएको कुनै काम; अधकल्चो काम। a piece of incomplete or unfinished work.

घालामेला /gʰalamela/ – [ना. *n.*] छुट्याउन नसकिने वा मुस्किल पर्ने गरी मिसिने/मिसाउने काम; घ्यासमिसको स्थिति। combination of different things; mixture; muddled mass; conglomeration.

घाल्यापगःलिप /gʰaljapgɨlɪp/ – [ना. *n.*] पहिरो, मान्छेको हुल, माहुरीको बगाल आदिले कुनै चिजलाई एक्कासि ढाक्ने अवस्था। the situation when sb/sth is engulfed by the landslide, crowd, swarm of bees, etc. ~**राल्न्य /ralnjə/**– [अ.क्रि. *v.i.*] बाढी, पहिरो, हुल आदिले एक्कासि ढाक्नु वा छोप्नु। to be engulfed by the landslide, flood, etc.

घासिउ /gʰasɪᵘ/ – [वि. *adj.*] **१.** बाक्लो, गाढा रङको; कालो। having the darkest colour; black. **२.** [ना. *n.*] बिमारी वा कुनै बिकारले शरीरमा देखिने मलीनता, कालोपन, कान्तिहीनता। paleness or lack of lustre in face resulting from weakness, illness or physical disorder.

घिचा /gʰɪtʃa/ – [ना. *n.*] कुना वा सिरानतिर पर्ने भाग; कुना। a high land; edge; corner.

घिमगिमो /gʰɪmgɪmo/ – [वि. *adj.*] (ठाउँ वा भाँडो) गहिरो र खाल्डोखाल्डो परेको। (of places or pots) having the level lower than usual; depressed; dented.

घीःन्य /gʰĭːnjə/ – [स.क्रि. *v.t.*] कुनै सिङ्गो खानेकुरालाई अघिल्लो दाँतले अलिअलि गर्दै छुट्याउनु। to take small bites of food; to nibble.

घुँदा /gʰũda/ – [ना. *n.*] तिघ्रा र पिडौंलाबीचको अघिल्तिरको जोर्नी भाग; घुँडो। knee.

घुँद्या /gʰũdja/ – [ना. *n.*] आँख्ला ठूलो र ढुङ्ग्रो सानो भई गिद्रो निकाल्न गाह्रो हुने कमसल खालको निगाला। a type of coarse *nigālo* (with larger nodes and narrower hollow inside).

घुइरिउ /gʰuˈrɪᵘ/ – [वि. *adj.*] कुनै दुःख वा पिर परेर मनमा शान्ति नभएको; व्याकुल; शोकाकुल। mournful; bereaved; grief-stricken

घुःर /gʰuʔr/ – [ना. *n.*] **१.** बाच्छाबाच्छी राख्न बनाइएको मुख्य कोठाको सिरानतिरको थप कोठा; कोठाको कुनातिर पर्ने खाली भाग। an additional room built beside the main room of the house where calves are kept. **२.** सम्पत्ति बचत गर्ने काम वा ठाउँ; फारो गर्ने प्रवृत्ति। a financial saving, or an attempt to reduce expenditure; economy; thrift.

घुगुतूःव /gʰgutʊːwə/ – [वि. *adj.*] **१.** जाडोले कठ्याङ्ग्रिएको। numb with cold. **२.** शिर निहुराएर बसेको। with your head hanging; (of your head) droopy.

घुतीःन्य /gʰutĭːnjə/ – [स.क्रि. *v.t.*] चिल्लो, चम्किलो बनाउन वा सफा पार्न कडा वस्तुलाई आपसमा रगड्नु; घोट्नु। to scrub sth clean in order to shine it.

घुदू /gʰudʊ/ – [क्रि.वि. *adv.*] ☞ (**घोरोम /gʰorom/**)

घुनिसो /gʰunɪso/ – [वि. *adj.*] (सिस्नो) पकाउँदा मसिनो हुने गरी घोटिने खालको; राम्ररी घोटिएको। (of nettle) well-cooked and smooth.

घुमैःन्य /gʰumɜ̀ˈːnjə/ — [स.क्रि. *v.t.*] (चिज) घुम्ने बनाउनु; घुमाउनु। to rotate or spin sth.

घुम्च /gʰumtʃə/ – [ना. *n.*] बर्षात्मा ओढ्नको लागि बाख्राको ऊनद्वारा बनाइएको ओढो।acovering made of goat fur/sheepwool. It is carried as a protection against rain.

घुम्न्य$_{१}$ /gʰumnjə, *mḍ.* kɑlə̰ke/ – [स.क्रि. *v.t.*] वाहन या यानमा चढ्नु; मास्तिर लाग्नु; उक्लनु। to get onto sth for a ride; to climb sth; to mount.

घुम्न्य$_{२}$ /gʰumnjə/ – [स.क्रि. *v.t.*] यौनसम्पर्कको लागि स्त्रीमाथि पुरुष वा पोथीमाथि भाले चढ्नु; यौन सम्पर्क गर्नु; खप्टनु। to mount sb/sth to copulate; to couple.

घुम्सिन्य */plv.* **gʰumsɪnjə**, *syn.* **neʔsɪnjə**, *glv.* **tʰɑsɪnjə**, *nblv.* **kʰəpsɪnjə/ –** [अ.क्रि. *v.i.*] यौनमिलाप गर्नु; रतिक्रीडामा संलग्न रहनु; सम्भोग गर्नु; शारीरिक सम्पर्क गर्नु; मैथुन गर्नु। to copulate; to couple; to mate.

घुरिगाँ /gʰurɪgɑ̃(ŋ)/ – [क्रि.वि. *adv.*] चारैतिर घुमाउरो गरी घेरिने गरेर बसिने चालले; गोलाकार भई बस्ने गरी। in the manner of sitting in a circle.

घुरुम /gʰurum/ – [क्रि.वि. *adv.*] **१.** दमाहा, झ्याम्टो आदि गर्जने गरी बजाएर। in the manner of beating the *damāhā*, drums, playing the cymbals, etc. loudly. **२.** [ना. *n.*] धेरै बाजाहरू एकैचोटि बजाउँदा निस्कने आवाज। the sound from several musical instruments when they are played at the same time.

घुरूल */plv.* **gʰurʊl**, *hmlv.* **rgʰul/ –** [ना. *n.*] छाला वा रौंको जराजरामा पर्ने मसिनो बुरबुरे पाप्रो वा सेतो हलुका प्रकारको धुलो; चाया। dandruff.

घुर्का /gʰurkɑ < gʰur kwɑ/ – [ना. *n.*] बच्चालाई बोकिने कपडा, खास्टो। a piece of cloth used for carrying a baby (on one's back).

घुर्चैःन्य /gʰurtʃəˈːnjə/ – [स.क्रि. *v.t.*] (कुनै वस्तु वा व्यक्तिलाई) बलपूर्वक अगाडि ठेल्नु; घचेट्नु; धकेल्नु। to push sb or sth forcefully; to shove sb/sth.

घुर्न्य /gʰurnjə, *mḍ.* **buke/ –** [स.क्रि. *v.t.*] **१.** बोझ वा भारीलाई पिठ्युँमा लाद्नु; बोक्नु। to load or to carry sth on your back. **२.** (कुनै चिजलाई) एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउनु; ओसार्नु। to carry or fetch sth. **३.** जवाफदेहिता लिनु; वहन गर्नु। to take responsibility. **४.** लोग्नेबाट नभई अरूबाट अवैध गर्भ बोक्नु। to be pregnant by other than one's own husband. **५.** वादविवाद, मुद्दा-मामिला आदिमा कसैको पक्ष लिनु; पक्षपात व्यवहार गर्नु। to prejudice (against sb/sth).

घुर्रा */plv.* **gʰurrɑ**, *slv.* **bʰun/ –** [ना. *n.*] घरपालुवा जनावरलाई खुवाउन र ओछ्याइदिन हिउँदमा काटिने सुकेको घाँस। the grass cut in the winter when it is dry. It is used as fodder or bedding for cattle.

घुल$_{१}$ **/gʰul/** – [ना. *n.*] सुतेको अवस्थाको ओढ्ने-ओछ्याउने भित्रको ठाउँ। a warm bed covered with a quilt, blanket.

घुल$_{२}$ – [ना. *n.*] ☞ (**ऊल /ʊl/**)

घुसा /gʰusɑ/ – [ना. *n.*] (कसैलाई प्रहार गर्न) कसेर बटारिएको मुट्ठी; मुक्की; मुड्की। a clenched fist.

घुसुरी */nblv.* **gʰusurɪ**, *md.* **rẽ/** – [ना. *n.*] आठवटा खुट्टा, च्याप्न र दुईवटा सूँडजस्ता अङ्ग हुने, पानीको छेउछाउ कापहरूमा बस्ने जलजीव; गँगटो। a water animal that has five pairs of legs and a round flat body covered by a shell, or its flesh eaten as food; a crab.

घुसुरी

घें$_{१}$ */plv.* **gʰẽ**, *syn.* **gʰeŋ**, *glv.* **dʰẽ**, *slv.* **ɦɪŋ/** – [ना. *n.*] जोत्नको लागि सुमरेर बलिष्ठ राखिएको बहर; गोरु। a bull that has been castrated and trained for pulling farm equipment, etc.; an ox.

घें$_{२}$ – [ना. *n.*] आफ्नो हितको बारेमा क्यै नजान्ने; अबुझ; सोझो। gullible; unwise; thoughtless.

घेप्पा */tslv.* **gʰeppɑ**, *plv.* **gʰeppu**, **gʰjowə**, *llv.* **bədʒər**, *mslv.* **gepfaᵘ**, *ulv.* **bədɑkʰɪntɑ/** – [वि. *adj.*] **१.** आकारप्रकार, लम्बाइचौडाइ वा उचाइमोटाइ आदिमा बढी; ठूलो। big; huge; large. **२.** आफूभन्दा पहिले जन्मेको; जेठो; अग्रज। elder. **३.** विशेष महत्त्व भएको; मान, मर्यादा, इज्जत, पद आदिमा बढी। respected; honourable; senior.

घेस /gʰes/ – [ना. *n.*] घच्च पर्ने ठाउँमा क्यै चिज राखिराख्ने वा थन्क्याउने काम। an act of placing/keeping things that may obstruct or interrupt others.

घैंदी नि बैंदी /gɨˈdɪ nɪ bɨˈdɪ/ – [ना. *n.*] (घाउ हुनु, कुनै घटना आदि घटनु) नाहकमा; कुनै कारणविना नै। with no clear reason.

घैंती /gʰɔ̃ˈtiː/ – [ना. *n.*] जाँड, रक्सी राख्न प्रयोग हुने मझौला खालको मुख साँघुरो भई पेट फुकेको माटाको भाँडो; माटोको गाग्रो। an earthen pot which is used to store liquor.

घैंते */llv.* **gʰɔ̃ˈte**, *tslv.* **tʰɑpəljɑ/** – [ना. *n*] लिङ्गका टुप्पाको छालाविहिन भाग। the end of the man's penis without foreskin.

घैंन्य /gʰəˈʔnjə/ – [अ.क्रि. *v.i.*] लामो समयसम्म बिरामी भई थला पर्नु; रोगले धेरै दिनसम्म सताउनु। to be bedridden or to suffer from illness for a long time.

घैरा /gʰəˈrɑ/ – [ना. *n.*] दुई डाँडाबीचको होचो परेको भूभाग; गहिरो। ravine.

घोंत्या /gʰõtjɑ/ – [वि. *adj.*] **१.** शरीर सम्बन्धी विकार, बुढ्याइँ वा कुनै कारणले गर्दा कम्मर सीधा हुन नसक्ने; कुप्रो; कुप्रिएको। stooped; hunched. **२.** (चिज) कुप्रो या निहुरिएको। (of objects) crooked; bent. > **घोंत्यास्न्य /gʰõtjɑsnjə/**– [अ.क्रि. *v.i.*] (शरीर) कुप्रो पर्नु; (चिज) बाङ्गिनु; कुप्रिनु। to stoop; to bend.

घोएँ /gʰoẽ/ – [ना. *n.*] ☞ (**खुस /kʰus/**)

घोएन्य /gʰoenjə/ – [स.क्रि. *v.t.*] **१.** तीखो वस्तुलाई कतै जोडले पसाल्नु; घोच्नु। to penetrate, pierce or gouge sth. **२.** पक्षीको चुच्चोले घोप्नु; ठुङ्नु। (of birds) to peck at sth. **३.** [अ.क्रि. *v.i.*] कसैको गणना वा गन्तीमा आउनु; आफ्नो महत्त्व अरूले थाहा पाउनु; कहीं, कतै वा कुनै कामकुरा आदिमा अरूले आफ्नो खास महत्त्व वा स्थान रहेको ठान्नु। to be counted worthy or important.

घोगा /gʰogɑ/ – [ना. *n.*] अग्लो र सुलुक्क परेको

ठिङ्गो बोट हुने, घोगा बाहिर खोस्टाले ढाक्ने र टुप्पामा जुँघा लाग्ने, खोयामा गेडा फल्ने प्रसिद्ध अन्न; मकै। maize; corn. ~**पुल /pul/–** [ना. *n.*] मकैको घोगामा दाना अडिने खोप्लाखोप्ला भएको हाडे अंश; खोयो। the hard core to which individual kernels of corn are attached; cob.

घोगोतो /gʰogoto/ – [ना. *n.*] **१.** जाडोले कठ्याङ्ग्रिएर बसिरहने अवस्था। when you are freezing or numb with cold. **२.** एक्लै थुपुक्क बसिराख्ने चाल। when you sit without any movement.

घोतो */plv.* **gʰoto, sudʰuriː, səbá, siː,** *slv.* **gʰoe, bʰɪrɑ/ –** [ना. *n.*] दिवङ्गत आत्माको शान्ति र सद्गतिको लागि गरिने धार्मिक अनुष्ठान; श्राद्ध। funeral rites; commemorative rites in commemoration of a dead person.

घोदोल्या /gʰodoljɑ/ – [वि. *adj.*] ☞ (**स्यानाःसिनुःव /sjɑnɑːsɪnuːwə**)

घोन /gʰon/ – [ना. *n.*] ☞ (**खुस /kʰus/**)

घोन्य /gʰonjə, *syn.* **gʰosɪnjə,** *md.* **koɦoke/ –** [स.क्रि. *v.t.*] **१.** कुटो-कोदालोले माटो वल्टाइपल्टाइ गर्नु; जमिन खनीखोस्री गर्नु; खन्नु। to dig the earth for cultivation; to till. **२.** कसैलाई लगाएको गुन गनिरहनु; गुन खन्नु। to chew over the help or succour that you have given to someone.

घोप्त्या /gʰoptjɑ/ – [ना. *n.*] घरको तल्लो कोठाबाट माथिल्लो कोठामा प्रवेश गर्ने भऱ्याङको शिरमा लगाइने ढोका। the door that opens to the first floor (on the level of the floor).

घोम /gʰom/ — [ना. *n.*] तल्लोपट्टि वा भुइँतिर निहुरिएको शरीर; झुकेको शरीर। stooped body. ~**लिन्य /lɪnjə/–** [अ.क्रि. *v.i.*] निहुरिनु; घोप्टो पर्नु; उभिन्डिनु। to bend; to stoop; to hang. ~**जैन्य /dʒəˈnjə/–** [स.क्रि. *v.t.*] निहुऱ्याउनु; घोप्टो पार्नु; उभिन्डयाउनु। to cause to bend.

घोर */plv.* **gʰor,** *slv.* **ɦor, wor/ –** [ना. *n.*] जमिन जोत्न प्रयोग हुने काठको साधन; हलो। a (wooden) plough. ~**स्याः /sjá/–** हलोले जोत्दा खाल्डो पर्दै गएको भाग। furrow.

घोरल्याँ(ङ) /gʰorljɑ̃(ŋ)/ – [क्रि.वि. *adv., n.*] एकैपल्ट झ्याल-ढोका आदि खोल्दा आउने आवाजसँग; घच्याक्क पारेर। (of opening doors/windows) with a jerk; jerkily.

घोरोम /gʰorom, *syn.* **gʰudʊ/** — [क्रि.वि. *adv.*] पर्खाल, भित्तो आदि ठड्याइएको वस्तु वा उभिएको वा बसेको स्थितिबाट एक्कासि ढल्ने किसिमसँग; ग्वार्लम्मि। in the manner of falling all of a sudden or collapsing. ~**धःलिन्य /dʰɨlɪnjə/–** [अ.क्रि. *v.t.*] भुइँमा बजारिने गरी ढल्नु। to fall to the ground with a bang; to collapse.

घोर्को /gʰorko > gʰorko-gʰorko/ – [क्रि.वि. *adv.*] भिडभाड भएर वा ठूलो सङ्ख्यामा भिड थुप्रिएर; अनावश्यक हुल बढ्ने ढङ्गले। in the manner of crowding somewhere.

घोर्लेःन्य /gʰorlèːnjə/ – [स.क्रि. *v.t.*] कुनै चिजभित्र लामो चिज छिराएर चलाउनु; घोच्नु। to poke with a role, pole, etc.

घोस */plv.* **gʰos,** *glv.* **gwəjɑ̣/ –** [ना. *n.*] नसालु खालको मह पार्ने एक प्रकारको जङ्गली मौरी; भिरमौरी। rock/wild bee. ~**राप /rɑp/–**

भिरमौरीको मह । rock/wild honey.

घोसिन्य /gʰosɪnjə/ – [स.क्रि. *v.t.*] ☞ (**घोन्य /gʰonjə/**)

घोसो /gʰoso/ – [वि. *adj.*] **१.** जसलाई पायो त्यहीमाथि जाइलाग्ने। (of people or domestic animals) aggressive. **२.** सानातिना कुरामै रिसाइहाल्ने; आक्रामक; रिसाहा; क्रोधी । aggressive; unruly; ferocious.

घोसोरोप /gʰosorop, *syn.* **gʰwas/ –** [क्रि.वि. *adv.*] कमलो, नरम वस्तु वा प्वाल आदिमा दरो वस्तु एकैचोटि पस्ने, गाडिने वा छिर्ने ढङ्गले; ल्वाम्म; स्वाट्ट । in the manner of penetrating sth at once.

घोस्न्य /gʰòsnjə/ – [स.क्रि. *v.t.*] जो पायो त्यहीमाथि जाइलागिहाल्नु; साह्रै क्रोधित भएर आक्रमण गर्नु। to attack someone violently; to assault.

घ्याँ */plv.* **gʰjã(ŋ)**, *glv.* **gʰəljaŋ**, *slv. & hmlv.* **gəlã/ –** [वि. *adj.*] (बाटो वा वस्तु) उकालोओरालो नभएको; तेर्छो; तेर्सो। (of roads, trails or objects) straight.

घ्याँता /gʰjãta/ – [ना. *n.*] तेर्सो गरी रहेको वा राखिएको वस्तुको स्थिति । when sth lies or is kept straight.

घ्याँसिन्य /gʰjãsɪnjə/ – [स.क्रि. *v.t.*] सुत्नको लागि बिस्तरामा पस्नु; ओछ्यान, खाट आदिमा सुत्न शुरु गर्नु; पल्टनु। (of people) to be or put yourself in a flat or horizontal position so that you are not standing or sitting; to recline; to lie in bed to sleep.

घ्या /gʰja/ – [ना. *n.*] बाह्र मगरात मगर तथा गुरुङ महिलाहरूले कपडाको दुई जोडी काँधमा अड्याई भिर्ने पहिरन; घलेक । a piece of cloth called *ghalek* worn over the shoulder by *Gurung* and *Bāhra Magarāt Magar* women.

घ्यासिन्य[1] /gʰjasɪnjə/ – घलेक पहिरिनु । to wear the *ghalek*.

घ्या?सिन्य[2] – [स.क्रि. *v.t.*] कुनै काम वा व्यवहारमा अरूभन्दा अघिअघि लागिपर्नु; अग्रसरता देखाउनु । to show eagerness to do sth.

घ्याप्न्य /gʰjapnjə/ – [स.क्रि. *v.t.*] मुखमा अटाउन नसक्ने सिङ्गो खाने वस्तुलाई एकातिरबाट अलिअलि गरी चपाउँदै, खाँदै गर्नु; चपाउनु; टोक्नु। to hold something tightly, tear something off, or cut through something using the teeth; to bite.

घ्यामर्‍या /gʰjamərja/ – [वि. *adj.*] अलिअलि रातो; अर्ध रातो । light red.

घ्यामो /gʰjamo, *md.* **gyatʃə/ –** [वि. *adj.*] **१.** सिन्दूर, रगतसँग मिल्ने रङको; रातो । red. **२.** [ना. *n.*] नेपालको राष्ट्रिय रङको रूपमा मानिएको सिम्रिक रङ। crimson; the national colour of Nepal. > **घ्याःम /gʰjà:m/–** [क्रि.वि. *adv.*] सर्वत्र रातैरातो हुने वा देखिने गरी । in such a way that it looks red everywhere.

घ्यास्यालघ्यास्याल /gʰjasjal-gʰjasjal/ – [ना. *n.*] अपाङ्गताको कारण असन्तुलित गतिमा हिँड्ने चाल; खोच्याङखोच्याङ। when you walk with a limp; limping.

घ्युँन्य /gʰjũnjə/ – [स.क्रि. *v.t.*] **१.** पक्षीहरू डरत्रासले हुइँकिएर उड्नु; वेगका साथ उडेर एक्कासि धेरै टाढाको दुरी पार गर्नु; बेग मार्नु । (of birds) to fly away; to take wing; to fly.

२. करकापमा परेर जोडका साथ कतै पुग्नुपर्ने हुनु। to go somewhere unwillingly.

घ्योव /gʰjowə/ – [वि. *adj.*] ☞ (**घेप्पा /gʰeppa/**)

घ्वाँ /gʰwã, *syn.* **gʰwaŋ/ –** [क्रि.वि. *adv.*] ☞ (**छ्वाङ/tʃʰwaŋ/**) ~**झाऽन्य/dʒaʔnjə/–** [स.क्रि. *v.i.*] गोप्य कुरा चुहाउनु; गोपनियता भङ्ग गर्नु। to leak sth (to sb). > **घ्वाँव**[१] **/gʰwãwə/–** [वि.*adj.*] **१.** दुलो वा छिद्र भएको; प्वाल परेको। having holes. > **घ्वाँव**[२]**–** सोचविचारै नगरी बोल्ने प्रवृत्तिको; प्याच्च बोल्ने। having the habit of speaking bluntly; blunt; straight-talking. **३.** मनमा गोप्य कुरा राख्न नसक्ने। bad at keeping secrets.

घ्वालो /gʰwalo/ – [वि. *adj.*] **१.** (प्वाल वा लगाउने वस्तु, खोल आदि); आवश्यकताभन्दा ठूलो आकारको; खुकुलो। (of holes, clothes, etc.) too large; voluminous; loose. **२.** (स्थान वा कोठा) चौडा; फराकिलो। wide.

घ्वास /gʰwas/ – [क्रि.वि. *adv.*] एक्कासि घोचिनपुग्ने ढङ्गले। in the manner of being pricked or pierced sth all at once.

ङ

ङरीःजि /*plv.* **ŋɨrĭːdʒɪ**, *glv.* **ŋədʒərəŋ**/ – [ना. *n.*] घृणित वस्तु देख्दा वा दुर्गन्धले नाकमुख खुम्च्याउने चाल; बेखुसी हुँदाको नाक-मुख खुम्च्याइ। an act of wrinkling your nose or furrowing it because of bad smell or you are unhappy.

-ङ /**ŋə**/ – [प्रत्य. *suff.*] शब्दको पछिल्तिर जोडिएर अर्थमा "मा" को भाव बुझाउने प्रत्यय। on.

ङजरङ /**ŋədʒərəŋ**/ – [ना. *n.*/ग.भे. *glv.*] ☞ (**ङरिःजी** /**ŋɨrĭːdʒɪ**/)

ङन/**ŋən**/ – [ना.*n.*/प.भे.*plv.*] ☞ (**गन**/**gən**/)

ङन्खर /**ŋənkʰər**/ – [ना. *n.*] खाना पकाउन प्रयोग गरिने तेल। cooking oil.

ङप /**ŋəp**/ – [ना. *n.*] मौन रहेको अवस्था; चुपचाप; मौन। silence; quietness.

ङम /(**r**)**ŋəm**/ – [ना. *n.*] (अमिलो, पिरो, तीतो, मीठो आदिको) जिब्रोले गर्ने अनुभव; स्वाद। taste. **-न्य–** [अ.क्रि. *v.i.*] मीठो स्वाद आउनु; स्वादिलो हुनु; मिठास आउनु। to be tasty. > **ङमो**[१] /**ŋəmo**, *mḍ.* **dʒɑptʃə**/– [वि. *adj.*] मीठो स्वादको; स्वादिष्ट; स्वादिलो; रसिलो। tasty; juicy; savoury. > **ङमो**[२]– मनपर्ने कुरा; प्रिय। a favourite thing.

ङम्सिन्य /**ŋəmsɪnjə**/ – [अ.क्रि. *v.i.*] **१.** कुनै कुरा वा चिजको आवश्यकताबोध हुनु। to realize the necessity of sth. **२.** अनुभव गरिनु; महसुस गर्नु, हुनु; ठान्नु। to experience or feel sth. **३.** मनले चाहनु वा रुचाउनु; मन पराउनु। to desire or like sth.

ङर /**ŋər**/ – [ना. *n.*] **१.** नाकद्वारा चाल पाउनसकिने बास्ना, सुगन्ध, गन्ध, दुर्गन्धि आदि। smell. **२.** गर्भवती महिलालाई हुने कुनै खानेकुराप्रतिको अरूचि। morning sickness. > **ङरो**[१] /**ŋəro**/– [वि. *adj.*] दुर्गन्धि फैलिएको; दुर्गन्धित; गह्नाएको। stinking. > **ङर्न्य** /**ŋərnjə**/– [अ.क्रि. *v.i.*] नराम्रो हरक आउनु; गनाउनु। to smell very unpleasant; to stink.

ङरेंङरें /**ŋərẽ-ŋərẽ**/ – [ना. *n.*] खासै थला नपरेर लगातार भइरहने रोग; रोगले जिम्लिएको व्यक्ति। slight illness that lasts over a long period or the person suffering from such illness.

ङरो /**ŋəro, dole, nəl, pɑtʰɑʔ, rɑ̃kʰjɑ**/ – [वि. *adj.*] आफ्नो भन्दा तल्लो जातिमा खसेको; जातिच्युत। so called lower caste among the *Magar*s.

ङर्गभ्याउँ /**ŋərgədʒʰjɑ̃ᵘ**/ – [ना. *n.*] धेरै जना एकैपल्ट तँछाडमछाड गरी बोल्दा, कराउँदा सुनिने कल्याङमल्याङ आवाज; होहल्ला; हल्लीखल्ली; कोलाहल। loud noise; commotion; tumult; uproar.

ङर्न्य[१] /**ŋərnjə**, *mḍ.* **ɑrkʰɪske**/ – [अ.क्रि. *v.i.*] **१.** दुर्नामी हुनु; बदनामी चल्नु; दुर्यश फैलनु। to fall into disrepute; to spread infamy. **२.** जातिच्युत हुनु; जात खस्नु। (of castes) to be degraded; to fall from one's caste.

ङर्न्य[२] – [अ.क्रि. *v.i.*] गर्भिणी अवस्थामा खानेकुराप्रति अरूचि जाग्नु। to suffer morning sickness.

ङला /ŋəlá/ – [ना. *n.*] आकाशतिर फर्केर हेर्ने काम। an act of turning your face upwards (towards the sky); an act of looking heavenwards.

ङःल्न्य /ŋə́lnjə/ – [अ.क्रि. *v.i.*] एकोहोरिएर वा वाल्ल परेर हेर्नु; जिल्ल पर्नु; एकोहोरिएर हेरिरहने हुनु; टोलाउनु। to be puzzled, to be at a loss; to stare.

ङस /ŋəs/ – [ना. *n.*/से.भे. *slv.*] ब्याजसहित फिर्ता लिने/दिने सर्तमा चलाउन दिइएको वा लिइएको धन; ऋण। a sum of money which is borrowed, often from a bank, and has to be paid back, you have to pay as a charge for borrowing; loan; something, especially money, which is owed to someone else, or the state of owing something; debt.

ङस्तर्तर /ŋəstərtər/ – [क्रि.वि. *adv.*] कसैको वास्ता नगरी ठाउँ ओगटेर बसिराख्ने चालमा। in the manner of sitting down heavily without taking care (for occupying a space).

ङ़त /ŋə̤tə̀/ – [ना. *n.*] तलमाथि टाउको हल्लाएर जनाइने सकारात्मक स्वीकृति; स्वीकृतिसूचक टाउको हल्लाइ। the movement of your head to show agreement; nodding. > **ङ़तङत$_1$ /ŋə̤tə̀-ŋətə́/–** टाउको हल्लाएर दिइने स्वीकृतिसूचक सङ्केत; सकारात्मक टाउको हल्लाइ। the indication of agreement by nodding your head. > **ङ़तङत$_2$–** बलपूर्वक आघात पर्दा हल्लन पुगेको शिर। the jerking movement of your head when you are shoved.

ङ़तत /ŋə̤tətə/ – [क्रि.वि. *adv.*] हलचल नगरी उभिराख्ने चालमा; ठिङ्ग। standing straight; standing motionless.

ङ़म /ŋə̤m/ – [ना. *n.*] **१.** क्रमिक अभ्यासले गर्दा बनेको स्वभाव वा व्यवहार; निरन्तरको अभ्यासद्वारा हुने असल वा खराब आदत; बानी। conduct; habit. **२.** मादक पदार्थको सेवन जस्ता कुलतमा लागेको बानी; लत; दुर्व्यसन। addiction. **–न्य^1–** [अ.क्रि. *v.i.*] आशक्त हुनु; लत बस्नु; बानी पर्नु वा बस्नु; दुर्व्यसनमा फस्नु। to be addicted. **३.** [ना. *n.*] यौनवासना, कुण्ठा वा चाहना। a very strong sexual desire; lust. **४.** कुनै विषयप्रतिको अत्यधिक आसक्ति; विचार अनुसारको क्रियाकलाप; लत; बानी। temptation; fixation; addiction; obsession. **–न्य^2–** [अ.क्रि. *v.i.*] चाल पाइसकेको स्वाद, सङ्गत आदितिर आकर्षित हुनु; पल्किनु। to be tempted (into sth or doing sth); to get a craving for; to be in the habit of.

ङ़र /ŋə̤r/ – [ना. *n.*] कुकुर, बिरालो आदिले रिसको सङ्केत दिने आवाज; ङ्वार्र; डुर्र। (of dogs and cats) snarl and growl.

ङ़लो /ŋə̤lo/ – [वि. *adj.*] सुतेको; निदाएको। asleep. > **ङ़ल्न्य /ŋə̤lnjə/–** [अ.क्रि. *v.i.*] निद्रा पर्नु; सुत्नु; निदाउनु। to sleep.

ङ़स का ङ़स /ŋə̤s kɑ ŋə̤s/ – [क्रि.वि. *adv.*] क्यै सोचविचारै नगरी खानेकुरा एकोहोरो रूपले खाइरहने चालमा। in the manner of eating continuously without looking anywhere; eating greedily.

ङाँ$_1$ */plv.* **ŋɑ̃**, *glv.* **ŋjɑ/ –** [सर्व. *pron.*] उत्तम पुरुषको एकवचबोधक सर्वनाम; "म"। first person singular subject pronoun; I. **~स /sə/–** [क्रि.वि. *adv.*] म स्वयम्सँग; म आफूसँग; मसँग। with me.

ङाँ$_2$ – [सर्व. *pron.*] नाम वा साइनोको अगाडि जोडेर सम्बोधन गर्दा बढी सम्मान र आत्मीयता

झल्किएको मानिने वा जनाउने सर्वनामरूपी उपसर्ग। prefix used with the names or terms of address to express respect and intimacy.

ङ्गँ₁ */plv.* **ŋą̃**, *hmlv.* **rŋã**, *glv.* **ɦã**, *md.* **(me)ger/** – [ना. *n.*] मुखाकृति; रुप; अनुहार; चेहरा। face; appearance; shape; countenance.

ङ्गँ₂ */plv.* **ŋą̃**, *md.* **dɩsja/** – [ना. *n.*] पानीमा रहने विविध जाति र आकारप्रकारको जलजीव; माछो। an animal which lives in water, is covered with scales, and which breathes by taking water in through its mouth, or the flesh of these animals eaten as food; fish. ~**बेन /ben/**– माछा राख्न प्रयोग गरिने चोयाको भाँडो। a small rectangular bamboo basket used to keep fish while fishing.

ङ्गाँबेन

ङ्गज़्यु /ŋazju/ – [ना. *n.*] (पुरुषले) आफूभन्दा कान्छोलाई सम्बोधन गरिने स्नेहबोधक शब्द; प्यारका साथ भाइलाई भनिने साइनो; भाइ। (males to males) a word used to address someone younger than you; brother (affectionately).

ङ्गन्य /ŋanjə, *md.* **kokke/** – [स.क्रि. *v.t.*] (प्राणी वा मानव) पालनपोषण गर्नु; हुर्काउनु; पाल्नु। (of animals and humans) to take care of; to bring sb up.

ङ्गमीं /ŋamĩ/ – [सर्व. *pron.* (*poss.*)] आफ्नो अधिकार वा स्वामित्त्वभित्रको जनाउने सर्वनाम; मेरो; आफ्नो। first person singular possessive pronoun; mine.

ङ्गसिउ /ŋasɪᵘ/ – [वि. *adj.*] खुवाइपियाइ गरी राखिएको; पालिएको; पाल्नु। domesticated; tamed.

ङ्गसिन्य /ŋasɪnjə/ – [स.क्रि. *v.t.*] जीवनयापन गर्नु; गुजारा चलाउनु; पेट पाल्नु। to mange one's livelihood.

ङ्गक /ŋą̈kə/ – [क्रि.वि. *adv.*] जुनसुकै चिज, बेला, व्यक्ति आदिको सामुन्ने; सम्मुखमा; अघिल्तिर; सामु; अगाडि। right in front of; straight ahead; before.

ङ्गकसै /ŋą̈kəsəˈ/ – [क्रि.वि. *adv.*] ठाउँ वा समयको थोरै अगाडि; केही अगाडितिर। to or at a point that is more distant in space or time; farther; further.

ङ्गका /ŋą̈ka/ – [ना. *n.*] **१.** माछाको पित्त। fish entrails. **२.** माछाको पित्तलाई पीठोसँग मुछेर सुकाई अरू समयमा तरकारीको रूपमा प्रयोग गर्न मिल्ने गरी बनाइने खाद्य। dried balls or powder made up of fish entrails and flour, stored for making boiled soup.

ङ्गङ /ŋą̈ŋə/ – [क्रि.वि. *adv.*] धेरै वर्ष पहिले; प्राचीन कालमा; परापूर्व कालमा; अगाडि नै; उहिल्यै। many years ago; a long time ago; earlier.

ङ्गजुँ /ŋą̈dʒũ/ – [ना. *n.*] माछाका ससाना बच्चा; भुरा। young fish.

ङ्गदा /ŋą̈da/ – [क्रि.वि. *adv.*] **१.** शुरुशुरुतिर; अगाडिपट्टि; अगाडि। in the beginning; in front of; before. **२.** उहिले। then, once upon a time; ages ago. **३.** पहिले। firstly; at first.

ङ्गदाकिन */plv.* **ŋą̈dakɪn**, *hmlv.* **fjãkɪn**, *nblv.* **mjãkɪn**, *slv.* **ɦaka/** – [क्रि.वि. *adv.*] शुरुदेखि नै; पहिल्यै वा अगाडिदेखि। from the beginning.

ङ्गसोल्या /ŋą̈solja/ – [ना. *n.*] सित्तैमा प्रयोग गरिँदै आएको अर्काको सामान; विना मूल्यमै प्राप्त

कुनै चिज; सित्तैको। sth without paying; sth free of cost; gratis thing.

डिम */hmlv.* **ŋɪm**, *plv.* **nɪm/** – [ना. *n.*] झ्यापुल्ले रौंले पूरै शरीर छोपिएको एक बनैया हिंस्रक जन्तु; भालु। a large, strong wild mammal with a thick fur coat that lives especially in colder parts; a bear.

डै /**ŋə'**/ – [ना. *n.*] ख्यालठट्टा वा सामान्य व्यवहार हुँदाहुँदै अनायास उत्पन्न हुन जाने रिस; पिर मान्ने काम; दुःखमनाउ। mental or emotional pain caused by sth unpleasant that has been said or done to you; wound; emotional pain (when sb goes beyond limits in course of kidding)

डैःन्य /**ŋə'ːnjə**/ – [अ.क्रि. *v.i.*] मन दुख्ने व्यवहार हुनु; दुःख मान्नु। to lose temper; to snap; to blow up.

ड़ैं */plv.* **ŋə̃'**, *md.* **lu/** – [ना. *n.*] ☞ (**गन** /**gən**/) ~**बारी** /**bariː**/– घरले चर्चेर, आँगनले ओगटेर बाँकी रहेको, घरको दायाँबायाँ र अगाडि-पछाडिको तरकारी खेती गर्न मिल्ने बारी वा जग्गा; करेसाबारी। kitchen garden.

ड़ैंती /**ŋə̃'tɪ**/ – [ना. *n.*] ☞ (**घतिङ** /**gʰɨtɪŋ**/) ~**झाँकरी**[1] /**dʒʰãkɨriː**/– कुनै कामको खास विशेषज्ञता हासिल नगरेको मान्छे; जानिटोपल्ने मान्छे। a person who dishonestly claims to be an expert. ~**झाँकरी**[2]– अपरिपक्व झाँक्री; सम्बन्धित ज्ञान नभएको झाँक्री। quack.

ड़ै /**ŋə̃'**/ – [ना. *n.*] **१.** घाँटीभन्दा माथिको अङ्ग; शिर; टाउको। the part of body above the neck that contains the eyes, nose, mouth and ears and the brain; head. **२.** लेख वा विषयको मुख्य नाम; शीर्षक। words written or printed at the top of a text as a title; title; heading; topic; banner (of news). **३.** शीर्षस्थ पद। high rank. **४.** खप्पर; कन्चट; मस्तक। the bones of the head, which surround the brain and give the head its shape; skull. > **ड़ैताउ**[1] /**ŋə̃'tɑᵘ**/– [वि. *adj.*] टाउकामा रहेको; शिरको। related to the head; of the head. ~**ड़ैताउ**[2]– कुनै कार्यालय वा सङ्घ सँस्थाको प्रमुख; पदले आफूभन्दा ठूलो मान्छे। chief; head; boss; senior.

डोइःन्य /**ŋoːnjə**/ – [अ./स.क्रि. *v.i., v.t.*] **१.** बाटो भुल्नु; बिराउनु; गन्तव्य हराउनु। to lose one's way; to get lost. **२.** अर्काको बहकावटमा लाग्नु; बरालिनु। to be misled; to wander.

डोए /(**r**)**ŋoe**/ – [ना. *n.*] ज्ञान गराउने मानसिक चेतना; होस् हवास्; सुद्धी। conscience. ~**म़ाउ** /**mɑ̰ᵘ**/– [वि. *adj.*] होस हराएको; सुद्धि गुमेको। having lost your conscience; out of your mind.

डोरान्जान /**ŋorandʒan**/ – [क्रि.वि. *adv.*] **१.** एकोहोरो चालले हेरिरहँदा वा टोलाउँदाको किसिम; ट्वाल्ल; जिल्ल; वाल्ल; ठिङ्ग। (of staring) with dismay, surprise or astonishment. **२.** ठिङ्ग उभिरहने वा बसिरहने चालले। (of standing or sitting) without any movement. **३.** (कुनै चिज) स्वाभाविक आकारभन्दा ठूलो भएर ठाउँ ओगट्ने गरी। (of objects) in the manner of occupying space more than required.

डोराःन्य /**ŋraːnjə**/ – [ना. *n.*] ☞ (**कोरोङ्न्य** /**koroŋnjə**/)

ड़ोन्य /**ŋo̰njə**/ – [स.क्रि. *v.t.*] **१.** गेडागुडीलाई हाँडी, कराही जस्ता भाँडामा हालेर सुख्खा रूपमा

भुट्नु। to roast maize, beans, etc. in an earthen pot called *hāndi,* etc. **२.** तेल, घ्यू आदिमा सागसब्जी, तरकारी आदि राखेर पाक्ने गराउनु; भुट्नु। to fry.

ङ्या /ŋjɑ/ – [ना. *n.* / ग.भे. *glv.*] ☞ (**ञ्ँ /ŋã**)

ङ्वारङ्वारो /ŋwarŋwaro/ – [वि. *adj.*] **१.** छुँदैमा घाउ होला, चोट पर्ला वा दाग बस्ला जस्तो; (छाला) नरम; कलिलो; बालक। (especially of skin) soft; tender. **२.** [ना. *n.*] चिचिला अवस्थाको नरम फलफूल; कोपिला; मुना। a young and unformed fruit; baby plant; bud; sprout.

च

चँ/tʃĩ, *syn.* **tẹn/** – [ना. *n.*] च्वास्सघोचिनपुग्दा वा आघात पर्दा हुने शारीरिक झस्काइ; झसङ्ग। a startled movement.

चँचँ /tʃĩ-tʃĩ/ – [ना. *n.*] मनोरञ्जनपूर्ण गीत-सङ्गीत आदि सुन्दा रमाइलो ठानी नाच्न खोज्दाको अवस्था; नाचुँनाचुँ लाग्दाको शारीरिक हाउभाउ। the physical movement that you make when you want to dance (while listening to a music/song).

चँन्य /tʃĩnjə/ – [अ.क्रि. *v.i.*] पानी, माटो, किरा आदिको सम्पर्कले कुनै चिज गल्दै जानु; सड्नु; मक्किनु। to rot; to decay.

चत्तः /tʃi̤ti̤/ – [क्रि.वि. *adv.*] डोरी वा धागो चुँडिदा आउने आवाज झैं; च्वाट्ट। with a snap.

चत्किन्य /tʃitkɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** कसैको नमीठो बोली-व्यवहारको कारण मनमा चोट पर्नगई बाउँठिनु; रिसले फन्कनु; पर्कनु। to be offended; to be upset. **२.** नसो मर्कनु; सड्कनु। to strain.

चम्मःन्य /tʃimi̤ːnjə/ – [स.क्रि. *v.t.*] अघिल्लो दाँतले बिस्तारै नधुलिने गरी थिच्नु। to nibble.

चरँ/tʃirĩ/ – [क्रि.वि. *adv.*] (मान्छे, जनावर वा वस्तु) एकैसाथ ठिङ्ग उभिएर वा उभ्याएर। (of people, animals, things) in a manner of standing straight together.

चरिभङ्ग /tʃirɪbʰəŋgə/ – [ना. *n.*] पागलपन वा बेसुरको अवस्थामा गरिने अर्थहीन कुरा; विना तुकको बकवास; अनावश्यक प्रलाप। gibberish.

चर्र /tʃiri̤/ – [क्रि.वि. *adv.*] झार, रौं आदि एक्कासि उखेल्ने वा उखेलिने ढङ्गले। in the manner of pulling hair, weed, etc.; with a sudden jerk.

चरिउ /tʃiri̤ᵘ/ – [वि. *adj.*] भुट्दा फुरेको मकै, गेडागुडी आदि। (corn, beans etc.) burst open (while frying).

चत्तचत्त /tʃi̤titʃi̤ti/ – [ना. *n.*] फुर्तीसँगको हिँडाइ; टुइँकाइ। a brisk pace. ~**लिन्य /lɪnjə/**– [स.क्रि. *v.t.*] बढी गतिमा फुर्तीसँग हिँड्नु; टुइँकनु। to walk briskly; to walk swiftly.

चः /tʃəː/ – [ना. *n.*] किरा आदिले डस्दा वा बिस्तारै घोचिनपुग्दा हुने अलिअलि दुखाइको अनुभव; चस्को। a short sharp pain caused by an insect, a thorn or an animal while piercing the skin; prick.

चकःचकौ /tʃəkəːtʃəkəᵘ/ – [वि. *adj.*] कहीं कतै केही पनि नरहेको; पूरै खाली र सफा भएको। desolate; deserted or completely cleared.

चकर /tʃəkər/ – [ना. *n.*] **१.** औंठा छाप लगाउँदा देखिने रेखाहरू; औंठाको छाप। fingerprint. **२.** (विश्वास) ढुङ्गा, कागत आदिमा कसैको नाम जपेर लेखी चिहान, सिम आदिमा बोक्सीले गाडिदिएपछि हुने भनिएको रोग; त्यसो गरी बिरामी गराउने काम। an illness which is believed to affect a person when a witch writes his/her name on a piece of paper, stone, etc. and buries it in the graveyard or wetland. ~**घोप्तैःन्य**

/gʰoptəˈːnjə/– [स.क्रि. *v.i.*] कसैलाई बिरामी बनाउन उसको नाम लेखेर त्यसरी गाड्नु। to bury such a piece of paper with the intension of causing a person to suffer.

चकरक /tʃəkərək/ – [क्रि.वि. *adv.*] **१.** पानी, दूध (फाँचामा) आदि स्वाट्टै सुक्ने ढङ्गले। (of water/milk in the udder or pot) in the manner of drying up suddenly. **२.** पूर्णरूपले वञ्चित हुने वा गरिने गरी; आर्थिकरूपले टाट पल्टने चालमा। in the manner of being completely deprived of or going bankrupt.

चकचक /tʃək-tʃək/ – [ना. *n.*] बिगार सुधारको वास्तै नराखी चलिरहने केटाकेटी चाला; कलमल। restless activity like that of children; fidgetiness.

चतरा /tʃətərá/ – [ना. *n.*] घर अघिल्तिर घाम ताप्न, बस्न मिल्ने गरी बाँकी राखिएको सम्म परेको खाली ठाउँ; आँगन। front yard.

चना /tʃənə́(ŋ)/ – [ना. *n.*] पीठो आदि चाल्न बनाइएको जालीयुक्त साधन; चाल्नो। a sieve.


चना

चनासिउ /tʃənasɪʷ/ – [वि. *adj.*] छिटो-छरितो काम गर्नसक्ने; पुर्तिलो। active; energetic.

चनैंन्य /tʃənə̃ˈnjə – [स.क्रि. *v.t.*] आलु, तरकारी आदि काट्नु। to cut or shred vegetables.

चन्चा /tʃəntʃa, *syn.* **təjo/ –** [ना. *n.*] उद्देश्य भेट्टाउन राम्रो जुक्ति सिकाउने काम; अर्ती, सल्लाह, सुझाव; पथप्रदर्शन; मार्गदर्शन। guidance.

चन्दरैन्य */krlv.* **tʃəndərəˈnjə**, *hmlv.* **tʃjonanjə**, *tslv.* **tʃa̤nanjə/ –** [स.क्रि. *v.t.*] क्यै चिज ल्याउने उद्देश्यले कतै पुग्नु; लिन जानु। to arrive somewhere to collect sth or sb.

चन्य /tʃənjə/ – [स.क्रि. *v.t.*] **१.** अलग अलग अँशलाई जोड्नु; सँगसँगै राख्नु; गाँस्नु; संलग्न गर्नु; टाँस्नु। to adhere; to stick; to attach; to paste; to affix. **२.** आकार वा मात्रा वृद्धि गर्नु; थप्नु। to add; to increase the shape or quantity.

चःप्न्य /tʃəːpnjə/ – [अ.क्रि. *v.i.*] **१.** खस्रो सतहमा वा लामो यात्रा हिंड्दा पैतालामुनिको भाग पोल्नु; लामो समय क्यै चिज समाउँदा हत्केला डहनु। to have sore feet after a long walk or to have sore palms because of hard work. **२.** अनिदो हुँदा वा धुवाँ आदिले आँखा पोल्नु। (of eyes) to smart from sleeplessness or smoke.

चबनै /tʃəbənəˈ, *syn.* **tutubəndə/ –** [क्रि.वि. *adv.*] जस्तो हुनुपर्ने ठीक उस्तै; जस्ताको तस्तै; काटीकुटी; दुरुस्त। exactly the same; alike.

चमस /tʃəməs/ – [ना. *n.*] खाना खाँदा हातको सट्टा प्रयोग गरिने डाडु जस्तै सानो साधन; चम्चा। spoon.

चम्चम्या /tʃəmtʃəmjɑ/ – [वि. *adj.*] पकाउँदा राम्ररी राप नपुगेको; नपाकेर अधकल्चो भएको; अधकल्चो पाकेको। half-cooked.

चम्यार्न्य /tʃəmjárnjə/ – [स.क्रि. *v.t.*] दाँतले दुबैतिरबाट थिचिराख्नु; थच्नु। to chew.

चरन /tʃərən/ – [ना. *n.*] जनावर चर्ने घाँसे जमिन; गौचरन। pasture; meadow.


चरन

चरवै /tʃərəwəˈ/ – [क्रि.वि. *adv.*] **१.** निरन्तर रूपले बोलिरहने वा लगातार खाइरहने

गरेर; अटुटरूपले; अविच्छिन्न; लगातार। (of eating) continuously. **२.** [ना. *n.*] नरोकिइकन बोलिने बोली वा खाइरहने काम। an act of talking garrulously or eating continuous. **३.** सारविनाको वार्तालाप; अर्थ र उद्देश्यविनाको प्रलाप। gibberish; prattle.

चरेरे */plv.* **tʃərere**, *hmlv.* **tʃərnɪ/** – [ना. *n.*] रङ्गीचङ्गी रङहुने एक सुन्दर चरो; रानीचरी। a particular kind of colourful bird called *rānichari.*

चऱेन्य /tʃərẹ̄njə/ – [स.क्रि. *v.t.*] **१.** गेडा-गुडीलाई घट्ट, जाँतो आदिमा खम्रो गरी पिँध्नु; दल्नु। to grind beans, corn coarsely. **२.** ढुङ्गा फोरेर टुक्रा ससाना टुक्रामा बदल्नु; गिट्टी बनाउनु। to break stones to make grit.

चऱैन्य /tʃərẹ̄ˈnjə/ – [स.क्रि. *v.t.*] **१.** श्रद्धापूर्वक चढाउनु; अर्पण गर्नु; टक्र्याउनु। to offer; to proffer. **२.** सङ्कल्प अनुसार देवीदेवतालाई भाकल पूरा गर्नु; बलि चढाउनु। to offer a sacrifice. **३.** [अ.क्रि. *v.i.*] घाउ, खटिरो आदिमा कडा औषधि, नुनिलो चिज आदि पर्नाले चहऱ्याउनु; भबाउनु; डहनु। to feel an intense stinging or smarting sensation in a part of the body; to burn; to sting.

चर्का$_{१}$ */plv.* **tʃərkɑ**, *slv.* **kətʰəpɪŋŋo/** – [वि. *adj.*] **१.** खानेकुरामा नुनको मात्रा बढी भएको; चर्को। too salty. **२.** (घाम) असाध्यै पोल्ने गरी लागेको। (of the sun) very hot; sweltering.

चर्का$_{२}$ – मान्छे बस्न मिल्ने गरी घुमाएर खेलिने मनोरञ्जनको साधन; रोटेपिङ; चर्खेपिङ। a type of traditional wooden wheel.


चर्का

चर्कैन्य /tʃərkəˈnjə, *md.* **ɖɑʈʰupke, ŋɑpke/** – [स.क्रि. *v.t.*] लबटोले हान्नु; चड्कन, थप्पड दिनु। to slap sb.

चर्ना /tʃərnɑ/ – [ना. *n.*/से.भे. *slv.*] सरङ्ग्या नाचमा पुरुष कलाकारले लगाउने बुट्टेदार पोसाक। a colourful dress worn by a male dancer in the dance called *sranngyā.*

चर्त्या /tʃərtjɑ/ – [वि. *adj.*] स्वाभाविकता भन्दा केही बढी उठेको ओठ। slightly turned up lips.

चर्नी /tʃərnɪ/ – [ना. *n.*/उमै.भे. *hmlv.*] ☞ (**चरेरे /tʃərere/**)

चऱ्याक /tʃərjɑk/ – [ना. *n.*] **१.** बाँस वा काठ आदि चिर्दा वा चिरिँदा आउने आवाज। a sudden sharp noise, especially one made by bamboo or wood splitting. **२.** लबटोले हान्ने काम; चड्कन। a quick hit with the flat part of the hand; slap.

चऱ्यापो /tʃərjɑpo/ – [वि. *adj.*] खानेकुरामा मसिना ढुङ्गा, बालुवा, माटो आदि परेको; चपाउँदा दाँतमा ढुङ्गा, माटो पर्ने खालको। (of food) containing grit; gritty.

चलैःन्य /tʃləˈːnjə/ – [स.क्रि. *v.t.*] **१.** सवारी साधन, यान आदि हाँक्नु; यन्त्र आदिलाई सञ्चालन गर्नु; चालु गर्नु। to operate a vehicle or an engine; to drive. **२.** रीति-रिवाज प्रचलनमा ल्याउनु; व्यवस्था, नियम, कानुन आदि लागु गर्नु। to bring sth like rules and regulations into effect. **३.** भाँडोबर्तन वा कुनै चिजलाई प्रयोगमा ल्याउनु; प्रयोग गर्नु। to use utensils. **४.** कसैको ध्यान भङ्ग गर्न वा कसैलाई जिस्क्याउने उद्देश्यले चलाउनु; जिस्क्याउनु। (with an intention

of breaking one's attention) to tease someone. **५.** कुनै चिजलाई हलचल गराउनु; हल्लाउनु । to shake or move sth.

चलैसिन्य /tʃələ'sɪnjə/ – [अ.क्रि. *v.i.*] घाउ-चोट आदि बल्झिने गरी छोइनपुग्नु; आघात पर्नु । (of wound) to be touched in such a way that it gets hurt again.

चर्र्या */slv.* **tʃərrjɑ**, *plv.* **mɑlɑ/ –** [ना. *n.*] उत्सव, अवसर वा बिदाइ आदिमा गलामा पहिरिन उनिएको फूलको माला; फूल, दूबो, सुनचाँदी आदिलाई उनेर गलामा पहिरन बनाइएको हार । a garland.

चर्ल्यानी /tʃərljɑniː/ – [ना. *n.*] कुखुराको बच्चा; चिङ्ना; चल्लो । a young chicken; a chick.

चःल्न्य /tʃəːlnjə/ – [स.क्रि. *v.t.*] नयाँ झाँक्रीको आङमा देवता चढेको छ या छैन चढेको भए कुन चाहिँले अवतार लिएको हो भनी पत्ता लगाउनु; झाँक्री हुन्छ या हुँदैन भनेर परख गर्नु । to test a novice shaman to make sure whether spirits are possessed in him/her.

चल्लैं /tʃəlɑ̃ˈ/ – [ना. *n.*] **१.** चल्ने वा चलिरहने बानी; स्थिर बस्न नसकी कलमल छटपट गरिरहने स्वभाव । restlessness; fidgetiness. **२.** चालचलन; व्यवहार । behaviour.

चवै */plv.* **tʃəwəˈ**, *slv. & glv.* **bɑ̃ᵘtɑ/ –** [ना. *n.*] होहोरेको कुरो; लहैलहै; कृत्रिम हल्ला; नचाहिँदो खबर; अफवाह; हुइँय्या । a rumour.

चसक /tʃəsək/ – [ना. *n.*] तीखो चिजले बिस्तारै घोचिनपुग्दाको दुखाइ; चस्को । piercing pain.

चहचह /tʃəɦətʃəɦə, *syn.* **lələ'/ –** [ना. *n.*] **१.** कसैसँग सँगै जान खोज्ने, कतैतिर पुग्न चाहने उत्सुकताको आशामय प्यास; कुनै चिज देख्न, जान्नको लागि हुने खुलदुली; चौचौ । curiosity or a strong desire to go somewhere with someone or to do something; desperation; restlessness. **२.** नौलो घटना वा प्रसङ्गको जानकारी हुनासाथ निर्वाध रूपमा मनमा उठ्ने मीठो र रमाइलोको आशामय प्यास; भित्रैदेखि जागेर आएको कौतूहलता; उत्सुकता । eagerness; excitement.

च़प पिसो /tʃ̣p pɪso/ – [वि. *adj.*] शून्य डिग्रीभन्दा कम तापक्रमको; बेसरी चिसो; कठ्याङ्ग्रिने खालको; ठन्डा । icy; bitter cold.

च़म्न्य /tʃ̣mnjə/ – [स.क्रि. *v.t.*] **१.** लामो चिजलाई तेर्सोबाट गिँड्नु; काटेर टुक्रा पार्नु । to chop, cleave. **२.** कुनै चिजलाई दुईतिर छुट्टिने गरी काट्नु । to hew. **३.** टिकट, पूर्जी, रसिद, बिल आदि काट्नु । to take tickets or receive receipts.

च़र /tʃ̣r/ – [क्रि.वि. *adv.*] छाला, बोक्रा वा ओढेको कपडा एक्कासि उघार्ने चालले । in the manner of taking off one's wearing all at once. **~कोःन्य /kòːnjə/–** [स.क्रि. *v.t.*] तुरुन्तै उप्काउने वा सजिलै गरी उघार्ने गरेर । to peel or open sth fast or easily.

च़ल /tʃ̣l/ – [ना. *n.*] लाम्चा, तीखा पात हुने आँख्लावाल खोक्रो प्रसिद्ध वनस्पति; निगाला । a type of bamboo *nigālo* found in the mountains. **~स्या /sjɑ/–** बाँस, मालिङ्गो, निगाला आदिको सबभन्दा बाहिरको पातलो भाग; चोयो । bamboo strips.

चाँख्या¹ /tʃɑ̃kʰjɑ/ – [ना. *n.*] शरीरमा सेतो, रातो, कालो धेरै प्रकारको रौंको टाटो भएको कुकुर । a spotted dog.

चाँख्या² – [वि. *adj.*] ☞ (**खराल्या /kʰərɑjlɑ/**)

चाँदो */tslv.* **tʃɑ̃do**, *syn.* **tʃɑno**, *hmlv.*

ɦərpətə, *llv.* **ɦətə/** – [क्रि.वि. *adv.*] छिट्टै; झट्टै; भन्ने बित्तिकै; छिटो। immediately; quickly; fast.

च़ाँन्य /tʃã̰njə, *md.* **dʰake/** – [अ.क्रि. *v.i.*] **१.** आगोको लप्का निस्कनु; बल्नु। to ignite. **२.** भाग्य चम्कनु; प्रतापी बन्नु; श्रीवृद्धि हुनु; धनी हुनु; समृद्ध बन्नु। to be glorious; to be fortunate.

चाउ /tʃau/ – [वि. *adj.*] **१.** हेर्दा वा भोग्दा मनपर्ने खालको; आकर्षक; मनोरम। pleasing; charming. **२.** उपयुक्त; सुहाउँदो। appropriate; suitable. **३.** उत्तम; असल; राम्रो। excellent; good; fine.

चाʔ /tʃaʔ/ – [ना. *n*] बढाइएको वा थपिएको कुनै काम/कुरा। sth added to sth else. > **चाʔन्य /tʃaʔnjə/**– [स.क्रि. *v.t.*] (समय, कुनै चिज आदि) थप्नु; बढाउनु; विस्तार गर्नु। to add sth to sth else; to extend sth like time.

चाʔड़ै /tʃaʔŋ̊ˈ/ – [ना. *n.*] चिसो ठाउँमा पाइने एक किसिमको स्वादिलो लेकाली साग। a type of wild leafy vegetable found in the high hills.

चाक /*plv.* **tʃakə**, *syn.* **pəre**, *nblv.* **(r)tã**, *md.* **(me)porot/** – [ना. *n.*] स्त्री जाति वा स्तनपायी जनावरको बाहिरी यौन अङ्ग; स्त्री यौनाङ्ग; योनी। the part of a woman or other female mammal's body which connects her outer sex organs to her womb; vagina.

चाम /tʃam/ – [ना. *n.*] उमेर गएपनि खासै बूढो/बूढी नदेखिने शारीरिक अवस्था। the physical condition when one does not look old despite their age; looking hale and hearty.

चाम्तिन्य /tʃamtɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** चोट-पटकका कारण वा आगोले डामिएर बनेको घाउ सुक्दै जानु। (of wounds or burns) to heal slowly. **२.** पकाएको वस्तु राप नपुगेर अधकल्चो हुनु। to be half-cooked. **३.** दुब्लो-पातलो भई सुक्नु; रगत-मासु सुकेर हड्डीमै टाँसिने हुनु। to become emaciated or half-starved.

चावा /tʃawa/ – [ना. *n.*] **१.** कुनै काम गर्ने विधि, उपाय वा जुक्ति; तरिका। a method; a way; a technique; a formula. **२.** कामको सीप वा ढङ्ग। art of work. **३.** व्यवहारको किसिम; चाल। one's manner or behaviour.

(ओ)चाहित /(o)tʃaɦɪt/ – [ना. *n.*] आवश्यक भएको स्थिति; जरुरत; खाँचो। needed in order to achieve a particular result; necessary.

च़ानान्य /tʃa̰nanjə/ – [स.क्रि. *v.t.*/तसे.भे. *tslv.*] ☞ **(चन्दरैन्य /tʃəndərəˈːnjə/)**

च़ाल्न्य /tʃa̰lnjə/ – [स.क्रि. *v.t.*] **१.** रुख, बिरुवा, लता, वृक्ष आदिको हाँगाबिँगा छाँटकाँट गर्नु, ताछ्नु वा काट्नु; छिमल्नु। to cut off branches from a tree, bush or plant, especially so that it will grow better in future; to prune. **२.** हड्डीबाट मासुमासु छुट्याउनु; हड्डी र मासु अलग्याउनु। to separate flesh from bones.

चिँतुरु /*plv.* **tʃĩturu**, *slv.* **tʃontʰəra/** – [ना. *n.*] पहेँलो रङको फूल र काठ तथा काँडे पात र प्याजी रङको गुलियो फल हुने एक किसिमको बोट वा फल; चुत्रो। a type of thorny bush; Berberis nepalensis.

चि /tʃɪ/ – [निपा. *part.*] भनाइलाई जोड दिँदा, निश्चयपूर्वक भन्दा वाक्य वा शब्दमा नजोडिई स्वतन्त्ररूपले प्रयोगमा आउने शब्द; पो। word used to give emphasis on what you

say; an emphatic word.

चिउन्य$_1$ /*plv.* **tʃɪᵘnjə**, *slv.* **bjaʔnjə**, *mḍ.* **õske**, **ŋoske/** – [स.क्रि. *v.t.*] **१.** कुनै चिजको आकार प्रकार आदि आँखाद्वारा ज्ञान गर्नु; हेर्नु। to watch; to see. **२.** प्रतीक्षा गर्नु; पर्खनु; कुर्नु; रुङ्नु। to wait for sb/sth. **३.** ग्रहगतिको शुभाशुभ विचार्नु। to calculate the effects of stars, planets.

चिउन्य$_2$ /*plv.* **tʃɪᵘnjə**, *slv.* **bjaʔnjə/** – [स.क्रि. *v.t.*] **१.** रेखदेख गर्नु; हेरचाह गर्नु; हेर्नु; गोठालो लाग्नु; चियो गर्नु। to take care of sb/sth; to look after sb/sth. **२.** दुःख-बिमार परेको मान्छेकोमा सान्त्वनास्वरुप कोसेली लिई पुग्नु। to visit a person with a gift or present who has fallen ill or who is in trouble. **३.** पालनपोषण गर्नु; पाल्नु। to bring sb up.

चिउला /tʃɪᵘla/ – [ना. *n.*] ठूलो वा मूलरुपबाट फुटेर वा उप्केर जाने वा निस्कने सानो टुक्रो; चोइटो। a slice; a chip; a piece; a splinter.

चिऊन्य /*plv.* **tʃɪᵘnjə**, *glv.* **tʃuŋjə**, *mḍ.* **tʃʰɪmke/** – [अ.क्रि. *v.i.*] निथ्रुक्क हुनु; रुझ्नु; भिज्नु। to be soaked through; to be wet.

चिःन्य /tʃɪʔnjə/ – [ना. *n.*/से.भे. *slv.*] ☞ **चिच्यु /tʃɪtʃju/**)

चिकःरिप /tʃɪkɨrɪp/ – [क्रि.वि. *adv.*] ऐना, सिसा, माटाका भाँडा फुटेर चकनाचुर हुने किसिमले; झरुम्म। in the manner of being smashed into smithereens.

चिकलाम /tʃɪkəlam/ – [ना. *n.*] पलभरमै आँखा बन्द गरी खोल्ने काम; आँखा झिम्काइ; प्रमिलन। an act of blinking; blink.

चिका /*plv.* **tʃɪká**, *hmlv.* **pelma/** – [ना. *n.*] गहुँ झैं बाला हुने तर चिरा नपरेको एक प्रकारको खाद्यान्न; जौ। barley.

-चिके /tʃɪke/ – [प्रत्य. *suf.*] धातुमा जोडिएर धेरै जनालाई काम गर्न अह्राउने अर्थ दिने जनाउने प्रत्यय। (*e.g.* जै+चिके = जैचिके "गर्नुस्।", ज़्यु+चिके = ज़्युचिके "खानुस्/खानु होस्।" बा+चिके = बाचिके "जानुस्।" आदि।) suffix indicating imperative sense, eg. *ba + chike* = please go.

चिचिउ /*glv.* **tʃɪtʃɪᵘ**, *plv.* **tʃumo**, **dʒʰjau**, *nblv.* **tʃɪmtʃɪmo**, *slv.* **tʃɪʔnjə**, *glv.* **tʃumtʃumo**, *ant.* **pəlɑ̃wə**, **zəgəˈwə/** – [वि. *adj.*] **१.** प्रकाश नभएको; उज्यालोको अभाव भएको; अँध्यारो। with little or no light; dark. **२.** [ना. *n.*] अँध्यारोपना; अन्धकार। darkness.

चिक़ुप /tʃɪkṵp/ – [क्रि.वि. *adv.*] ठोकिएर कुचिने वा फुट्ने ढङ्गले; झ्याम्म। (of breaking sth) with a smash. ~**जैन्य /dʒəˈnjə/**– [स.क्रि. *v.t.*] कुच्चिने गरी वा घाउ पर्ने गरी हान्नु। to hit/blow hard in such a way that the object is dented or wounded.

चिक़ुप खारो /tʃɪkṵp kʰɑro/ – [वि. *adj.*] सहनै नसकिने असाध्यै कडा खालको अमिलो। very sour; tart; tang.

चिच्युभाए /tʃɪtʃjubʰɑᵉ/ – [ना. *n.*] एउटै आमा तर फरक फरक बुबाका सन्तानहरूबीच जोडिन पुगेको दाजुभाइको सम्बन्ध। the relationship among brothers (from the same mother but different fathers).

चिताःन्य /tʃɪtaːnjə/ – [अ.क्रि. *v.i.*] **१.** (क्यै चिजलाई) दाँतले अँठ्याई हातले तान्नु। to tear sth with your teeth and hand . **२.** कुनै चिजलाई दुई हातले च्यात्न वा चुँडाल्न तानातान गर्नु; च्यात्नु, फाड्नु; चिर्नु। to tear sth with your hands.

चिताफाता /tʃɪtafata/ – [क्रि.वि. *adv.*] कपडा, कागज आदि च्यातिएर वा काटिएर ससानो टुक्रो, चिरो, धरो, धुजा हुने गरी। a small and long strap, piece of paper or cloth, cut or torn lengthwise.

चितू /tʃɪtʊ/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**अनन्ती /ənəntɪ/**)

चिना /tʃɪna/ – [ना. *n.*] **१.** स्मृतिको लागि राखिने चिज; स्मृति चिह्न; सम्झनाको चिनो। memento. **२.** बच्चा जन्मनेबित्तिकै जन्म मिति, राशिफल आदि उल्लेख गरी लेखिएको टिपोट। horoscope (that gives the exact record of a baby's birth hour, and its stars etc.). **३.** युवायुवतिहरू एकले अर्कोलाई पालैपालो दिने मायाको कोशेली; सम्झनाको लागि दिइनेलिइने वस्तु; मायाको चिनो। a souvenir, present or gift offered to each other by young boys/girls. **४.** जन्मजात छालामा निस्कने टाटो। a birthmark.

-चिन /tʃɪn/ – [प्रत्य. *suf.*] धातुमा जोडिएर भविष्यमा कुनै काम गर्नु भनेर दुई जनालाई काम गर्न आदेश दिने वा अह्राउने अर्थ दिने बनाउने प्रत्यय। (*e.g.* जै+चिन = जैचिन "गर्नू/गर्नु होला।", ज़्यु+चिन = ज़्युचिन "खानू/खानु होला।" आदि।) suffix indicating imperative sense for future, eg. *zyu* (eat) + *chin* = please eat (in future).

चिन्य /tʃɪnjə, *mḍ.* gʰerelke/ – [अ.क्रि. *v.i.*] **१.** कुनै चिजको अङ्गमा बिगार परेर गल्नु; कुहिनु। (of certain parts) to rot; to decay. **२.** वनस्पति, मृत प्राणीको शरीर वा कुनै चिज काम नलाग्ने भई बिग्रनु; सड्नु; कुहिनु; मक्किनु। (of plants or dead animals) to rot; to decay.

-चिन्साँ /tʃɪnsã/ – [प्रत्य. *suf.* (*imp.v.*)] धातुमा जोडिएर अनुरोधपूर्वक दुई जनालाई काम गर्न अह्राउने जनाउने प्रत्यय। (*e.g.* जै+चिन्साँ = जैचिन्साँ "गर्नुस् त", ज़्यु+चिन्साँ = ज़्युचिन्साँ "खानुस् त" आदि।) prefix of indicative imperative mood *zyu+chinsān* = please eat; you eat; eat, etc.

चिप$_1$ /*plv.* tʃɪp, *glv.* tʃɪju/ – [ना. *n.*] **१.** मुख्य भोजनसँग मिलाएर खान नुन, तेल, मसला आदि मिलाई पकाइएको झोलिलो खाद्य; तरकारीको झोल। curry.

चिप$_2$ – [ना. *n.*/से.भे. *slv.*] मासुको परिकार। a variety of meat.

चिपला /tʃɪpəlá/ – [ना. *n.*] आँखाबाट निस्कने सेतो प्रकारको मैला; कचेरा; चिप्रा। mucus in eyes; sleep.

चिपिक /tʃɪpɪk/ – [क्रि.वि. *adv.*] तरल चिज मुखले चुस्ने गरेर। in the manner of sipping sth.

चिपिचेर्ला /tʃɪpɪtʃerla, ləkətʃjaːrɪ, fetefete/ – [क्रि.वि. *adv.*] पूरापूर भिज्ने गरी; निश्चुक्क; छ्याप्प। in the manner of getting wet or being soaked through.

चिपै /tʃɪpəˈ/ – [ना. *n.*] डेक्ची, थाल, बटुको आदिको सट्टामा प्रयोग गरिने काठको घरेलु भाँडो; काठको भाँडो। a wooden bowl.

चिम /tʃɪm/ – [क्रि.वि. *adv.*] आँखा पूरापुर बन्द गर्ने वा हुने किसिमले; चिम्लेर वा चिम्म गरेर। with your eyes closing completely or partly.

चिमर्‍या /tʃɪmərja/ – [वि. *adj.*] **१.** साना आँखा हुने; दृष्टि दिँदा आँखा खुम्चिने; चिम्से; चिम्सो। small-eyed; slit-eyed. **२.** आँखा चिमचिम गरिरहने। having the habit of blinking too frequently. **३.** पूर्णरूपले नभरिएर चाउरी परेको (गेडागुडी); पुष्ट र पोटिलो नभएको; चिमसो। (of grains) not plump.

चिमुरु /tʃɪmuru/ – [ना. *n.*] परेला झिम्काउने काम। an act of blinking.

चिम्चिमो /tʃɪmtʃɪmo/ – [ना. *n.*/निभु.भे. *nblv.*] ☞ (**चिच्यु /tʃɪtʃju/**)

चिर /tʃɪrə, tɑkerə, pəltəkə/ – [ना. *n.*] पक्षपात गर्नेसँग आपत्ति जनाउँदा व्यक्त गरिने गुनासोको वाक्यांशपूर्व उच्चारित हुने शब्द। word used to express indignation, contempt while complaining against a wrong doer, injustice.

चिरमाला /tʃɪrmɑlɑ/ – [ना. *n.*/से.भे. *slv.*] एक प्रकारको मसिनो अमिलो झार; चरीअमिलो। a type of weed that tastes sour.

चिराःन्य /*plv.* **tʃɪrá:njə**, *hmlv.* **pərá:njə/** – [स.क्रि. *v.t.*] **१.** घाउखटिरा आदिको शल्यक्रिया गर्नु; चिरफार गर्नु। to operate on sb (for wound, fester, etc.). **२.** सिङ्गो वस्तुलाई ठाडोबाट चिरा हुने गरी फाड्नु; चिरा पार्नु। to split sth. **३.** बाँस, निगाला, दाउरा, कपडा आदि वस्तुलाई ठाडोबाट दुई फ्याक हुने गरी चिर्नु; चिरा पार्नु। to split sth like a bamboo, wood, cloth, etc. in two parts; to halve sth.

चिऱिउ /tʃɪr̥u, *ant.* **tʰe:wə/** – [वि. *adj.*] तरल बढी भई ठोसको मात्रा कम भएको; पातलो; पन्यालो। watery; insipid.

चिरुङ्गा? /tʃɪruŋgɑ̀?/ – [ना. *n.*] कुखुरा राख्न/पाल्न निगाला बुनेर बनाइएको घर; खोर। a chicken cage.

चिरुङ्गा?

चिरुमिरु /tʃɪrumɪru/ – [ना. *n.*] धेरै प्रकारका फलफूल, सागसब्जी आदि। fruits and vegetables.

चिरू /tʃɪrʊ/ – [क्रि.वि. *adv.*] तरल पदार्थ एक्कासि थोरै मात्रामा झर्ने गरेर; तुरुक्क। with a small amount of liquid dropped at a time.

चिर्कु /tʃɪrku/ – [ना. *n.*] अकाशमा बिजुली चम्कँदा उत्पन्न हुने, सुनिने भयानक आवाज वा दम्को; चटयाङ। thunderbolt, lightening.

चिर्गुलो /*plv.* **tʃɪrgulo**, *glv.* **tʃultʃulo/** – [वि. *adj.*] धागो वा डोरी धेरै मात्रामा बटारिनपुग्दा आपसमा जोल्ठिएको; बटारिएको। (of threads, ropes, etc.) twisted.

चिर्घुलो /tʃɪrgʰulo/ – [वि. *adj.*] घिउ, तेल आदि चिल्लो चिज बढी भएको; चिल्लो। containing a lot of oil; oily.

चिर्पाइँ /tʃɪrpɑĩ, pʊl, bɑpul, mɑlĩ, mɑləŋ/ – [ना. *n.*] मानसिक आघात भई बेहोस भएर ढल्ने एक प्रकारको रोग; अकस्मात् मूर्च्छा पर्ने एक किसिमको स्नायुसम्बन्धी रोग; मगज सड्ने रोग; छारेरोग; मृगी; छोप्नेरोग। a condition of the brain which causes a person to become unconscious for short periods or to move in a violent and uncontrolled way; epilepsy.

चिर्पाङ्ग्या /tʃɪrpɑŋgjɑ/ – [वि. *adj.*] छारेरोगले आक्रमण गरेको; छोप्ने रोग लागेको; गिर्गीरोगी। suffering from, or caused by epilepsy; epileptic.

चिर्चिर /tʃɪrtʃɪr/ – [क्रि.वि. *adv.*] झस्काइ, अत्यास वा हडबडी आदिमा एक्कासि मुखबाट निस्कने चर्को स्वर; आत्तिएको वा डराएको अवस्थामा मुखबाट एक्कासि निस्कने चिच्याहट; चिच्याउने भाव वा स्थिति; चित्कार। a short, loud, high cry; shriek; an anguished cry.

चिर्लनिबिर्ल/tʃɪrlə nɪ bɪrlə/ – [ना.*n.*] धेरैजना एकैपटक एकैसाथ रुने कराउने काम; रुवाबासी। when many people cry together.

चिऱ्या /*plv.* **tʃɪrjɑ**, *nblv.* **sɪkʰɑrjɑ/** – [वि. *adj.*] **१.** मोहडा टुटेको वा टुक्रिएको; अगाडिको भागको चोइटो गएको। a piece that has been broken off a larger object; a chip. **२.** ओठ चिरिएको; खुँडे। having a cleft lip.

चिल्न्य /*plv.* **tʃílnjə**, *hmlv.* **ptʃɪlnjə**, *mḍ.* **kʰurukke/** – [स.क्रि. *v.t.*] **१.** बूढी औंला र चोर औंलाको नङले जिउको छाला वा कुनै चिज जोडसाथ अँठ्याउनु; चिमोट्नु। to pinch sth with your finger and thumb. **२.** इसाराको निम्ति वा सतर्क पार्न हातले छुनु; खुसुक्क चिमोट्नु। to nudge or pinch someone gently in order to convey a certain message secretly.

चिवाइन्य /**tʃɪwɑ'njə/** – [स.क्रि. *v.t.*/से.भे. *slv.*] अरूले थाहा नपाउने गरी लुकेर हेर्नु। to steal a glance; to look at sth/sb secretly.

चिवाचिवाउ /**tʃɪwɑtʃɪwɑᵘ/** – [वि. *adj.*] ससाना छेस्कामा बदलिएको; टुक्रिएको। broken or smashed into pieces.

चिवाऱ्या /**tʃɪwɑrjɑ/** – [वि. *adj.*] **१.** (मान्छे) कसले के गर्दैछ भनी प्वाल, छड्के कोण आदिबाट लुक्दै चियो गर्दै पछ्याउने। someone who does prying or eavesdropping. **२.** [ना. *n.*] पालो बसेर रक्षा गर्ने व्यक्ति; पालो पहरा गर्न खटिएको मान्छे; पहरेदार; पाले। a footman; a watchman; a guard. **३.** ☞ (**राम्च्या** /**rɑmtʃjɑ**/)

-चिसाँ/**tʃɪsɑ̃/** – [प्रत्य. *suf.*] बहुवचन (तीनभन्दा बढी) मा प्रयुक्त हुने आदरार्थी प्रेरणार्थक प्रत्यय। honorific/plural (for more than three) suffix added to a root.

चिसो₁ /**tʃɪso**, *syn.* **tʃʰerwə**, *ant.* **rɑ̤ᵘ/** – [वि. *adj.*] कम तापक्रम भएको; ठन्डी। low temperature; not hot or warm; cold.

चिसो₂ /**tʃɪso**, *ant.* **ubɑ̃do/** – [वि. *adj.*] चिस्यान; पानी परेको; ओसिलो। damp; soggy; humid.

चिस्न्य /**tʃɪsnjə/** – [अ.क्रि. *v.i.*] (कागत, कपडा आदि) चिथ्रो हुनु; चिरिनु; फाडिनु; च्यातिनु। (of paper, cloth, etc.) to be damaged; to wear; to tear; to be tattered. > **चिस्व** /*plv.* **tʃɪswə**, *hmlv.* **ptʃɪswə/**– [वि. *adj.*] च्यातिएर चिरिएर धुजा परेको; फाटेको। (of paper, leaves, cloth etc.) torn; tattered; worn out.

चिहिरबिहिर /**tʃɪhɪr (nɪ) bɪhɪr/** – [ना. *n.*] डर लाग्दा वा आघात पर्दा एक्कासि चिच्याउने काम। an act of shouting suddenly because of fear or sudden pain.

चि़म /**tʃ̤ɪm/** – [ना. *n.*] प्रतिफल पाउन चुकेको अवसर; वञ्चित हुने स्थिति। when you are deprived of sth; deprivation. ~**तान्य** /**tɑnjə/**– [अ.क्रि. *v.i.*] वञ्चित हुनु; मौका छुट्नु; अवसर चुक्नु। to be deprived of sth.

चि़म्दो /**tʃ̤ɪmdo/** – [ना. *n.*] कुनै कुरा वा विचार व्यक्त गर्दा "भइरहोस्, होस्" आदि भनिनुपूर्व उच्चारण गरिने वाक्यांश। word meaning, let it be, okay, fine, used to continue conversation.

चि़र /**tʃ̤ɪr/** – [वि. *adj.*] **१.** (मानिस, पशुपक्षी आदि) तुलनात्मक रूपमा सानो जिउडालको; सानो। (of people, animals) small; short; under-sized; dwarf. **२.** [ना. *n.*] (जनावर) एकै पटकमा जन्मिने दुई वा सोभन्दा बढी बच्चाहरूमध्ये पछि जन्मेको सानोचाहिँ। (of animals) the youngest one .

चि़हुन्य /**tʃ̤ɪɦunjə/** – [स.क्रि. *v.t.*] कुनै चिज वा कसैलाई लिएर जान आइपुग्नु; लिन आउनु। to come to take sth or sb; to collect sb/sth.

चीःन्य */plv.* **tʃĭŋjə**, *hmlv.* **ptʃiːnjə**, *glv.* **tʃiːŋjə**, *mḍ.* **tʃjɑʈke/** – [ना. *n.*] कपडा, पात, कागत आदि चिरेर टुक्र्याउनु; चिर्नु; च्यात्नु। to tear paper, cloth, leaves, etc.

चीःप्न्य **/tʃĭpnjə/** – [स.क्रि. *v.t.*] औंलामा लागेको खानेकुरा मुखमा घुसाएर सफा पार्नु। to lick the food stuck on your finger.

चीःव **/tʃĭwə/** – [वि. *adj.*] (झाडी, जङ्गल) बाक्लो; घना। (of bushes, shrubs, jungle) thick; dense.

चीःर **/tʃĭr/** – [ना. *n.*] डर, त्रासले आत्तिंदा एक्कासि उच्चारण गरिने चर्को आवाज; चिच्याहट; चित्कार। a loud sound produced when you are afraid or terrified or in pain; a cry; a yell.

चुँती **/tʃũtiː/** – [ना. *n.*] **१.** कुखुराको चाकतिरको भाग। the back portion of a chicken.**२.** पूजापाठ गर्दा वा पाहुनाको नाममा काटिएको कुखुरा उमेर र मर्यादाक्रमले पहिलोलाई सम्मानस्वरुप पकाएको सिङ्गै टाउको र त्यसपछि दोश्रोलाई टक्र्याइने चाकतिरको अङ्ग। a custom of cooking and offering the upper part (breast to beak) of a chicken to guests in the order of their honour or seniority.

चुँथी **/tʃũtʰɪ/** – [ना. *n.*] घ्यू, तेल आदि राख्न काठलाई कोपेर वा राँगोको अण्डकोष रहने छालालाई सुकाएर बनाएको सानो भाँडो। a small pot made of wood or dry scrotums of a buffalo, used to keep cooking ghee, oil, etc.

चुँन्य */hmlv.* **tʃũnjə**, *plv.* **tʃusn̩jə**, *ant.* **tʃjɑ̃sɪnjə/** – [स.क्रि. *v.t.*] **१.** फिला अडाएर वा टेकाएर भुइँमा बस्नु। to sit down. **२.** बसोबास गर्नु; रहनु; नयाँ बस्ती बस्नु। to live in a particular place; to inhabit; to settle. **३.** बानी लाग्नु; अम्मल बस्नु; विचार, व्यवहार, जाँड-रक्सी आदि लागुपदार्थको लत बस्नु। to be addicted to sth like alcohol, thought, etc.

चुइँ */plv.* **tʃũ˥**, *hmlv.* **rtʃũ˥**, *nblv.* **tət**, *llv.* **rodʰjɑ/** – [ना. *n.*] मार हान्दा, क्वै चिज टुक्र्याउँदा वा काट्दा राम्ररी छुट्टियोस् तर हतियार भुइँमा नजोतियोस् भनेर काटिने चिजभन्दा मुनि राखिने काठ; अचानो। a block of wood used for slaughtering an animal or chopping meat or cutting sth else.

चुइ **/tʃu˥/** – [ना. *n.*/से.भे. *slv.*] ☞ (**खासो** **/kʰɑso/**)

चुक्चुकी **/tʃuktʃukɪ/** – [ना. *n.*] गरेको भुल सम्झेर उत्पन्न हुने मानसिक खेद; कुनै काम गरिसकेपछिको परिणाम देखेर हुने थकथकी; पछुतो; ग्लानि; पश्चाताप। regret; remorse; repentance. > **चुक्चुकैःन्य** **/tʃuktʃukə˥ːnjə/**– [अ.क्रि. *v.i.*] ग्लानि मान्न; पश्चात्ताप गर्नु; पछुताउनु। to repent; to regret; to feel remorse.

चुचाप **/tʃutʃɑp/** – [ना. *n.*] भएको सबै सिद्धिने वा मासिने स्थिति; सर्वनाश। destitution; impoverishment; penury. ~**तान्य** **/tɑnjə/**– [अ.क्रि. *v.i.*] आगलागी भएर पूराको पूरा जल्नु; स्वाहा हुनु। to be completely destroyed by fire; to be reduced to ashes.

चुची **/tʃutʃiː/** – [ना. *n.*] ☞ (**कल**[२] **/kəl/**)

चुचु **/tʃutʃu/** – [ना. *n.*] ससाना (पुरुष) नानीहरूका जननेन्द्रीय; तुरी। the genital organ of a male child; children's word for the penis.

चुचूम **/tʃutʃʊm/** – [ना. *n.*] भएजति आफ्नो भागमा मात्र पार्ने वा सबै एकातिर मात्र जम्मा गरी बचाउने काम। an act of keeping

everything only in your share or portion.

चुत्का /tʃutkɑ/ – [ना. *n.*] पूर्ण अर्थ वा भाव प्रकट गर्ने शब्दहरूको सार्थक समूह; वाक्य। a group of words that expresses full meaning; a complete thought, feeling, or idea; a sentence.

चुन्दुला /tʃundulɑ/ – [ना. *n.*] कुनै स्थान, छानो, बार्दली आदिको किनारा; छेउ। the outer or furthest point of a roof, balcony etc.; a edge.

चुन्दैन्य /tʃundəˈnjə/ – [स.क्रि. *v.t.*] कुनै प्रसङ्ग, कामकुरा वा खेल आदिलाई दोहोऱ्याइ-तेहऱ्याइ गर्नु; दोहोऱ्याएर गर्नु। to repeat sth.

चुमो /tʃumo/ – [ना. *n.* / प.भे. *plv.*] ☞ (**चिच्यु /tʃɪtʃju/**)

चुम्चुमो /tʃumtʃumo/ – [ना. *n.* / प.भे. *plv.*] ☞ (**चिच्यु /tʃɪtʃju/**)

चुम्बा */ulv.* **tʃumbɑ**, *plv.* **mɨtɪjɑ**, *syn.* **mɨtjulɪ**, *hmlv.* **skẽzɑ/** – [ना. *n.*] खासगरी रक्सी र छ्याङ आदि राख्न प्रयोगमा आउने सानो खालको माटाको भाँडो; माटाको गाग्री। a small earthen pot used to store liquor; an earthen vessel.

चुम्बा

चुयाप /tʃujɑp/ – [ना. *n.*] (क्यै चिज) डढेर वा जलेर खरानीमा परिणत हुने स्थिति; स्वाहा। when everything is completely destroyed in fire or reduced to ashes. **~तान्य /tɑnjə/–** [अ.क्रि. *v.i.*] डढेर वा जलेर खरानी हुनु; भस्म हुनु; जल्नु; स्वाहा हुनु। to turn to ashes.

चुरा /tʃurɑ/ – [ना. *n.*] नाडीमा लगाइने सुन, चाँदी आदिको मोटो बाला। a thick gold or silver bangle.

चुरी /tʃurɪ/ – [ना. *n.*] चाँदीको काँडायुक्त जनाना बाला। a carved silver bangle.

चुरुप /tʃurup/ – [ना. *n.*] झुरिएर चूर्ण हुने ढङ्ग वा किसिम। when sth is hard, dry and parched. **–चुरुप–** [क्रि.वि. *adv.*] ज्यादै सुकेर खहरिने किसिमले; घाम वा आगोको तापले खुब सुक्ने गरी; झुरिएको चिज चपाउँदाको आवाज झैं; झुर्रिने ढङ्गले; झरुमझरुम; झुर्रिएर। crisply; brittlely. **–चुरुपो /tʃurupo/–** [वि. *adj.*] ज्यादै सुकेको; झुरिएको; खहरिएको। crisp; parched. > **चुरुपचुरुप तान्य /tʃuruptʃurup tɑnjə/–** [अ.क्रि. *v.i.*] हलुका स्पर्शले पनि फुट्नु वा मसिनो हुनु। to be broken easily. > **चुरुप्सिन्य /tʃurupsɪnjə/–** आगो वा घामको तापले खहरिएर टुक्रिने हुनु; झुरिएर धुलो हुनु; झुर्रिनु। to become very dry because of heat and to be broken easily.

चुलुवा /tʃuluwɑ, *syn.* **bʰrjɑ**, *ant.* **siː/** – [वि. *adj.*] (कुनै चिज) भाँडाको बिटभन्दा माथिसम्म पुग्ने गरी राखिएको; सामान्य हलचल हुँदा नै पोखिएला झैं हुने गरी भरिएको। (of food grains, flour, salt, etc.) to be filled above the brim.

चुल्सा /tʃulsɑ/ – [ना. *n.*] गाई, भैंसीको सुकेको गोबर; गुइँठा। dry dung cake.

चुसि̤न्य */plv.* **tʃusi̤njə**, *hmlv.* **tʃũnjə**, *mḍ.* **muke**, *syn.* **ŋuke**, *mḍ.* **muke**, **ŋuke/** – [अ.क्रि. *v.i.*] **१.** युवायुवतीबीच परस्परमा मायाप्रेम बस्नु; मायाप्रीति बसेर उठबस गर्नु। to fall in love. **२.** [स.क्रि. *v.t.*] तन्नेरीहरू तरुणीकोमा गई हाँसखेल गर्नु; रोदी बस्नु। (*e.g.* धापा चुसि̤न्य; "रोदी बस्नु।") to assemble for *rodi* (*rodi* a particular cultural tradition of song and dance

participated by young boys and girls). It is a night cultural performance, merrymaking, especially among the *Magar*s and the *Gurung*s.

चूरिन्य /tʃʊrɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** अरूका दमन वा अपमान हुने गरी फुर्ती झिक्नु; अरूलाई दबाएर हिँड्नु; रवाफ, धाक देखाउनु । to brag; to insult others; to boast; to show off. **२.** जसलाई पायो त्यसैसँग झगडा गर्न खोज्नु; निहुँ खोज्नु । to fall out with sb; to make an issue of sth.

चूल्न्य /tʃʊlnjə/ – [स.क्रि. *v.t.*] राम्ररी बलोस् भनेर अगुल्टाको जलेको अँगार भागलाई कतै ठोकाउनु; ठोस्नु । to poke the fire.

चूःव /tʃʊ̆wə, *ant.* **wə̰ˈwə/** – [वि. *adj.*] हुनुपर्नेभन्दा सानो प्वाल वा ठाउँ आदि; साँघुरो । narrow.

चेंन्य */plv.* **tʃẽ(ŋ)njə**, **sə̰lnjə**, *hmlv.* **tulnjə/** – [स.क्रि. *v.t.*] **१.** चुरोट, तमाखु आदिको धुवाँ तान्नु; धुम्रपान गर्नु; सुर्ती खानु । to breathe smoke into the mouth and usually lungs from a cigarette, hookah, etc.; to smoke. **२.** कुनै वस्तुलाई बलपूर्वक आफूतिर खिच्नु; तान्नु । to pull with force. **३.** बेचिसकेको चिज, जग्गा, जमिन आदि आफ्नो अनुकूलतामा मोल फर्काएर फिर्ता ल्याउनु; निखन्न । to get back valuable things like land from sb by paying them back; to redeem.

चे̰ँ */plv.* **tʃə̰̃**, *hmlv.* **tʃʰĩ**, *slv.* **tʃʰɪŋ/** – [ना. *n.*] धागो, बाबियो, रेसा आदि बाटेर बनाइएको मोटो डोरी; धेरै डोराहरू बाटेर बनाइएको बलियो डोरी । (a piece of) strong, thick string made of long twisted threads, grass, fiver etc.; a rope.

चे */plv.* **tʃe** > *nblv.* **rtʃe/** – [ना. *n.*] **१.** धुनिएको ऊनको (पाटो) लाछा राखिने चोयाको कोक्रो । a small bamboo basket which is used to keep wool. **२.** बच्चालाई सुताएर झुलाउने कोक्रो । a small bed for a baby, especially one that swings from side to side; a cradle.

चे

चेकोलोम /tʃekolom/ – [ना. *n.*] **१.** ठोस कम भई झोलको मात्रा बढी भएको खानेकुरा; झोलको मात्रा बढी हुनाले स्वादवर्धक तत्व कम भएको तरकारी; बेस्वादिलो तिहुन । (of curry) watery; insipid. **२.** पानीमा कुनै चिज एक्कासि खस्दा आउने आवाज; कुनै चिज तरल पदार्थमा डुब्ने अवस्था । an act or sound of sth hitting liquid; a splash.

चेक़ोप केस्हुन्य /tʃekə̰p kesɦunjə/ – [अ.क्रि. *v.i.*] अकस्मात् देखिनु; एकाएक टुप्लुक्क आइपुग्नु; झुल्किनु । to arrive or appear somewhere unexpectedly; to turn up.

चेङ्न्य /tʃeŋnjə/ – [स.क्रि. *v.t.*] ☞ (**चेंन्य /tʃẽnjə/**)

चेत /tʃetə, *syn.* **jə̰kɑ**, *ant.* **mə̰/** – [ना. *n.*] ज्ञान गराउने मानसिक शक्ति वा वृत्ति; सतर्कताशक्ति; चेतन शक्ति; खास ज्ञान; होस; चेतना । sense; consciousness; awareness.

चेतक्या /tʃetəkjɑ/ – [ना. *n.*] जादु देखाउने व्यक्ति; जादुगर । a magician.

चेतराँपुतराँव /tʃetərɑ̃putərɑ̃wə/ – [वि. *adj.*] (चिज) सम्हाल्न गाह्रो हुने गरी चारैतिर छरिएको; छरपस्ट । scattered; strewn with things. [क्रि.वि. *adv.*] भताभुङ्ग; लथालिङ्ग; अलपत्र; छरपस्ट । in a mess; in a shambles.

चेतैःन्य /tʃetə́ˈːnjə, *ant.* **mẹ̣njə/ –** [अ.क्रि. *v.i.*] **१.** बितेका, बिर्सेका कुरा वा घटना आदि सम्झनामा आउनु; स्मरण, याद गर्नु; सम्झनु। to remember; to reminisce. **२.** [स.क्रि. *v.t.*] कसैको भलो चिताउनु; कसैको हित हुने काम गर्नु। to wish good to others; to do good to others.

चेन का चेन /tʃen kɑ tʃen/ – [ना. *n.*] भनेको, अह्राएको कुरा हुन्छ मात्र भन्ने तर, तत्कालै नगर्ने; बसेको, थालेको प्रसङ्ग वा काम लम्ब्याउने बानी। an act of spending too much time thinking about sth, but not taking any action; postponement.

चेन्चेनो /tʃentʃeno/ – [वि. *adj.*] **१.** (पकाएको तरुल, पिँडालु आदि कन्दविशेष) लेसिलो; नरम र लेसिलो भई मिठास आउने; स्वादिलो। (of roots well cooked/boiled) flavourful; tasty. **२.** पीठो आदि राम्ररी मुछिएको। (of flour) well-kneaded.

चेपरा /tʃepərɑ/ – [ना. *n.*] (काठ, बाँस आदि) ताछ्दा, काट्दा वा चिर्दा टुक्रिएर झर्ने टुक्राटुक्री; चिर्कटो; चोइटो; छेस्को। a small thin sharp piece of wood separated from a larger piece; a splinter.

चेपचेप भिजिउ /tʃeptʃep bʰɪdʒɪᵘ/ – [वि. *adj.*] **१.** (तरल पदार्थ) गहिराइसम्म राम्ररी भिजेको। wet through; soaked. **२.** (अर्ती, उपदेश, सुझाव आदि) आत्मसात गर्न लायकको; (सुनेको, पढेको, अर्ती, सुझाव, सल्लाह आदि) राम्ररी बुझिने; घत लाग्ने गरी मनमा प्रभाव परेको; पछ्याउन लायकको; चित्त बुझ्दो। (of advice) worth listening and following; satisfactory; worthy of note.

चेप्न्य /tʃepnjə/ – [स.क्रि. *v.t.*] **१.** वाहनमाथि सवार हुनको लागि दुई गोडा दुबैतिर पारेर बस्नु; चढ्नु। to ride on a vehicle. **२.** कसैमाथि कान्छीको रूपमा सौता जानु; कसैको पत्नी हुँदाहुँदै दोश्री पत्नीकी रूपमा भित्रिनु। to elope with a married man; to be a co-wife.

चेप्न्य

चेभलैन्य /tʃebʰələˈnjə/ – [स.क्रि. *v.t.*] भिजाउने वा पखाल्ने उद्देश्यले तरल पदार्थमा ठोस चिज डुबाउनु; चुर्लुम्म पार्नु। to sink sth; to soak sth.

चेभैन्य /*plv.* **tʃebʰəˈnjə**, *nblv.* **pətʃjɑlnjə/ –** [स.क्रि. *v.t.*] शङ्का लागेको मान्छेको गतिविधि पछ्याइरहनु; गुप्ति चालले कसैको बारेमा विशेष चासोका साथ चियो गर्नु; कसैको पछिपछि लाग्नु; पीछा गर्नु। to spy on sb.

चेभ्या /tʃebʰjɑ/ – [ना. *n.*] चिल, गिद्द जस्ता ठूला पक्षीहरूलाई समेत जित्ने फुर्तिलो सानो कालो पक्षी; चिबे चरी। a type of black bird that can fight with crows, eagles and even vultures; a king-crow.

चेम /tʃem/ – [ना. *n.*] **१.** मानिसको टाउकाको रौं; कपाल। strands growing on head; hair. **२.** निद्रा, अर्धनिद्रित अवस्था वा सपनामा रक्तसञ्चार वा श्वासको गतिमा कारणवश रोकावट अउँदा हुने कष्ट वा छटपटी; ऐंठन। a nightmare. **~ख्यान्य /kʰjɑnjə/–** [स.क्रि. *v.t.*] कैंचीले कपाल काँटछाँट गर्नु; केश काट्नु। to trim or cut hair with scissors. **~येन्न्य /jennjə/–** केश मुण्डन गर्नु; कपाल खौरनु। to shave your head. **~लुम्न्य /lumnjə/–** कपाल बाटेर गाँठो बनाई टाउकाको पछाडि अड्काउनु; जुरो पार्नु; चुल्ठो बाट्नु। to wear hair in a bun.

चेमपरी /tʃempɨriːʔ/ – [ना. *n.*] बाटिएको कपाल। plaited hair. **~परीन्य**

/pɨriːʔnjə/– कपाललाई डोरी, रिबन आदिसहित मिलाएर सजाउनु; कपाल बाट्नु। to join hair with a rope or ribbon; to plait.

चेमेʔ */plv.* **tʃemeʔ**, *nblv.* **tʃɪmbu/ –** [ना. *n.*] **१.** हिन्दू संस्कार अनुसार अरूतिर खौरेर बीचमा नखौरिकन सुरक्षित राखिएको कपालको थोरै अंश; टुपी। the little tuft of hair left on the crown according to the Hindu culture when they shave their heads; *tupi*. **२.** मकैको घोगामा बाहिरै लुर्कने गरी निस्कने रौं जस्तो मसिनो चिज; मकैको जुँघा। tuft at the end of corn; tassels.

चेम्ना /tʃemnɑ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**कोलै /kolə'/**)

चेर /tʃer/ – [ना. *n.*] दुई हत्केलालाई जोडेर कुप्रो पार्दा हुने खाल्टो; अञ्जुलीभरि अटाउने कुनै वस्तुको परिमाण; अञ्जुली। the open palms of the hands held together and slightly cupped or its content; double handful (of sth).

चेरे̤चेरेःव /tʃere̤tʃereːwə/ – [वि. *adj.*] **१.** धेरै सन्तान भएको। having many children **२.** (घाउ, चोट) भित्र पिप जमेर फुट्ला झैं भएको। (of sore) festering.

चेरे̤ नि मेरे /tʃe̤re nɪ mere/ – [वि. *adj.*] **१.** तौल र आकार बढी भई बोक्न, उचाल्न गाह्रो हुने; बढी वजन, भारको; गह्रुँगो; भारयुक्त। sth too heavy to carry or lift because of overweight or oversize. **२.** (भारी) ठूलो आकार र गह्रुँगो भएर सकी नसकी बोकिएको। (of load) heavy; hefty.

चेरोरो /tʃeroro/ – [ना. *n.*] **१.** छडछडः पानी खस्दाको स्थिति। when water falling down a rock, hill, precipice, etc.. **२.** पानीको धारो झर्दा आउने शब्द। a sound of water falling to sth (pot, surface); a gurgle.

चेर्घेनो /tʃergʰeno, *ant.* **sɨrkɪᵘ/ –** [वि. *adj.*] घाउबाट पिप बाहिर निस्केको; घाउ पाकेको। festering; full of pus.

चेर्जे /tʃerdʒe/ – [ना. *n.*] ☞ (**गाबरा /gɑbərɑ/**)

चेल /tʃel/ – [ना. *n.*] **१.** हात, खुट्टा चालेर नडुबिने गरी पानीमा तैरिने काम वा खेल; जलक्रीडा; जलविहार; पौडी। swimming. **२.** [क्रि.वि. *adv.*] अचानक छाद्ने ढङ्गले; हुलुक्क उल्टी, बान्ता गर्ने गरी। with a sudden act of vomiting. > **चेलचेल /tʃeltʃel/–** बारम्बार छादिरहने; उल्टी, बान्ता गरिरहने ढङ्गले। vomiting. > **चेलचेल वैʔन्य /tʃeltʃel wə̤'ʔnjə/–** [अ.क्रि. *v.i.*] रोक्नै नसक्ने गरी बान्ता आइरहनु; बारम्बार छादिरहनु। to vomit frequently.

चेल्न्य /tʃelnjə, *md.* **ɑrmjɑ̤ke/ –** [स.क्रि. *v.t.*] पौडी खेल्नु; जलविहार गर्नु; पौडनु। to move through water by moving the body or parts of the body; to swim.

चेल्मे /tʃelmè/ – [ना. *n.*] झाँक्रीको सामान बोकेर लाने, ल्याउने वा झाँक्रीलाई बोलाउने, पुऱ्याउने आदि काम गर्ने मान्छे; झाँक्रीको सहयोगी, सेवक वा सहायक। the person who assists a witch doctor or shaman in carrying his goods or summoning him.

चे̤म /(o)tʃe̤m, *ant.* **tʃʰol/ –** [ना. *n.*] ओखर, आरु आदिको हाडभन्दा बाहिरको नरम भाग वा पत्र। (of fruits) flesh.

चे̤र्लो /tʃe̤rlo/ – [ना. *n.*] ठोस चिज तरल पदार्थमा एक्कासि जोडले डुब्ने वा डुब्दा सुनिने आवाज; छप्ल्याङ्ग। a splash.

चे़स /tʃe̤l, *syn.* **tʃe̤lala**, *ant.* **kurup/ –** [ना. *n.*] गोडा पसारेर सुतिने वा बसिने आसन; गोडा तन्काउने, पसार्ने काम। a sitting or sleeping position with your legs stretched; an act of stretching your legs.

चे़लाला /tʃe̤lala/ – [ना. *n.*] ☞ (**चे़स /tʃe̤s/**)

चै /tʃə'/ – [ना. *n.*] समय, वस्तु वा कुनैपनि कुरा बढी भएको बोध गराउने शब्द; अधिक; धेरै। word used to say that sth is slightly more than enough. ~**कुधु /kudʱu/–** [वि. *adj.*] धेरै नै; बढी नै; पहिले नै। more than enough; already enough.

चैचरङ्गी /tʃə'tʃiriŋgi/ – [ना. *n.*] देवतालाई चढाउनको लागि पीठो मुछेर विभिन्न आकारमा ढालेर तेलमा तारिएको खाद्य। flour balls pressed in different moulds and fried in oil in order to offer the god/deity in prayers, religious activities.

चोंएर /tʃõer/ – [ना. *n.*] **१.** एकै ठाउँमा थोरै मात्रामा थुप्रिएको गेडागुडी, दाना, धुलो, पीठो आदि। a heap of grains, dust, flour, etc. **२.** गेडागुडी, दाना, धुलो, पीठो आदिको थोरै मात्राको पोखाइ। a small heap of grains, flour, soil, powder dropped and scattered around.

चोंखा /tʃõkʱa/ – [ना. *n.*] भान्साका सामानहरू राख्न तथा पूजापाठ गर्न र धुप आदि बाल्न प्रयोग गरिने पवित्र मानिएको चुलोभन्दा मास्तिरको ठाउँ; चौको। a place for worship and keeping utensils. It lies in the kitchen nearby the hearth.

चोंगोर /tʃõgor/ – [ना. *n.*] मकै, धान, कोदो, गहुँ, जौ आदि फुलेपछि सोमा हुने एक प्रकारको उर्वरक प्रजनन तत्त्व; परागकण। a powder produced by the male part of a flower, which is carried by insects or the wind and causes the female part of the same type of flower to produce seeds; pollen.

चोंच्या /tʃõtʃja/ – [ना. *n.*/कोरा.भे. *krlv.*] ☞ (**उ? /u?/**)

चोंदैबोंदै /tʃõdə'bõdə'/ – [ना. *n.*] जवानीमा गरिने उन्मुक्त व्यवहार। unleashed behaviour in youthful days.

चोंन्य /tʃõnjə, *ant.* **bʱurnjə/ –** [अ.क्रि. *v.i.*] (चराचुरुङ्गी, किरो, यान आदि) उडिरहेको अवस्थाबाट भुइँमा बस्नु; अवतरित हुनु। (of birds, insects, planes) to land.

चोः /tʃoː/ – [ना. *n.*] फोहोर वा हिलोले खाएर छालामा हुने चिलाउने खालको घाउ। fungal infection (on one's skin).

चोए /(r)tʃoe/ – [नायो. *post.*] **१.** कुनै काम गर्दाको पटक; कामको एकाइ; बाजि; पल्ट; चोटि; ताल। turn; time; shift; occasion (in the sense of 'how many times?' 'once', 'twice'). **२.** [ना. *n.*] लाग्ने चोट वा प्रहार; आघात। a wound or injury.

चोएस /tʃoesə, *ant.* **matʱoːza/ –** [क्रि.वि. *adv.*] दुख्ने, फुट्ने, चोट पर्ने गरी बलपूर्वक प्रहार गर्ने ढङ्गले; जोडका साथ चोट पर्ने वा पार्ने गरी। (of blowing or hitting) with force.

चो? /(r)tʃo?/ – [ना. *n.*] आँखाको तल्तिर र गालाको मास्तिर पर्ने अग्लो भाग; आँखा मुनितिर उठेको हाडे अङ्ग; गालाको हड्डी। one of the two bones at the top of you cheeks, just below your eye and towards your ear; cheekbone. ☞ (**खात्या /kʱatja/**).

चोचोपोरोम /tʃotʃo porom(porom)/ – [ना. *n.*] यो गरुँ कि उ गरुँ भइरहने मानसिक चञ्चलता; उद्वेग। restlessness;

impatience; agitation.

चोभोऱ्या /tʃodʒʰorjɑ/ – [वि. *adj.*] (ठाउँ) ससाना ढुङ्गैढुङ्गाका थुप्रा भएको; ढुङ्गेन; पत्थरिलो। having a lot of stones; stony.

चोत्या */slv.* **tʃotjɑ**, *krlv.* **lɑkum**, *plv.* **mulɑː**/ [ना. *n.*] कन्द र साग दुबै काँचै खान पनि मिल्ने पाचक गुण भएको साग जातिको सब्जी; मुला। a small vegetable, usually white or red and round shaped, which grown underground and is usually eaten raw; mooli; radish.

चोन्य /tʃonjə, *mḍ.* **ɦɑʈke/ –** [अ.क्रि. *v.i.*] **१.** (तरल पदार्थ) उम्लनु। (of liquid) to boil. **२.** जङ चल्नु; रिस उठ्नु। to be angry.

चोप[१] */plv.* **(o)tʃopə**, *glv.* **otʃʰjʊ/ –** [ना. *n.*] भाङको चोप, फूलको रस। resin of a hemp plant; nectar of a flower.

चोप[२] **–** [ना. *n.* / से.भे. *slv.*] खम्बामा अर्को काठ जोड्न निकालिएको चुच्चो। a projected part of wood used to join another piece of wood to a pole.

चोप्न्य /tʃópnjə/ – [स.क्रि. *v.t.*] **१.** औंला, चिम्टा आदिले बोटबिरुवाका मुन्टा वा पात आदि टिप्नु; कुनै चिजको टुप्पो टिप्नु। to pluck shoots, leaves, etc. with your fingers or tongs. **२.** कुनै चिजको थोरै अंश औंलाले झिक्नु; चिमोट्नु। to take a small portion of sth with your fingers; to pinch sth.

चोःम्न्य /tʃoːmnjə/ – [स.क्रि. *v.t.*] (अण्डा आदि) सानो प्वाल पर्ने गरी चोट पार्नु; अलिकति चोट पर्ने तहमा आघात पार्नु। to hit or strike sth like an egg in order to make a small hole or hurt it. > **चोम्सिन्य**[१] **/tʃomsɪnjə/–** [अ.क्रि. *v.i.*] चल्ला बाहिर निस्कने बेला अण्डामा सानो प्वाल पर्नु। (of eggs) to hatch. > **चोम्सिन्य**[२]**–** टाउको आदिमा सानो चोट पर्नु। to sustain a small head injury.

चोरो/tʃoro, *syn.* **tʃorwə/ –** [वि. *adj.*] (छ्याङ; जाँड आदि) अम्लको मात्रा बढेको; अम्लयुक्त। (of local beer called *chhyāng*) sour.

चोरोङ्गो /tʃoroŋgo/ – [क्रि.वि. *adv.*] **१.** खुत्रुक्क वा भुतुक्क भई मर्ने वा मार्ने गरेर। in the manner of killing sb/sth or dying or killing outright. **२.** हातखुट्टा चलाउन वा चल्नै नसक्ने गरी प्रहार गर्ने वा पर्ने चालमा; भुतुक्क। (of killing/dying) all at once; outright. ~**जैन्य /dʒəˈnjə/–** [स.क्रि. *v.t.*] भुतुक्कै पार्नु; प्राण खुस्काउनु। to kill sb/sth outright. **३.** कुनै काम देखेर सो गर्न असाध्यै अल्छी लाग्ने अवस्था; उच्चाट। (*e.g.* मीःर चोरोङ्गो / बक्रः सिउ) laziness; sluggishness.

चोर्खोङ्गो /tʃorkʰoŋgò/ – [ना. *n.*] **१.** चोट, प्रहार आदिको कारण मरणासन्न हुने गरी ढलेको अवस्था; उत्तानो पर्ने काम; उत्तानो पर्दाको आसन। the state when a person lies flat after receiving a deadly blow. **२.** भुतुक्कै पर्ने गरी मर्ने वा मार्ने काम। an act of killing sb/sth or dying outright.

चोला /tʃolɑ/ – [ना. *n.*] भौतिक शरीर अस्तित्वमा आएदेखि (जन्मेदेखि मृत्युपर्यन्त) बाँचुञ्जेलको अवधि; जुनी, जिन्दगानी; जिन्दगी। existence; life.

च़ोएन्य /tʃo̤enjə/ – [अ.क्रि. *v.i.*] **१.** (चिज) उफ्रँदै बजारिँदै तलतिर गुल्टनु। (of sth) to move somewhere by turning over and over or from side to side; to roll down. **२.** क्यै चिजलाई हान्दा (हानिने चिज) ठोकिएर पुनः मास्तिर फर्किनु; उफ्रिनु। to move up or sideways after hitting a surface; to bounce up.

च़ोल्न्य /tʃo̤lnjə/ – [स.क्रि. *v.t.*] **१.** गारो लाउँदा ढुङ्गाको तीखो वा नमिलेको भागलाई ठोकेर मिल्दो बनाउनु; कुँद्नु। to chisel and hammer stones and make the surface even in order to fit them in building a wall. **२.** टुप्पो, सिङ आदि ठोकेर भाँच्नु। to break the top of sth by hammering it with sth.

चौखन्दी /tʃəᵘkʰɨndɪ/ – [वि. *adj.*] चारैतिर कुना भएको; वर्गाकारयुक्त। rectangular; square.

चौतपौत /tʃəᵘtəpəᵘtə/ – [ना. *n.*] विषादि परेर वा कुनै कारणले एक्कासि प्राण जाने अवस्था। the situation when a person dies outright because of being poisoned or any other causes.

चौतरा /tʃəᵘtəra/ – [ना. *n.*] **१.** धेरै बाटाहरूको छुट्टिने वा मिसिने खुला चोक। a junction of roads; crossroads. **२.** मानिसहरू भेला हुन मिल्ने सार्वजनिक थलो। a public place where people gather.

च्याँन्य /tʃjãnjə, *md.* **ʈʰɪɦɪke/ –** [अ.क्रि. *v.i.*] **१.** यौन सम्पर्क गर्ने इच्छा (कामोत्तेजना) बढेर आउनु; काम वासना बढ्नु। to feel sexually excited. **२.** यौन उत्तेजनाले लिङ्ग उत्तेजित हुनु। (of the penis) to swell and become erect.

च़्याँलु /tʃjã̤lu/ – [ना. *n.*] हिमालतिर पाइने मसिनो रौंवाला भेडा वा सोको ऊन। mountain sheep or its wool.

च़्याँसिन्य /tʃjã̤sɪnjə, *md.* **ʈoroske/ –** [स.क्रि. *v.t.*] खुट्टा टेकेर खडा हुनु; उठ्नु; उभिनु। to stand up.

च्याउँन्य /tʃjãᵘnjə/ – [अ.क्रि. *v.i.*] ठूलो स्वरले कराएर हल्ला गर्नु; कराउनु। to shout; to cry.

च्याउऱ्यास्न्य /tʃjaᵘrjasnjə, *md.* **ruʰuke/ –** [अ.क्रि. *v.i.*] चाउरी पर्नु। to be wrinkled.

च्याʔ /(r)tʃjaʔ/ – [ना. *n.*] अम्मल वा कुनै वस्तुप्रतिको रुचि; एकअर्काप्रतिको पारस्परिक चाहना; रुचि; धोको। a desire for sth. **~सिउ₁ /sɪᵘ/–** [वि. *adj.*] झिझ्याहट वा झर्को लागेको। irritated; annoyed. **~सिउ₂ –** खान पिउन मन नलागेको; अरूचि जागेको। having no appetite; full.

च्याकुज़ा /tʃjakuza/ – [वि. *adj.*/निभु.भे. *nblv.*] ☞ (**तकेःज़ा /təkeːza/**)

च्याच्यालचिचिल /tʃjatʃjaltʃɪtʃɪl/ – [ना. *n.*] अलिअलिको चिलाउने चिलाइ। tingling; itching.

च्याःन्य */plv.* **tʃjaːnjə**, *glv.* **kətʃəraːnjə/ –** [अ.क्रि. *v.i.*] **१.** पौष्टिक तत्त्वको अभावमा शरीर दुब्लाउँदै जानु; लिखुरे हुनु। to become thin due to lack of nutritious food; to become emaciated. **२.** दुब्लाएर नराम्रो देखिनु। to look skeletal and out of shape. **३.** मन नपराई नपराई भोजन ग्रहण गर्नु; जाँगर नलाई नलाई खानु। to eat unwillingly.

च्यापलाचिपलु /tʃjapəlatʃɪpəlu/ – [ना. *n.*] राम्ररी सफा नहुने गरी अलिअलि मात्र पानीले नुहाउने काम। an act of bathing quickly or superficially.

च्याप्ना */slv.* **tʃjapna**, *plv.* **dɪkərã**, *glv.* **dʒɪgəraŋ/ –** [ना. *n.*] फल र फूल नहुने, मसिनो पात र हरियो-सेतो मिलेको डाँठ हुने एक झार; उनिउँ; उन्यू। a plant with long stems, leaves and no flowers; fern.

च्याप्ना

च्याप्न्य /tʃjapnjə/ – [स.क्रि. *v.t.*] **१.** पक्षीको चुच्चोले घोप्नु; कुनै तीखो चिजले घोच्नु; ठुङ्नु; ठुँग्नु। (of birds) to peck at sth **२.** [अ.क्रि.

v.i.] आलु, तरुल आदिलाई खनेर निकाल्दा चोट लाग्नु/पर्नु। (of roots like potato, yam, etc.) to wound while digging uprooting.

च्याःप्न्य /tʃjà:pnjə/ – [स.क्रि. *v.t.*] अन्नको भुस, कसिङ्गर छुट्याउन नाङ्लोमा हाली केलाउनु; निफन्नु। to winnow; to sort out husks from grains.

च्यामुना /tʃjɑmunɑ/ – [ना. *n.*/से.भे. *slv.*] ☞ (**कोलै /kolə'/**)

च्यार /*plv.* **tʃjɑr**, *hmlv.* **sɪl/ –** [ना. *n.*] रोटी पकाउँदा घोच्न वा मासु आदि उनेर पोल्न प्रयोग हुने तीखो सुइरो; शूल; झिर। a skewer.

च्यार्न्य$_{१}$ **/tʃjɑrnjə**, *mḍ.* **ɪkke/ –** [स.क्रि. *v.t.*] चारैतिरबाट च्यापेर भिजेको चिज वा क्वै चिजको रस निकाल्नु; निचोर्नु। to squeeze in order to extract juice.

च्यार्न्य$_{२}$ **/tʃjɑrnjə/ –** [स.क्रि. *v.t.*] **१.** ऋणीलाई विभिन्न युक्ति लगाएर तिर्न बाध्य तुल्याउनु; तिर्ने करकापमा पार्नु; तिराउनु। to compel sb to pay. **२.** हानि नोक्सानी भर्न लगाउनु; क्षतिपूर्ति भराउनु। to cause to pay compensation.

च्य़ान्य /tʃjạnjə/ – [स.क्रि. *v.t.*] फोहोर भएको भाँडो, कपडा आदिलाई पानीले धुनु; सफा पार्नु; पखाल्नु। to wash; to rinse.

च्य़ाल /tʃjạl/ – [क्रि.वि. *adv.*] पन्यालो चिज एक्कासि सबका सब पोखिने गरी; ह्याल्ल। (of liquid) spilling with a gush.

च्य़ालच्य़ाल /tʃjạltʃjạl/– लगातार बान्ता गर्ने गरेर; छादिरहने किसिमले। (of vomiting) continuously.

च्यु/tʃju/–[ना.*n.*/ग.भे.*glv.*] ☞ (**चिप/tʃɪp/**)

-च्यो /tʃjo/ – [प्रत्य. *suf.*] धातुमा प्रत्ययको रूपमा आएर, भविष्यमा कुनै काम गर्नु भनेर धेरै जनालाई अह्राउने जनाउने प्रत्यय। (*e.g.* जै+च्यो = जैच्यो "गर्नू/गर्नु होला।", ज़्यु+च्यो = ज़्युच्यो "खानू/खानु होला" आदि।) suffix added to the root to express desirability (to advise people to do sth expressing imperative mood).

च्योनान्य /tʃjonɑnjə/ – [स.क्रि. *v.t.*/उमै.भे. *hmlv.*] ☞ (**चन्दरैन्य /tʃəndərə'ːnjə/**)

च्योन्य /tʃjonjə/ – [अ.क्रि. *v.i.*] **१.** कुनै चिज किन्नको लागि धन पर्याप्त हुनु; क्रयशक्तिले भ्याउनु; धन पुग्नु। to have money enough to buy sth; to be able to afford sth. **२.** माल अनुसार मोल उठ्ने खालको। worth buying.

च्य़ो /tʃjọ/ – [ना. *n.*] **१.** कुकुरलाई बोलाउँदा प्रयोग गरिने लवज; चेइ। word used to summon a dog. **२.** अरूलाई हेलाको भावमा आव्हान गर्दा प्रयुक्त हुने शब्द; चेइचेइ। word used to call someone by humiliating him/her.

च्वात्त /tʃwɑttə/ – [क्रि.वि. *adv.*] एकै झट्कामा चुँडिदा, छोड्दाको किसिम। with a snap. **~फ्याʔन्य /fjɑʔnjə/–** [स./अ.क्रि. *v.t., i.*] एकै झड्कामा चुँडाल्नु। to break sth with a single attempt or with a snap. **~ऱ़ास्न्य /rạsnjə/–** (वस्तु, अम्मल, बानी आदि) सधैंको लागि त्याग्नु। to give up any habit/addiction forever.

छ

छँतैःन्य /tʃʰɨtəˈːnjə/ – [स.क्रि. *v.t.*] यौन सम्पर्क गर्दा जोडले शरीर हल्लाउनु। to move and shake one's body during sexual intercourse.

छःचःन्दःरी /tʃʰɨtʃɨndɨrɪ/ – [ना. *n.*] मुसा जातको गह्राउने जीव; छुचुन्द्रो। a small mammal which is nearly blind, has dark fur and lives in a passage that it digs under the ground; a mole.

छःचःन्दिन्य /tʃʰɨtʃɨndɪnjə, tʃʰətəˈːnjə, tʃʰɪllɪnjə/ – [स.क्रि. *v.t.*] **१.** लाज, सरम त्यागेर वा मर्यादाको ख्यालै नगरी व्यवहार गर्नु; छिल्लिनु; पात्तिनु; मात्तिनु। to flirt; to behave wantonly. **२.** उन्मादले अरूको अह्रोट वा सल्लाह नमान्न; अवज्ञा गर्नु; नटेर्नु; अटेरी हुनु। to disobey; to defy.

छःतःँपःतःँ /tʃʰɨtɨ̃pɨtɨ̃, *ant.* **tʃen ka tʃen/** – [क्रि.वि. *adv.*] कुनै काम विलम्ब नहुने गरी ऐनमौकामै गर्ने गरी; सरासर; फटाफट। without any delay.

छःत्किन्य /tʃʰɨtkɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** कतै जान तयार हुनु; प्रस्थानको तयारीले पूर्णता पाउनु। to be ready to go somewhere; to be prepared for departure. **२.** फुर्सद पाउनु; कामबाट छुट्कारा मिल्नु। to be free; to get respite. **३.** हिसाब, किताब चुक्ता गर्नु; लिनेदिने नपर्ने हुनु। to be free from any debt or financial obligation; (of money/debt) to be cleared.

छःदिन्य /tʃʰɨdɪnjə/ – [अ.क्रि. *v.i.*] कुनै चिजबाट सहायक अङ्ग वा शरीरको कुनै अङ्ग टुक्रिएर छुट्टिनु; गिँडिनु; अङ्ग छुट्नु। (of body parts or sth) to be cut off; to separate; to be severed.

छःलिन्य /tʃʰɨlɪnjə/ – [ना. *n.*] (विश्वास) मृत पितृका आत्मा, देवीदेवता रहने चुह्लो, सिमसार आदि पवित्र मानिएको ठाउँलाई जुठो वा अपवित्र गर्नेलाई देवीदेवताले पुऱ्याउने भनिएको हानि। a belief that deities will punish those who defile sacred places such as kitchen or marsh land (where gods and the spirits of ancestors are believed to reside).

छःल्किन्य /tʃʰɨlkɪnjə/ – [अ.क्रि. *v.i.*] (भाँडाभित्रको) तरल पदार्थ छचल्किनु। (of liquid) to slosh.

छकाल्या /tʃʰəkalja, > **tʃʰəkalnjá**, *syn.* **rɪdʒaniː**, *ant.* **rɪ̈mkə/** – [ना. *n.*] दिनको पहिलो प्रहर; प्रभातकालीन समय; बिहान। dawn; morning; cockcrow.

छक्कौ/tʃʰəkkəᵘ/ – [वि.*adj.*] असामान्य घटना आइपर्दा वा अनौठो कुरा देखेर बिलखबन्दमा परेको; आश्चर्यचकित; दङ्दास; ट्वाल्ल परेको; जिल्ल। stunned; surprised; astonished; amazed.

छतको /tʃʰətəko/ – [वि. *adj.*] रङ; रुप, आकार, गुण आदिमा अरूभन्दा भिन्दै देखिने; सजिलै छुट्याउन सकिने रुप, रङको। having a different colour, shape and quality; distinct from the rest.

छतक /tʃʰətək/ – [क्रि.वि. *adv.*] धारिलो साधनले एकैचोटि छिनाल्दाको किसिम;

छ्याक्क; छ्याम्म; छ्वाट्ट। with a slash ~**जेउन्य /dʒeᵘnjə/–** [स.क्रि. *v.t.*] चटक्कै छिनाल्नु; छ्याम्म पार्नु; च्वाट्टै चुँडिने गरी काट्नु। to slash sth. ~**बिकःतिन्य /bɪkɨtɪnjə/–** [अ.क्रि. *v.i.*] अरूको बीचमा रुप, गुण, आकारप्रकार प्रष्टै छुट्टिनु; अरूभन्दा फरक देखिनु। to look different from others in terms of colour, shape and quality; to be distinct.

छतरपतर /tʃʰətərpətər/ – [ना. *n.*] प्रायः समान मानिएका व्यक्तिहरूबीच गरिने वा सम्झिने भेदको व्यवहार, भाव वा विचार; उचित अनुचितको ख्यालै नगरी कसैको पक्ष लिने काम; कसैसँग असल र कसैसँग खराब व्यवहार गर्ने काम; भेदभाव; पक्षपात। prejudice; bias.

छतरभङ्ग */plv.* **tʃʰətərbʰəŋgə,** *slv.* **tʃʰətərbəŋkə/ –** [ना. *n.*] राम्ररी नियम, अनुशासनको पालना नगरिएको स्थिति। the situation when rules and regulations are not observed properly; shambles.

छतैःन्य /tʃʰətəˈːnjə/ – [स.क्रि. *v.t.*] ☞ (**छःचःन्दिन्य /tʃʰɨtʃɨndɪnjə/**)

छतौन्या[१] **/tʃʰətəᵘrjɑ/ –** [वि. *adj.*] ठूलो होइन र सानो पनि होइन; ठिक्कको; मध्यम आकारको। medium-sized.

छतौन्या[२] **–** [ना. *n.*/से.भे. *slv.*] लक्का जवान; युवा। a youth.

छत्कालो /tʃʰətkɑlo/ – [वि. *adj.*] **१.** सोझै भनिएको मनको भाव वा आन्तरिक विचार; घुमाइफिराइ नगरी गरिएको बोली वा व्यवहार; अभिव्यञ्जना नगरिएको। straight talk/behaviour. **२.** जटिल नभएको; सरल। understandable; straight; easy to understand; simple.

छत्कैःन्य /tʃʰətkə̀ˈːnjə/ – [स.क्रि. *v.t.*] **१.** (चिज) काटेर वा चुँडालेर दुई टुक्रा पार्नु; दुई भागमा छुट्याउनु। to halve sth. **२.** कुनै विषय वा प्रसङ्गको टुङ्गो लगाउनु; निर्णायक टुङ्गोमा पुग्नु; निर्णय दिनु। to decide sth; to reach a decision. **३.** हिसाब-किताब चुक्ता, फर्स्यौट गर्नु; छिनोफानो गर्नु। (of money/debt) to clear; to pay off.

छत्क्याः /tʃʰtkjɑʔ/ – [ना. *n.*] ☞ (**काछबःन्दी /kɑtʃʰəbɨŋdɪ/**)

छदवा /tʃʰədəwɑ/ – [वि. *adj.*] **१.** कुनै प्रकारको बन्धन वा नियममा नरहेको; नबाँधिएको; छाडा। free; unbound; unrestricted; unleashed. **२.** [ना. *n.*] पतिपत्नीबीच हुने सम्बन्ध विच्छेदपछिको अवस्था। the status of a couple after their divorce; free; single.

छदैःन्य /tʃʰədə̀ˈːnjə/ – [स.क्रि. *v.t.*] **१.** (चिज) काटेर चुँडाल्नु; छिनाल्नु। to sever; to slash. **२.** उमेर पुगेका बच्चा, बाच्छा, बाच्छीलाई दूध छुटाउनु। to cause baby animals like a calf to stop suckling; to wean.

छन्द नि भाँतिउ /tʃʰəndə nɪ bʰɑ̃tɪᵘ/ – [वि. *adj.*] **१.** भिन्दाभिन्दै गुण, रुप, रङ र आकार, प्रकारको; विविध खालको। of different types. **२.** [ना. *n.*/से.भे. *slv.*] ख्यालठट्टा गर्ने व्यक्ति। a joker; a prankster; a trickster.

छपक /tʃʰəpək/ – [क्रि.वि. *adv.*] **१.** अकस्मात् ढाक्ने वा छोप्ने किसिमले; ढाकिएर वा छोपिएर; छुपुक्क। (covering sth/sb) completely and suddenly. **२.** [क्रि.वि. *adv.*] फलफूल, हाँगाबिँगा, लहरा आदिले बाक्लोसँग ढाक्ने गरी; झ्याम्म। heavy with fruit or thick with foliage. ~**कप्न्य /kəpnjə/–** [स.क्रि. *v.t.*] कुनै चिजलाई निस्कन, भाग्न, फुत्किन नसक्ने गरी एक्कासि ढाक्नु वा छोप्नु। to surround sth or sb suddenly so that they cannot

escape. ~**जैन्य** /**dʒəˈnjə**/– चड्कन लगाइदिनु। to slap sb across the face. ~**भ्यान्य** /**dʒʰjɑnjə**/– [अ.क्रि. *v.i.*] रात छिप्पिएर पूरै अँध्यारो हुनु। to become dark; (of night) to fall.

छम[1] /**tʃʰəm**/ – [ना. *n.*] **१.** नदीनाला वारपार गर्न सोमाथि बनाएको बाटो; साँघु; पुल। a footbridge. **२.** एक तलाबाट अर्को तला चढ्न बनाएको सिँढी; भऱ्याङ। a ladder.

छम

छम[2] – [ना. *n.* / से.भे. *slv.*] डोरीद्वारा बनेको पुल। a type of suspension bridge made of rope; a rope bridge.

छम्कत /**tʃʰəmkətə**/ – [ना. *n.*] आवश्यकीय चिज नहुनाको भाव वा स्थिति; अपुग; अभाव। when there is not enough of something; shortage.

छम्कैन्य /**tʃʰəmkəˈnjə**, *md.* **tʃʰjɑpke**/ – [स.क्रि. *v.t.*] **१.** पवित्र पानी (जलाञ्जली) ले छर्कनु। to sprinkle someone or a place with holy water. **२.** सद्गति गरेर फर्केका मलामीलाई जलाञ्जलीले छर्केर चोख्याउनु। to purify those who have attended the funeral by sprinkling holy water on them. **३.** बढार्नुपूर्व धुलो नउडोस् भनेर भुइँमा पानी छम्कनु; बोटबिरुवामाथि पानी छर्कनु। to sprinkle water on the floor before sweeping; to sprinkle water on plant. **४.** राम्ररी नभिज्ने गरी अलिअलि पानी पार्नु; विस्तारै पानी छर्कनु। to drizzle.

छरक /**tʃʰərək**/ – [ना. *n.*] आंशिक अर्थ वा भाव प्रकट हुने गरी बोलिएको छोटकरी बोली। an incomplete expression; indication; hinting at sth.

छरभर /**tʃʰərbʰər**/ – [ना. *n.*] राम्ररी सुरक्षा मिल्ने खालको आधार वा आश्रय; छत्रछाया; आडभरोस। a shelter; a haven; protection.

छरैन्य[1] /**tʃʰərəˈnjə**, *syn.* **wɑsnjə**/ – [स.क्रि. *v.t.*] **१.** अस्तव्यस्त पारेर फिँजाउनु, चुहाउनु, फाल्नु वा खसाल्नु। to carry or hold things carelessly and drop them; to scatter or throw sth. **२.** खेतबारी वा ब्याडमा बिउ छर्नु। to scatter seeds in the field or seedbed. **३.** ब्याज पाउने गरी धन बाँड्नु; ऋण दिनु; धन लगानी गर्नु। to lend money to sb on the condition that they pay interest on it; to invest.

छरैन्य[2] – [स.क्रि. *v.t.*] फलफूल वा पवित्र पानी आदिले आडमा पर्ने गरी छर्कनु। to dip flowers, fruits, leaves etc. into holy water and sprinkle it on the body.

छरैन्य[3] – [स.क्रि. *v.t.*] ☞ (**छम्कैन्य** /**tʃʰəmkəˈnjə**/)

छर्का /**tʃʰərkɑ**, *syn.* **tʃʰɑːrɑ**/ – [ना. *n.*] पहरामा ठक्कर खाँदै छङछङ गरेर निरन्तर खस्ने पानीको धारो; झरना। water, especially from a river or stream, dropping from a higher to a lower point, sometimes from a great height; waterfall.

छर्जल्तलो /*plv.* **tʃʰərdʒəltəlo**, *glv.* **pərgəltəlo**/ – [वि. *adj.*] चामल, गेडागुडी राम्ररी राप नपुगेर काँचै परेको। (of rice, grains, etc.) half-cooked.

छल्का /**tʃʰəlkɑ**/ – [ना. *n.*] छचल्किएर उछिट्टिएको पानीको छाल; छचल्किएको पानी। the water splashed out of the river, pond, etc. or sloshed out of the pot.

छल्याʔ /**tʃʰəljɑ́ʔ**/ – [ना. *n.*] स्तन वा

फाँचाबाट निस्कने सेतो पौष्टिक झोल; दूध। nutritious fluid produced by mammals; milk.

छाँत्या /**tʃʰãtjɑ**/ – [ना. *n.*] उमेर पुगेका मानिस वा जनावर। a mature person or animal. (बस्तु) मसिनाबाट छुटिएको वा छुट्याइएका चिजबीच। things sorted out or graded from smaller ones.

छाँन्य /*plv.* **tʃʰãnjə**, *hmlv.* **foronjə**/ – [स.क्रि. *v.t.*] **१.** मकैको घोगाबाट हातले एकएक गरी गेडा छुट्याउनु; छोडाउनु। to scrape corn kernels. **२.** अरूसँग रहेको कुरो (चिज) बलपूर्वक खोस्नु। to snatch sth. **३.** उम्कनको लागि अँठ्याइएको हात फुत्काउनु। to free your hands from someone's grip.

छाँपाछाँपाउ /**tʃʰãpɑtʃʰãpɑᵘ**/ – [वि. *adj.*] बगालका बगाल थुप्रिएको; हुलकाहुल एकै ठाउँमा झुम्मिएको। flocked; herded; crowded.

छाइन्य /*plv.* **tʃʰɑˈnjə**, *glv.* **dʒɪpnjə**/ – [स.क्रि. *v.t.*] घरको छानो छाउनु। to roof.

छाउ[१] /**tʃʰɑᵘ**, *ant.* **bʰutjɑso**/ – [वि. *adj.*] (हतियार) खुब लाग्ने; काट्न सक्ने; धारिलो। (of weapons) sharp.

छाउ[२] – [वि. *adj.*/लु.भे. *llv.*] गर्मिले असाध्यै सताएको; गुम्सिएको। suffocating because of heat.

छाः[१] /**tʃʰá?**/ – [ना. *n.*] पहिलो मध्यरातदेखि पछिल्लो मध्यरातसम्म आठै प्रहरको समय; सातबारमध्ये एकबार; दिन। a particular day in a week.

छाः[२] – [ना. *n.*] ☞ (**कल्ब्याली** /**kəlbjɑlɪ**/)

छाकी /*slv.* **tʃʰɑkɪ**, *plv.* **tʰumbu**/ – [ना. *n.*] **१.** कसैमा देवता चढ्न थालेपछि ऊ झाँक्री उत्रिएको दिन खोल्ने भनी उसैको नाममा बनाइने छ्याङ; जाँड आदि। a type of home-made liquor like *jānd, chhyāng* brewed to consume on a particular day when spirits ceremonially leave the witch doctor's (shaman's) body. **२.** कसैको ग्रहदशा फाल्ने दिनमा प्रयोग गरिने भनी पकाइने छ्याङ। the *chhyāng* brewed to ward off the effects of malevolent stars cast on someone.

छाङरा /**tʃʰɑŋərɑ**/ – [ना. *n.*] चेलीले माइती पक्षलाई विवाह गरेको सालको दशैंमा बुझाउने राँगो वा सो अनुसारको दस्तुर। a male buffalo or amount worth of it offered by the side of a married woman to her parents' side on the occasion of the first *Dashain* of their marriage.

छाङ्ग /**tʃʰɑŋgɑ**/ – [ना. *n.*] जमिनको खण्ड-खण्डको डिलसमेतको भित्तो; कान्लो। the vertical slope of agricultural land on the hillside or terrace.

छाजा /**tʃʰɑdʒɑ**/ – [वि. *adj.*] (मान्छे) घुमाइ फिराइ नगरी वा मनमा कुनै कपट नराखी बोल्ने; मनमा कुनै कालोमैलो नभएको; स्पष्टवादी। (of people) candid; frank and honest; open.

छाता[१] /(**o**)**tʃʰɑtɑ**/ – [ना. *n.*] भाँडोको बिट। the very top edge of a container; brim or lip of a pot.

छाता[२] – [ना. *n.*] घामपानी छेक्न ओढिने साधन। an umbrella.

छाताकछतक /**tʃʰɑtɑktʃʰətək**/ – [क्रि.वि. *adv.*] **१.** कुनै विलम्ब नगरी सरल र सहज पाराले कामकुरा सम्पन्न गर्ने ढङ्गले। without any delay; promptly. **२.** हिसाबकिताब, लिनेदिने वा कारोबार आदि चुक्ता गर्ने गरी; छिनोफानो। an act of paying sb/sth or of being paid; payment; repayment;

settlement.

छाती /tʃʰatɪ/ – [ना. *n.*] **१.** पेटदेखि माथि घाँटीदेखि मुनिको करङले छोपेको भाग; वक्षस्थल । chest. **२.** कुनै कठिन काम गर्ने आँट वा साहस; हिम्मत । courage. ~**लेउ /leᵘ/**– [वि. *adj.*] पराक्रमपूर्ण काम गर्नसक्ने; आँटिलो; साहसी; बहादुर । courageous; brave.

छादन /(o)tʃʰadən/ – [वि. *adj.*] **१.** (ठाउँ वा वातावरण) स्वतन्त्रतापूर्वक चलखेल गर्न मिल्ने खुला । (of places) open; spacious. **२.** [ना. *n.*] स्थानीय अधिकारले युक्त स्थिति; स्वायत्तता । when regions are autonomous; local autonomy.

छानागानाकाउ /tʃʰanaganakaᵘ/ – [वि. *adj.*] पहिले जस्तो थियो पछि पनि सोही अवस्था वा स्थितिमै रहेको; यथास्थितिको; नबिग्रेको, ननासिएर रहेको; पूर्ववत् अवस्थाको । intact; unbroken; undamaged.

छान्य /tʃʰannjə/ – [अ.क्रि. *v.i.*/से.भे. *slv.*] पवित्र तुल्याउनु; चोख्याउनु । to purify sth.

छान्य¹ /tʃʰanjə, *syn.* **tʃʰonjə/** – [स.क्रि. *v.t.*] **१.** गाई, भैंसी, भेडा, बाख्रा आदिलाई चर्नको लागि वनमा डुलाउनु; चराउनु । to graze livestock on the moors. **२.** कसैले के गर्छ भनी पछिपछि लाग्नु; चियो गर्नु । to spy on sb.

छान्य² – [अ.क्रि. *v.i.*] **१.** हतियारको धार खुब लाग्नु; बेसरी काट्नसक्ने हुनु । (of weapons) to be sharp. **२.** जाँतो, घट्ट, मिल आदिले बेसरी पिँध्नसक्ने हुनु । (of water mill and hand mill) to be good enough to grind sth.

छान्य³ – [ना. *n.*/से.भे. *slv.*] खम्रो खालको जमिन । gritty rough or coarse land.

छाःन्य /tʃʰaːnjə, *ant.* **mopnjə/** – [स.क्रि. *v.t.*] तरल पदार्थ अलक्कै खानु; आकाशतिर आँगरी माथिबाट सोझै मुखमा पेय पदार्थ खसाल्नु । to drink water form a jar without touching your lips.

छान्या?¹ /tʃʰanja?/ – [ना. *n.*] **१.** मुखमा सिधै घामपानी नपरोस् भनेर छेक्न बनाएको टोपीको छत । the brim of a hat. **२.** अतिरिक्त रूपमा थपिएको घरको छत । a balcony projected under the main roof.

छान्या?² – [ना. *n.*] ☞ (**छाता /tʃʰata/**)

छाप¹ /tʃʰap/ – [ना. *n.*] हातले स्पर्श गर्ने काम; छुने काम; छुवाइ । an act of touching sth with your hand.

छाप² – [ना. *n.*/से.भे. *slv.*] खर वा परालको छाप्रो । a hut made of dry grass or hay.

छापरा /tʃʰapərá/ – [ना. *n.*] चित्रो, खर, पराल, स्याउला आदिद्वारा बनाइएको कच्ची घर; झुपडी । a cottage; a hut. ~**ख्यान्य /kʰjanjə/**– [स.क्रि. *v.t.*] झुपडी, छाप्रो बनाउनु । to make a hut or cottage.

छापना /tʃʰapəna/ – [ना. *n.*/से.भे. *slv.*] ☞ (**कार्ना /karna/**)

छाप्छाप /tʃʰap-tʃʰap/ – [ना. *n.*] कुनै उद्यममा लागिरहने काम; हात खाली नराख्ने, कुनै काममा उद्यत रहने स्थिति वा स्वभाव । the quality or habit of working hard; industriousness.

छाप्न्य /tʃʰapnja, *md.* **suɦuke/** – [स.क्रि. *v.t.*] कुनै वस्तु वा सोको विशेषता पत्ता लगाउन स्पर्श गर्नु; छुनु; छाम्नु । to touch sth.

छाप्या /tʃʰapja/ – [वि. *adj.*] **१.** टाटेपाटे रङ भएको । patterned with spots; spotted. **२.** [ना. *n.*] > **धिम /dʰɪm/**– बाह्र पाउ (अन्दाजी दुई हजार पाँचशय ग्राम वा अढाई के.जी.) बराबरको तौल वा ढक । a measure of weight that (roughly) equals two and

a half kilos traditionally. . ३. [से.भे. *slv.*] तालुक वा अमालको स्थायी शासन; अधिकारवाला मुखिया; जिम्मावाल। the headman or the rule of a headman.

छामराः /**tʃʰamərá?**/ – [ना. *n.*] १. अन्नअनाजमा मिसिन पुगेका ससाना ढुङ्गा। the grit mixed with grains. २. ☞ (**बलौत** /**bələᵘtə**/)

छाम्छामो /**tʃʰamtʃʰamo**, *ant.* **pəlq̃wə**/ – [वि. *adj.*] प्रकाश वा उज्यालोको थोरै पनि अंश नभएको; अँध्यारो। with little or no light; dark.

छाःम्न्य /**tʃʰaːmnjə**/ – [स.क्रि. *v.t.*] कसैको शक्ति, ज्ञान, हालत, धन, तागत आदिको अड्कल लगाएर उसको महत्त्व वा स्तर पत्ता लगाउनु; परीक्षण गर्नु; जाँच्नु। to assess a person's importance or status by making a guess about his/her power, knowledge, wealth or strength.

छार /*slv.* **tʃʰar**, *ant.* (*plv.*) **pərãdo**/ – [वि. *adj.*] १. भर्खरै देखिन वा प्रयोगमा आउन थालेको; हालसालको; नयाँ। new; latest; recent. २. प्रयोग नगरिएको; ताजा; नौलो। not used before; fresh.

छाःरा/**tʃʰaːra**/–[ना.*n.*]☞(**छर्का**/**tʃʰərka**/)

छार्‍या /**tʃʰarja**, *syn.* **rãgən**/ – [ना. *n.*] जिउका जोर्नी अथवा जोर्तीहरू दुख्ने, सुनिने, सिल्किने एक रोग; बाथ। painful disease which makes the joints (places where two bones are connected), especially the feet, knees and hands, swell; gout; rheumatism.

छाल /*plv.* **tʃʰal**, *syn.* **zjas**, *hmlv. & glv.* **məlá:**, *md.* **tʃʰuru**/ – [ना. *n.*] भात पकाउन प्रयोग हुने धान कुटेर निस्केको सेतो गुदी भाग; चामल। grains of rice. ~**काङ** /**kaŋ**, *md.* **tʃʰo**, **dʒjat**/ – पानीमा चामल पकाएपछि तयार भएको खानेकुरा; भात। boiled rice. > **छालबोलो** /**tʃʰalbolo**/– नपकाएको, नभुटेको चामलको गेडो; अक्षता। uncooked rice.

छाःल्न्य /**tʃʰaːlnjə**/ – [स.क्रि. *v.t.*] १. बोट-बिरुवा, लता, बृक्षका हाँगाबिँगा काँटछाँट गर्नु। to prune plants. २. बाक्ला बिरुवा उखेल्नु; बाक्लिएर बढी भएका अनावश्यक बोटबिरुवाहरू हटाउनु; छिमल्नु; छिँमल्नु। to thin out bushes; to prune trees.

छाहा /**tʃʰaɦa**, *syn.* **tʃʰo**/ – [ना. *n.*] १. (विश्वास) मीठो खाएको र राम्रो लाएको देखेर अरूले लाएको कुदृष्टि। malice; the evil eye. २. कसैको कुदृष्टिबाट हुन जाने भनिएको विगार; चोखे; चोखा। sth believed to be harmful because of being under the influence of the evil eye.

छिँ /**tʃʰĩ(ŋ)**, *ant.* **ŋạtə**/ – [नायो. *post.*] कुनै वस्तु वा व्यक्तिको अगाडिको विपरीतपट्टि; पछाडिपट्टि; पछाडि; पछिल्तिर; पछि। behind; at the back of.

थुँसिन्य /tʰũ(ŋ)sɪnjə/ – [अ.क्रि. *v.i.*] एउटा काम गर्दागर्दै लगत्तै अर्को काम पनि गर्नुपर्ने हुनु; चलिरहेको कामकुराको लगत्तै अर्को काम आइपर्नु; काममाथि फेरि अर्को काम थपिनु; कामको चटारो पर्नु। to be extremely busy; to have too many things to do; hectic; to

be rushed off your feet at work.

थुकिन्य[१] **/tʰukɪnjə**, *syn.* **ləˈnjə/ –** [स.क्रि. *v.t.*] साँझ आफै गोठतिर फर्कनसक्ने वातावरण भएको वनमा पाल्तु जनावरलाई चर्नको लागि छाडा छाड्नु। to leave cattle free in the moor or woods to graze from where they can return to their shelter in the evening.

थुकिन्य[२]**/tʰukɪnjə, sudʒʰɪnjə, súrɪnjə/ –** [स.क्रि. *v.t.*] भाले जनावरको अण्डकोष निष्क्रिय तुल्याइदिनु; बहर वा साँढेबाट गोरु बनाउनु; बोका, पाठा आदिलाई खसी पार्नु; सुमर्नु। to castrate animals. **३.** कसैबाट लिएको ऋण, सापटी आदि फिर्ता नदिनु; शक्तिको आडमा डरधम्की देखाई फिर्ता नगर्नु; ऋण पचाउनु। not to return other's loan; not to pay back the loan one has borrowed; to frighten someone; to threaten or use force to confiscate other's property that someone has borrowed. **४.** घन आदिले बेसरी हिर्काउनु; कुट्नु; ठटाउनु। to hit sth with a hammer, etc. **५.** किला वा छिनो रोप्नु वा रोपेर सोमाथि घनले ठोक्नु। to hammer a nail in; to chisel sth.

थुता /tʰutɑ/ – [ना. *n.*] रुख, बिरुवा काटेर जमिनमा बचेको जरातिरको ठुँडुल्को। a stump; a stubble.

थुत्या[१] **/tʰutjɑ**, *ant.* **bɑɦoljɑ/ –** [वि. *adj.*] (कमिज, चोलो आदि) बाहुला वा फेर छोटो भएको। (of clothing) short-sleeved.

थुत्या[२] **–** [वि. *adj.*] **१.** (रुख, बिरुवा) हाँगाबिँगा केही नभएको। (of plants) having no branches. **२.** हातगोडा गलेको, झरेको वा नभएको। (of people) having no limbs; limbless.

थुन्का /tʰunkɑ/ – [ना. *n.*] **१.** लामो चिजलाई भाँचेर छुट्याइएको अर्को भाग; मुख्य अङ्गबाट छुट्याइएको वा टुक्र्याइएको कुनै चिजको सानो अंश; टुक्रो; ठुन्को। a part, bit or piece of sth. **२.** खेतबारीको सँगैको अर्को भाग; जग्गा टुक्र्याउँदा छुट्याइएको अर्को सानो जग्गा; मुख्य जग्गासँग रहेको सँगैको अर्को सानो जग्गा। a piece of land connected with one's main plot; field. **–थुन्का–** ससाना टुक्राहरू; टुक्रैटुक्रा। (of breaking) into many pieces; smithereens.

थुन्दुल्या /tʰundulja > tʰunduljɑso *&* **tʰundulja nɪ mundulɑso/ –** [वि. *adj.*] (मुन्द्री, बुलाकी) गहना-गुरिया फुकालेको वा नलगाएको; बुच्चो। (of body parts like ears, nose) having no jewellery; without jewellery.

थुन्य /tʰunjə/– [स.क्रि. *v.t.*/प.भे. *plv.*] ☞ (**थर्न्य /tʰərnjə/**)

थुम्न्य /tʰumnjə/ – [स.क्रि. *v.t.*] ☞ (**तुपिन्य /tupɪnjə/**)

थुम्बु /tʰumbu/– [ना. *n.*/प.भे. *plv.*] ☞ (**छाकी /tʃʰɑkɪ/**)

थुर्नूःन्य /tʰurnʊ́jə/ – [अ.क्रि. *v.i.*] कच्ची बाटो आदिमा वाहनमा चढेर यात्रा गर्दा थचारिनु। to be tired and exhausted when the vehicle you are riding keeps jolting.

थुर्थुर /tʰurtʰur/ – [ना. *n.*] कुनै आकस्मिक घटना घट्छ वा दुःखद सन्देश सुनिन्छ कि भनी मनमा भइरहने सन्देह र त्रासको अनुभूति। worry or fear that sth unpleasant may happen; apprehension.

थुल /*plv.* **tʰul** > *hmlv.* **rtʰul/ –** [ना. *n.*] तान बुन्दा धागालाई दायाँबायाँ गर्दै हाल्ने धागो बेरिएको साधन; सटल; थुरी। a tool used in making cloth to pull a thread backwards and

forwards over the other threads that pass along the length of the cloth; a weaving shuttle.

थुल्दुल /tʰuldul/ – [ना. *n.*] सुत्न नपाएर निद्रा नपुग्ने स्थिति; अनिँदो। when your are short of sleep; sleeplessness.

थुव /tʰuwə/ – [ना. *n.*] भित्रभित्र रगत, पिप जम्न गएर बनेको घाउ। internally infected wound; a boil.

थुसिन्य /tʰusɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** घोप्टो पर्नाले सोभित्र रहेको चिज पोखिनु; घोप्टिनु; खन्याइनु। to fall off sth; to spill. **२.** टाउको तलतिर धसिने गरी खस्नु; झर्नु। to fall headlong.

थू /tʰʊ́/ – [ना. *n.*] कुनै कामकुरा, प्रसङ्ग आदिको आरम्भ; प्रारम्भ; शुरुवात; थालनी; उठान। beginning commencement. **–न्य–** [स.क्रि. *v.t.*] थालनी गर्नु; शुरुवात, उठान वा आरम्भ गर्नु; थाल्नु। to begin or to commence sth. > **थूःसिन्य /tʰʊ̆sɪnjə/–** [अ.क्रि. *v.i.*] कामकुराको प्रारम्भ गर्नु; लागिपर्नु; काममा हात हाल्नु; काम शुरु गर्नु; कुनै कुराको उठान गर्नु; थाल्नु। to start out sth; to instigate; to start off.

थें /tʰẽ(ŋ) > **(r)tʰẽ/–** [ना. *n.*] (प्राणी) फिलोसहित खुट्टाको पूरै भाग। whole of an animal's leg including spleem.

थेʔ /tʰeʔ/ – [ना. *n.*] हत्केला थापेर केही माग्दा प्रयुक्त हुने शब्द। a word used while asking for sth in your palms.

थेका /tʰekɑ/ – [ना. *n.*] जुनार जस्तै आकारप्रकारको, बोक्रा हुने अमिलो फल वा सोको बोट; ज्यामिर। citron; citrus fruit.

थेका´ /tʰekɑ́/ – [ना. *n.*] दही, मही आदि राख्न प्रयोगमा आउने काठको भाँडो; ठेकी। round wooden vessel (for holding curd, whey, etc.) ☞ (**तुकुर्या /tukurjɑ/**) *for picture.*

थेङ्गैन्य /tʰeŋgəˈnjə/ – [स.क्रि. *v.t.*] गह्रौं र असजिलो चिजलाई सजिलै गरी बोक्ने-उचाल्ने गर्नु। to make sth heavy easy to lift or handle.

थेनेʔ /(o)tʰeneʔ/ – [ना. *n.*] **१.** तरल चिज राखिएको भाँडाको पिँधमा जम्न पुगेको ठोस वस्तु; थिग्रेनी; निथार। settled matter at bottom of liquid; sediment; dregs. **२.** लेदो चिज; अर्ध तरल पदार्थ। thick and sticky substance.

थेप /tʰep/ – [ना. *n.*] एक पटकमा टप्कने तरल चिजको अंश; थोपो। a very small amount of liquid that forms a round shape; a drop. **–न्य–** [अ.क्रि. *v.i.*] तरल पदार्थ थोपाथोपा भई खस्नु; चुहुनु; तुर्कनु। (of liquid) to fall in small drops; to drip; to trickle.

थेपन्या /tʰepənjɑ/ – [ना. *n.*] पानी पर्दा छानाको छेउ वा किनाराबाट झर्ने पानी; बलेनी; तप्केनी। the water which drops from eaves.

थेप्प्यास्न्य /tʰeptʃjɑsnjə/ – [अ.क्रि. *v.i.*] (चिज) तलतिर थिचिएर चेप्टो हुनु; चेप्टिनु; धसिनु। (of an object) to be dented.

थेलमाथेल /tʰelmɑtʰel/ – [ना. *n.*] भिडमा कोचिएर बस्ने वा हुत्तिँदै अगाडि बढ्ने काम; परस्परमा खाँदिने अवस्था; कोचाकोच। an act of pushing through a crowd; being crammed.

थेःव¹ /tʰeːwə, *ant.* **tʃɪrɪ̰ᵘ/ –** [वि. *adj.*] पन्यालो, फिकापन नभएको; बाक्लो; लेदोयुक्त। (of liquid) thick, condensed; viscous.

थेःव² /*ant.* **rʊ̃wə/ –** [वि. *adj.*] बाक्लो हुने गरी

रौं उम्रेको । having thick hair or colour.

थेवा /**tʰewɑ**/ – [ना. *n.*] बुद्धिमत्तापूर्वक बोलिएको तर्कपूर्ण कुरो; कुनै कुराको खास मतलब वा अर्थ; तुक । the essence of one's talk; a wise expression.

थेस /**(o)rʰes**/ – [ना. *n.*] तान बुन्दा कसिने कसाइ; कस्ने काम। tightness while weaving threads in a loom; or an act of tightening the threads up in a loom.

थैंन्य /**tʰɜ̃ˈnjə**, *syn.* **tʰənnjə**/ – [अ.क्रि. *v.i.*] **१.** आवश्यक मालमत्ता, वस्तुको परिमाण, खर्च, सामल आदि पुग्दो वा पर्याप्त हुनु; पुग्नु। (of things) to be enough for a particular purpose; as much as you need; to be sufficient; to be adequate. **२.** कुनै नापमा लम्बाइचौडाइ पुग्दो हुनु । to have sufficient length and breadth. **३.** एक ठाउँबाट अर्को ठाउँसम्म सार्न/पुऱ्याउन हात वा अन्य कुनै चिजको सहायताले भ्याउनु; पुग्नु । to be able to stretch your hand far enough to touch sth or pick sth up; to reach.

थैन्य /**tʰəˈnjə**, *mḍ.* **seke**/ – [अ.क्रि. *v.i.*] **१.** कानद्वारा आवाज थाहा पाउनु; ध्वनि ग्रहण गर्नु; सुन्नु । to hear. **२.** [स.क्रि. *v.t.*] अरूले बोलेको कुरा थाहा पाउन ध्यान दिएर सुन्नु । to listen (to sb/sth).

थैयाथैया /**tʰəˈjɑtʰəˈjɑ**/ – [ना. *n.*] **१.** लगातार ठूलो स्वरले रुनेकराउने काम। an act of crying loudly for a long time. **२.** रोक्नै नसक्ने गरी रोएको बच्चाको लामो रोदन; चर्को किसिमको रुवाइ। a long loud cry of a child.

थोंसैन्य /*v.t.* **tʰõsəˈnjə**, *v.i.* **tʰũ(ŋ)sɪnjə**/ – [प.भे. *plv.*] चालु कामकुराको लगत्तै अर्को काम थप्नु । to have another task before completing the ongoing one.

–थो /**tʰo**, *syn.* **tʰoko**/ – [ना. *n.*] सङ्ख्यावाची शब्दका पछिल्तिर लागेर थरी, प्रकार आदि बुझाउने प्रत्यय (*e.g.* त+थो = तथो "एक थरी", ऩे+थो = ऩेथो "दुई थरी", ऽों+थो = ऽोंथो "तीन थरी" आदि) प्रकार; थरी । a type (one type, two types, three types)

थोʔ₁ /**tʰoʔ**/ – [ना. *n.*] ☞ (**खलक** /**kʰələk**/)

थोʔ₂ /**tʰoʔ**/ – [वि. *n.*] वंश परम्पराबाट आएको;आफ्नो पूर्वजहरूबाट आएको; बाबुआमाबाट प्राप्त, वंशानुगत। the process by which characteristics are given from a parent to their child through the genes; heredity.

थोका /**tʰokɑ**/ – [ना. *n.*] स्त्रीले नाडीमा लगाउने काँच, धातु, रबर आदिबाट बनेको आभूषण; चुरा । rings of stiff plastic, metal, etc. worn around the wrist by a woman; bangles.

थोका

थोकै /*plv.* **tʰokəˈ**, *syn.* **kozɑˈ**, *nblv.* **gosɑˈ**/ – [क्रि.वि. *adv.*] कुनै काम पूर्ण हुन वा घटना घट्नै लागेको हुने किसिमले; पुगनपुग; लगभग; झन्डै। almost; nearly; approximately.

थोको /**tʰoko**/ – [ना. *n.*] थरी; प्रकार; किसिम; विविधता । a type; a variety.

थोको नि मोखो /**tʰoko nɪ mokʰo**/ – [ना. *n.*] कसैले खै के गर्ला र, के सोच्ला वा सम्झला र ! भन्ने भावमा वाक्यांशको अगाडि प्रयोग गरिने शब्द। an expression used to begin a sentence in the sense of 'what he/she will do, think about or remember'.

थोङ्गैःन्य /**tʰoŋgəˈːnjə**/ – [स.क्रि. *v.t.*] (रोटी, फल आदि) खानेकुरा ठुल्ठुला गाँसमा चपाउनु ।

to take a big bite of bread, fruit, etc.

थोत्या /tʰotjɑ/ – [वि. *adj.*] बीचबीचको दाँत नभएको। an ear of corn from which some rows of seeds are missing.

थोनोःन्य /tʰonoːnjə/ – [स.क्रि. *v.t.*] चाल्नीमा चालेर खस्रो-मसिनो छुट्याउनु; चाल्नु। to sieve or sift.

थोनोःन्य

थोन्दोरो$_1$ – [ना. *n.*] फाँचाभित्र दूध गानिएर जम्ने र थुनमा खटिरो पनि हुने स्तनरोग; थुनेलो। a boil or swelling or malignant growth in the breast of a woman or in the udder of a cow, buffalo, etc. that has recently given birth to a baby.

थोन्दोरो$_2$ /tʰondoro/ – [ना. *n.*] फिलिङ्गो वा तातो चिज च्याप्ने, समाउने वा उठाउने काममा लिइने धातुको साधन; चिम्टा। a tool with two long parts that are joined at one end, used for picking up and holding things; tongs.

थोन्दोरो

थोपल्का /tʰopəlkɑ/ – [ना. *n.*] रङ; दाग आदि परेर बन्ने थोपो; बिन्दु; थोप्लो। a small round mark; a speck (of colour, ink, etc.); a dot; a point.

थोम्न्य /tʰomnjə, *mḍ.* **tʃɑkke**, *ant.* **bʰɑʔnjə/ –** [स.क्रि. *v.t.*] दुई वा सोभन्दा बढी भिन्दाभिन्दै वस्तुलाई एकै ठाउँमा मिलाउनु; एकत्र वा सरोबरी गर्नु; संयुक्त तुल्याउनु; घुलमिल, छासमिस पार्नु; मिसाउनु। to mix two or more different things together.

थोर /tʰor/ – [ना. *n.*] **१.** भित्रको दृश्य बाहिरबाट नदेखियोस् भनी झ्यालढोकामा झुन्ड्याइने कपडा आदिको आवरण; पर्दा। a piece of cloth that is hung to cover a window; a curtain. **२.** दुई चिजलाई छुट्याउने बार; भित्ता। a wall; a partition. ~**क्वाः /kwɑː/–** मृत देहलाई ओढाइने कपडा; कात्रो। a long piece of cloth used to cover the dead body. **–न्य^1–** [स.क्रि. *v.t.*] बार वा छेको लाउनु; वरिपरिबाट कुनै चिजले घेर्नु; छेक्नु; पर्दा लाउनु। to surround an area with a fence; to provide curtains for a window or a room; to curtain sth; to separate sth off. **–न्य^2–** प्रकाश वा दृष्टि छेक्नु; नदेखिने गर्नु। to stop light from coming in; to make a place dark

थोल्न्य /tʰòlnjə, *ant.* **rɑ̤ʔnjə/ –** [अ.क्रि. *v.i.*] गएको ठाउँबाट काम वा लक्ष्य असफल भई रित्तो हात फर्कने हुनु; उपलब्धिविहीन भई फर्कनु। to return empty-handed.

थोसा /tʰosɑ/ – [ना. *n.*] मकै, धान, कोदो आदिको बोट काटेर खेतमा बाँकी रहेको फेद, टुँडो; छेस्को; ठोसो। short stalks left in the ground after a grain crop has been harvested; stubble.

थोसे /tʰosè/ – [ना. *n.*] बिस्तारैका साथ कहीं, कतै थुपुक्क बसिहाल्ने काम। an act of sitting down humbly or without any movement. ~**चुसि̤न्य /tʃusi̤njə/–** [स.क्रि. *v.t.*] बिस्तारै गरी थुपुक्क बस्नु। to sit down humbly or without any movement.

थोःस्या /tʰoːsjɑ/ – [ना. *n.*] कसैलाई आघात, चोट पर्न जाँदा प्रयोग गरिने माफीबोधक शब्द। word used when you are apologizing for sth; (I'm) sorry.

थौर /tʰəʷrə/ – [ना. *n.*] चोट, प्रहार आदिको कारणले एक्कासि खुत्रुक्क मर्ने वा मार्ने काम; भुतुक्क पर्ने/पार्ने स्थिति। when someone

is killed or dies suddenly because of a blow, attack, stroke, etc.

थ्याक्क /tʰjakkə/ – [ना. *n.*] **१.** दुईजनाबीच परस्परमा एक्कासि भेट हुने स्थिति; जम्काभेट। a meeting, especially one that is sudden, unexpected; an encounter. **२.** ठिक्कसित मिलेर वा जोडिएर रहने स्थिति; टयाक्क; ट्वाक्क। well-fitting.

थ्याद्यर /tʰjardjar/ – [ना. *n.*] **१.** ठिङ्ग उभिने काम। an act of standing upright. **२.** भन्नेबित्तिकै तुरुन्तै हुने उपस्थिति; तुरुन्तै हाजिर भएको अवस्था। when someone arrives immediately after they are summoned.

द

दाँन्य /*plv.* **dĭnjə**, *syn.* **dəŋnjə**, *nblv.* **romnjə/ –** [अ.क्रि. *v.i.*] **१.** पकाएको चिज बढेर भाँडामा नअटाउने हुनु। (of cooking pots) to be overflowed with food. **२.** पकाइने चिजभन्दा भाँडो सानो भई पाक्नमा अधकल्चो हुनु। to be half-cooked because the quantity of food is more than the capacity of the pot. **३.** अघाएर पेट ढाडिनु; पेट फुल्नु। (of the stomach) to be full as if bursting; to swell.

दः/dɨ/ – [ना. *n.*] खानेकुराले पेट भरिने अवस्था; टन्न। when your stomach is full.

दःखिउँ /dɨkʰĩᵘ/ – [ना. *n.*] पूर्वबाट पश्चिम फर्कंदा बायाँतिर पर्ने दिशा; दक्षिण दिशा; दक्षिण। the south.

दःबःरिन्य /dɨbɨrɪnjə/ – [स.क्रि. *v.t.*] **१.** कसैको चियो गर्दा सुरक्षित ठाउँ लिँदै आफूलाई अरूले नदेख्ने गर्नु। to watch people secretly; to steal a look. **२.** कसैले थाहा नपाउने गरी लुक्नु; दब्नु। to go somewhere where you hope you will not be seen or found; to hide.

दःर्बिलो /dɨrbɪlo, dərlepo, *ant.* **fembatɑːwə, kɑːsɑ bomo, bomo/ –** [वि. *adj.* / प.भे. *plv.*] धेरै तौल भएको; गरुङ्गो; गह्रुँगो; भारयुक्त; बोझिलो। heavy; weighty.

दःसः /dɨːsɨː/ – [ना. *n.*] खानेकुराले पेट ढाडिएर पिराउला बिसन्चो होला जस्तो हुने अवस्था; उकुसमुकुस। the situation when you feel uneasy and restless because you have eaten too much or when you have an upset stomach.

-द /də/ – [प्रत्य. *suf.*] धातुमा जोडिएर असमापिका क्रियामा रुपान्तरित गर्ने प्रत्यय। (*e.g.* पाँ+द = पाँद "बोलेर", बा+द = बाद "गएर" आदि।) suffix added to a root to change it into an imperfect part, having + -ed.

दक्क /*krlv.* **dəkkə**, *plv.* **pɑr, pɑ̃ˈ**, *glv.* **so**, *ulv.* **sjɑntə**, *hmlv.* **sjo/–** [वि. *adj.*] भएभरको; सारा; सम्पूर्ण; जम्मै; सबै। all; whole; entire; complete.

दगदगौ /dəgədəgəᵘ/ – [वि. *adj.*] तरल पदार्थले भुइँ, ओछ्यान आदि पूरै भिजेको; निथ्रुक्क भएको। (of floor, soil, bed, clothes, etc.) soaked through; waterlogged.

दन्दैःन्य /dəndəˈːnjə/ – [स.क्रि. *v.t.*] दण्ड जरिमाना तिराउनु; क्षतिपूर्ति भराउनु। to fine sb (sth) (for sth/for doing sth); to cause to recompense sb (for sth).

दन्दन /də́ndə̀n/ – [ना. *n.*] राँको निस्केर हुर्हुर भई बल्ने अवस्था; आगाको दन्काइ। when a flame burns brightly. ~**चाँन्य /tʃɑ̃ɑ̃njə/–** [अ.क्रि. *v.i.*] आगो दन्केर बल्नु; हुर्हुराउनु। (of the flame) to burn brightly.

दप चाँन्य /dəp tʃɑ̃ɑ̃(ŋ)njə/ – [अ.क्रि. *v.i.*] ज्वलनशील पदार्थमा सल्केर एक्कासि आगाको लप्का, राँको निस्कनु। to burst into flames.

दपदप /dəpdəp/– [ना. *n.*] ☞ (**दन्दन /dədən/**)

दप्सिन्य /dəpsɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** भाँडाभित्रको वस्तु भरिएर छचल्किनु। (of

liquid) to flow over the edge of a container; to spill out of (sth). **२.** तरल पदार्थ एकै ठाउँमा पर्नु; मिसिनु। (of liquid) to mix. **३.** [स.क्रि. *v.t.*] दुबै पक्षको मेलापात, खनजोत आदि काम एकआपसमा मिलेर गर्नु; सबै पक्षको कामलाई सँगसँगै गर्ने गरी मिसिनु; कार्यगत एकता गर्नु। to collaborate to carry out farm work; to work together.

दब्का /dəbkɑ/ – [ना. *n.*] बटुकाभन्दा ठूलो डेक्चीभन्दा सानो, मझौला खालको काँसोको भाँडो। a medium-sized bronze pot, used for drinking liquor.

दमया /*plv.* **dəməjɑ**, *slv.* **nəŋərɑ/ –** [ना. *n.*] पिँध सानो भई मुखतिर ठूलो हुने छालाले मोहरिएको गजोले बजाइने वाद्य; दमाहा। a musical instrument usually consisting of a strip of skin stretched across a hollow copper/wooden frame and played by hitting with a stick; *damāhā.*

दमया

दमार /dəmɑr/ – [ना. *n.*] **१.** सधैंभरी हराभरा भइरहने बाक्लो जङ्गल; पातल; घना जङ्गल। evergreen dense forest in the mountains. **२.** बाक्लो भई उम्रेको झारपात। a clump of weeds; thick grass.

दःम्न्य /dəːmnjə/ – [स.क्रि. *v.t.*] दुई वा सोभन्दा बढी वस्तुहरूलाई संयुक्त तुल्याउनु; धेरै वस्तुहरूलाई आपसमा मिलाउनु; एकत्रित पार्नु; मिसाउनु; जोड्नु। to join two or more things together to form a single one; to combine (sth) with (sth); to assemble things; to join.

दम्फ्यानी /dəmfjɑnɪ/ – [ना. *n.*] ठूलो जातको हिँस्रक पक्षी; चिल। a golden eagle.

दरापदरापो /dərɑpdərɑpo/ – [वि. *adj.*] गम, खोटो आदि जस्तै लेसिलो; टाँसिने खालको; लेस्सादार; लेस्याइलो; च्यापच्यापे। sticky like glue; sticky; tacky.

दरेनदरेनो /*plv.* **dərendəreno**, *syn.* **dərɑpdərɑpo**, *nblv.* **lenleno/ –** [वि. *adj.*] (चिप्लो पदार्थ) वीर्य, यौनीरस, च्याल जस्तै च्याप्च्यापे; लेसिलो; लेस्सादार; च्याप्च्याप हुने खालको। (phlegm, semen, etc.) thick and sticky.

दर्द /dərdə/ – [ना. *n.*] कुनै व्यक्ति धन हुना वा नहुनाको अवस्था; आर्थिक स्थिति। lacking all money, recourses and possession; destitute.

दर्ब /dərbə/ – [ना. *n.*] कुनै कामकुरा वा बिठ्याइँ आदि गर्न कसैले उक्साउँदा झन्झन् बढ्ने हौसला; हौसिने काम। instigation; encouragement.

दर्ला /dərlɑ/ – [ना. *n.*] **१.** बाटुलो हुने गरी बनेको वा बनाइएको कुनै चिजको डल्लो। a round object or piece of sth. **२.** ☞ (**गुल्फा /gulfɑ/**)

दर्लेपो /dərlepo/– [वि. *adj.*] ☞ (**दःर्बिलो /dɨrbɪlo/**)

दर्लैंन्य /dərləˈnjə/ – [स.क्रि. *v.t.*] डोरी, धागो आदिलाई गुँथेर डल्लो पार्नु; गुँथ्नु। to roll a thread or rope into a ball.

दर्लैंसिन्य /dərləˈsɪnjə/ – [अ.क्रि. *v.i.*] सुत्नको लागि ओढोभित्र गुट्मुटिनु। to bundle yourself up in a blanket, quilt, etc.

दर्सैंःन्य /dərsəˈːnjə/ – [स.क्रि. *v.t.*] **१.** पूरा भइसकेको कुरा वा विषयलाई फेरि दोहोऱ्याएर जाँच्नु, हेर्नु वा गर्नु। to revisit or re-examine sth. **२.** दोहोरी गीतमा दिएको उत्तरलाई पुनः दोहोऱ्याएर गाउनु। to

sing again after giving a reply in the song called *dohori* that involves two parties. **३.** दोहोऱ्याइ-तेहऱ्याइ गरी बोल्नु; पुनः उच्चारण गर्नु। to repeat time and again what you have said; to say again.

दःल /dəːl, dələ/ – [ना. *n.*] शारीरिक सन्तुलनको लागि आवश्यक पर्ने शक्ति, ऊर्जा; शारीरिक बल। the physical strength that you require to do sth; physical energies; stamina.

दलवा /dələwɑ/ – [ना. *n.*] छ्याङ् पकाउने उद्देश्यले खम्रो गरी पिँधिएको वा पिसिएको मकै आदि; खम्रो पीठो। the flour that has been coarsely ground for the purpose of brewing *chhyāng*; coarse flour.

दवाऱ्या /dəwɑrjɑ/ – [ना. *n.*] ☞ (**महजरी /məɦədʒəriː/**)

दह /dəɦə/ – [ना. *n.*] स्थायी रूपले पानी जम्मा भएको ठाउँ; ठूलो पोखरी; ताल। a pond; a lake.

दहकैन्य /dəɦəkəˈnjə/ – [अ.क्रि. *v.i.*] कुनै चिज वा कामकुरा पुग्लापुग्ला जस्तो हुनु। to be nearly sufficient.

दाँ /dã/ – [ना. *n.*] **१.** दियालो हुने, खोटो निस्कने र सिन्काका झुप्पा जस्ता पात हुने सुरिलो जातको रुख; सल्लो। a pine tree. **२.** फणाकार विषालु सर्प; नाग। a snake; a serpent.

दाँ

दाँकिन्य /dãkɪnjə/ – [स.क्रि. *v.t.*] **१.** कुनै कुराको गहिरो चाहना गर्नु; मनले ताक्नु। to desire sth; to long for sth. **२.** एकटक लाएर हेर्नु; नियाल्नु। to look closely or carefully at sth; to peer. **३.** निशाना सोझ्याउनु; लक्ष्य गर्नु; ताक्नु। to point sth at sb/sth; to aim sth at sb/sth; to aim (for sb/sth). **४.** मौका पर्खेर बस्नु; अवसर कुर्नु। to lie in wait; to wait for a chance.

दाँची /*plv.* dãtʃiː, *nblv.* dãsiː/ – [ना. *n.*] सल्लाको रुखबाट निस्कने लेस्याइलो पदार्थ; खोटो। pine resin.

दाँजिन्य /dãdʒɪnjə/ – [स.क्रि. *v.t.*] दुईभन्दा बढी वस्तुहरूबीच गुण, रुप, तौल, महत्त्व आदिमा तुलना गर्नु; दाँज्नु। to compare.

दाँजिसिन्य /dã(ŋ)dʒɪsɪnjə/ – [स.क्रि. *v.t.*] आफू उत्तम हुन, जित्न, माथि, पहिलो हुन होडबाजी गर्नु; कोभन्दा को कमको प्रतिस्पर्धा गर्नु; हारजितको खेल खेल्नु। to compete (with/against sb) (for sth); to compete (in sth) (against sb).

दाँजें /dã(ŋ)dʒẽ(ŋ)/ – [ना. *n.*] **१.** काटेको जनावरको मुटु, कलेजो, आन्द्रा, भुँडी आदि। entrails of an animal. **२.** प्राणीको शरीरभित्र रहने मुटु, आन्द्रो, कलेजो आदि भित्री अवयवहरू। entrails; the inner organs of a person or animal; innards.

दाँथा /dã(ŋ)tʰɑ/ – [ना. *n.*] मकै, ऊखु आदिको डाँठ। a stalk of maize, sugarcane etc.; a stalk.

दाँथ्या /dã(ŋ)tʰjɑ/ – [वि. *adj.*] **१.** फल नलागेको अन्नको बोट। (of plants) not bearing seeds. **२.** बालबच्चा साथमा नभएको वा नरहेको; एक्लो। childless.

दाँदाँःव /dãdãːwə/ – [वि. *adj.*] सलक्क परेको; सीधा; सुरिलो। not curved; straight.

दाँदाकोलोलो /dãdɑkololo/ – [ना. *n.*] धेरैजनाले एकजनालाई तेर्सो पारी माथि उचालेर कतै लाने काम; झ्याइँकुटी। an act of carrying sb to a destination by lifting them by a group of people.

दाँदी /dãdiː/ – [ना. *n.*] **१.** हलो र जुवालाई

जोड्ने लामो डन्डी; हरिस। a long wooden pole that joins the plough to the yoke. **२.** शवलाई बोक्न काँधमा राखिने लामो काठ (खासगरी हरिस)। such a pole used to carry a dead body.

दाँव /dã(ŋ)wə, *ant.* **gʰõtjɑ/ –** [वि. *adj.*] **१.** सलक्क परेको; सुरिलो। straight; upright. **२.** बाङ्गोटिङ्गो नभएको; सीधा। continuing in one direction without bending or curving; (of objects) straight.

दाँस /dãsə/ – [ना. *n.*] छालामा डसेर रगत चुस्ने एक प्रकारको झिँगा जस्तै किरा; डाँस। a horsefly.

दा /dɑ/ – [नायो. *post.*] शब्दको पछिल्तिर जोडिई अर्थमा "तिर" र "नेर" आदि भाव बुझाउने प्रत्यय; कतैपट्टि; तर्फ; तिर। (*e.g.* "आदा = यता, होदा = त्यता, नदा = त्यता" आदि।) suffix which is used to mean ' towards, near'.

दाइन/dɑɪnə/ –[ना.*n.*]**१.**देवीदेवता,मृतात्मामा हुने भनिएको सन्तुष्टि वा खुसी; कसैलाई गुन लगाउँदा उसले आफूप्रति उपकार सम्झिने काम; कृतज्ञता। (of common beliefs: of deities or spirits) gratefulness; gratitude. **२.** मनाउन वा रिझाउन खोजिएको मानिसबाट देखिने स्वीकारोक्तिको भाव। forced approval.

दाइनिदवलो /dɑɪnɪdəwəlo/ – [वि. *adj.*] स्वाभाविक आकारप्रकार नभएको; जस्तो हुनु पर्थ्यो त्यस्तो नभएको; अस्वाभाविक आकारको; नमिल्दो; नसुहाउँदो; छाँटकाँट नमिलेको; भद्दा। different from what is usual or expected; abnormal; unusual; ugly.

दाउरी /dɑʷrɪ/ – [ना. *n.* / से.भे. *slv.*] ☞ (**गलाँ /gəlã(ŋ)/**)

दान्न्य /dɑʔnjə/ – [स.क्रि. *v.t.*] सर्पले डस्नु; मौरी, बारुलो आदि किराले खिल्नु; खिल गाड्नु; चिल्नु। (of insects/snakes) to bite; (of insects) to sting.

दागु/*slv.* **dɑgu**, *hmlv.* **bɑgɪ**, *plv.* **bɑge/ –** [वि. *adj.*] **१.** आमाका दाजु (हरू) लाई सम्बोधन गरिने साइनो। word used to address mother's elder brother(s). **२.** बुबाको जेठान; (आफ्ना बुबाभन्दा जेठो) पत्नीको बुबा; ठूलो मामा; ठूलो ससुरा। mother's elder brother(s); the elder maternal uncle; elder father-in-law.

दाङ्गा /dɑŋgɑ, *ant.* **kɑ̣mɑ/ –** [ना. *n.*] कुकुरको भाले जात; भाले कुकुर। a male dog.

दाङ्गादोङ्ग /dɑŋgɑ (nɪ) doŋgə/ – [ना. *n.*] भएजति सबै सिद्धिने वा सिध्याउने काम; रित्तै गर्ने वा हुने स्थिति। an act of finishing, completing or using up whatever is there; when sth is emptied out.

दादरा/dɑdərɑ/ –[ना.*n.*] प्रायः बालबच्चालाई कडा ज्वरो आएर शरीरभरी मसिना बिमिरा आउने एक रोग; दादुरा। an infectious disease which produces small red spots all over the body; measles.

दादू /dɑdʊ/ – [ना. *n.* / प.भे. *plv.*] ☞ (**खुगु /kʰugu/**)

दान्ज़ाकाउ /(o)dɑnzɑkɑʷ/ – [वि. *adj.*] आकार, गुण, आयतन आदिमा बराबरी हुने गरी मिल्दो; मध्यम आकारको; ठिक्कको। medium-sized; of a correct size.

दान्ना/*slv.* **dɑnnɑ**, *syn.* **dʰɑrɑ**, *plv.* **dãdɑ/ –** [ना. *n.*] सामान्य सतहभन्दा माथि चुलिएको भूभाग; डाँडो। an area of land that is higher than the land around it; a hill.

दान्य /danjə, *md.* dʒaɲke/ – [स.क्रि. *v.t.*] **१.** कुनै कामको थालनी गर्नु; काममा हात हाल्नु; शुरु गर्नु। to start doing sth; to get down to sth. **२.** अङ्गीकार गर्नु; आफ्नो बनाउनु; स्वामित्त्व स्वीकार्नु। to accept sth; to accept one's ownership of sth. **३.** स्वीकृति दिनु। to give permission.

दाप्दुप /dapdup/ – [ना. *n.*] एकै ठाउँमा पर्ने गरी सोहोरसाहर गर्ने काम। an act of collecting sth together.

दाबिली /dabɨliː/ – [ना. *n.*] चुरा आदि नलगाएको खाली हात। a woman's hand with no bangles.

दाबर्‍या /dabərja/ – [वि. *adj.*] **१.** बायाँ हातगोडा बढी चलाउने मान्छे; बायाँ हाते; देब्रे। (of people) left-handed. **२.** पूर्वतिर फर्कंदा उत्तरतिर पर्ने शरीरको अङ्ग वा भाग; बायाँ। on the side of your body which is towards the west when you are facing north; left.

दाबी /dabiː/ – [ना. *n.*] ढिँडो ओढाल्न वा पानीमा डुङ्गा चलाउन प्रयोग हुने चेप्टो, लाम्चो प्रकारको साधन; दाबिलो। a large wooden-spoon like a spatula for stirring flour meal or mush; a wooden spatula; a pole used to propel a boat; an oar.

दाबी

दाम /dam/ – [ना. *n.*/से.भे. *slv.*] भाङ्को लोत्ताको ठूलो मूठो। a big bundle of hemp bark.

दार /dar/ – [ना. *n.*] **१.** नुन, चिनी, तितो, पिरो, टर्रो, गुलियो आदिलाई जिब्राले लिने अनुभव; स्वाद। taste. **२.** सूर्य, आगो आदि ताप दिने चिजबाट प्राप्त हुने न्यानोपनको अनुभूति। the state or quality of being warm. **३.** छुवाइको अनुभव; छुँदा हुने ज्ञान; स्पर्शानुभूति। the sense by which the texture, shape, and other qualities of objects are felt through contact with parts of the body; touch. **४.** [ना. *n.*/से.भे. *slv.*] काठको भाँडाकुँडा बनाउन र डाले घाँसको रूपमा प्रयोगमा आउने लाम्चो पात हुने एक वनस्पति; दार। a particular kind of tree with a hard wood from which vessels are made. Its leaves are also used as fodder; Boehmeria rugulosa.

दारदार /dardar/– [ना. *n.*] जाँड, रक्सी आदि पिउँदा वा मुख्य भोजन गर्दा स्वादिलो बनाउन खाइने तिहुन, तरकारी, अचार, चटनी आदि खानेकुरा; सितन। pickle or tidbits eaten with a drink or other foods; nibbles; snacks.

दारु /daru/ – [ना. *n.*] गन्धक, सोडा, गोल आदि मिसाएर बनाएको ज्वलनशील बिस्फोटक पदार्थ; बारुद। gunpowder.

दारो[1] /daro, ɦugupo, muĩwə/ – [वि. *adj.*] घमाइलो; न्यानो। sunny; warm.

दारो[2] /daro, *ant.* zʰjarljanɪzʰɪrliːwə/ – [वि. *adj.*] प्रचण्डरूपले घाम लागेको; टण्टलापुर। (of sun) glaring; scorching.

दारो[3] – [वि. *adj.*] खानेकुरामा नुनको मात्रा बढी भएको; नुन धेरै लागेको (of food) too salty.

दार्न्य /darnjə, *md.* mjaŋke/– [स.क्रि. *v.i.*] **१.** खानेकुराको स्वाद जाँच्न थोरै खाई हेर्नु; चाख्नु। to taste food. **२.** अनुभव लिनु; नवीन अनुभव सँगाल्नु; भोग्नु। to experience. **३.** [अ.क्रि. *v.i.*] न्यानोपनको अनुभव गर्नु। to feel warmth of sth.

दाःर्न्य /daːrnjə/– [अ.क्रि. *v.i.*] ☞ (**१, ३. दार्सिन्य /darsɪnjə/**)

दार्सिन्य /darsɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** स्पर्शको अनुभव गर्नु; छुवाइको अनुभव हुनु। to

perceive something using the sense of touch; to feel sth by touching. **२.** ताप वा न्यानोपनको महसुस गर्नु। to feel warmth of sth like sun, fire.

दाल /*plv.* **dal**, *plv.* **pən**/ – [ना. *n.*] शिशुलाई न्यानो राख्नको लागि ओढाइने कपडा। swaddling clothes. **–न्य–** [स.क्रि. *v.t.*] बच्चालाई न्यानो राख्न कपडाले बेर्नु। to swaddle a child in warm clothes.

दाला /**dala**/ – [ना. *n.*] जनावरलाई खुवाउन पातसहित काटिएको रुखको हाँगो; डालेघाँस। foliage used as fodder.

दाल्यासोर /**daljasor**/ – [ना. *n.*] मन नपरेको व्यक्तिसँग मन नपराई नपराई गरिने संक्षिप्त कुरा; एकोहोरो र छोटो सम्वाद। a short talk with someone who you do not like; one-way talk.

दासाबिसा[१] /**dasabisa**/ – [ना. *n.*] अर्थ न बर्थसित गरिने प्रलाप; बकवास; होस खुस्केकाले गर्ने कुरा। pointless or meaningless talk; nonsense; delirious talk.

दासाबिसा[२] – [ना. *n.*] ☞ (**अःर्न्या** /**əːrnja**/)

दास्न्य /**dasnjə**/ – [निभु.भे. *nblv.*] ☞ (**तान्य** /**tanjə**/)

दिँकुरा /**dĩkura**/ – [ना. *n.*/उमै.भे. *hmlv.*] ☞ (**गम्दर्ला** /**gəmdərla**/)

दि /**di**/ – [निपा. *part.*] ज्ञात र अज्ञात भन्ने बुझाउने वाक्यको अन्तिम अव्यय शब्द; "सायद" वा "सके" को सम्भावनात्मक भाव जनाउने निपात; रे; अरे। a word used to indicate that the preceding words are reported speech or that the information is secondhand; they say; I heard.

दिउरी /**diʷriː**/ – [ना. *n.*] डाडु, पन्यु आदि सामान राख्न बनाइएको चोयाको लाम्चो, डोलो भाँडो। a cone-shaped basket made of bamboo splits, used for keeping cutlery.

दिउसिन /**diʷsin**/ – [ना. *n.*/से.भे. *slv.*] सेतो बोक्रा र खस्रा पात हुने, प्रत्येक काण्डमा झुप्पा लाग्ने दुधिलो फल र बोट; अञ्जिर। fig tree; fig.

दिक /**dik**/ – [ना. *n.*] चल सम्पत्ति वा धितो राखेर लिएको ऋण नतिरुञ्जेल उक्त सम्पत्ति हकभोग गर्न पाउने गरी लेखिने कागत वा सो प्रक्रिया; दृष्टिबन्धक। a deed of mortgage with a sight of assets.

दिकराँ /**dikərã**/– [ना. *n.*/से.भे. *slv.*] ☞ (**च्यापना** /**tʃjapəna**/)

दिक्क /**dikkə, ɦəlak, wakkə, nirtʃʰjat**/ – [वि. *adj.*] टुङ्ग्याउन गाह्रो हुने कामकुराबाट आत्तिएको; दिकदार; हैरान। restless; fidgety; dejected; disappointed.

दिथैन्य /**ditʰəˈnjə**/ – [स.क्रि. *v.t.*] किटेर, एकै दृष्टि लाएर वा एक टकले हेरिरहनु; ध्यानपूर्वक हेर्नु; नियाल्नु। to examine sb or sth closely and carefully; to peer; to scrutinize.

दिबारी /**dibiriː**/ – [ना. *n.*] ☞ (**तुकी**[१] /**tukiː**/)

दीपो /**diːpo**/ – [वि. *adj.*] ज्ञान, तन्त्रमन्त्र आदि सिकेर पोख्त भएको; राम्ररी तालिम पाएको; दीक्षित। versed in sth (such as black arts). > **दीप्न्य**[१] /**diːpnjə**/– [अ.क्रि. *v.i.*] तन्त्रमन्त्रद्वारा युक्त हुनु; बोक्सेरो टुनामुनाबाट पोख्त हुनु; बोक्सी बन्नु। to be versed in magic, witchcraft; to become a witch. > **दीप्न्य**[२]– शिक्षा, ज्ञान आदिबाट परिपक्व हुनु; दीक्षित बन्नु। to be qualified or fully trained; to be versed in sth.

दुँदा /**dũda**/ – [वि. *adj.*] (मानिस वा प्राणी)

हात वा खुट्टा विकृत भएको; विकलाङ्ग। crippled; maimed; deformed. > **दुँदास्न्य /dũdɑsnjə/–** [अ.क्रि. *v.i.*] खोच्याङ खोच्याङ गरी पाइला सार्नु; लङ्गडो हिँडाइ हिँड्नु; खोच्याउनु; लङ्गडाउनु। to walk slowly and with difficulty because of having an injured or painful leg or foot; to limp.

दुँदू /*plv.* **dũdʊ**, *glv.* **dəndu**, *slv.* **dənnu**/ **–** [ना. *n.*] एक बोटमा प्रायः एकै पोटी मात्र हुने एक किसिमको स्वादिलो लसुन; छ्यापी। a vegetable that looks like garlic with a very pungent taste, but unlike garlic, it has only one clove.

दुई /duiː/ – [ना. *n.*] सीमा नाघेर खर्च गर्दा लाग्ने भनिएको अन्न, धनको सराप; अन्न, धन जथाभावी खर्च गर्दा हुने अभाव र अनिकाल। (of common beliefs) famine resulted from the waste of food, wealth.

दुकी /dukiː/ – [ना. *n.*] ☞ (**तुङ /tuŋ/**)

दुखुना /dukʰunɑ/ – [ना. *n.*] **१.** आत्मीयजनसँग प्रकट गरिने मनको पिर, मर्का, दुखेसो, असन्तुष्टि आदिको पोखाइ वा दुःख सुखका वृत्तान्त। grievances that you share with your near and dear ones. **२.** दिल खोलेर गरिने मैत्रीपूर्ण कुराकानी; एकान्त वार्तालाप। friendly talk; heart-to-heart talk. ~**मेहना /meɦənɑ/–** दुःखसुखको बारेमा गरिने पारस्परिक भलाकुसारी। pleasantries.

दुखैन्य /dukʰəˈnjə/ – [अ.क्रि. *v.t.*] **१.** खाएको खाना नपचेर शरीरलाई पिराउनु; अपच हुनु। to suffer from indigestion. **२.** आफूलाई सहयोग गर्न कसैलाई बाध्य तुल्याउनु; जोरबलका साथ सहयोग माग्नु। to compel someone to help you.

दुप्न्य /dupnjə/ – [स.क्रि. *v.t.*] अलग-अलग वा छरिएर रहेका चिजबीजलाई एकत्र पार्नु; सङ्ग्रह गर्नु; सोहरसाहर पार्नु; बटुल्नु। to bring things together that have been scattered around; to gather sth (together/up). > **दुप्सिन्य[1] /dupsɪnjə/–** [अ.क्रि. *v.i.*] तरल पदार्थ अन्यत्र बग्न नपाएर कतै जम्मा हुनु; पानी जम्नु। (of water) to collect in or form a pool; to pool. > **दुप्सिन्य[2]–** फाँचामा दूध जम्मा हुनु। (of milk) to collect in the udder. > **दुप्सिन्य[3]–** अन्न-धन, चिजबीज आदि जम्मा हुनु; बटुलिनु। (of wealth, money etc.) to be collected; to be accumulated. > **दुप्सिन्य[4]–** कुनै कार्यक्रम, भेला आदिमा जम्मा हुनु; भेला हुनु। to come together as a group; to assemble; to gather. > **दुप्सिन्य[5]–** रोदी बस्नको लागि केटीहरू जम्मा हुनु। to assemble to participate in *rodi* (of girls).

दुलाहा /dulɑɦɑ, *syn.* **boŋgɑʔ/ –** [वि. *adj.*] विनाउद्देश्य घुमफिर गर्ने; अनावश्यक काममा डुलिरहने; घुमुवा; बरालिने; डुलुवा। a wanderer; a loiterer; a vagabond; a loafer; a drifter.

दूम्न्य[1] /dʊmnjə/ – [अ.क्रि. *v.i.*] एकै प्रयोजनमा आउने भिन्दाभिन्दै वस्तुहरूका प्रकार वा सङ्ख्या पुग्नु; गन्ती गर्दा सङ्ख्या पुग्दो हुनु। (of some similar, uniform things) to be enough in number.

दूम्न्य[2] – [स.क्रि. *v.t.*] ☞ (**सुदुम्न्य/sudumnjə/**)

देंगर /dẽgər/ – [ना. *n.*] दुई बहिनीका नातिनातिनी बीच हुने दाजुभाई, दिदीबहिनीको साइनो वा सम्बन्ध। term of address used by someone to show the affineal relationship between grand children of two or more sisters.

देउराली /deurɑlɪ/ – [ना. *n.*] **१.** पहाडको

दुई चुली माझको घाँटी; उकालो सिद्धिएर डाँडो पार हुनेनेरको होचो भाग; भञ्याङ। a gorge; a mountain pass. **२.** वनमा रहने विश्वास गरिएको देवीदेउता; बनदेवी। deities that are believed to dwell in forest; forest deities.

देगल्देगलो /degəldegəlo, *syn.* **debeːdebeːwə/ –** [वि. *adj.*] (कुनै चिज) कडापन नभएको; छुँदा तलतिर धसिने खालको; गिलो; नरम; कमलो। spongy; marshy; soggy; boggy.

देम्बर /dembər/ – [ना. *n.* / से.भे. *slv.*] असौज, कात्तिक महिनातिर पाक्ने, लिचीसँग मिल्दो जुल्दो रातो प्रकारको स्वादिलो फल। a type of fruit that looks like lychee.

देर्‍या /derjɑ/ – [वि. *adj.*] टेडो पाराले हेर्ने; टेडो दृष्टि भएको। having a squint.

देसाउर्‍या /desɑurjɑ/ – [ना. *n.*] अरू ठाउँबाट भखरै आएको बिरानो मान्छे; नवआगन्तुक। a newcomer; a visitor; a stranger.

देसामार /desɑmɑr/ – [ना. *n.*] अँध्यारोमा वा नदेखिएको कुनै दिशातिर लक्षित गरी ताक्न वा हान्नको लागि अनुमान लगाउने काम; दिशाको अन्दाज। an act of guessing the target in the darkness; an act of guessing direction.

दैःनी /dɨˈnɪ/ – [ना. *n.*] कसैको आडमा मृतात्मा चढेर बोल्ने काम; प्रेतात्माको छुवाइ; लागो। an act of speaking unconsciously when a person is possessed by ghosts or evil spirits; possession by ghosts or evil spirits.

दैःन्य /dəˈːnjə/ – [अ.क्रि. *v.i.*] **१.** खसे-हराएको चिज वा हराएको व्यक्ति फेला पर्नु; भेट्टाउनु; प्राप्त गर्नु। to get back sb/sth that was lost; to find; to obtain. **२.** जीवनमा विभिन्न प्रकारको अनुभव गर्नु; व्यहोर्नु; खेप्नु; भोग्नु। to experience different things in your life; to go through different things. **३.** बच्चालाई जन्म दिनु; बच्चा पाउनु; बच्चा पैदा गर्नु; जन्माउनु; सुत्केरी हुनु। to give birth to a baby; to deliver a baby. **४.** कुनै सङ्क्रामक रोगले भेट्टाउनु; रोग लाग्नु; रोग सर्नु। to get an illness; to catch a disease. **५.** दुष्कर्मको परिणाम भोग्नु; सजाय पाउनु; दण्डित हुनु। to be punished for some wrong deed. **६.** [स.क्रि. *v.t.*] विवाहमा ज्वाईले पत्नीभन्दा बढी उमेरका माइती पक्षका सबै नातागोतालाई (रक्सी, कपडा तथा आवश्यक दस्तुरले) ढोगभेट गर्नु। to offer a gift (liquor, clothes and money) to the in-laws who are older than the bride in the wedding ceremony (by the bridegroom).

दैःनान्य /dəˈːnɑnjə/ – [स.क्रि. *v.t.*] **१.** आफूभन्दा अगाडि गइरहेकोलाई दौडेर भेट्न पुग्नु। to catch up (with sb). **२.** दुःख, कष्ट, बिमारी परेकोलाई कोसेली उपहार आदि लिई सान्त्वनाको लागि भेट्न जानु। to visit a sick person with some gift.

दैःसिन्य$_{१}$ /dəˈːsɪnjə, *mḍ.* **ḍupke dʒorɦuke/ –** [अ.क्रि. *v.i.*] परस्परमा भेटघाट गर्नु; भेट्नु; भेट हुनु; मिलन हुनु। to meet.

दैःसिन्य$_{२}$ /dəˈːsɪnjə/ – [अ.क्रि. *v.i.*] परस्परमा भेटघाट गर्नु; भेट्नु; भेट हुनु; मिलन हुनु। to meet. शारीरिक (यौन) सम्पर्क गर्नु; समागम गर्नु। to copulate.

दोंक /dõkə, doŋkə/ – [क्रि.वि. *adv.*] ☞ (**भाःक /bʰɑʔkə/**)

दोंकाकःली /dõkɑkɨliː/ – [ना. *n.*] काँक्रो जस्तो गुदी, परबर आकारको फल भई लहरे

बोटमा फल्ने, एक खालको जङ्गली फल; गोलकाँक्री। a type of wild fruit that looks like cucumber.

दोंता /dõtɑ/ – [ना. *n.*/ग.भे. *glv.*] **१.** छतबाट खसेको पानी (जम्मा गर्न) थाप्न वा जनावरलाई चारा दिनको लागि खोपेर बनाइएको काठको मुढो। a wooden vessel carved out of a single log, used to collect the water falling off the eaves or to give fodder to the cattle. **२.** ☞ (**धोंथो /dʰõtʰo/**)

दोंद /*plv.* **dõdə**, *hmlv.* **dʰõtʰo/** – [ना. *n.*] माथिबाट पानी खसालेर घट्टलाई घुमाउनको लागि कुलो जस्तो हुने गरी खोपेर बनाइएको काठ; काठे कुलो। a wooden channel that is connected to the water mill to supply power.

दोंदरा /*plv.* **dõdərɑ**, *hmlv.* **dõdər**, *glv.* **kogɑŋ/** – [ना. *n.*] जमिनमुनि वा कुनै वस्तुभित्र परेको ठूलो भ्वाङ; सुरुङ। a hollow space on the earth or sth; a tunnel.

दोंदर्‍या /dõdərjɑ/– [ना. *n.*/ग.भे. *glv.*] ☞ (**सःरिप /sirɪp/**)

दोखा /dokʰɑ/ – [ना. *n.*] संरक्षक वा कुनै सहारा नभएको; असहाय; आमाबाबु मरेको; अनाथ; टुहुरो। an orphan; a helpless child.

दोछ /*plv.* **dotʃʰə**, *nblv.* **bʰɑrdʒjɑ/** – [ना. *n.*] **१.** सक्कली नामको सट्टा गिज्याएर सम्बोधन गरिने नक्कली नाम। a nickname. **२.** कुकर्मको कारण बन्न गएको दुर्नाम; कलङ्कित नाम। an infamous name. **३.** अनाहकमा कसैलाई लगाइने आरोप; मिथ्यारोपण। false accusation. **४.** कुनै कारण बन्न गएको कलङ्क। ill fame; bad name.

दोछैन्य /dotʃʰə'njə/ – [स.क्रि. *v.t.*] **१.** झुटो आरोप लगाउनु; बात, खोट वा अभियोग लगाउनु; मिथ्यारोपण गर्नु। to accuse someone without any proof; to allege. **२.** स्त्री र पुरुषबीच अनैतिक सम्बन्ध (लसपस) रहेको आरोप लगाउनु। to accuse a person of having a clandestine affair with someone else. **३.** अघोषित जातिच्युतको आरोप लगाउनु; जात खसेको भन्नु। to say that someone has fallen from or lost their caste.

दोदोर /dodor/ – [ना. *n.*] ठूलो खालको कराही। a cauldron.

दोन /don/ – [ना. *n.*] पङ्क्तिवद्ध भई उभिने काम; लामबद्ध ताँती। an act of standing in or joining a queue, row, line, file; a procession. > **दोनदोन /dondon/**– पङ्क्तिवद्ध भएर अगाडि बढ्ने काम; ताँती। an act of walking/marching in a procession, or to be in a queue or file.

दोन्य /donjə/ – [स.क्रि. *v.t.*] ☞ (**दान्य /dɑnjə/**)

दोब /dobə/ – [ना. *n.*] माटोको मलिलो अंश भएको जग्गा वा जमिन। fertile land.

दोम्बा /dombɑ/ – [ना. *n.*/निभु.भे. *nblv.*] ☞ (**१. झुरीʔ /zʰuriːʔ/**)

दोरोःन्य /doroːnnjə/ – [स.क्रि. *v.t.*] **१.** कसैलेभारी, चिज उचाल्दा, बोक्दा सजिलोको लागि अर्कोले आड वा सहारा दिनु। to support sth from one side so that it can be easy to lift or carry it. **२.** धागो, डोरी आदिले बाँधेर कुनै चिजलाई अड्याउनु। to secure sth to sth by using a rope or thread; to secure sth with a rope or thread.

दोलʳ /dolə/ – [ना. *n.*] मोटाउनाले दोब्रिएर बाहिर देखिने (घाँटी, पेट आदिको) मोटो छाला; लुम्सो; लुँदो। (of body parts) flabby; slack.

दोल /dól/ – [क्रि.वि. *adv.*] कमलो वा नरम चिजमा हात, खुट्टा घुस्न वा पर्न जाने चाल। in the manner of sinking your hands, feet, etc. into sth soft like marsh.

दोहैसिन्य /doɦə'sɪnjə/ – [स.क्रि. *v.t.*] यताउता आउनेजाने गरिरहनु; जाँदैआउँदै गर्नु; ओहोरदोहोर गर्दै डुलिरहनु; डुल्नु; टहल्नु। to hang around; to loiter; to amble.

द्याःदीव /djɑːdɪːwə/ – [वि. *adj.*] (भाँडा) टम्म हुने गरी भरिएको। (of pots, containers) filled to their brims.

द्वाःद्वाःव /dwɑːdwáːwə/ – [वि. *adj.*] हिउँ, दूध जस्तै कञ्चन देखिने; शुद्ध सेतो; श्वेत। white as milk.

ध

धाँ /(r)dʰĩ, *syn.* **dʰəŋ/ –** [ना. *n.*] घुँडादेखि तलको गोडाको पछाडिपट्टिको मासुको डोलो भाग; छेपारी । calf (of the leg).

धाउली /dʰɨʷlɪ/– [ना. *n.*] ☞ (**बीःचो /biːtʃo/**)

धान्मिनिन्य /dʰɨnmɨnɪnjə/ – [अ.क्रि. *v.i.*] ठूलो आघात पर्दा वा मादथक पदार्थले लठ्ठिएर लड्बुडिनु; धर्मराउनु । to be shaky on your feet, to falter (because of a drink or a blow).

धास्कानी /dʰɨskɨniː/ – [ना. *n.*] छालामा रस पर्दा घाउ बनाउने, बिहानीपख प्रायः सेतो रङको फूल फुल्ने र बेलुकीपख खुम्चिने गरी समयको बोध गराउने एक प्रकारको लेकाली वनस्पति । a mountain plant with white flowers and poisonous acidic juice.

धास्किन्य /dʰɨskɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** जमिनको सतह तलतिर भासिनु; धस्सिनु । (of land) to collapse. **२.** हिलो, धाप, आदिमा डुब्नु; गड्नु । to sink into the mud, bug, marsh, etc.

धकचैन्य /dʰəkətʃəˈnjə/ – [स.क्रि. *v.t.*] समातेर बलपूर्वक तान्नु । to pull jerkily; to yank sb/sth.

धङ/dʰəŋ/– [ना. *n.*] ☞ (**धाँ /dʰĩ/**)

धङ्ग /dʰəŋgə/ – [ना. *n.*] **१.** काम गर्न सक्ने सीप वा कला; शैली । an ability to do an activity or job well, especially because you have practised it; skill; (a job or activity needing) skill and experience, especially in relation to making objects; craftsmanship. **२.** राम्रो किसिमको आनीबानी वा बानी व्यहोरा; सोमत; सभ्य आचरण; सभ्यपन; शिष्टता; भद्रता; शालीनता । good behaviour; propriety; modesty; politeness; decorum.

धङ्गमङ्ग /dʰəŋgə (nɪ) məŋgə/ – [ना. *n.*] कमजोरी वा रिँगटा लागेर उभिन, हिँड्न कठिन हुने स्थिति; धरमराइ; लरखराइ । to move awkwardly as if you might fall; to falter.

धचाक /dʰətʃak/ – [क्रि.वि. *adv.*] एक्कासि वा अकस्मात् तान्ने वा तानिने चालमा । (of pulling sb/sth) quickly and suddenly.

धजा /dʰədʒa/ – [ना. *n.*] देवीदेवतालाई चढाउन प्रयोग हुने पवित्र मानिएको सुतीको विविध रङको कपडा वा सोको टुक्रो; धजा । a piece of colourful cotton cloth offered to gods.

धदवन /dʰədəwən/ – [ना. *n.*] डढ्दै वा बल्दै बढेर भएभरको बन, जङ्गल जलाउने ठूलो आगो; आगलागी; डढेलो । a forest fire; a wildfire.

धनसार /dʰənsar/ – [ना. *n.*] अन्न, अनाज, गेडागुडी राख्न काठको फल्याकहरूलाई आपसमा जोडेर भित्री भागमा दुईभन्दा बढी खण्डमा छुट्याइएको, माथिबाट दुलो बनाई सोबाट राख्न र तलबाट झिक्न अर्को दुलो भएको काठको ठूलो भाँडो । a large wooden container for storing crops; a wooden granary.

धन्याथो /dʰənjatʰo/ – [ना. *n.*] प्रायः हाँगा कम

हुने, सलक्क परेर टुप्पामा मात्र पात हुने, गह्राउने एक किसिमको रुख। a tall tree with few branches, but with a bushy top. Its leaves smell foul.

धप /dʰəp/ – [ना. *n.*/से.भे. *slv.*] ☞ (**कातू /kɑtʊ/**)

धपैन्य */plv.* **dʰəpəˈnjə,** *syn.* **ləgɑrnjə,** *glv.* **ronjə/ –** [स.क्रि. *v.t.*] निश्चित क्षेत्रबाट बाहिर निकाल्न धम्काएर वा तर्साएर बलपूर्वक भगाउनु वा हटाउनु; लखेट्नु; खेद्नु। to force sb/sth to move in a particular direction; to drive sb/sth away; to chase sb/sth away, off, out, etc.; to drive sb/sth.

धमरम /dʰəmərəm/ – [ना. *n.*] अँध्यारोमा कुनै चिज वा कसैलाई देखे झैं हुने भान; अस्पष्ट रूपमा देखिने दृश्य। a figure in the darkness; a dark shape; a hazy figure.

धम्न्य /dʰə̀mnjə, *syn.* **boːrnjə/ –** [स.क्रि. *v.t.*] एकै ठाउँमा कुनै चिजबीजको रास लगाउनु; थुप्रो पार्नु; डङ्गुर तुल्याउनु; थुपार्नु। to pile sth up; to stack (sth) up; to heap sth (up); to amass. > **धम्सिउ¹ /dʰəmsɪᵘ/–** [वि. *adj.*] थुपारेर रास वा खात पारिएको; डङ्गुर तुल्याइएको। piled up; accumulated. > **धम्सिउ²–** अनेक; धेरै; अनगिन्ती; थुप्रो। various; uncountable; infinite; numberless; innumerable.

धरा */slv.* **dʰərɑ,** *glv.* **dʰoro,** *plv.* **pɨgɨrɪ/ –** [ना. *n.*] पुरुषले टाउकोमा गुथ्ने कपडा; पगरी। a long piece of white cloth wound tightly around the head, worn by men; a turban.

धराछीं /dʰərɑtʃʰɨ̃/– [ना. *n.*/उमै.भे. *hmlv.*] ☞ (**कान्धानी /kɨndʰɨnɪ/**)

धराला /dʰərɑlɑ/ – [ना. *n.*] बालबच्चाको स्याहार सुसार गर्ने मान्छे; बच्चाको सुसारे; धाई। a babysitter; a wet nurse.

धराःसिन्य */hmlv.* **dʰərɑ́ːsɪnjə,** *plv.* **poːsɪnjə,** *ant.* **pəlɑːsɪnjə/ –** [स.क्रि. *v.t.*] पगरी, फेटा, गलबन्दी आदि पहिरिनु; गुथ्नु। to wear a turban, shawl, muffler, etc.

धर्का /dʰərkɑ/ – [ना. *n.*] कागज, कपडा, भित्तो, जमिन आदिमा कोरिएको धर्सो; रेखो। a long thin mark on paper, cloth, surface, wall, etc. a line.

धर्नी /dʰərnɪ/ – [नायो. *post.*] ☞ (**तानी /tɑnɪ/**)

धर्पन /dʰərpən/ – [ना. *n.*] विम्ब फर्काउने काँच; ऐना; दर्पण। a mirror.

धर्म /dʰərmə/ – [ना. *n.*] दीनदुःखी र असहायको हित हुने गरी उनीहरूको भलाइ र उपकार गर्ने काम; परोपकार। kindness and sympathy towards the helpless; charity; generosity; altruism.

धल्का /dʰəlkɑ/ – [ना. *n.*] **१.** काम गर्नसक्ने कला वा क्षमताको पूर्व छाँटकाँट; मेसो। an indication that someone has ability or skill to do sth. **२.** नृत्य गर्दा प्रदर्शन गरिने कलापूर्ण हाउभाउ। skilful agility and movements in dance; dance movements.

धवाँ /dʰəwɑ̃/ – [ना. *n.*] **१.** झाँक्रीको आङमा देवता चढेपछि (उसको) शरीर थर्थर काम्दाको गति; झाँक्रीको कम्प। the convulsion of the witch doctor's or shaman's body when the god or spirit is invoked. **२.** झाँक्रीको आङमा चढ्ने मृत झाँक्रीको आत्मा वा हंस; झाँक्री अवतार। the spirit of a dead shaman or witch doctor that has entered the body of another witch

doctor or shaman; the incarnation of a witch doctor or shaman.

धवाँस /dʰəwãs/ – [ना. *n.*] अरूको अगाडि देखाइने घमण्डले भरिएको फुर्तीफार्ती, धाक; रवाफ; धमास। behaviour that seems too proud; boasting; braggadocio.

धवैं /dʰəwɜ̃ˈ/ – [ना. *n.*] काँडे बोटमा विभिन्न रङमा फुल्ने एक वनस्पति; जङ्गली गुलाब। a plant with thorns on its stems and flowers, or flowers from this plant; wild rose.

धवैं

धाँ /dʰã(ŋ)/– [ना. *n.*] ☞ (**गलाँ /gəlã(ŋ)/**

धाँतिउ /dʰãtɪᵘ/ – [वि. *adj.*] (खानेकुरा) राप नपुगेर राम्ररी नपाकेको; अधकल्चो पाकेको; आधा काँचो; कट्मिरो। (of food) not properly cooked because of lack of adequate heat .

धाँदʔ /dʰãdʔ/ – [वि. *adj.*] (भूसतह) चारैतिर र जमिन मुनिसमेत ढुङ्गैढुङ्गा भएको; पत्थरै-पत्थरले भरिएको; ढुङ्गेन; पत्थरिलो; ढुङ्गिलो। (of land) full of rocks; rocky.

धा /*plv.* **dʰa**, *syn.* **dʒəŋ**, *slv.* **riː/ –** [ना. *n.*] नचाहिँदो वा नहुँदो, अन्यायको कामकुरा सुन्दा, देख्दा वा हुँदा मनमा उठ्ने नराम्रो भावको जोश; नकारात्मक आवेश; क्रोध; रिस। anger; rage; resentment.

धाइन्या /dʰaˈrjɑ/ – [ना. *n.*] जात खसेको मानिस; जातिच्युत भएको व्यक्ति। a person fallen from his/her caste; an outcast.

धाउला /dʰaulɑ/ – [ना. *n.*/ग.भे. *glv.*] ☞ (**गलाँ /gəlã(ŋ)/**)

धाʔन्य /dʰaʔanjə/ – [अ.क्रि. *v.i.*] कामकाज आदिबाट फुर्सद हुनु; कुनै काम गर्न समय वा अवसर पाउनु; भ्याउनु। to get some free time; to manage to do sth.

धाʔरिउ /dʰaʔrɪᵘ/ – [ना. *n.*] **१.** जस्तो मन लाग्यो सोही अनुसार गरिने काम वा व्यवहार; मनलागी; मनपरी; मनोमानी। as per one's will or wish. **२.** [वि. *adj.*] जस्तो मन लाग्यो उस्तै; मन लागे जस्तो; जथाभावी; मनपर्दो। haphazard; random.

धागाʔ /*plv.* **dʰagaʔ**, *hmlv.* **dʰaká/ –** [ना. *n.*] कपास, ऊन, रुवा वा रेसा आदिलाई कातेर बनाइएको डोरो वा त्यान्द्रो; धागो। thread. **~खल्न्य /kʰəlnjə/–** [स.क्रि. *v.t.*] हातले कातेर धागाको रुप दिनु; धागो कात्नु। to make thread from wool, cotton, silk, etc. by twisting it; to spin.

धाडुरी /dʰaŋurɪ/– [ना. *n.*] ☞ (**रेँ /rẽ/**)

धाचा /dʰatʃa/ – [ना. *n.*] धन, बल, रुप, शक्ति आदिको बढाइचढाइका साथ गरिएको अतिशयोक्तिपूर्ण रवाफ; नभएको वा नचाहिँदो फाइँफुट्टी; डिङ। arrogance; superciliousness; pomposity. **~पारैःन्य /parɔ́ːnjə/–** [स.क्रि. *v.t.*] भए नभएको धाक देखाएर फुर्ती लाउनु; डिङ हाँक्नु; रवाफ प्रदर्शन गर्नु। to brag to sb (of sth); to be pompous; to show one's arrogance.

धादाङधुदुङ /dʰadaŋdʰuduŋ/ – [ना. *n.*] राम्रो तरीकाले माग पूरा नहुँदा सो पूरा गर्न गरिने बिठ्याइँ; माग पूरा नहुँदा क्रोधका साथ देखाइने अस्वाभाविक क्रियाकलाप; बिठ्याइँ। a mischievous activity; a prank.

धादाधादा /dʰadadʰada/ – [ना. *n.*] विषालु चिजको सम्पर्क वा कुनै बिकारले शरीरमा उछ्रिने फोका; खटिरा निस्कनुपूर्व प्रकट हुने डावर। an area of red spots on a person's skin, caused by a reaction to sth poisonous; a rash.

धादी /*glv.* **dʰadɪ**, *slv.* **dʰɪlma**/ – [ना. *n.*] ठूलो आकार (खाल) को जुम्रा। a big louse.

धाःन्य /**dʰaːnjə**/– [स.क्रि. *v.t.*] ☞ (**इसि़न्य** /**ɪsĩ̤njə**/)

धाप /**dʰapə**/ – [ना. *n.*] हिँडाइको गति। a gait.

धापा /**dʰapa**, *ant.* **sero**/ – [ना. *n.*] **१.** बैंस चढेको पुरुष; युवा अवस्थाको व्यक्ति; युवक; युवा; तरुण। a grown-up boy; a young man of marriageable age; a youth. **२.** जवानीले नछोडेको बुढ्याइँले नछोएको व्यक्ति; वयस्क; प्रौढोन्मुख; जवान; युवा। a young person who is developing into an adult; an adolescent. **३.** केटीसँग मायाप्रीति गाँसेको पुरुष; प्रियतम; प्रेमी। a boyfriend; a male lover. **४.** लोग्नेले थाहा नपाउने गरी गोप्य रूपमा राखिएको अवैध लोग्ने; गुप्त पोइ; उपपति; फुँडो; नाठो। an illegal husband; a paramour. ~**खेलैन्य/कमैन्य** /**kʰelə́ˈnjə/kəməˈnj**/– [अ.क्रि. *v.i.*] भित्रीरूपले अरू पुरुषसँग उठबस गर्नु; परपुरुषसँग अनैतिक सम्बन्ध राख्नु; नाठो खेलाउनु। to have sex with sb who is not their husband; to have liaison with other than one's own husband.

धामा /**dʰama**, *syn.* **dʰjaᵘna**/ – [ना. *n.*] उद्देश्य प्राप्तिको निमित्त निरन्तर गरिने कडा मिहिनेत; परिश्रम; प्रयास; प्रयत्न; कोशिस; चेष्टा; उद्योग; ध्याउन्ना। an effort; an attempt; an endeavour; an industry.

धामी /**dʰamɪ**/ – [ना. *n.*] ढ्याङ्ग्रोको सट्टा थाल बजाउने र झाँक्रीले जस्तो आभूषण नलगाउने झाँक्री। the shaman or witch doctor who beats a dish instead of a drum and does not put on any piece of jewellery or the witch doctor's garment.

धामे /*plv.* **dʰamè**, *nblv.* **dʰamɪt**/ – [ना. *n.*] **१.** बैंस चढेकी आइमाई; तरुनी; युवती। a grown-up girl; a young girl; a maiden. **२.** पुरुषसँग मायाप्रीति बसेकी वा गाँसिएकी स्त्री; प्रेमिका। a female lover; a girlfriend. ~**कमैन्य/नैन्य** /**kəməˈnjə/nəˈnjə**/– [स.क्रि. *v.t.*] आफ्नी पत्नीबाहेकका अन्य स्त्रीसँग उठबस गर्नु; परस्त्रीसँग अनैतिक सम्बन्ध राख्नु; परस्त्रीगमन गर्नु। to have sex with sb who is not their wife; to have liaison with someone (female).

धार /**dʰar**/ – [ना. *n.*] **१.** शारीरिक आकार; कद। (of the body) size. **२.** हतियारको काट्नेतिरको धारिलो अंश; खुकुरी, कर्द आदिको धार। the sharp part of a blade, knife or sword that is used for cutting; a edge; a blade.

धारधारो/**dʰardʰaro**, *ant.* **bʰutjaso**/– [वि. *adj.*] असाध्यै धार लाग्ने; राम्ररी काट्नसक्ने खालको; धारिलो। having a fine edge that can cut sth; sharp. **३.** कुनै काम गर्न पुग्दोमिल्दो आकारको शारीरिक कद। suitable size.

धाःरा /**dʰàːra**/ – [ना. *n.*] कस्तुरी, बनेल, हात्ती आदिको लामोचाहिँ दाँत। a tusk (of an elephant, boar, deer etc).

धाःराʔ /**dʰáːraʔ**/ – [ना. *n.*] लगातार खस्दो पानीको प्रवाहमान डोरो; धारो। a spring of water; a fountain of water.

धारिन्य /**dʰarɪnjə**/ – [स.क्रि. *v.t.*] (बाघ, चितुवा आदि) हिँस्रक प्राणीले आक्रमण गरी घाइते तुल्याउनु; हिँस्रक प्राणीको आक्रमणमा पर्नु। (of animals) to attack and injure sb by tearing their flesh; to maul.

धार्न्य/**dʰarnjə**/– [स.क्रि. *v.t.* / कोरा.भे. *krlv.*] ☞ (**तै़न्य** /**tə̃ˈjə**/)

धाऱ्या /dʰarjɑ/ – [वि. *adj.*] **१.** शरीरले भ्याएको काम पनि नगरी काम छल्ने स्वभावको; जिउसाँचा; कामचोर। lazy; idle; indolent. **२.** दाँत उछिट्टिएर बाहिर निस्केको; छ्वाँके; दँतुलो। having protruding teeth or irregular teeth.

धालाʔ /dʰalɑʔ/ – [ना. *n.*] **१.** एकल अधिकारभित्र रहेको जग्गाजमिन आदि। land of private/single ownership; private land. **२.** (चिज वा स्थिति) सिङ्गो अवस्था वा रुप। complete form of sth; wholeness; entirety. **३.** [वि. *adj.*] अमिश्रणको स्थितिमा रहेको; मिसावट नएको। not mixed; pure.

धालाकधलक /dʰalak-dʰələk/ – [ना. *n.*] **१.** पालैपालो गरी एक अर्कामा गरिने पारस्परिक सहायता; भारोपर्म। mutual help or support; mutual share of labour. **२.** कहिले यता कहिले उता गरी हल्लने चाल; टहलाइ। a stroll; a saunter.

धालै /dʰalə'/– [क्रि.वि. *adv.*/से.भे. *slv.*] ☞ (**एकतार /ekətar/**)

धाल्छोप /dʰaltʃʰop/ – [ना. *n.*] **१.** अस्थायी वा तात्कालिक रूपमा कुनै वस्तुको गरिने प्रयोग। temporary use of sth. **२.** अल्पसमयको लागि गरिने काम; क्षणिक कार्य। temporary or short-term work.

धास /dʰas/ – [ना. *n.*] **१.** पातमा काँढा हुने एक किसिमको बिरुवा; सोको घोच्ने तीखो भाग; काँढा। a type of plant that has thorny leaves or its thorn. > **धास्या /dʰasjɑ/–** [वि. *adj.*] काँढैकाँढा भएको; काँढायुक्त। having thorns; thorny. **२.** माहुरी, अरिङ्गाल, बिच्छी आदि किराका चाकमा हुने विषालु खिल; डङ्क। a sting (of bees, scorpions, wasps, etc.).

धास्न्य */plv.* **dʰasnjə**, *syn.* **tʰunjə**, *llv.* **tʰərnjə/ –** [स.क्रि. *v.t.*] भाँडो खाली बनाउन सोभित्र रहेको सामान अर्को भाँडामा राख्नु; खन्याउनु। to empty sth out of a pot.

धिउदी /dʰɪᵘdɪ/ – [ना. *n.*] **१.** समय कटाउनको लागि मात्र गरिने बेफाइदाको काम। the work that you do just to pass your time; fruitless work; a pasttime. **२.** एकोहोरो रूपले लगातार गरिने दुराग्रह; हठ; ढिपी; जिद्दी। stubbornness; obstinacy; pigheadedness.

धिकऱ्या */plv.* **dʰɪkərjɑ**, *slv.* **pə'sjɑru/ –** [ना. *n.*] मादल बजाई फन्को मारेर धेरैजना एकैसाथ नाचिने एक प्रकारको प्रसिद्ध पुरुष नाच। a famous male group dance. It is danced to the beats of the *mādal.*

धिडुला /dʰɪŋulɑ/ – [ना. *n*] आइमाईको गर्भ रहने पेट; गर्भेथैलो; पाठेघर। uterus. ~**पल्तिन्य /pɨltnjə/–** [अ.क्रि. *v.i.*] पाठेघर बाहिर निस्कनु; आङ खस्नु। to suffer from uterus prolapse.

धिद /dʰɪdə/ – [क्रि.वि. *adv.*] तनमनका साथ (कुनै काम, उद्यम, अध्ययन आदि) गर्ने गरी; दत्तचित्तका साथ। wholeheartedly; committedly; unreservedly.

धिपलाँ /dʰɪpəlɑ̃(ŋ)/ – [ना. *n.*] एकाएक चम्कने वा निस्कने सानो प्रकाश; झिलिक्क बलेको उज्यालो। a flash of light; a flicker; a spark.

धिबल्क्या /dʰɪbəlkjɑ(u),(so)/ – [वि. *adj.*] छाँटकाँट नमिलेको; अस्वाभाविक आकारको; भद्दा। not well designed; clumsy; awkward.

धिम */plv.* **dʰɪm**, *slv.* **serɑ/ –** [ना. *n.*] **१.** > **छाप्या धिम /tʃʰapjɑ dʰɪm/–** बाह्र पाउ वा अन्दाजी दुई हजार पाँचशय ग्राम (अढाइ के.जी.)

बराबरको तौल वा ढक। a weight that roughly equals two and a half kilos. **२.**> **कतवा धिम /kətəwa dʰɪm/–** अन्दाजी दुई हजार ग्राम (दुई के.जी.) बराबरको तौल वा ढक। a weight that roughly equals two kilos.

धिल्मा /dʰɪlma/– [ना. *n.* / से.भे. *slv.*] ☞ (**धादी /dʰadɪ/**)

धीः /dʰĭː/ – [विवो. *intj.*] आप्पै, ओहो, आम्मै उदेक जस्ता विस्मयादिबोधक शब्द; ओहो। word used to express surprise, fear, joy etc.; oh!

धुँ /dʰũ(ŋ), *ant.* **tər/ –** [ना. *n.*] कुनै वस्तु वा ठाउँको मुनितिर पर्ने भाग; तलतिरको स्थान। the lower part of sth. > **धुँङउ /dʰũŋaᵘ, dʰuŋŋu/–** [वि. *adj.*] मुनितिरको; तलको। located below sth else; lower. > **धुँलाउ₁ /dʰũlaᵘ/–** पद, उमेर आदिले सानो; आफूभन्दा पछि जन्मेको; उमेरले कान्छो वा कान्छी। younger; junior. > **धुँलाउ₂–** तलतिरको; तल्लो भागको; मुनितिरको; तलको। located below sth else; lower.

धुँस /*plv.* **dʰũsə**, *syn.* **dʰuŋsə**, *slv.* **dʰuɪsə/ –** [ना. *n.*] धुवाँ जमेर बनेको कस; ध्वाँसो। soot.

धुँसाउन्य /dʰũsaᵘnjə, *syn.* **taːl/ –** [ना. *n.*] घरभित्रबाट ढोकाको खापा पछाडि लामो काठ तेर्सो पारी बाहिरबाट खोल्न नमिल्ने गरी अड्याइने साधन; भित्री अडेस। a bar of a door; a wooden bolt.

धुँसिन्य /dʰũsɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** सुत्दा लम्बाइतिरको ठाउँको अभावले टाउको र खुट्टा ठोकिन पुग्नु। (of a bed) to be too short to sleep with your legs fully stretched. **२.** लम्बाइतिरबाट ठाउँ नपुगेर नअटाउनु। not to be long enough; to be too short lengthwise.

धुइस /dʰuˈs/– [ना. *n.* / से.भे. *slv.*] ☞ (**धुँस /dʰũsə/**)

धुः /dʰuʔ/ – [ना. *n.*] गेडागुडीसमेत नछिर्ने गरी बुनिएको डोको आकारको चोयाको भाँडो; थुन्से। a close-meshed basket made of bamboo splits; a large bamboo basket used for storing grains.

धुः

धुःर¹ /dʰuʔr, *md.* **(mɪ)ŋjaɦãḍɪ/ –** [ना. *n.*] यौनसम्पर्कको बेला पुरुष वा भाले जनावरको यौनाङ्गबाट स्खलन हुने, सन्तान उत्पत्तिका जीवाणुहरू रहने, लेस्याइलो सेतो धातु; वीर्य। a thick whitish liquid containing sperm which is produced by the sex organs of men and some male animals; semen.

धुःर² – [ना. *n.*] ☞ (**खिती /kʰɪtiː/**)

धुकुरी /dʰukurɪ/ – [ना. *n.*] निश्चित समयावधिसम्मको लागि निश्चित सङ्ख्याका व्यक्तिहरूद्वारा तोकिएको रकम समय-समयमा उठाएर जम्मा गरी गोलाप्रथा, गोप्य घटाघट वा आपसी सहमतिको आधारमा पालैपालो एकमुष्ट बुझ्दै, बुझाउँदै जाने प्रक्रिया; ढिकुरी खेल; ढिकुटी; ढुकुटी। a type of familial or communal cooperative deposit system; communal treasury.

धुङ¹ /dʰuŋ/ – [ना. *n.* / से.भे. *slv.*] चिलाउने, गोल फल लाग्ने मुटुरोगीलाई लाभदायक मानिने एक प्रकारको फल; काउसो। a type of climbing plant of the lower hills with pods covered with stinging hairs; Mucuna pruriens; pods from this plant.

धुङ² – [ना. *n.*] ☞ (**धुँ dʰũ**)

धुडुरी /dʰuŋurɪ/ – [ना. *n.*] कानमा लगाइने फूल आकारको सुनको गहना। two pieces of flower-shaped gold jewellery (worn by women).

धुङ्गाʔ /dʰuŋgaʔ/ – [ना. *n.*] ऊलुनीसँग जुधाएर झिल्कोद्वारा झुलोमा आगो पार्न प्रयोगमा आउने टल्कने खालको सेतो ढुङ्गो; दर्शन ढुङ्गो। a type of very hard grey stone that can produce a spark when it is hit against steel; a flint.

धुत */plv.* **dʰutə**, *syn.* **robal**, *hmlv.* **sgwar**, *ant.* **satʃo/ –** [ना. *n.*] सत्यता नभएको कुरो; साँचो नभएको; झुटो कामकुरो; ढाँट कुरा; असत्य। a statement that is not true; a lie; a statement made by sb knowing that it is not true; a lie; falsehood.

धुती */plv.* **dʰutì**, *hmlv.* **sdʰəp/ –** [ना. *n.*] अगाडि, पछाडि पर्नेगरी कन्धनीमा घुसारेर यौनाङ्ग र गुद्द्वारलाई छोप्ने सानो ठाडो कौपिन; लगौंटी। a loincloth.

धुतैःन्य[1] **/dʰutəˈʔnjə/ –** [स.क्रि. *v.t.*/प.भे. *plv.*] झुटो कामकुरा वा व्यवहार गरी अरूको धनमाल हडप्नु; झुक्याएर अर्काको चिज हात पार्नु; धोका दिनु; छकाउनु; ठगी गर्नु; ठग्नु। to swindle sb (out of sth); to con sb (out of sth); to deceive or cheat sb. **३.** बहाना पारेर गर्न सकिने कामसमेत नगर्नु; काम ठग्नु। to avoid working on the pretext of sth; to shirk.

धुतैःन्य[2] **–** [स.क्रि. *v.t.*/प.भे. *plv.*] ☞ (**थकैःन्य /tʰəkəˈnjə/**)

धुनी /dʰunɪ/ – [ना. *n.*/निभु.भे. *nblv.*] ऊन धुन्नको लागि बनाएको बाँसको धनु। a bamboo bow used for fluffing up wool. > **धुनिन्य /dʰunɪnjə/–** [स.क्रि. *v.t.*] कात्नयोग्य बनाउन ऊनमा रहेको डल्लो, गाँठो आदिलाई फुटाल्नु; धुनेर खुकुल्याउनु। to fluff up wool by using a fluffing bow.

धुनु /dʰunu/– [ना. *n.*] ☞ (**कोथ्या /kotʰjɑ/**)

धुन्य /dʰunjə/ – [अ.क्रि. *v.i.*] धन, बल, शारीरिक क्षमता आदिले समर्थ हुनु; क्षमताले भ्याउनु; सक्नु। to be capable in strength, wealth, etc; to be capable of doing sth.

धुप */plv.* **dʰupə**, *hmlv.* **dʰupu/ –** [ना. *n.*] पूजापाठ गर्दा देवीदेवतालाई खुसी पार्न वा सुगन्धको लागि सल्काइने वास्नादार चिज; धुप। incense offered to gods.

धुप्चुप /dʰuptʃup/ – [ना. *n.*] बादलले घाम छेक्दा वा एक्कासि बत्ती निभ्नपुग्दा हुने अँध्यारोपन। temporary darkness caused by clouds or when the light goes out.

धुप्न्य /dʰupnjə, *mḍ.* **ḍuɦuke/ –** [स.क्रि. *v.t.*] **१.** जनावरले सिङले हान्नु। to butt sb/sth. **२.** दुई वस्तु परस्परमा ठोकिनु; झोसिनु; जुध्नु। to collide. > **धुप्सिन्य /dʰupsɪnjə**, *syn.* **rəpsɪnjə/–** जनावरहरूले आपसमा टाउको ठोकाउनु; जुझ्नु। to butt with each other. [अ.क्रि. *v.i.*] परस्परमा टाउकोबाट ठोकिन पुग्नु। to be collided.

धुःम /dʰŭm/ – [ना *n.*] ठूलो वा गह्रौं वस्तु कतै बजारिनपुग्दा सुनिने आवाज। a loud noise; a bang; a boom.

धुम्कैन्य /dʰumkəˈnjə, *syn.* **dʰomkəˈnjə/ –** [स.क्रि. *v.t.*] जोडले कसैलाई मुड्कीले कुट्नु; मुड्कीले हान्नु; मुक्क्याउनु। to hit sb with your fist; to punch.

धुम्न्य /dʰùmnjə, *syn.* **sjãnjə/ –** [स.क्रि. *v.t.*] अगुल्टालाई पुनः आगातिरै ठोस्नु; झोस्नु। to poke the fire.

धुर /dʰur/ – [ना. *n.*] **१.** रोप्न वा छर्नको लागि राखिएको खासखास बिरुवा वा बीज; बिउ। saplings, seedlings or seeds. **२.** बिजनका लागि नसुमरी राखिएको पाल्तु जनावर। an uncastrated bull or a male animal kept for reproduction. **३.** कुकुरलाई लखेट्दा प्रयोग गरिने शब्द; धरधर; । a word used to shoo a dog; shoo.

धुरिन्य /dʰurɪnjə/ – [स.क्रि. *v.t.*] मुद्दा, झगडा, लडाइँ वा वादविवाद आदिमा कसैको पक्ष लिनु; पक्षपोषण गर्नु; सापेक्ष बन्नु; धुर पस्नु। to support a particular person or group in a debate, fight, etc.

धुरी/dʰurɪ/ – [ना. *n.*] पहाडको टाकुरा; चुचुरो। a mountain top; a peak; a summit.

धुरुँ /dʰurũ/ – [ना. *n.*/उमै.भे. *hmlv.*] **१.** बाबुकी दिदी या बहिनी; फुपू। father's sister. **२.** लोग्नेकी आमा; सासू। mother-in-law or one's husband's mother.

धुर्जा /dʰurjɑ/ – [ना. *n.*] लडाइँ, झगडा वा प्रतिस्पर्धा आदिमा कसैको पक्ष लिने मान्छे; पक्षपाती। a supporter; an advocate.

धुर्रा /*plv.* **dʰurrɑ**, *nblv.* **urunkʰɑt/ –** [ना. *n.*] **१.** एकै ठाउँमा थुपारिएको वस्तुको रास; खात; डङ्गुर; थुप्रो। a pile; a heap. **२.** [वि. *adj.*] अनेक; धेरै; अनगन्ती। various; many; uncountable.

धुल /dʰulə/ – [ना. *n.*] हावासँग मिसिएर रहने माटाको मसिनो कण; धुलो। dust particles; dust.

धुली /*plv.* **dʰulíː**, *nblv.* **mɪdur/ –** [ना. *n.*] आगो बालिसकेपछि अँगार र गोलसमेत पचेर शेष रहने सेतो भस्म; खाक; खरानी। ashes.

धुलो/dʰulo>dʰuldulo, *mḍ.* **ḍuntʃə/–**[वि. *adj.*] **१.** हावा वा पानीमा धुलो, कसिङ्गर आदि परेर धमिलिएको; धमिलो; अस्पष्ट। dim; misty; hazy; murky. **२.** राम्रोसँग नदेखिने; अस्पष्ट। not seen clearly; indistinct; blurry.

धुवा /dʰuwà/ – [क्रि.वि. *adv.*] क्षमताले भ्याएसम्म; सके; भएमा। so far as possible; if possible. > **धुवासम /dʰuwɑsəmə/–** ताकतले भ्याएसम्म; यथाशाक्य; भरमग्दुर। as much as possible.

धुसदुस /dʰusdus/ – [ना. *n.*] खुट्टा बजारेर हिँड्दा वा उफ्रिँदा सुनिने आवाज; त्यसरी हिँड्दा हुने जमिनको थर्काइ। heavy or noisy steps.

धुसुको /dʰusuko/ – [वि. *adj.*] बाक्लो हुने गरी रङ लागेको; गाढा रङको। dark-coloured.

धुसुनैन्य /dʰusunəˈnjə/ – [स.क्रि. *v.t.*] कुनै चिजलाई गोडाले बेसरी कुल्चनु। to trample on/over sth.

धुसो /dʰuso/ – [वि. *adj.*] **१.** (चौपाया जनावर) सिङले हानिहाल्ने स्वभावको। (of animals like cows, oxen, yaks) angry and likely to butt. **२.** (मान्छे) रिसाहा स्वभावको; जङ्गी; दुच्छर। (of people) angry; furious; fuming; bad tempered. **३.** अलच्छिनी। (of people) causing a bad omen.

धें /*plv.* **dʰẽ(ŋ)**, *hmlv.* **rdʰẽ**, *glv.* **geŋ/ –** [ना. *n.*] जिउ र शिरलाई जोड्ने शरीरको मुख्य अंश; गलो; मन्टो; गर्दन। the part of the body between the head and the shoulders; neck. ~**थोङोरा /tʰoŋorɑ/–** मेरुदण्डसँग जोडिएको गर्धनको हड्डी। the bone that joins the neck to the backbone. ☞ (**खपर /kʰəpər/**) *for picture.*

धेंका /dʰẽkɑ/ – [ना. *n.*] (नुन, मिश्री आदि) धुलो, टुक्रो नभएको वा नफोरिएको; सिङ्गो डल्लो; ढिको। a lump (of salt, sugar candy).

धे /**dʰeː(tɑ)**/ – [वि.वो. *intj.*] **१.** बिर्सेको कुरो सम्झेर पछुतो जनाउने शब्द; लौ खा ! ज्या ! ओहो ! word used to express your regret; oh no! **२.** आश्चर्य, विस्मय, जोश आदि प्रकट गर्दा उच्चारण गरिने शब्द; एत्तेरी ! हत्तेरिका ! आम्मै ! my goodness! oh shit! o hell! **३.** [ना. *n.*] काम बिग्रनपुग्दा आत्तिएर मुखबाट निस्कने पश्चातापपूर्ण शब्द। damn! hell! > **धेःब्याँ** /**dʰeːbjã**/– कसैलाई कुनै काम गराउन वा परिआएको आपद् टार्नको लागि आत्तिएर गुहारिने शब्द; गुहार। word used to call for assistance when you are in difficulty or danger; help!

धेडरैन्य /**dʰeŋərəˈnjə**/ – [अ.क्रि. *v.i.*] **१.** रोग, बिमार आदिले गम्भीर रुप लिनु; अस्वस्थ हुनु; थला पर्नु। to be seriously ill; to be bedridden. **२.** [स.क्रि. *v.t.*] सास्ती, पीडा आदि भोगाउनु; साह्रै दुःखकष्ट दिनु; सताउनु। to bother sb; to perturb.

धेङ्गे /**dʰeŋgəˈ**/ – [ना. *n.*] नियतवश गरिने ढिलासुस्ती; विलम्ब। delay; deferment.

धेन /(**r**)**dʰən**/– [ना. *n.*] अरूको अगाडि कुनै काम गर्दा हुने असजिलोको अनुभव; हिचकिचाहट; सङ्कोच; धक; सरम; लाज। shame; hesitation; shyness.

धेमो /**dʰemo**, *ant.* **dʒʰẽwə**/ – [वि. *adj.*] **१.** अरूभन्दा कम उचाइको; छोटो; होचो। having relatively little height; short. **२.** (व्यक्ति) सानो कदको; पुड्को। (of people) short. **३.** शारीरिक वा आर्थिक रूपले निर्धो; कमजोर। physically or financially weak.

धेःर्न्य$_{१}$ /**dʰèːrnjə**/ – [स.क्रि. *v.t.*] कुनै चिजलाई ताप दिने चिजमा सेकाउनु। to heat sth up. **३.** निशाना लगाउन वा हान्न एकसरो दृष्टि लगाउनु; ताक्नु। to aim sth (at sb/sth).

धेःर्न्य$_{२}$ – [स.क्रि. *v.t.*] ☞ (**दिथैन्य** /**dɪtʰəˈnjə**/)

धेला /**dʰelɑ**/ – [ना. *n.*] बिरुवाको जरासहित निकालिएको माटाको ढिस्को; चपरी। short grass and the surface layer of soil that is held together by its roots; a turf.

धेसेः /**dʰeseʔ**/ – [ना. *n.*] थचक्क बसिहाल्ने काम। an act of plopping yourself down.

धेसेर्ते /**dʰeserte**/ – [ना. *n.*] घच्च पर्ने ठाउँमा ठाउँ ओगट्ने गरी थचक्क बस्ने काम। an act of plopping in such a way that you occupy a space that disturb others.

धेस /(**tə**)**dʰes**/ – [ना. *n.*] (केही समय पछि आउने, हुने वा गर्ने भनेर बुझाउने भावमा) क्षणिक समय; अल्पावधि; केही छिन। just a moment/minute.

धैंन्य /**dʰɔ̃ˈnjə**/ – [स.क्रि. *v.t.*] दाँतले टोकेर मासु लुछ्नु। to tear a piece of meat with your teeth.

धै /*slv.* **dʰəˈ**, *glv.* **bəlɑ**, *plv.* **bərlɑ**/ – [ना. *n.*] भाङ्को रेसा कातेर हाते तानबाट बुनी तयार पारिएको कपडा; भाङ्ग्रो। hemp cloth.

धैन्य /**dʰəˈnjə**/ – [स.क्रि. *v.t.*] **१.** बहरलाई जोत्न बानी पार्नु; तालिम दिनु। to train male oxen to plough a field. **२.** अरूलाई काममा बेसरी जोत्नु; काममा लगाउनु; दल्नु। to force sb to work hard; to burden sb with hard work.

धोंथो$_{१}$ /**dʰõtʰo**/ – [ना. *n.*] जनावरलाई घाँस, खोले दिनको लागि खोपेर बनाइएको काठको मुढो। a long narrow open wooden container for animals to eat or drink from; a trough.

धोंथो

धोंथो$_{२}$ – [ना. *n.*] दुबैतिर डाँडो भई बीचमा गहिरो परेको भिरालो भूभाग। a gorge.

धोंनान्य */plv.* **dʰõnanjə, jẹ̣pnanjə, jẹ̣pnjə**, *krlv.* **jaŋnanjə**, *llv.* **zoːnanjə** *mḍ.* **kʰerke/** – [अ.क्रि. *v.i.*] तुरुन्तै गन्तव्यमा पुग्न छिटोछिटो पाइला चाल्नु; सार्नु; सुइँकुच्चा ठोक्नु; टुइँकनु; दगुर्नु; दौडनु; कुद्नु। to run quickly; to take to your heels.

धोंन्य$_{१}$ **/dʰõnjə**, *syn.* **dʰoŋnjə**, *mḍ.* **kʰerke/** – [अ.क्रि. *v.i.*] सुरक्षाका निम्ति दौडेर अन्यत्र कतै जानु; डर वा त्रासले एक ठाउँबाट अर्को ठाउँमा पुग्नु; बेपत्ता हुनु; भाग्नु; फुत्कनु। to run very fast in order to escape; to make a bolt for sth.

धोंन्य$_{२}$ – [अ.क्रि. *v.i.*] ☞ (**धोंनान्य/dʰõnanjə/**)

धो /dʰò/ – [ना. *n.*] **१.** आदर, मान, श्रद्धापूर्वक गरिने औपचारिक अभिवादन; ढोग्ने काम; प्रणाम; ढोग। the act of bending your head or the upper part of your body forward in order to say hello or goodbye to sb or to show respect; bow; greeting. **२.** कुनै काम पूरा गर्नको लागि हुने कठिनाइ; मुस्किल; अप्ठ्यारोपना। difficulty; obstacle; hindrance.

धोः /(dʰoː)do/ – [क्रि.वि. *adv.*] साह्रै मुस्किलका साथ; बडो गाह्रो हुने किसिमले। with much effort; with too much difficulty. ~**च्याँसिउ /tʃjã̰sɪᵘ/**– [ना. *n.*] शारीरिक कमजोरी वा आलस्यले गर्दा उठ्न, उभिन गाह्रो भएको वा मान्ने अवस्था; आलस्य। laziness; indolence; sloth. ~**पाँव /pãwə/**– [वि. *adj.*] असाध्यै कम बोल्ने; अल्पभाषी। unwilling to communicate very much; reserved; reticent. ~**फ्याःसिउ /fjaʔsɪᵘ/**– बिछट्टै माया लागेर छुट्नै नसकिने भएको; छुट्न गाह्रो हुने। hard to be away from each other. ~**बाउ /baᵘ/**– शरीर अस्वस्थ भएर वा अल्छी मानेर यात्रा गर्न वा कतै प्रस्थान गर्न साह्रै गाह्रो मानेको। unwilling or reluctant to go somewhere else.

धोइन्य /dʰoˈnjə/ – [स.क्रि. *v.t.*] टुनामुना गरेर कसैलाई आफ्नो प्रभावमा पार्नु; बोक्सी ज्ञान सिकाउनु; लागो लगाउनु। to cast a spell on sb; to teach sb black magic.

धोकोरा /dʰokorā/ – [ना. *n.*] अन्न अनाज राख्न चित्रो वा मान्द्रालाई बेरेर ठड्याइएको भकारी। a round storage made of bamboo mats; granary; a secure container for storing things, foods, grain.


धोकोरा

धोङोराʔ /dʰoŋoraʔ/ – [ना. *n.*] डोलो, खोक्रो चिज; ढुङ्ग्रो। a hollow object (wood, bamboo, metal).

धोङ्ग्या */plv.* **dʰoŋgja**, *hmlv.* **dʰõkəma/** – [वि. *adj.*] आफ्नो ठाउँमा रहन मन नपराउने; भाग्ने स्वभावको; पलायन हुने खालको; भगुवा। fugitive; fleeting; escapist.

धोःदो /dʰoːdo/– [क्रि.वि. *adv.*] ☞ (**धो /dʰo/**)

धोदोरा /dʰodora/ – [ना. *n.*] भित्रभित्र खोक्रिएर भ्वाङ परेको रुख; बूढो रुखमा परेको प्वाल, खोप्लो; टोड्को। a hollow in a tree.

धोद्या */plv.* **dʰodja**, *hmlv.* **dʰorlja/** – [वि. *adj.*] (धागो, डोरी आदि) मोटो गरी कातेको, बाटेको। (of ropes, threads, etc.) heavily or coarsely spun or twisted.

धोम्का /dʰomka/ – [ना. *n.*] अन्य भागभन्दा केही माथि उठेको जमिनको सतह; थुम्को। a small hill; a mound; a knoll.

धोम्काउनी /dʰomkɑᵘnɪ/ – [ना. *n.*] मुड्कीले हानिने पिटाइ। a blow with a fist; a punch.

धोम्कैन्य /dʰomkəˈnjə/ – [ना. *n.* / प.भे. *plv.*] ☞ (**धुम्कैन्य /dʰumkəˈnjə/**)

धोयो /dʰojo/– [ना. *n.* / से.भे. *slv.*] ☞ (**धय /dʰəj/**)

धोरोरो /dʰororo/ – [ना. *n.*] **१.** चोटपटक लागेर लामो धर्सो देखिने गरी भएको खत। a long mark on the skin after damage; a scratch; a scar. **२.** टाढाबाट देखिने बाटो, नदी आदिको धर्सो। a long thin mark on the surface; a line of the river or path seen from a distance; a line.

धोल */plv.* **dʰol**, *nblv.* **ordʰəl/ –** [ना. *n.*] जोत्दा हलाको फाली वा टुँडोमा अड्किएर जम्मा हुने झारपात। weeds stuck onto the blade of a plough while tilling.

धोल्छयाँ /dʰoltʃʰjã/ – [ना. *n.*] पर्सिको निपर्सि; भोलिदेखि पाचौं दिन; कानेकोर्सिको भोलिपल्ट। five days hence.

धोल्न्य */plv.* **dʰòlnjə**, *nblv.* **dʒjãɦulnjə/ –** [स.क्रि. *v.t.*] तरल पदार्थ एक भाँडाबाट अर्कामा खन्याई पुनः दोहोऱ्याएर सोही भाँडोमै खन्याएर मिसमास पार्नु; मिसाउनु; सालखोल गर्नु; सारोबार गर्नु। to mix liquids.

धोल्पोगोल */plv.* **dʰolpogol**, *nblv.* **kotʃʰkobʰjɑl/ –** [क्रि.वि. *adv.*] **१.** कुनै चिज पौल (प्रशस्त) हुने किसिम; अत्यन्तै; निकै; प्रशस्तै; अधिक मात्रामा; अत्यधिक। (of things) abundantly; plentifully. **२.** फालाफाल; मिल्कामिल्की; आफलताफल। amply; in abundance.

ध्याउना /dʰjɑᵘnɑ/ – [ना. *n.*] ☞ (**धामा /dʰɑmɑ/**)

ध्याप्पौ /dʰjappəᵘ/ – [वि. *n.*] स्पष्टरूपले चिनिने; प्रष्ट देखिएको। easily or clearly visible; conspicuous; noticeable.

ध्यारी /dʰjɑrɪ/ – [ना. *n.*] **१.** ज्याला पाउने गरी गरिने कुनै काम; ज्लादारी काम। an act of making sb work for a wage. **२.** श्रम बगाएबापत प्राप्त हुने दैनिक ज्याला। a daily wage.

ध्याऱ्याःधिरी /dʰjɑrjà:dʰɪri:/ – [ना. *n.*] **१.** प्रष्ट नदेखिने मसिना रेखा वा धर्साहरू। small indistinct lines. **२.** स्पष्टरूपले नदेखिएको दृष्टि; तिर्मिराहट। dimness; haziness; dazzles.

न

नँ /*tslv.* **nĩ**, *plv.* **nəŋ**, *hmlv.* **na**, *ant.* **ŋã**, *mḍ.* **na(k)ko/** – [सर्व. *pron.*] "तपाईं", "तिमी" र "तँ" को स्तरमा प्रयोग हुने द्वितीय पुरुष-एकवचनको सर्वनामवाची शब्द; तिमी; तँ। the lowest or middle honorific second person singular pronoun; you.

नँगर /*mas.* **nĩgər**, **nəŋgər**, *fm.* **nĩgərnɪ/** – [ना. *n.*] आइमाईको तर्फबाट गाँसिन गएको दाजुभाइको साइनो; दिदीबहिनीका छोराछोरीहरूबीच पर्ने दाजुभाइको साइनो; सम्बन्ध। a relation among the sisters' male children.

नकिन /*plv.* **nɨkɪn**, *ulv.* **nəŋam**, *ant.* **akɪn/** – [क्रि.वि. *adv.*] त्यस ठाउँदेखि; त्यहाँबाट; त्यहाँदेखि। from there.

नजिक /*plv.* **nɨdʒɪkə**, *slv.* **nera**, *ant.* **tada/**– [क्रि.वि. *adj.*] कुनै वस्तु, ठाउँ आदिको छेउ; टाढा नरहेको; टाढाको विपरीत; समीप; निकट; नजिक। near; nearby.

नजीःरादा /**nɨdʒíːrada/**– [क्रि.वि. *adv.*] त्यतै कतैतिर; त्यहीं आसपास नेर। somewhere there.

नजीःल /**nɨdʒíːlə/** – [क्रि.वि. *adv.*] त्यहीं आसपासमा; त्यतातिर। nearby that area.

नजीःराल /**nɨdʒiːralə/** – [क्रि.वि. *adv.*] त्यहीं आसपास नेर; त्यतैतिर कतै। in that area.

नदयु /*hmlv.* **nɨdju**, *plv.* **nɪtjaᵘ**, **nɪtu/** – [वि. *adj.*] ऊ वा त्यो जस्तो; त्यस किसिम वा ढङ्गको; त्यस प्रकारको; त्यस्तो। of that sort; similar to that/such.

ननी /*plv.* **nɨnɪ**, *hmlv.* **nəen**, *nblv.* **nəkan/** – [क्रि.वि. *adv.*] **१.** त्यहीं वा त्यतातिरबाट; त्यसबाट; त्यहाँदेखि; त्यतापट्टि; त्यहीं निश्चित ठाउँबाट नै। over there; from there. **२.** त्यतापट्टि; उतापट्टि। towards that side.

नमीं /**nɨmĩ**, *syn.* **nəmɪŋ/** – [सर्व. *pron.* (*poss.*) / वि. *adj.*] तपाईं वा तिमी एक जनाको अधिकार वा स्वामित्त्वभित्रको जनाउने सर्वनाम; तपाईंको, तिम्रो। yours.

नक /**nəkə/** – [क्रि.वि. *adv.*] त्यहाँ; त्यसै ठाउँमा। at that very place. ~**ज़** /**zə/**– निश्चित त्यहीं ठाउँमा नै; त्यता नै; त्यही ठाउँमा; त्यही। at that place. ~**पै** /**pəˈ/**– त्यहाँसम्म; त्यही ठाउँसम्म। up to that place.

नकतैन्य /*plv.* **nəkətəˈnjə**, *syn.* **nannjə**, **nɪŋnjə**, *nblv.* **nwannjə**, *mḍ.* **sjaṭke/** – [स.क्रि. *v.t.*] अर्कासँग रहेको चिज बलजपफ्तीपूर्वक लिनु; हर्नु; खोस्नु। to seize sth (from sb); to confiscate.

नकसा /**nəkəsa/**– [ना. *n.*] लेखेर, कोरेर बनाइएको कुनै चिजको प्रतिरुप वा आकृति; तस्बिर; चित्र। a sketch; a picture.

नकाउ /**nəkaᵘ**, **nəku**, **nəgʰjaku/** – [क्रि.वि. *adv.*] आफूभन्दा केही परको कुनै निश्चित चिजलाई ताकेर नाउँको सट्टामा प्रयोग गरिने सर्वनामवाची शब्द; त्यहींनेरको; त्यहाँको; त्यै; त्यही। there; of there.

नङ¹ /**nəŋə/** – [क्रि.वि. *adv.*] त्यस ठाउँमा; त्यता; त्यहाँ। over there; on that place.

नङ² – [सर्व. *pron.* / प.भे. *plv.*] ☞ (**नँ** /**nĩ**/)

आङुला /aŋulɑ, *syn.* **nəŋərɑ**, *md.* **tʃʰjãŋ/** – [ना. *n.*] हात वा खुट्टाको टुप्पामा पाँपाँचवटामा बाँडिएका अवयवमध्ये कुनै एक; औंलो। separate thin parts of the hand, except thumb; a finger; separat parts at the end of the foot; a toe.

नङरा[1] – [ना. *n.*/से.भे. *slv.*] ☞ (**आङुला /aŋulɑ/**)

नङरा[2] – [ना. *n.*/से.भे. *slv.*] ☞ (**दमया /dəməjɑ/**)

नङाउ /nəŋau, *syn.* **nəŋu/** – [क्रि.वि. *adv.*] टाढाको चिजलाई किटेर भन्नुपर्दा जनाउने सर्वनामवाची शब्द; त्यस ठाउँको; त्यहाँको। of there; of that place.

नङ्गर /nəŋgər/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**नँगर /nĩgər/**)

नदा */plv.* **nədá**, **nədɪ**, **nəde**, *nblv.* **nənɑ/** – [क्रि.वि. *adv.*] यतातिरको विपरीत त्यतातिर; अलि परतिर; त्यसतिर; त्यता; उता। in or to that place; there.

नप /(or),(r)nəp/ – [ना. *n.*] कुटेर, पिँधेर वा पिसेर बनाइएको मसिनो धुलो; चूर्ण। loose dry particles; powder; flour.

नपो */plv.* **nəpo**, *slv.* **ŋɪm/** – [वि. *adj.*] मसिनो हुने गरी बनाइएको धुलो; मिहिन; मसिनो; चूर्ण। not coarse; having tiny particles; soft; fine.

नप्सै /nəpsəˈ/ – [ना. *n.*/से.भे. *slv.*] भित्र हाड र बाहिर बिमिरा जस्ता हुने फल फल्ने जङ्गली वनस्पति; काफल। a tree with fruit like strawberry; fruit from this tree.

नम /nəm/ – [ना. *n.*] **१.** जमिनभन्दा माथिको खुला ठाउँ; आकाश; गगन। the area above the Earth, in which clouds, the sun, etc. can be seen; sky. **२.** (विश्वास) पुण्यकर्म गरेका मानिस मरेपछि उसको आत्मा पुग्ने भनिएको उपल्लो काल्पनिक ठाउँ; परमधाम; स्वर्ग। (of common beliefs) in some religions, the place, sometimes imagined to be in the sky, where God or the gods live and where good people are believed to go after they die, so that they can enjoy perfect happiness; heaven.

~झर्कैंन्य/zʰərkəˈːnjə/–[अ.क्रि.*v.i.*]मुसलधारे पानी पर्नु; दर्कनु। to rain heavily; to rain cats and dogs. **~वान्य /wɑnjə/**– वर्षा हुनु; बर्सनु। to rain. **~सैंन्य /sĩːnjə/**– बिहानीको शुरुवात हुनु। to become daylight; (of day/dawn) to break. **~सोर्गैंन्य /sorgəˈːnjə/**– [ना. *n.*] (विश्वास) खडेरी पर्दा अग्ला ठाउँहरूमा सुँगुर कुखुरा आदिलाई लगेर अपवित्र गराई देवीदेवतालाई रिसाउने बनाएर पानी पार्न लगाउने चलन वा संस्कार; त्यस्तो विश्वास। a practice of taking animals, pigs and birds to sacred places to defile them. It is believed that this makes the deities angry and they cause rain.

नमचुइँ /nəmtʃũˈ/ – [ना. *n.*] **१.** छोटो दिन सिद्धिएर लामो दिन शुरुवात हुने दिन। time the when the shortest day ends and the longer day begins. **२.** गाईवस्तुलाई नुन दिने र माघे सङ्क्रान्तिमा चाहिने नयाँ वाण बनाएर (काटेर) हान्न शुरु गरिने पौष महिनाको १२ गतेको दिन। the 12th of the month of Paush. On this day people give salt to their domestic animals, and make new bows and arrows to be used on the first of the month of Magh and practise shooting at the targets.

नमत घराँत /nəmtə (nɪ) gʰərãtə/ – [ना. *n.*] **१.** (क्यै चिजलाई) स्थिर रहन नदिई उचाल्ने,

बसाल्ने आदि गरिरहने काम; ओल्टाइपल्टाइ। an act of moving or turning sth over. **२.** ☞ (**उफरपाफर /ufərpafər/**)

नमफुरभुरो /nəmfurbʰuro/ – [वि.*adj.*] (घर आदि) ज्यादै अग्लो; अति उँचो; आकाशै छुने; गगनचुम्बी। (of houses, buildings, etc.) that seems to touch the sky; very tall.

नमम्यु */slv.* **nəmmju** <**nəm+mí**> *plv.* **nımí**, *mḍ.* **namkʰan/** – [ना. *n.*] आकाशमा दिनभर देखिएर ताप दिने अन्तरिक्षको बल्दो ग्रह; सौर्यमण्डलको केन्द्रमा रहने मुख्य प्रकाशक ठूलो तारा; सूर्य। the sun.

नम्निङ */slv.* **nəmnıŋ**, *plv.* **nı̤mnı**, *nblv.* **tısnı/** – [क्रि.वि. *adv.*] चालु वर्षदेखि तेश्रो साल; अर्को साल पछिको पनि फेरि अर्को साल; परागौं। three years hence.

नम्राती */nblv.* **nəmratı**, *slv.* **nəram**, *plv.* **patiː/** – [ना. *n.*] पूजापाठ गर्दा धूप बाल्न हुने पवित्र मानिएको एक खालको तीतो स्वादको वनस्पति; तितेपाती। wormwood; its leaves are burned to produce incense to offer deities in worship.

नमसुइँ /nəmsũ'/ – [ना. *n.*] पृथ्वी, ग्रह, नक्षत्र आदिबीचको शून्य आकाश वा स्थान; अन्तरिक्ष। the region between all astronomical objects; space.

नयाःल */plv.* **nəjaːlə**, *nblv.* **nəranа/** – [क्रि.वि. *adv.*] त्यहीं आसपासमा; त्यतातिर नै। somewhere there.

नर /nər/ – [ना. *n.*] सामाजिक अवस्था, आपसी भावना र विविध संस्कृति भएको मानिसको समुदाय; दुनियाँ; संसार। the earth, with all its countries, peoples and natural features; the world.

नराम /nəram/ – [ना. *n.*/से.भे. *slv.*] ☞ (**नम्राती /nəmratı/**)

नर्कत /nərkət/ – [ना. *n.*] खाने, पिउने कुराप्रतिको अनिच्छा; अरूचि। loss of appetite.

नर्ग$_1$ */plv.* **nərgə**, *ant.* **sorgə/** – [ना. *n.*] **१.** (विश्वास) मरणोपरान्त पापीको आत्माले दण्ड पाउने भनिएको तल्लो लोक; यमलोक। the place believed to be the home of devils and where bad people go after death; hell. **२.** पीडा, कष्ट सहनुपर्ने थलो; दुःखद स्थान। a very unpleasant place where people suffer very much.

नर्ग$_2$ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**किज्याँ /kıdʒjã(ŋ)/**)

नल^1 */mas.* **nəl**, **rą̃kʰja**, *plv.* **patʰaʔ**, **ŋəro**, *llv.* **bʰotja**, *fm.* **nəlme** / – [ना. *n.*] **१.** पुर्खाले बिहाबारीमा डोली बोक्ने पेशा अपनाएकामध्येका मगरका सन्तानहरू; अघोषित रूपले तल्लो जातिको रूपमा रहेका मानिने डोले जाति। अतीतको कमारा पृष्ठभूमिबाट आएका कारणले अन्य मगर जातिसँग बिहाबारी र जुठो नचल्ने भनिएको तथाकथित तल्लो जाति। a clan among the *Magar*s. The *Nals* are the descendants of emancipated slaves and their profession is to carry brides and grooms in the palanquin; they are called *doles*, palanquin bearers. **२.** अन्य मगरहरूसँग बिहाबारी र जुठो नचल्ने भनिएको, तल्लो स्तरको रूपमा मानिएको मगरजाति भित्रको एक तथाकथित थर। one of the *Magar* clans that is considered untouchable.

नल^2 – [सर्व. *pron.*] त्यसभित्र भन्ने जनाउने सर्वनामवाची शब्द; त्यसमा। pronoun used to indicate sth is within or inside sth; in or inside that.

नलस्याः /nəlsjá/ – [ना. *n.*] जिउमा निस्कने

कालो रङको नमेटिने मसिनो दाग वा थोप्लो; कोठी। a small dark spot on a person's skin; a mole.

नल्था */plv.* **nəltʰa**, *hmlv.* **rdʰã**, *ant.* **dʱĩ/** – [ना. *n.*] घुँडादेखि गोलीगाँठासम्म गोडाको अगाडिपट्टिको हड्डी भाग; नलीहाड। shin bone. ☞ (**धाँ /dʱĩ/**) *for picture.*

नवाङ्गी /nəwaŋgɪ/ – [ना. *n.*] अभाव र बेमौसमको अवस्थामा पनि उपलब्ध मौसमी फलफूल वा हरिया चिज; धौधौले प्राप्त कुनै चिज। unseasonal fruit or green vegetable; things which are not easily available.

नवार /nəwar/ – [ना. *n.*] मुखको आकृति; मुखमण्डल; अनुहार; मुहार; चेहरा। a person's face; countenance.

नवार्नी /nəwarnɪ/ – [ना. *n.*] छोरो जन्मेको ११ र छोरी जन्मेको ९ दिनपछि नाम जुराइदिएर मनाइने उत्सव। the naming ceremony of a baby which takes place on the eleventh day (in the case of a male child) and on the ninth day (in the case of a female child) after birth.

ऩम /nə̰m/ – [ना. *n.* / प.भे. *plv.*] ☞ (**तम /təm/**) ~**पाता /pata/**– भारी बोक्दा भार अडाउन डोरीमा नत्थिने, छालाको चेप्टो साधन; थाप्लोमा अडिने नाम्लोको भाग; पातो। a head strap for carrying a load.


ऩम

नाँ₁ /nã, *syn.* **rna/** – [ना. *n.*] **१.** ध्वनि तरङ्गलाई ग्रहण गर्ने शरीरका अङ्ग; श्रवणेन्द्रिय; कान। the organ for hearing; ears. **२.** भाँडाबर्तन आदिमा समाउन बनाइएको वा जोडिएको अङ्ग; करा; कान। the part for holding sth; a handle. ~**बिन्य**[१] **/bɪnjə/**– [अ.क्रि. *v.i.*] धेरै हल्ला भएर कान दुख्ने हुनु; हल्लाले कान खानु; झर्को लाग्नु। to be fretful, irritated or restless because of an ear-splitting sound. ~**बिन्य**[२]**–** कानभित्र सुइँय्य आवाज सुनिनु; कान कराउनु; कान बज्नु। (of ears) to ring. > **नाँबिउ**[१] **/nãbɪʷ/**– [वि. *adj.*] अत्यधिक होहल्लाले कान खाएको। too noisy; loud and harsh-sounding. > **नाँबिउ**[२]**–** [ना. *n.*] कहिलेकाहीँ एक्कासि कानभित्र सुनिने तीखो आवाज। an ear-piercing sound.

-नाँ₂ – [विभ. *bibh.* / निभु.भे. *nblv.*] ☞ (**जन /dʒən/**)

नाँखार */plv.* **nã(ŋ)kʰar**, *nblv.*, **nakʰa**, *md.* **laŋgʰa/** – [ना. *n.*] मुख्य शहरभन्दा बाहिर रहने घरहरूका समूह; बस्ती; गाउँ। a group of houses, which is smaller than a town; a village. ~**नाम /nam/**– भारोपर्म, हारगुहार गर्दा प्रायः सम्बन्ध र सघाउ-पघाउ गरिने छरछिमेकी; गाउँ भएको ठाउँ; गाउँघर। people living near each other; neighbors; neighborhood.

नाँखार

नाँस्यो */plv.* **nãsjo**, *hmlv.* **rnajo/** – [ना. *n.*] कानको किनारको भाग; लोतीसम्मको किनारा। an earlobe.

ऩाँ /nã̰/ – [ना. *n.*] तरकारी वा तरल चिजभित्र रहेको ठोस भाग। the solid substance in curry.

ऩाँन्य /nã̰njə/ – [अ.क्रि. *v.i.*] (ऊन) मक्किनु; किरा लाग्नु। (of wool) to decay; to be worm-eaten.

ना /na/– [सर्व. *pron.* / उमै.भे. *hmlv.*] ☞ (**नाँ /nĩ/**)

नाइ /*slv.* **na**ˈ, *plv.* **nə̃**ˈ, *nblv.* **rɪzʰa**, *mḍ.* **lafa**/ – [ना. *n.*] **१.** विभिन्न गतिविधिमा साथ दिने व्यक्ति, साथी, सँगी; जीवनको सहचर; सहकर्मी; सहयोगी; मद्दतगार। a helper; a colleague; a coworker; a partner; a collaborator. **२.** हिँड्दा वा कुनै काम गर्दा सँगै परेको मानिस; सहयात्री; साथी। a working or travelling companion. **३.** कामकाज, विचार, व्यवहार आदि मिलेको सँगाती; हित्तचित्त मिलेको मानिस; सँगी; मित्र। a friend; a companion; a comrade.

नाकिरा /**nakɪra**/ – [ना. *n.*] हरिसलाई जुवामा अड्याउने काठको सोइलो। a thick wooden peg that is used to secure a long wooden pole inserted into a plough to the yoke.

नाकिऱ्या /**nakɪrja(u),(so)**/ – [वि. *adj.*] लट्ठी जस्तै मसिना खुट्टा भएको; झीना, लामा खुट्टा हुने; सुइँखुट्टे। having thin and long legs; long-legged; leggy.

नागाइनोगैव /**nagaˈ (nɪ) nogəˈwə**/ – [वि. *adj.*] हातखुट्टा राम्ररी चलाउन नसक्ने; खासै सुद्धिबुद्धि र स्फूर्तिसमेत नभएको; असाध्यै लोसे; मन्द बुद्धिको। sluggish; slothful; slow; dull.

नाघु /*plv.* **nagʰu**, *nblv.* **nãkɨliː**/ – [ना. *n.*] कानभित्र उत्पादन हुने मयल; कानेगुजी। earwax.

नाङ्ग्या /**naŋgja**/ – [वि. *adj.*] धनसम्पत्तिको अभाव भएको; गरिब; निर्धन; दरिद्र। poor; destitute.

नाङ्ग्या? /**naŋgja?** > **naŋgjapatjaᵘ**/ – [वि. *adj.*] शरीरमा कपडा नभएको; निर्वस्त्र; नाङ्गो। not wearing any clothes; nude; not covered by clothes; naked.

नात /*nblv.* **nat**, *plv.* **nəˈ**, *slv.* **patʃʰa**/ – [ना. *n.*] भारीतारी अडाउन वा बिसाउन बनाइएको ठाउँ; थकाइ मार्न बिसाउने वा अडिने थलो; बिसाउना। the place where you rest or put down your load; a halting place on a path or road.

नात

नाति /*mas.* **natɪ**, *fm.* **natɪnɪ**/ – [ना. *n.*] **१.** छोराछोरीका छोरा; नाति। a grandson. **२.** ज्वाइँको पनि ज्वाईंपट्टिका सबै पुरुषलाई लगाइने साइनो। the male relatives from the side of the son-in-law's son-in-law.

नाना /**nanə́**/ – [ना. *n.*] **१.** एउटै कोखमा आफूभन्दा पहिले जन्मेकी स्त्री; दिदी। an elder sister. **२.** जेठानकी पत्नी। *jethān*'s wife. (*jethān* is one's wife's elder bother).

नानाःनुनुःव /**nanə́ːnunùːwə**/ – [वि. *adj.*] राम्ररी र स्पष्टरूपले बोल्न नसक्ने; गोज्याङ्ग्रो। idiot; mute; dull.

नान्नय /**nannjə, nɪŋnjə, nə̃ˈnjə**/ – [स.क्रि. *v.t.*] अर्काको अधिकारभित्र रहेको वा अरूलाई दिएको चिज बलजफ्तीसँग लिनु; हर्नु; खोस्नु। to seize sth from sb. (which was given to them).

नान्य[१] /**nanjə**/ – [अ.क्रि. *v.i.*/प.भे. *plv.*] धेरै ऊचाइमा चिसो सहन नसकेर बिरामी हुनु। to fall ill because of cold in high lands or mountains. **३.** कसैप्रति टिठ लाग्नु; माया पलाउनु; दया जाग्नु; टिठाउनु। to take pity on sb; to pity sb.

नान्य[२] – [स.क्रि. *v.t.*/उ.भे. *ulv.*] ☞ (**बान्य** /**banjə**/)

नाप /**nap**/ – [ना. *n.*] हात नपोलोस् भनेर तातो चिज समाउन प्रयोगमा आउने कपडाको टालो; समाउने लत्ता। a rag used for holding sth

hot. > **नाप्सिन्य /napsɪnjə/–** [स.क्रि. *v.t.*] तातो चिज समाउदा नपोल्न हातमुनि क्यै चिज राख्नु। to keep sth like a rag in your hand while holding/touching sth hot.

नाम /nam/ – [ना. *n.*] पृथ्वीको बाहिरी भूसतह; भुइँ; जमिन। the surface of the earth; land. > **नाम्जें₁ /namdʒẽ/–** [नायो. *post.*] जमिनभन्दा तल; जमिनमुनि; भूगर्भमा। under the surface of the ground; underground. > **नाम्जें₂–** पृथ्वीभन्दा तल रहेको काल्पनिक लोक; पाताल। hades; underworld; hell.

नामऱ्या /namərja/ – [ना. *n.*] अनैतिक सम्बन्धबाट जन्मेको सन्तान; बुबा पत्ता नलागेको बच्चाबच्ची; अवैध सन्तान; वेश्या पुत्र वा पुत्री। an illegitimate child; a bastard.

नामे /name/ – [ना. *n.*] एउटै कोखमा जन्मेकी आफूभन्दा कम उमेरकी स्त्री; बहिनी साइनो पर्ने आइमाई; बहिनी। a younger sister.

नाम्ज़ा /namza/– [ना. *n.*/उमै.भे. *hmlv.*] ☞ (**भेʔ+ज़ा /bʰeʔ+za/**)

नामभस /nambʰəs/ – [ना. *n.*] धन, बलको घमण्डले अरूलाई थिचोमिचो गरी मपाइत्त्व देखाउँदै हिँड्ने काम; शक्ति र प्रभुत्त्वले जबरजस्ती अरूलाई पेल्ने काम; दादागिरी। an act of intimidating sb; oppression; loutish behaviour; bullying. ~**हाम्न्य /ɦamnjə/–** [अ.क्रि. *v.i.*] दादागिरी देखाउनु; मपाइत्त्व प्रदर्शन गर्नु। to bully or intimidate sb.

नामड़ै /namŋə̰ˈ/ – [ना. *n.*] गाउँको सिरानतिर पर्ने भूभाग। the upper part of a village.

नाऱ्म /narə̰m/ – [ना. *n.*] **१.** कुनैपनि कामकुराको समाधान गर्ने उपाय; नियम; सूत्र। a rule; a formula. **२.** धागोको गाँठो, लच्छी आदि फुकाल्न सजिलो हुने टुप्पा। the clearly visible end part in a spool of thread.

नारा /nara/ – [ना. *n.*] हलो र जुवालाई जोड्ने राँगाको छालाबाट बनाइएको डोरी; हल्लुँड। a strap of buffalo skin for attaching yoke to plough.

नारा

नारासुगुन /narasugun/ – [ना. *n.*] सूर्यमुखीसँग मिल्दोजुल्दो तर, सानो सुन्दर एवम् सुगन्धित हिमाली फूल। a type of mountain flower that looks like but smaller than sunflower.


नारासुगुन

नाऱिन्य /narɪ̰njə/ – [अ.क्रि. *v.i.*] **१.** एकै ठाउँमा लामो समय व्यतीत गर्नुपर्दा उराठ वा उच्चाट लाग्नु; एकै प्रकारका काम लगातार गरिरहँदा सोप्रति चाहना घटेर जानु; आलस्य वा पटयार लाग्नु; पट्टाउनु। to feel weary or bored because you have been doing the same thing for a long time . **२.** धैर्य गुमाउनु। to lose patience.

नारी /narɪ/ – [ना. *n.*] हत्केलाको फेद; नाडी। the part of the body between the hand and the palm; wrist.

नार्चा /nartʃá, *syn* **marsja/ –** [ना. *n.*] बोट र पातको रङराता र पहेँलो हुने, हाँगाबिँगामा भालेको सिउर झैँ झुप्पो फुलेर दाना लाग्ने, रातो, पहेँलो फूल फुल्ने वनस्पति; चाँगे। a small flowering tree called *chānge*; the flower of this tree, which resembles the crest of a bird.

नार्नारो /nárnarò, *syn.* **tʃʰɪpo/ –** [वि. *adj.*] **१.** (फलफूल, सागपात, चिचिला आदि)

कलिलो अवस्थाको। (of leafy vegetables or fruits) young and unformed. **२.** छुँदा नै दाग, मैलो, खत आदि बस्ला जस्तो अति नरम छाला भएको; नाजुक। easily hurt or damaged; tender; delicate; very soft.

नाल /nal/ – [ना. *n.*] **१.** एउटै कुलमा जन्मनाले वा विवाह आदिका कारण जोडिन पुगेको पारस्परिक सम्बन्ध; गोत्र, कुटुम्बको नाता; आत्मीयजन; नातेदार; आफन्त; आपस्त; आफ्नो मान्छे। a member of the same family by birth, marriage, or adoption; relative; kith and kin. **२.** एकै प्रकारका खानेकुरा लगातार खाइरहँदा, कुनै चिज निरन्तर प्रयोग गरिरहँदा वा एकै प्रकारका काममा मात्र निरन्तर लागिरहँदा घट्ने अभिरुचि; वितृष्णाको अरूचीको स्थिति। the state when you lose interest in sth that you have been doing for a long time; loss of interest. **~क्यान्य /kjąnjə/–** [अ.क्रि. *v.i.*] ☞ (**नारिन्य /narɩnjə/**) > **नालनाथा /nalnatʰa/–** [ना. *n.*] नाता कुटुम्ब; बन्धुबान्धव; इष्टमित्र; आफन्तजन। relatives.

नाल्च्या /naltʃja/ – [ना. *n.*/से.भे. *slv.*] ☞ (**खुगु /kʰugu/**)

नाल्त /naltə/ – [नायो. *post.*/से.भे. *slv.*] ☞ (**जुँनी /dʒũnɪ/**)

नास /nas/ – [ना. *n.*] ठूलो खालको बर्बादी; बिनाश; विध्वंस; सत्यानाश। destruction; devastation; ruin.

नासा /nasa/ – [ना. *n.*] **१.** घरपालुवा जनावरलाई पालनपोषण गरिदिनको लागि मुख्य ग्वाला वा अरू कसैलाई जिम्मा लगाउने काम। an act or common practice of entrusting domestic animals to a herdsman or someone else. **२.** कसैमार्फत पठाइने वा पठाइएको वस्तु; अरूको जिम्मामा राखिएको चिज; नासो। something left to be kept; deposit. **३.** शरीरभर शुद्ध र अशुद्ध रगत ओहोरदोहोर गराउने नली; रक्तबाहिनी तन्तु; नसो; शिरा। the vessel carrying blood to the heart; a vein. **४.** पुरुष यौनाङ्ग; लिङ्ग। penis. **~बुरुम /burum/–** [वि. *adj.*] मासु, रगत घटेर नसाहरू देखिएको। unpleasantly or unhealthily thin and bony; emaciated; scrawny.

नास्न्य /násnjə/ – [अ.क्रि. *v.i.*] **१.** हानिएको चिज ठीक निशानामा पर्नु वा लाग्नु। to hit the target. **२.** एक्कासि ठोकिन पुग्नु; आघात पर्नु; ठोक्किनु। to collide.

ऩा? /*tslv.* **nąʔ**, *krlv.* **nąlekʰa**, *glv.* **nadəŋ**, *nblv.* **nana** & *tlv.* **nadəra/ –** [वि. *adj.*] तोकिएको गन्ती अनुसारको; त्यति परिमाणको; उति; त्यो जति। that much; that many. > **ऩा?ज़ /nąʔzə/–** [क्रि.वि. *adv.*] त्यति नै; त्योजति वा त्यति परिमाणकै। exactly of that amount or number.

ऩा?वा /*tslv.* **nąʔwa**, *krlv.* **nąlekʰa**, *ulv.* **nadəŋ/–** [वि. *adj.*] त्यतिको; त्यो जति; त्यति। that much.

ऩा?वाकाउ /nąʔwakaᵘ/– [वि. *adj.*] त्यो जतिको; त्यत्तिको। that much.

ऩाकैं₁ /nąkɜ̃ˈ/ – [ना. *n.*/प.भे. *plv.*] निचोरेर, छानेर झोल निकालिसकेपछि बचेको जाँडको खोस्टा; छोक्रा। dregs of malt beer.

ऩाकैं₂ – [ना. *n.*/लु.भे. *llv.*] ☞ (**सेजो /sedʒo/**)

ऩाङ्गली /*plv.* **nąŋɩliː**, *slv.* **ra/ –** [ना. *n.*] अन्नपात निफन्ने थाल जस्तै चेप्टो बाटुलाकारचोयाको साधन; नाङ्लो। a winnowing bamboo tray.



ऩाङ्गली

ऩाप */plv.* **nạp**, *hmlv.* **rnap/** – [ना. *n.*] नाकबाट निस्कने लेस्सादार फोहोर चिज; सिँघान; सिँगान। thick liquid (mucus) produced in the nose; snot. > **ऩाप झेँ नि पि़ल झेँ /nạp zʰẽ nı pı̣l zʰẽ/–** रुघा, खोकी, सर्दी, चिसो आदिले सताएर पातलो सिँघान बगिरहने अवस्था। the situation when you have a runny nose.

ऩाम /nạm/ – [ना. *n.*] **१.** बेँसी वा मधेसको गर्मी भूभाग; औल। hot, low land; the plain. **२.** हिउँदको समयमा भेडा, बाख्रालाई पालिने तराई नजिकको न्यानो ठाउँ। the low land where sheep and goats are kept in the winter.

ऩावर /nạwər/ – [ना. *n.*] एक किसिमको जङ्गली भ्याप्पुल्ले भेडो। a type of hairy wild sheep; a blue sheep.

ऩावर

ऩासिन्य /nạsınjə, *mḍ.* **baṭke/ –** [स.क्रि. *v.t.*] **१.** थकाइ मार्न विश्राम लिनु; बिसाउनु। to rest after a walk or some work. **२.** सुस्ताउनको लागि बोकिएको भारी बिसाउनामा राख्नु। to put down a load to rest for a while.

निँ /nĩ/ – [प्र.वो. *intro.*/निभु.भे. *nblv.*] ☞ (**कता /kətɑ/**)

निँगल्दा /nĩgəldɑ/ – [ना. *n.*] महिना सिद्धिने बेलाको समय; महिनाको उत्तरार्द्ध। the end of a month.

निँघार /nĩgʰɑr/ – [ना. *n.*] जाँडको रस; छ्याङको झोल। the liquid of malt beer, called *chhyāng.*

नि़ँ /nı̣̃/ –[ना. *n.*] (मानिस वा पशुको) शरीरभित्र परेमा प्राणैसमेत लिने एक प्रकारको विषालु वनस्पति। a type of poisonous plant that may kill animals.

-नि /nı/– [प्रत्य. *suf.*] ☞ (**एन /jen/**)

निउर्ती /nıurtı/– [ना. *n.*/प.भे. *plv.*] ☞ (**खयल्ती /kəjəltı/**

निकान /nıkɑn/ – [ना. *n.*] ☞ (**खराः /kʰərɑʔ/**)

निखःरिन्य /nıkʰɨrınjə/ – [अ.क्र. *v.i.*] (चिज) खन्याउँदा, पखाल्दा, निकाल्दा वा माझ्दा कुनै अंश बाँकी नरहने गरी सिद्धिनु वा सकिनु; निख्रनु। to be emptied; to be cleansed; to come to the end.

निखनैन्य */plv.* **nıkʰənəˈnjə, rẹ̃ʔnjə**, *ulv.* **rınnjə/ –** [स.क्रि. *v.t.*] धितो वा बन्धक राख्दा पाएको रकम फिर्ता गरी सो चिजमाथिको स्वामित्त्व पुनः आफ्नै अधिकारमा पार्नु; निखन्नु। to redeem a loan, mortgage, etc.

निखलै /nıkʰələˈ, nırkʰələˈ/ – [क्रि.वि. *adv.*] थुप्रो वा धेरै हुने चालमा; अत्यन्तै; ज्यादै; अत्यन्त; अचाक्ली; अति। to a great degree; too much; more than enough; abundantly.

निखार /nıkʰɑr/ – [वि. *adj.*] ☞ (**तिखर /tıkʰər/**)

निङ्न्य /nıŋnjə/– [स.क्रि. *v.t.*/लु.भे. *llv.*] ☞ (**नान्य /nɑnnjə/**)

निच /nıtʃə/ – [वि. *adj.*] खान, पिउनमा लोभ गरिहाल्ने; खानेकुरामा लाजसरम नभएको। greedy; gluttonous.

निजापःती /nıdʒɑpɨtı/ – [वि. *adj.*] (व्यक्ति) स्तर, आदर, मान, प्रतिष्ठा, इज्जत, आचार व्यवहार आदिबाट तल गिरेको; पतित। (of people) degraded; unabashed; barefaced;

निझो /nıdʒʰo/ – [ना. *n.*] "यही" वा "यसै हो"

भनी तोक्ने वा किट्ने काम; निधो; निर्णायक तर्क वा विचार; निश्चय; किटान। an act of confirming sth; confirmation. ~**मिँ /mĩ/–** विश्वास गर्न लायकको व्यक्ति; भरपर्दो मान्छे; विश्वासपात्र। a trustworthy person.

नितु /nɪtu/ – [नायो. *post.*/प.भे. *plv.*] ☞ (**नःदयु /nĩdju/**)

निथ्या /nɪtʰjɑ/ – [ना. *n.*] महिलाले गहनाको रूपमा नाकमा लगाउने रिङ। a type of nose ring usually made of gold (worn by women).

निथ्या

निधिखुदी /nɪdʰɪkʰudɪ/ – [ना. *n.*] सोधपुछ गरी सत्यतथ्य बुझ्ने काम; सोधखोज। an act of interrogating sb to find out some fact; interrogation; enquiry.

निनाल्फु/nɪnɑlfu/ –[ना.*n.*]क्वैनखाएर खाली रहेको पेट; खालीपेट। empty stomach.

निप्जिन्य /nɪpdʒɪnjə/ – [अ.क्रि. *v.i.*] शुरु गरिएको, थालिएको काम वा कार्यक्रम सम्पन्न हुनु; कामकुरा आदिले पूर्णता पाउनु; काम फत्ते हुनु; समाप्त, अन्त हुनु; सिद्धिनु; निब्टनु; तयार हुनु। (of work) to be complete; to come to an end; to be accomplished.

निम[१] /nɪm/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**डिम /ŋɪm/**)

निम[२] – [वि. *adj.* से.भे. *slv.*] ☞ (**नपो /nəpo/**)

निमान्य /*plv.* **nɪmɑnjə**, *slv.* **mɑkonnjə/ –** [वि. *adj.*] गाली वा छिःछि दूरदूर गर्दा पनि कुनै पर्वाहै नगर्ने; भनेको, अह्राएको कुरा सुनेर पनि नसुने झैं गर्ने; अटेरी। obstinate; stubborn; pig-headed.

निमी /nɪmiː/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**नमम्यु /məmmju/**)

निर्खलै/nɪrkʰələˈ/– [क्रि.वि. *adv.*] ☞ (**निखलै /nɪkʰələˈ/**)

निर्खुल /nɪrkʰul/ – [ना. *n.*] **१.** स्पष्ट अर्थ आउने गरी सुनिएको वा सुनाइएको भनाइ वा कुरा; सविस्तार गरिएको बयान; स्पष्टोक्ति; वृत्तान्त। a clear statement or speech; a detailed description; a instruction. **२.** ☞ (**निभो /nɪdʒʰo/**)

निर्घात /nɪrgʰɑt/ – [ना. *n.*] अवसरको वा समयको समाप्ति; आखिरी। the final part of sth; end; last hour of a chance.

निछर्यात /nɪrtʃʰjɑt/– [वि. *adj.*/प.भे. *plv.*] ☞ (**दिक्क /dɪkkə/**)

निर्धल /nɪrdʰəl/ – [ना. *n.*] आघात, प्रहार, कडा श्रम, अभ्यास वा कुनै विकारले गर्दा सहनै नसक्ने गरी भएको शारीरिक दुखाइ वा पिराइ। physical pain due to an injury, excessive exercise, etc. ~**मि̰ँन्य /mḭ̃njə/–** [अ.क्रि. *v.i.*] अङ्गहरू चलाउनै नसकिने भई असाध्यै दुख्नु। (of your whole body) to pain; to ache.

निल्या /nɪljɑ, *mḍ.* **fɪfɪtɑ̃ᵘ/ –** [वि. *adj.*] आकाशे रङ; निलो। sky-blue; blue.

निस्पत /nɪspət/ – [ना. *n.*] जन्मँदै लिएर आएको शुभाशुभको फल; पुर्पुरो; तकदिर; भाग्य। fate; destiny.

नि̰न्य /nḭ̃njə, *mḍ.* **ŋɪɦɪke/ –** [स.क्रि. *v.t.*] (वरदान, आशिष वा कुनै वस्तु) पाउने इच्छाले कसैलाई क्वै भन्नु; याचना गर्नु; माग्नु। to beg (sb) (for sth); to beg (for sth) (from sb)

नि̰मिल्तिल /nḭ̃mɪltɪl/ – [ना. *n.*] रिस उठ्दा वा कुनै कुरामा चित्त नबुझ्दा नबोलेर पोखिएको असन्तुष्टि; असन्तुष्टिको कारण साधेको मौनता; बाउँठिएको अवस्था; रिसले गम्म परेर बसेको

स्थिति। silence (when you are fuming over sth); resentment; grudge.

नि़म्छयाँ /*plv.* **nɨ̣mtʃʰjã̃**, *hmlv.* **tɪtʃʰɪla/** – [क्रि.वि. *adv.*] भोलिको पनि भोलि; झन् भोलि; आजदेखि तेश्रो दिन; पर्सि। the day after tomorrow.

नि़म्नी /**nɨ̣mnɪ/** – [ना. *n.*/प.भे. *plv.*] ☞ (**नम्निङ** /**nəmnɪŋ**/)

नुइँ$_1$ /*plv.* **nũ'**, *syn.* **nun**, *nblv.* **non/** – [ना. *n.*] स्तनबाट निस्कने सेतो पौष्टिक झोल; दूध। nutritious white fluid produced by female mammals; milk.

नुइँ$_2$ – दूध रहने फाँचो वा गोला; कल्चौंडो। milk breasts; the organ of a cow, sheep or other animal that produces milk and hangs like a bag between legs; an udder. > **नुइँसै** /**nũ'sə'**/– बच्चाले चुस्दा मुखभित्र पर्ने दूधको मुप्पो; मुन्टो। the dark part of the skin which sticks out from the breast of a mammal and through which milk is supplied to the young; a nipple.



नुइँ

नुप्न्य /**nupnjə/** – [अ.क्रि. *v.i.*] (सूर्य) डाँडापारि वा क्षितिजमा पुगेर डुब्नु; सूर्यास्त हुनु; अस्ताउनु। (of the sun) to set; to go down.

नुबुर /**nubur/** – [ना. *n.*/उमै.भे. *hmlv.*] पृथ्वीको हरेक ठाउँमा छरिएको, प्राणी र वनस्पतिजगतलाई बाँच्नको लागि अत्यावश्यक हुने प्रवाहमान तत्त्व; वायु; हावा। the atmosphere we breathe; air.

नुँन्य /**nụ̃̃njə/** – [अ.क्रि. *v.i.*] धेरै दिनसम्म टिक्ने हुनु; टिकाउपन बढ्नु; टिक्नु; खप्नु। to last; to be durable. > **नुँव** /**nụ̃̃wə/**– [वि. *adj.*] खप्ने खालको; टिकाउ; बलियो। long-lasting; durable; sustainable.

नुल /*plv.* **nu̱l**, *nblv.* **usnul/** – [ना. *n.*] **१.** एक्कासि घट्न गएको ठूलो प्रकारको क्षति, हानि, नोक्सानी। sudden and unexpected loss or damage. **२.** अशुभ वा खराब शकुन; नराम्रो लक्षण; अलच्छिन; अपशकुन। a bad omen. > **नुल्पा नुल्मा** /**nu̱l pa nu̱lma/**– चराचर जगतको विलय; ठूलो विनाश वा विपत्ति; महाप्रलय; सर्वसंहार; महाविनाश। disaster; calamity; apocalypse. > **नुल्या** /**nu̱lja/**– [वि. *adj.*] अपशकुनकारी; अलच्छिनको। ominous; foreboding.

नेखोलो /**nekʰolo**, *syn.* **sukʊ/** – [वि *adj.*] भात, ढिँडो आदि मुख्य भोजनमा अचार, तरकारी, दाल आदि जस्ता सहायक खाद्यवस्तु नभएको; (भात, ढिँडोमा) दाल, तरकारी बाहेकको; बुगुल्टो; निस्तो। (of rice, *dhindo*) without curry, pickle, etc.

नेग्यार /**negjar/**) – [ना. *n.*/से.भे. *slv.*] विहावारी, पूजा, जन्म, मृत्यु आदिमा भाँडावर्तन बनाइदिनेलाई मारको खुट्टा वा कपडा सिलाइदिनेलाई पुच्छरतिरको भाग दिने चलन। the practice of giving legs of a butchered animal to a blacksmith or its tail to a tailor.

नेप /**nep/** – [ना. *n.*] कुनै चिजमाथि बिस्तारै कुल्चिने काम; बिस्तारैसँग टेकिने टेकाइ। an act of stepping on sth lightly.

नेफलाँव /**nefəlã̃wə/** – [वि. *adj.*] (कपडा, कागत, वस्तु आदि) दुई चिरा हुने गरी च्यातिएको, टुक्र्याइएको; दुई चिरा परेको। (of cloth, paper, etc.) torn half; ripped in half.

नेरा /nerɑ/ – [ना. *n.* / से.भे. *slv.*] ☞ (**नःजिक /nɨdʒɪkə/**)

नेर्तेरो /nertero/ – [वि. *adj.*] (जिउ) चलाउनै नसकिने गरी गलेको; साह्रै थाकेको; थकित; लस्त परेको; शिथिल। very tired; weary; exhausted.

नेल /nel/– [ना. *n.*] ☞ (**खु /kʰu/**)

नेल्नेलो /nelnelo/ – [वि. *adj.*] (मासु आदि) कडापन नभएको; गिलो; नरम; कमलो। not hard; soft; squashy; supple.

ने̤[१] */plv.* **ne̤** > *hmlv.* **rne/** – [ना. *n.*] तान बुन्दा दायाँबायाँ सहायक धागो छिराउन सजिलो हुने गरी ठाडो मूल धागोलाई एकपछि अर्को बिराएर तलमाथि पार्ने साधन वा डोरी। a thread used in weaving; the warp.



ने̤[२] – [ना. *n.* / प.भे. *plv.*] दुई विपरीत लिङ्गको सम्पर्कद्वारा भोगिने बराबरीको सुख; सम्भोग; मैथुन। sexual intercourse; copulation.

ने̤ःसिन्य */plv.* **ne̤ʔsɪnjə, dʒəˈnjə, sepnjə,** *nblv.* **kʰəpsɪnjə,** *glv.* **tʰɑsɪnjə,** *mḍ.* **gʰjɑkke/** – [स.क्रि. *v.t.*] सम्भोग गर्नु; यौनसम्पर्क गर्नु। to copulate; to have intercourse; to have sex.

ने̤थो /ne̤tʰo/ – [नायो. *post.*] दुई स्थान वा प्रकार; दुई थोक। two things or objects.

ने̤ब्लो /ne̤blo, ne̤bərẽ/ – [वि. *adj.*] गणनाको क्रममा एउटा पछि आउने अर्को; दुईवटालाई जनाउने शब्द; दुई वटा। two.

ने̤र्फुस /ne̤rfus/ – [ना. *n.*] कसेर भरिएको थैलो, कसिने गरी ओढिएको कपडा आदि दुई फ्याक भई चिरिने चाल। when a sack full of sth, or tight clothes rip in half.

नैं /nɑ̃ˈ/ – [ना. *n.*] ☞ (**नाइ /nɑˈ/**)

नैंन्य /nɑ̃ˈnjə/ – [स.क्रि. *v.t.* / प.भे. *plv.*] ☞ (**नान्य /nɑnnjə/**)

नैंमे /nɑ̃ˈme/ – [ना. *n.*] साथी, सँगीसँगाती; मित्रवर्ग; साथीभाइ। friends; colleagues; associates.

नै[१] **/nəˈ/** – [ना. *n.*] ☞ (**नात /nɑt/**)

नै[२] – [क्रि.वि. *adv.* / से.भे. *slv.*] ☞ (**कता /kətɑ/**)

नै[३] – [क्रि.वि. *adv.*] त्यसो; त्यसरी; त्यस प्रकारले। thus; in that way.

नैजैःद /nəˈdʒəˈːdə/ – [क्रि.वि. *adv.*] त्यस किसिम वा तरिकाले; त्यसो गरेर; त्यसरी। in this way; like this; thus; in that way; like that; so.

नैन्य /nəˈnjə, *mḍ.* **ḍɑke/** – [स.क्रि. *v.t.*] **१.** जतनले कुनै चिज कतै स्थापना गर्नु; बसाउनु; राख्नु। to keep sth somewhere safely. **२.** अरूलाई आफूसँग रहन वा बस्न दिनु। to allow someone to stay with you. **३.** (धन, चिज आदि) जोगाउनु; साँच्नु; खर्च नगर्नु; बचाउनु; फारो गर्नु। to economise; to reduce expenditure; to scrimp and save. **४.** कसैलाई मित्रको रूपमा स्वीकार्नु; आफ्नो बनाउनु; सामेल गर्नु; आफ्नामा सहभागी गराउनु। to accept someone as your friend; to involve someone in your group. **५.** आफ्नो स्वामित्त्व वा अधिकारभित्र पार्नु; आफ्नो तुल्याउनु। to take something for your own use; to own.

नों /nõ/ – [सर्व. *pron.*] तृतीय पुरुषको एकवचन बुझाउने सर्वनाम; "त्यो" टाढाको वस्तुलाई ताकेर, औंल्याएर देखाउँदा नाउँको सट्टामा प्रयोग हुने सर्वनामवाची शब्द; ऊ; त्यो; त्यही। that particular one.

नोगोबाङ्गे */llv.* **nogobaŋge**, *tslv.* **bʰɨlkɨ́/ –** [ना. *n.*)] **१.** विगतमा मगरहरूका हरेक वर्ष जेठदेखि भदौ महिनासम्मका प्रत्येक सङ्क्रान्तिहरूमा गरिने जनगणना र सो बारेमा गरिने पूजापाठ तथा उत्सव कालान्तरमा विकसित हुँदै स्थापित भएको विशेष सांस्कृतिक चाड; (यस अवस्थामा गाउँको लागि वर्षभरीको स्थानीय नीति, नियम पनि तय गर्ने गरिन्छ। सो प्रथाजन्य कानुन अद्यावधि विद्यमान छ।) a special cultural festival of the *Magars* that falls on the first days of the months *Jestha, Ashādh, Shrāwan* and *Bhādra* when the record of the population of every village is updated; census record is maintained and new policies, rules for the village are also passed. **२.** जेठदेखि भदौ महिनासम्मका सङ्क्रान्तिहरू र खासगरी आषाढ सङ्क्रान्तिमा बुकीको फूल टिपेर ल्याई प्राकृतिक विपत्तिबाट जोगिन र सहकाल आओस् भनेर भूमिको पूजा गरी तीन चार दिनसम्म नाचगान गर्दै धुमधामका साथ मनाइने मगरहरूको विशेष चाड; प्राकृतिक पूजा; भूमिपूजा; भूमे पर्व। the *pujā* called *bhumi pujā* (Mother Earth worship) performed to avert any natural disaster or to bring prosperity. It is performed on the first days of the months of *Jestha, Ashādh, Shrāwan* and *Bhādra*; a highland wild flower called *buki* is offered amidst the song/dance gathering of festivity.

नोलो /nolo/ – [वि. *adj.*] सहन सकिने खालको मन्द वा हल्का तातो; मनतातो। lukewarm; hand-hot.

न̤ों /nõ̤/ – [ना. *n.*] अलच्छिन वा अशुभ हुने गरी गरिने अनिष्ट कार्य वा क्रियाकलाप। an ominous or foreboding act. ~**दान्य /danjə/–** अलच्छिन वा अशुभ हुने खालको कुनै काम गर्नु। to act ominously.

न̤ो? /nõ̤?/ – [ना. *n.*] लामालामा पात हुने र पोटीका रूपमा कन्द भई मसला तथा औषधीय गुणसमेत हुने वनस्पति; लसुन। a plant of the onion family that has a strong taste and smell and is used in cooking to add flavour; garlic. > **बःलिन̤ो? /bɨlɪnõ̤?/–** वनजङ्गलमा पाइने लसुन; जङ्गली लसुन। wild garlic. > **हाँन̤ो? /ɦãnõ̤?/–** भिर पखेरामा हुने कडा स्वादको लसुन। a type of garlic that grows on the slope or precipice.

–न्य /njə/ – [प्रत्य. *suf.*] **१.** धातुको पछिल्तिर जोडिएर कुनै कार्य, घटना आदि हुनु, गरिनु आदि अर्थ बताउने प्रत्यय। suffix added to a root to form a verb. **२.** धातुमा जोडिएर क्रियापद बनाउने प्रत्यय। (*e.g.* बा+न्य = बान्य "जानु") suffix added to a root to form a verb.

–न्याँ /njã/ – [प्रत्य. *suf.*] धातुमा जोडिएर क्रियालाई द्विवचनवाचक सम्भावनार्थक क्रियापद बनाउने प्रत्यय। (*e.g.* ज़्यु+न्याँ = ज़्युन्याँ "उनी दुईले खान्छन् होला या खालान्", बा+न्याँ = बान्याँ "उनी दुई जान्छन् होला, जालान्" आदि।) suffix added to a verbal root, used to express probability.

नाती /natɪ/– [ना. *n.* / उमै.भे. *hmlv.*] ☞ (**कता /kəta/**)

न̤ाउ कि न̤ाउ /njn̤u kɪ njn̤u/ – [ना. *n.*] जिद्दी गरेर लगातार मागिरहने चाल; मागेको माग्यै गर्ने काम। an act of asking for sth insistently.

न̤ान /njn̤n/ – [ना. *n.*] लामो र झुप्पो रौंवाला पुच्छर हुने एक किसिमको छरितो जङ्गली जीव; लोखर्के। a squirrel.

न्य़ाम /njạm/ – [ना. *n.* / से.भे. *slv.*] बच्चालाई खुवाउनको लागि चपाइएको मुखभित्रको खानेकुरा। chewed food in the mouth that is fed to a child.

न्य़ाम्न्य /njạmnjə, *mḍ.* ʈɑjɑke/ – [स.क्रि. *v.t.* / प.भे. *plv.*] खानेकुरालाई दाँतले धुल्याई निल्न हुने बनाउनु; चपाउनु। to chew food.

न्युँ/njũ/ – [ना. *n.*] चोके पार्ने काम; निहुँ; खोचे। an act of making issue of sth.

प

प̤ँपँ /pĩpĩ/ – [ना. *n.*] असाध्यै नराम्रो हरक; दुर्गन्ध। revolting smell; reek; stink. **~थुनिउ /tʰunɪʷ/–** [वि. *adj.*] सहनै नसकिने दुर्गन्ध फैलिएको। stinking; foul-smelling; reeking; rank.

पगरी /pɨgɨgrɪ/ – [ना. *n.*] शिरमा भेरेर लगाइने लामो सेतो कपडा; पगडी। a long piece of white cloth wrapped around one's head; a turban.

पगरी

पगिल */plv.* **pɨgɪl**, **mẹsĩ**, *glv.* **musɪŋ/ –** [ना. *n.*] तिघ्राभन्दा मास्तिर र कम्मरभन्दा मुन्तिर पर्ने शरीरको पछाडिपट्टिको मांसपिण्डयुक्त भाग; नितम्ब; चाक। buttocks. **~गिसो /gɪso/–** [वि. *adj.*] भन्नासाथ काम नगर्ने; काम गर्न साह्रै अल्छी मान्ने; अल्छे। not wanting to work; lazy. **~बोमो /bomo/–** अह्राउनासाथ तुरुन्तै काममा लागिपर्ने; काम गर्न असाध्यै जाँगरिलो; स्फूर्तिले भरिएको; फुर्तिलो। energetic; vigorous; active; full of life.

पचिका */plv.* **pɨtʃɪka**, *hmlv.* **rɨfutkja/ –** [ना. *n.*] तरल पदार्थ हुत्त्याएर छर्ने/फ्याँक्ने साधन; पचका। a bamboo syringe.

पचीःन्य /pɨtʃĩːnjə/ – [स.क्रि. *v.t.*] क्यै चिजलाई मुठीभित्र वा कुनै चिजको च्यापमा पारेर बेसरी थिच्नु; च्याप्नु; निचोर्नु। to press sth firmly, especially with your fingers or some objects; to squeeze.

पछयुँ /pɨtʃʰjũ/ – [ना. *n.*] सूर्य अस्ताउने पूर्वको विपरीत दिशा; पश्चिम। the west.

पति /pɨtɪ/ – [ना. *n.*] **१.** समाज वा सम्बन्धित क्षेत्रबाट प्राप्त हुने आदर; मान; प्रतिष्ठा; गौरव; इज्जत। prestige; reputation; status. **२.** ☞ (**पर्याल /pərjɑl/**)

पतिन्य /pɨtɪnjə/ – [अ.क्रि. *v.i.*] अरूको कामकुरा वा भनाइलाई साँच्चै हो भनेर विश्वास गर्नु वा मान्नु; भर पत्यार गर्नु; पत्यार लाग्नु। to feel certain that sth is true or that sb is telling you the truth; to believe.

पतरी /pɨtɨriː/ – [ना. *n.*] सिन्काले जोडेर बनाइएको पातको अस्थायी भाँडो; दुना टपरी। a plate made of leaves; a leaf plate.

पती */plv.* **pɨtíː**, *hmlv.* **rpətiː**, *glv.* **pəkɪ**, *slv.* **pətju/ –** [ना. *n.*] बर्खामासमा पाइने हाड नहुने, मुख र पिँधले टेकेर हिँड्ने रक्तपायी जीव; जुको। a worm that sucks blood; a leech.

पती

पतीःपातरा /pɨtíːpɑtəra/ – [ना. *n.*] पक्कापक्की निर्णयका साथ टुङ्ग्याउनको लागि गरिने कुनै कुराको बेलिविस्तार; विस्तारपूर्वक गरिएको व्याख्या; वृत्तान्त। explanation; detailed description or instruction.

बरेःन्य /bəréːnjə/ – [स.क्रि. *v.t.*] **१.** कुनै विषयवस्तुलाई गम्भिरतापूर्वक नलिएर कसैलाई जिस्काउने कुरा वा व्यवहार गर्नु; अर्काको बोली, व्यवहार आदिलाई विभिन्न हाउभाउद्वारा उडाउनु, उपहास गर्नु; खेलवाड, ख्यालठट्टा, हँसीमजा गर्नु; जिस्क्याउनु। not to consider things, other's matter seriously; to make fun of sth sb/sth; to laugh at sb. **२.** कसैलाई उत्तेजित पार्नु; रिस वा हाँसो उठ्ने व्यवहार गर्नु; त्यस्तो प्रकारको बोली बोल्नु; जिस्क्याउनु। to provoke sb; to tease sb.

बरैन्य /bərəˈnjə/ – [स.क्रि. *v.t.*] **१.** बल, बुद्धि, धन आदिमा अरूलाई आफूभन्दा तल ठान्नु; अरूलाई थिचोमिचो हुने गरी हेला वा तुच्छ व्यवहार गर्नु; हेप्नु। to dominate; to insult sb. **२.** [अ.क्रि. *v.i.*] घिन वा सिकसिको मान्नु; दिगमिगाउनु; घिनाउनु। to be disgusted at/by sth. **३.** घिन मान्नु वा घृणा गर्नु; छिःछि दूरदूर गर्नु। to dislike sb/sth very much; to loathe. **४.** संसर्गमा रहन नचाहनु; सँगै बस्न मन नपराउनु। to avoid the company of; to be reluctant to stay with sb.

बर्जेम /bərdʒem/ – [ना. *n.*] डोरी बाट्न, कुचो बनाउन, घर छाउन आदि काममा प्रयोगमा आउने भिर, पखेरो आदिमा उम्रने मसिनो घाँस; बाबियो। a type of long grass used for thatching or making brooms, swing-ropes, etc.

बर्जैःन्य /bərdʒəˈːnjə/ – [स.क्रि. *v.t.*] चलखेल भइरहने घचिलो ठाउँलाई ओगटेर साँगुरो पार्नु; स्थानाभाव गराउनु; ओगट्नु। to occupy a busy or public place.

बर्तन /bərtən/ – [ना. *n.*] दुःखजेलो गरी व्यवहार धान्ने काम; गुजारा; जीविकोपार्जन; जीवनयापन। subsistence; livelihood.

बर्तैःन्य /bərtəˈːnjə/ – [अ.क्रि. *v.i.*] समय खेर फाल्नको लागि नियतवश कुनै अनावश्यक काममा भुल्नु। to engage in something unnecessary in order to kill your time.

बर्दान /bərdɑn/ – [ना. *n.*] देवीदेवता, भगवान्, गुरुजन आदि मान्यजनले दिने आशीर्वाद; देवदेवीले पूरा गरिदिने भनिएको इच्छा; वर। blessing.

बर्म्यानी /bərmjɑniː/ – [वि. *adj.*] ☞ (**बरेʔ /bəreʔ/**)

बर्ला /*plv.* **bərlɑ** *glv.* **bəlɑ/ –** [वि. *adj.*] ☞ (**धै /dʰəˈ/**)

बलेंज़ा /bəlẽzɑ/ – [ना. *n.*] हाते तानमा दायाँबायाँबाट हालिएको धागोलाई कस्ने चेप्टो साधन; हतासो। a handle used in a loom; a shuttle.

बलेंन्य /bəlẽnjə, *md.* **rɪt̪ke/ –** [स.क्रि. *v.t.*] **१.** परिश्रम, पढाइ, उद्यम आदिमा अरूलाई उछिन्नु। to outdo sb in study, work, etc. **२.** चलिरहेको सिलसिला तोड्नु; क्रमभङ्ग गर्नु। to discontinue sth. **३.** अरूलाई उछिनेर, नाघेर आफू अघि जानु; यात्रा वा कुनै कार्यमा अरूलाई उछिन्नु; नाघ्नु; टप्नु। to go or run past sb; to overtake sb.

बलेʔ /bəleʔ/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**तुङ्कुल /tuŋkul/**)

बलेस्न्य /bəlesnjə, *syn.* **bəlɑːnjə/ –** [अ.क्रि. *v.i.*] **१.** वस्तुको मौलिक रुप, गुण, ढाँचा आदिमा बिकार आउनु; काम नलाग्ने भई नासिनु; बिग्रनु; क्षति हुनु। to erode; to wear away; to be

damaged completely. **२.** सडेर, बिग्रेर रोग, किरा आदि लाग्नु; सड्नु; कुहिनु। to rot; to decay.

बलै /bələ'/ – [ना. *n.* / से.भे. *slv.*] आइमाइ साथी; संगिनी। a female friend.

बलौत /bələ"tə/ – [ना. *n.*] खोला, नदी आदिमा रहने ढुङ्गाको मसिना कण; बालुवा। sand.

बल्ल /bəllə/ – [क्रि.वि. *adv.*] मुश्किलसँग; धौधौले; बल्लतल्ल। with much difficulty; somehow; eventually.

बस्त /bəstə/ – [ना. *n.*] **१.** इन्द्रियले अनुभव गर्नसक्ने आयतन र ओजनसमेत हुने चिज; भौतिक वस्तु; पदार्थ। the physical substance in the universe; matter. **२.** रुप, आकृति र गुण भएको ठोस, तरल वा वाष्पीय चिज। the amount of matter in any solid object or in any volume of liquid or gas; mass.

बह /bəɦə/ – [वि. *adj.* / प.भे. *plv.*] ☞ (**फू /fʊ/**)

बाँ /bã(ŋ), *ant.* **ɦã(ŋ)/–** [ना. *n.*] **१.** कुनै चिजको जमिनमा आड लिने सबभन्दा तल्लो भाग; चाक; पिँध। a bottom. **२.** सम्म परेको खुला भूभाग; समतल मैदान; चौर। a flat land, an even ground.

बाँकोए /bã(ŋ)koe/ – [ना. *n.*] प्रत्येक सास फेराइमा राति चाकमा झिलिकझिलिक गर्ने किरो; जूनकिरी। a glow-worm; a firefly.

बाँगल /bãgəl/ – [ना. *n.*] मुखको दायाँबायाँको बङ्गारो उम्रने हड्डी। a molar.

बाँथा /bãtʰa/ – [ना. *n.*] हातले घुमाएर डोरी, दाम्लो आदि बाट्ने क्रस आकारको साधन। a cross-shaped stick used for making ropes; a distaff.

बाँथा

बाँदबिर्‍या /bãdəbɪrja/ – [ना. *n.*] ☞ (**तेंक्या /tẽ(ŋ)kja/**)

बाँदा /bãda/ – [ना. *n.*] ऋणमा कटाएर वा निश्चित तलब तोकेर कामकाजमा लगाउनको लागि घरमा राखिएको मान्छे; घरायसी कामको लागि राखिएको कामदार; (अतीतमा) किनेर ल्याएको कमारो; दास; नोकर। a servant; helper; (in the past) a servant; a slave.

बाँसुली /bãsulí:/ – [ना. *n.*] सङ्गीतको धुन निकाल्न निगाला वा फलामको ढुङ्ग्रोमा लहरै छदेखि सातवटासम्म प्वालहरू छेडी एकातिरको टुप्पामा ठेडी घुसारेर बनाइएको फुकेर बजाइने वाद्य; ढुङ्ग्रालाई प्वाल पारी बनाइएको एक प्रकारको बाजा; बाँसुरी; मुरली। a flute.

बा /ba/ – [स.क्रि. *v.t.*] अरूलाई आफू सँगसँगै जानको लागि भन्नु; सँगै जाने सल्लाह दिनु; जाऔं। word, meaning 'let's go'.

बाइस्या /baɪsja/ – [ना. *n.*] हुँदो, नहुँदो, भए, नभएको कुरा जोडेर गफ छाँट्ने, बढ्ता गफ गर्ने मान्छे; गफास्टक; गफाडी। a person who is talkative; a braggart.

बाउन्या /baunja, *syn.* **baŋgja/ –** [वि. *adj.*] **१.** (चिज) सोझो वा सीधा नभएको; बाङ्गो। (of objects) not in a straight line; bent or twisted; crooked. **२.** (प्रवृत्ति) अमिल्दो; अडबाङ्गो; अप्ठेरो। (of people) dishonest; crooked.

बाकनाः /bakəná/ – [ना. *n.*] कुखुराको आँखा पाक्ने रोग। an infectious disease of chicken that causes painful areas in the eyes.

बाकर /bakər/ – [ना. *n.*] कुखुरा, पक्षी आदिको पुच्छर र पखेटामा हुने मोटो प्वाँख। the tail or wing feather.

बाकरा /bakəra/ – [वि. *adj.*] ☞ (**रा̤ʔ /ra̤ʔ/**)

बाखा /*plv.* **bakʰa**, *slv.* **bakʰja**/ – [वि. *adj.*] बोल्दाखेरि बीचबीचमा बोली अड्कने, दोहोरिने भई शब्द उच्चारण गर्न गाह्रो हुने रोग लागेको; भकभके। speaking with a stammer; stuttering.

बाखोर /**bakʰor**/ – [ना. *n.*] घरको बाहिरपट्टि कुखुरालाई वास बस्नको लागि बनाइदिइएको सानो घर; कुखुराको खोर। a cage for chickens; a coop.

बाग /*plv.* **bagə**, *glv.* **pagə**/ – [ना. *n.*] घाँटीमुनि छातिको अगाडिपट्टिको माथिल्लो हड्डी। collar bone.

बागाप /**bagap**/ – [ना. *n.*] बूढी औंलादेखि चोर औंलाको टुप्पासम्म तन्किँदाको लम्बाइ वा नापो; बित्ताभन्दा केही कमको लम्बाइ; एक कुरेत। a measurement of length; the distance between the point of the thumb and the fore finger.

बागी /**bagɪ**/– [ना.*n.* / उमै.भे.*hmlv.*] ☞ (**दागु**)

बागुल /**bagul**/ – [ना. *n.*] कुखुरोले फुल पार्न र ओथारो बस्न बनाइएको भित्ताको घर; खोपो। a niche made for a hen to lay and incubate its eggs.

बागे /**bage**/ – [ना. *n.* / प.भे. *plv.*] ☞ (**दागु** /**dagu**/)

बाङल्या /**baŋəlja**/ – [वि. *adj.*] तुलनात्मक रूपमा एकापट्टिको बङ्गारो ठूलो वा सानो भएको; असन्तुलित बङ्गारा भएको। having uneven or irregular jaws.

बाङ्ग्या /**baŋgja**/ – [वि. *adj.*] ☞ (**बाउन्या** /**baᵘnja**/)

बाचा /**batʃa**/ – [ना. *n.*] कुनै कामकुरा पूरा गर्छु नै भनेर गरिने प्रतिज्ञा; निर्धारित कुरो; कबोल; शर्त। a promise; an oath; a commitment.

बाचिलाप /**batʃɪlap**/ – [ना.*n.*] बलीनाली खान आउने चराचुरुङ्गीलाई तर्साउन वा ग्रहदशा फाल्दा खानेकुरा राख्ने प्रयोजनको लागि निगालाको गिद्रोलाई साधारण बुनाइमा त्रिकोणाकार बनाई बुनिएको चेप्टो साधन। a triangular flat basket made of bamboo splits.

बाछ /**batʃʰə**/ – [ना. *n.*] सक्कली नामको सट्टामा गिज्याएर सम्बोधन गरिने अपकीर्ति जनाउने अर्को नाम; नराम्रो, कलङ्कित नाम; दुर्नाम। a nickname; ill repute; a bad name.

बाछिलो /**batʃʰɪlo**/ – [वि. *adj.*] (कुरा वा व्यवहार) गल्ती नहुँदानहुँदै गाल पर्ने खालको; (व्यक्ति) अपजस लागेको। subjected to calumny; blamed for sth that one has not committed; alleged.

बाज़ा /**baza**, *md.* **gwa**/ – [ना. *n.*] **१.** घरपालुवा पक्षी; कुखुरो। an adult female chicken which is often kept for its eggs; a hen. **२.** पक्षी वर्गको दोपाया उडुवा प्राणी; चरो। a creature with feathers and wings, usually able to fly; a bird. **~सारैःन्य** /**sarəˈːnjə**/– [स.क्रि. *v.t.*] आफन्त सुत्केरीकोमा कुखुरा आदि सामान आदि कोसेली लिएर जानु/पुऱ्याउनु। to send a present of a hen, and other goods to a woman who has given birth to a baby recently. **~स्या/स्याकःरी** /**sja**/**sjakɨriː**/– कुखुराको मासु। meat from a chicken; chicken.

बाज़ुँ /**bazũ(ŋ)**/ – [ना.*n.*] सानो खालको पिलो। a painful infected swelling under the skin which is full of a thick yellow liquid; a boil.

बाज़ुरी /**bazuriː**, *md.* **(gwa)rṵ**/ – [ना. *n.*] चराचुरुङ्गी, सर्प, माछा आदिका बच्चा रहने (निक्लने) फुल; अण्डा। an egg.

बाज्यु /**badʒju**/ – [ना.*n.*] **१.** आमाबुबाका बुबा;

हजुरबुबा; बाजे। the father of a persons' mother or father; grandfather. **२.** पत्नीको मामा; माइतीको पनि माइतीपट्टिका सबै पुरुषहरूलाई भनिने साइनो। word used by a married woman's husband to address her maternal uncle or any male from her maternal side.

बात /bɑtə/ – [ना. *n.*] **१.** कुनै काम सिद्ध गराउने उपयोगी विधि, उपाय; युक्ति; माध्यम। a method; a way; a technique; a means. **२.** गाईभैंसी, भेडाबाख्रा आदि जनावरले भाले खोजेको समय। the time when an animal is on heat.

बातङ */plv.* **bɑtəŋə**, *syn.* **bɑtəŋkə**, *llv.* **bɑtʰəŋ**, *glv.* **bɑtʰə'/** – [ना. *n.*] कुनै पनि साथीसँगी नभएको; एकजना मात्र; एक्लै; एक्लो। alone; unaccompanied; isolated.

बातङ्क /bɑtəŋkə/ – [वि. *adj.*/प.भे. *plv.*] ☞ (**बातङ /bɑtəŋə/**)

बातरा /bɑtərā/ – [ना. *n.*] **१.** श्रोताहरूका माझ गरिने मौखिक व्याख्यान; कुनै विषयमा दिइने प्रवचन; भाषण। a formal talk delivered usually to a large number of people on a special occasion; speech; lecture. **२.** कुनै विषय वा समस्याको बारे आधिकारिक व्यक्तिद्वारा सार्वजनिक रूपमा दिइने स्पष्टीकरण; वक्तव्य। a formal or official account of facts or opinions; statement; clarification. **३.** अरूले सुन्ने गरी अनावश्यक रूपमा बोल्ने वा फलाक्ने काम; प्रसङ्गविना गरिने कुरा। an act of talking nonsense. > **बातर्‍या[1] /bɑtərjɑ/**– [वि. *adj.*] लगातार कुरा गरिरहने; कुरौटे। talkative; garrulous. > **बातर्‍या[2]**– चाहिँदो-नचाहिँदो प्रसङ्गविहीन कुरा गरिरहने; गफाष्टक; गफाडी; गफी। a prattler; a gasbag; a gossip. **३.** [ना. *n.*] सरकारी वा सङ्घसँस्थाको गतिविधि, समस्या, धारणालाई सार्वजनिकरूपमा जानकारी दिने आधिकारिक व्यक्ति; प्रवक्ता। a spokesperson.

बातला /bɑtəlɑ/ – [ना. *n.*] ☞ (**पातला /pɑtəlɑ/**)

बातो /bɑto/ – [ना. *n.*] **१.** सद्गत गर्न जाँदा शवयात्राको अघिअघि टाँगेर लगिने सेतो कपडा। a long piece of white cloth hoisted like a banner in a funeral procession. **२.** निशानीको लागि वा (विश्वास) मर्केको, पिर्लिएको शरीरको अङ्गलाई निको पार्न भुवादार वस्तुमा आगो सल्काएर शरीरको अङ्गमा पोली बनाइने टाटो। burning the body parts with a belief to heal, or a mark (tattoo) made in this way.

बाथङ /bɑtʰəŋ/ – [वि. *adj.*/लु.भे. *llv.*] ☞ (**बातङ /bɑtəŋə/**)

बाथै /bɑtʰə'/ – [वि. *adj.*/ग.भे. *glv.*] ☞ (**बातङ /bɑtəŋə/**)

बाद /bɑdə/ – [ना. *n.*] **१.** सुँगुर, बँदेल आदिको बोसोयुक्त बाक्लो छाला। thick skin of a pig, the boar with fat. **२.** ह्याकुलाको बोसोमिश्रित मांस; ह्याकुलाको मासु। the meat from the animal's chest; breast.

बादुली /bɑdulɪ/ – [ना. *n.*] श्वास रोकिए झैं भई हिक्कहिक्क हुने क्रिया; हिक्का। a loud noise made in the throat caused by sudden uncontrollable tightening of a muscle just below the chest, usually happening repeatedly over a short period; hiccups.

बाधोलो /bɑdʰolo(so), *ant.* **kɑtʰɪʷ/**– [वि. *adj.*] **१.** एकदम हल्केर हस्म न भस्मसँग बढेको; हर्लङ्क हुर्केको; मोटाएको; मौलाएको।

(of people) well-grown; tall and fat. **२.** कम समयमै हुर्कने-बढ्ने खालको। likely to grow fast in a short period.

बानान्य[1] **/bananjə**, *syn.* **bə'ːsɪnanjə/** – [स.क्रि. *v.t.*] सहयात्री बिसाएको बेला पनि आफू जाँदै गर्नु; यात्रालाई निरन्तरता दिनु; यात्रा जारी राख्नु; गइरहनु। to continue walking; to continue your journey without waiting for the person accompanying you; to continue your journey when your companions are resting.

बानान्य[2] – [स.क्रि. *v.t.*] बच्चाले भर्खरै हातगोडा टेक्न शुरु गर्नु; बामे सर्नु। (of young children) to toddle.

बान्के /banke, *ant.* **ɦunke/** – [प्रे.क्रि. *c.v.*] अरूलाई कतै जाउ भनी अह्राउनु। to tell sb to go somewhere.

बान्य */plv.* **banjə**, *ulv.* **nanjə**, *hmlv.* **ɦĩnjə**, *md.* **ɦwake**, *ant.* **ɦunjə/** – [स.क्रि. *v.t.*] **१.** पुरानो थलोबाट नयाँ थलोतिर पुग्न कदम बढाउनु; पाइलो सार्नु; हिँड्नु; जानु। to move or travel somewhere; to head somewhere; to go somewhere. **२.** हावा वा सास जस्ता चिज फुस्कनु; खुस्कनु। (of gas) to leak. **३.** प्राण जानु; मर्नु; स्वर्गे हुनु। to pass away; to die. > **बाक /bakə/**– जाँदा। while going. > **बाद /badə/**– गएर। having gone or after going.

बाःन्य /baːnjə/ – [अ.क्रि. *v.i.*] **१.** धेरै सन्तान जन्मनु; जनसङ्ख्या वृद्धि हुनु। to give birth to many children. **२.** पाल्तु जनावरहरूको सङ्ख्या बढ्नु, फैलनु। (of domestic animals) to increase in number. > **बाःक /baːkə/**– [क्रि.वि. *adv.*] बढ्दा, वृद्धि हुँदा। after increasing. > **बाःद /baːdə/**– वृद्धि भएर; बढेर। having increased. > **बाःव /baːwə/**– [वि. *adj.*] बढेको। increased.

बापुल /bapul/ – [ना. *n.*] ☞ (**चिर्पाइँ /tʃɪrpãˈ/**)

बापुल्या /bapulja/ – [वि. *adj.*] ☞ (**चिर्पाङ्ग्या /tʃɪrpaŋgja/**)

बाप्न्य /bapnjə/ – [स.क्रि. *v.t.*] **१.** जेसुकै गरोस् र भत्के बिग्रेको जिम्मा लिओस् भनेर कुनै चिज वा काम आदि आवेशमा अरूलाई सुम्पनु। to entrust (a task/goods) to sb carelessly. **२.** क्षतिपूर्ति भराउने मनसायले कुनै चिज जिम्मा लगाउनु। to entrust sth to sb with the intention of causing them to compensate for the possible damage. **३.** [प.भे. *plv.*] चिजबीजलाई थुप्रो हुने गरी एकै ठाउँमा थुपार्नु। to pile up things.

बामरा /bamərɑ/ – [ना. *n.* / निभु.भे. *nblv.*] ☞ (**ओसा /osɑ/**)

बामया */plv.* **bamə́já**, *hmlv.* **bamojap/** – [ना. *n.*] हाँस, कुखुरा, परेवा आदि पक्षीका जिउमा लाग्ने साह्रै मसिनो किरो; सुलसुले। lice on fowls.

बामा /bamá/ – [ना. *n.*] एकभन्दा बढी पटक चल्ला कोरलिसकेको कुखुरा; माऊ कुखुरा। a mother hen.

बामालू /bamalʊ/ – [ना. *n.*] लहरामा फल्ने लाम्चो आकारको, पाकेपछि खान हुने एक प्रकारको जङ्गली फल। a type of wild fruit that grows on a climbing plant.

बामुल /bamul/ – [ना. *n.*] कुखुरा, पक्षी आदिको शरीर ढाक्ने गरी उम्रने भुत्ला; प्वाँख। feathers.

बार /bar/ – [ना. *n.*] कुनै ठाउँलाई दुई भागमा छुट्याउने छेक्ने चिज; बार। a fence. ~**दान्य /danjə/**– [स.क्रि. *v.t.*] बार लगाउनु; बार बार्नु। to surround or divide an area

with a fence or make a compound, wall, etc.; to fence.

बारा[1] **/bara/ –** [ना. *n.*/उ.भे. *ulv.*] गाउँ वा शहरभित्र पर्ने कुनै खण्ड; टोल। the inner part or a section of a village or town.

बारा[2] **–** [ना. *n.*/से.भे. *slv.*] ☞ (**गोर /gor/**)

बारामबुरुमो /baramburumo/ – [वि. *adj.*] च्यातिएर वा थाङ्ना, धुजा, टुक्रा परेर छरपस्टिएको; झुत्रो। rags.

बारो /baro/ – [ना. *n.*] निश्चित अवधिको लागि चरिचराउ गर्न निषेध गरिएको क्षेत्र; बन्देज वन। the part of land where grazing is prohibited for a certain time; a grazing prohibited area.

बार्की /barkɪ/ – [ना. *n.*/से.भे. *slv.*] कोठाको बाहिरपट्टि घेरिएको काठको बार। a wooden fence around a house.

बालाʔ **/balá?/ –** [ना. *n.*] गहुँ, जौ, कोदो आदिका दानाको झुप्पो; बालो। an ear of wheat, barley, millet, etc.

बास[1] **/bas**, *md.* **namtʃə/ –** [ना. *n.*] फलफूल, खानेकुरा आदिबाट निस्कने मीठो बास्ना; सुगन्ध; सुवास; महक; वासना। smell; fragrance; scent. ~**हुन्य /ɦunjə/–** [अ.क्रि. *v.i.*] महक फैलनु; सुगन्ध आउनु; बसाउनु। (of fragrance, smell, scent) to come; to spread.

बास[2] **–** [ना. *n.*] घरबाहिर हुँदा रात बिताउन बसिने थातथलो; वास बसिने ठाउँ। the place other than your home where you spend the night; lodging. > **बासपो /baspo/–** [ना. *n.*] यात्राको क्रममा वास बसिने बीचको ठाउँ; मुकाम। the place where you spend the night during your journey. > **बासिन्य /basɪnjə/–** [स.क्रि. *v.t.*] यात्राको क्रममा बाटोमा रात बिताउनु; वास बस्नु। to stay up the night while travelling somewhere.

बास्मा /basmà/ – [ना. *n.*] जङ्गलमा बस्ने घाँस खाने ठूला खालको बाख्रा जस्तो पोथी मृग; पोथी घोरल। the female Himalayan wild goat called *ghoral.*

बाहान /baɦan/ – [ना. *n.*] **१.** उसिन्न, बफाउन वा उमाल्नको लागि पकाउने चिजसहित चुह्लोमा बसालिएको भाँडो; एकपल्टमा पकाइने खानेकुराको पकाइ; खानेकुरा पकाउँदाको खेप, पटक; बाहान। the amount of food cooked, boiled or steamed at a time, the pot containing such food. **२.** रक्सी पार्दाको बाहान। the amount of liquor brewed at a time. ~**खँन्य /kʰĩ:njə/–** [स.क्रि. *v.t.*] पकाउनको लागि चुह्लोमाथि भाँडो राख्नु; बाहान बसाल्नु। to put a cooking pot over the hearth to cook sth. ~**फीःन्य /fĩ:njə/–** चुह्लोमा बसालिएको भाँडो उतार्नु। to take out a cooking pot from the hearth.

बाहान

बाहार /baɦár, beɦjár, jạ̃fɪ(tə)/ – [क्रि.वि. *adv.*] चाँडै; झ्वाट्ट; लगत्तै; उत्निखेरै; भन्नासाथ; भन्नेबित्तिकै; तत्काल; तुरुन्त। immediately; instantly; all at once.

बाहोर्‍या /*plv.* **baɦorja**, *ulv.* **baɦurja**, *krlv.* **mon/ –** [ना. *n.*] श्रमको सहयोग गर्ने व्यक्ति; खेताला। a farmhand; a helper.

~**दान्य /danjə/–** [स.क्रि. *v.t.*] अरूबाट श्रम सहयोग माग्नु। to ask sb a hand (with sth/ doing sth). ~**बान्य /banjə/–** कामको सहयोग दिनु। to lend sb a hand (with sth/doing sth).

बिख /bɪkʰə/ – [ना. *n.*] **१.** गर्भभित्रको बालक रहने अस्थाइ अङ्ग; गर्भको बच्चा रहने घर; पाठेघर; गर्भेथैलो; साल। the temporary organ which feeds a foetus (developing baby) inside its mother's womb; placenta. **२.** कुनै अङ्गमा चोटपटक पर्दा नसाको माध्यमद्वारा काखीको जोर्नी आदिमा सुन्निएको भाग। a swelling, a boil in the armpit due to a wound in other part of the body.

बिख्यात /bɪkʰjatə/ – [ना. *n.*] ☞ (**खत /kʰət/**) ~**मानिन्य /manɪnjə/–** [अ.क्रि. *v.i.*] कसैले भनेको, बोलेको कुराबाट मन दुख्नु; अन्यथा मान्नु; दुःख मनाउ गर्नु। to be hurt by others' words.

बिचितौ /bɪtʃɪtəᵘ/ – [वि. *adj.*] चेतना हराएको वा गुमाएको; होसहवास नभएको; बेहोस; मुर्छित। unconscious; faint.

बिजर /bɪdʒər/ – [वि. *adj.*] **१.** (व्यक्ति) शारीरिक श्रम धेरै बगाउन सक्ने; थोरै समयमै धेरै काम गर्ने; कामकाज आदिमा अरूभन्दा अगाडि पर्ने; तगडा; बलियो; बलवान्। (of people) strong; burly; robust; capable of working harder than others. **२.** आँट भएको; बहादुर; शूरो। brave; bold; courageous.

बिज़ा */plv.* **bɪzá**, *glv. & nblv.* **bɪ/ –** [ना. *n.*] प्रायः जमिनमुनि दुलो बनाई बस्ने चारखुट्टे चनाखो सानो जन्तु; मुसो। a rat; a mouse.

बितालिन्य /bɪtalɪnjə/ – [स.क्रि. *v.t.*] **१.** बिहानको सबभन्दा पहिलो भोजन लिनु; बिहानको खाजा खानु। to eat the first meal of the day. > **य़ाबिताल /jạ̄bɪtal/–** बिहान सबेरै खाइने खानेकुरा; बिहानको खाजा। light food eaten in the morning; breakfast. **२.** घुस, चोरी आदि कुकर्मबाट प्राप्त लाभ चाख्नु/खानु। to enjoy the returns one gets from bad deeds like bribe, theft, etc.

बिधरम /bɪdʰərəm/ – [ना. *n.*/लु.भे. *llv.*] मुसालाई फसाएर मार्न प्रयोग हुने साधन; मुसा मार्ने साँचो। a mouse trap.

बिनाउत /bɪnaᵘtə/ – [ना. *n.*] आफन्तको मृत्युमा गाइने शोकगीत; बिलौना। a mournful song sung on the demise of someone's relatives.

बिन्धङ्गै /bɪnədʰəŋgəᵘ/ – [वि. *adj.*] होशियारीपूर्वक काम नगर्ने; बेहोसी; असावधान। careless; reckless.

बिन्य /(nã)bɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** धेरै हल्लाले कान खानु; झर्को, दिक्क लाग्नु। to be irritated by a loud noise. **२.** [ना. *n.*] कहिलेकाहीं एक्कासि कानभित्रबाटै सुनिने तीखो प्रकारको आवाज। ringing in your ears.

बिपता /bɪpətā/ – [ना. *n.*] दया र दुःख लाग्दो अवस्था; कुनै काममा आइपरेको सङ्कट; दुर्दशा; दुरावस्था; बिपत्ति; बिजोग; विपद। misfortune; predicament; a plight; a miserable condition.

बिप्या /bɪpja, *ant.* **sɪpja/ –** [वि. *adj.*] सामान्यतया मिल्नुपर्ने भन्दा उल्टो; विपरीत। inside out; (of direction) opposite. > **बिप्या चाला/दमया /bɪpja tʃala/dəməja/–** [ना. *n.*] मान्छे मरेदेखि सद्गत गर्दासम्ममा दमाहा, सहनाइ आदिबाट निकालिएको शोकधुन। mournful music played in the funeral procession (by

beating drums, blowing *shahanāi* (clarinet), etc).

बिफऱ्या /bɪfərjɑ/ – [वि. *adj.*] **१.** कुरा र व्यवहार गर्दागर्दै वा विचार राख्दाराख्दै पनि उल्टै दोष लाग्न पुगेको; अपजसी। falsely blamed; accused. **२.** (मानिस) अर्काको मामिलामा अनावश्यकरूपले हस्तक्षेप गर्ने। interfering; meddlesome; nosy.

बिभन्द /bɪbʰəndə̄/ – [ना. *n.*] चरिचराउको लागि निषेध गरिएको वनमा नियम तोडेर जनावरलाई चराउने काम; चरिचराउको नियमको अवज्ञा; बार-बन्देजको उल्लङ्घन; नियम कानुन नमान्ने काम। an act of grazing cattle in a prohibited part of land; an act of defying rules and regulations.

बिरुला /bɪrulɑ/ – [ना. *n.* / से.भे. *slv.*] खस्रो पात हुने, चोट पर्दा दूध आउने डाले घाँसको बोट। a type of fodder tree.

बिरैन्य /bɪrəˈnjə/ – [स.क्रि. *v.t.*] **१.** कामकुरा गर्दा भूल, गल्ती, बिराम गर्नु; बिराउनु; चुक्नु। to make a mistake. **२.** पाप वा अपराध गर्नु। to commit a sin, crime, etc. **३.** बिउ खसाल्दा, बेर्ना रोप्दा क्रम तोड्नु। to sow seeds or to plant seedlings alternatively in a row.

बिर्गुली /bɪrgulɪ/ – [ना. *n.*] लोग्ने मान्छेले कानमा लगाउने जोर्नीतिर मसिनो र बीच भागतिर मोटो हुने बाटुलो आकारको सुनको मुन्द्रो। a gold earring worn by men.

बिर्ज़ु /bɪrzu/ – [ना. *n.*] पहाडी वनपाखामा पाइने एकप्रकारको काँढैकाँढा हुने सानो वनस्पति। a type of thorny plant that grows in the hilly region.

बिर्ज़ु

बिबिरैन्य /bɪrbɪrəˈʔnjə/ – [स.क्रि. *v.t.*] क्यै चिजमा अलिअलि धुलो चिज छर्कनु; छर्नु। to sprinkle sth over sth.

बिरी /bɪriː/ – [ना. *n.*] **१.** मुसाले जमिन खनेर भित्रभित्र बनाएको दुलो, बाटो; सुरुङ। a hole or tunnel under the ground made by a mouse; a mouse hole. **२.** भीरमौरीको घार। a hive of wild bees. ~**वाल्न्य /wɑlnjə/**– [स.क्रि. *v.t.*] जमिन खनेर दुलो बनाउनु। to make a hole under the ground.

बिलहर /bɪləɦər/ – [ना. *n.*] ☞ (**बिपता /bɪpətɑ/**)

बिला /bɪlɑ/ – [ना. *n.*] राँगो, खसी आदि काटेर बाँडचुँड गरिएको मासुको भाग; बिलो। a share of meat. ~**बिलासिन्य /bɪlɑsɪnjə /**– [स.क्रि. *v.t.*] खसी, राँगो आदि काटेर मासु बाँडचुँड गरी आपसमा वितरण गर्नु। to butcher an animal and share its meat among the people.

बिलैन्य /bɪləˈʔnjə/ – [अ.क्रि. *v.i.*] **१.** (चिज) पग्लेर विलय हुनु; पग्लनु; बिलाउनु। to melt; to thaw. **२.** शरीरको मासु घटेर पातलिनु; दुब्लाउनु। (of the body) to be thin.

बिल्बिल /bɪlbɪl/ – [ना. *n.*] चिल्लो चिज धेरै खाँदा वा खानेकुरामा कुनै बिकार परेर बान्ता आउला जस्तो हुने स्थिति। the situation when one feels nauseous due to oily food or sth; heartburn.

बिसिउ[१] /bɪsɪᵘ, *ant.* **sɪrkɪᵘ/** – [वि. *adj.*] घाउ पाकेर पिप जमेको; पिरिएको। full of pus; festering.

बिसिउ[२] – [वि. *adj.*] (शरीर) चोट वा कडा श्रमले गर्दा पिलिएको। (of the body) exhausted; worn out.

बिसैन्य /bɪsəˈʔnjə/ – [स.क्रि. *v.t.*] अन्न-अनाज खरिद गर्नु; बेसाउनु; बेसाहा गर्नु। to

buy, borrow or manage food crops, especially when there is famine or scarcity of food.

बिस्यूली /bɪsjʊlɪ/ – [ना. *n.*] आधा धार्नी। half a *dhārni.* (one *dhārni* roughly equals two and a half kilos).

बिहीरा /bɪɦɪra/ – [ना. *n.*] कुनै विषयमा गरिएको कुराकानीको सिलसिला; प्रसङ्ग। the situation within which something exists or happens, and that can help explain it; a context.

बिह्या /bɪɦja/ – [ना. *n.*] स्त्री र पुरुषबीच धार्मिक विधि, सामाजिक संस्कार र प्रचलित कानुनद्वारा मान्यता पाउने गरी पतिपत्नीको रूपमा सम्बन्ध जोड्ने प्रक्रिया; विवाह; वैवाहिक कर्म। marriage between a male and a female according to the tradition.

बिह्याः /bɪɦjaʔ/ – [ना. *n.*] **१.** जाँतो, घट्ट आदिमा अन्न, अनाज पिस्दा अलिअलि गरेर हरेक पल्ट हालिने गेडागुडीको मात्रा; घान। the amount of grains fed into the hand mill or water mill at a time. **२.** माथिल्लो फगल्याँटालाई घुम्न सजिलो पार्ने तल्लो जाँताको बीचबाट ठाडो हुने गरी रोपिएको मानी; माने। the central perpendicular iron rod in a hand mill; a runner. ☞ (**राँथै /rãtʰəˈ/**) *for picture.*

बीःचो /bĭːtʃo/ – [ना. *n.*/कोरा.भे. *krlv.*] लुगा सिउने, दमाहा आदि बजाउने पुर्ख्यौली पेशा भएका एक जाति; दमाई। a caste of tailors and musicians; a tailor or musician caste.

बुँदी /bũdíː/ – [ना. *n.*] घरभित्र ढोकाको दायाँबायाँ कुनानेरको ठाउँ; ढोका दायाँबायाँको कुनो। the corner of a room by the door.

बुकाबुका /bukabuka/ – [ना. *n.*] कपाल, रौं, झार आदि उखेलेर निमिटयान्न पार्ने काम। an act of plucking out hairs, fur, weeds, etc. completely.

बुखी /bukʰɪ, *ant.* **əᵘlə/** – [ना. *n.*] जङ्गल नभएको धेरै ऊचाइको घाँसे भूभाग। the highland covered with grass.

बुचा /butʃā/ – [ना. *n.*] युवालाई सम्बोधन गरिने शब्द; तरुण; युवा; युवक; ठिटो। word used to address a young boy; lad; hey lad!.

बुदालैन्य /budaləˈnjə, *syn.* **bodʰoləˈnjə/** – [स.क्रि. *v.t.*] साइनो नपर्नेसँग परस्परमा जिस्किने कुरा गरिदिनु; साइनो नमिल्ने स्त्री र पुरुष दुबैलाई मिसाएर जिस्काउनु। to tease women who are not one's relatives.

बुदुकाउ /budukaᵘ/ – [ना. *n.*] ☞ (**अथाकाउ /ətʰakaᵘ/**)

बुदुल्क्या – [वि. *adj.*] ☞ (**बोल्धोङ्गा /boldʰoŋga/**)

बुम /bum/ – [ना. *n.*] ☞ (**खुर्गु /kʰrugu/**)

बुरा /bura < **buɖʰa/** – [ना. *n.*] अठाह्र मगरातको प्रमुख चार थरमध्येका बुढा थरका मगरहरूबाट गोर्खा सेनामा भर्ती भएकाहरूले लेख्ने गरेको एक थर; बुरामगर। one of the *Athāra Magar* clans called *Budhā Magar.*

बुरुम /burum/ – [ना. *n.*] च्यातिएको वा काटिएको कपडा, कागज आदिको टुक्रो; चिरो; धुजा। a piece (of cloth, paper, etc.); a rag; a patch. > **बुरुमबुरुम /burumburum/**– बिस्तारै बिस्तारै लगातार भइरहने वर्षा; अलिअलि बर्सने वर्षा। drizzle.

बुर्जिन्य /burdʒɪnjə/ – [अ.क्रि. *v.i.*] धरौटीको म्याद सिद्धिएर लिलाम हुनु। (of mortgaged

property) to expire deadline and go for auction.

बुर्जुबुर्जूव /burdʒuburdʒŭwə/ – [वि. *adj*] अग्लो, होचो सतह भएको; खम्रो। not level, equal, flat or continuous; uneven.

बुर्तुन्य /burtunjə/ – [संयो. *intj.*] त्यसोभन्दा त; त्यसो भएदेखि; होइन भने; बरु। rather than this; if this is the case; rather.

बुर्बुर /burbur/ – [ना. *n.*] घुँगुरिने गरी बटार्ने वा बटारिने काम। an act of twisting sth like a rope. ~**किल्सिउ /kɪlsɪᵘ/–** [वि. *adj.*] कसिने गरी बटारिएको। tightly twisted.

बुलाखी /bulakʰɪ/ – [ना. *n.*] झुन्डिने गरी नाकमा लगाउने सुनको गहना; बुलाकी। the nose ring that hangs from the septum of the nose; a nose pendant.

बुलाखी

बुल¹ /bul/ – [ना. *n.*/ प.भे. *plv.*] प्राण पखेरु उडेको देह; मृत शरीर; लाश; शव; मुर्दा। a dead body; a corpse. ~**चलैःन्य /tʃələˈːnjə/–** [स.क्रि. *v.t.*] सद्गत गर्नको लागि शवयात्रा अगाडि बढाउनु; शवयात्रा गर्नु। to carry a dead body for cremation.

बुल² – [ना. *n.*/ से.भे. *slv.*] ☞ (**१. मिँ /mĩ/**)

बुहरी /buɦərɪ/ – [ना. *n.*/ से.भे. *slv.*] सालको पातसँग मेल खाने डाले घाँसको रूपमा प्रयोग गरिने एक वनस्पति; बोहोरी। a type of fodder tree whose leaves resemble those of a *sal* tree.

बेः /beː/ – [ना. *n.*] कम्मरदेखि तलतिर गोडासमेत ढाक्ने गरी लगाइने जनाना धोती; गुन्यु; लुङ्गी। a long piece of colourful cloth wrapped by women around their waists up to the ankle; it is almost like a *sāri*. > **बेःसिन्य /béːsɪnjə/–** [स.क्रि. *v.t.*] गुन्यु पहिरिनु, लगाउनु; ओढ्नु। (of women) to wear a dress called *gunyu*.

बेउ /beu/ – [ना. *n.*] गिलो, लेसिलो वा अर्धतरल चिज बिस्तारै बग्दाको स्थिति। when thick sticky substance oozes.

बेकतैःन्य /bekətəˈːnjə, *mḍ.* **arsalke/ –** [स.क्रि. *v.t.*] खम्रो-मसिनो, राम्रो-नराम्रो, झोल-छोक्रा वा फोहोर-सफा चिज छुट्याउनु; छान्नु। to filter sth; to sift sth; to select (good from bad, big from small) or to sort out.

बेथ /betʰə, *syn.* **dʒʰara/ –** [ना. *n.*] **१.** पूरै गाउँ, भाइ समूह, टोल आदि मिलेर एकैसाथ गरिने कुनै सामूहिक कार्य; सामूहिक रूपमा कतै लगाइने साझा श्रम; झारा। community labour force; communal work. **२.** ☞ (**कताँस /kətãsə/**)

बेन /*plv.* (**dʒa**)**ben**, *hmlv.* **rbẽ/ –** [ना. *n.*] थाल, बटुका आदि थन्क्याउन भित्तामा झुन्ड्याएर राखिने चोयाको झोला आकारको भाँडो। a small bamboo basket that is hung on the wall and used to keep kitchen utensils.

बेनबेनो /benbeno/ – [वि. *adj.*] लम्बाइ धेरै परसम्म पुगेको; लामो न लामो। (of objects) too long.

बेन्न्य¹ /bennjə/ – [अ.क्रि. *v.i.*] लामो हुनु; लम्बिनु; लम्बाइ बढ्नु। to become longer; to lengthen.

बेन्न्य² – [अ.क्रि. *v.i.*] कुनै काम लगातार गरेर पनि नसिद्धिनु; (काम) कुनै कारणले पछिसम्म रहन पुग्नु। (of work) not to finish in time despite your regular efforts.

बेलन /belə́n/ – [ना. *n.*] **१.** बिजनका लागि नसुमरी राखिएको पाल्तु जनावर। the animal

which has not been castrated and kept for breeding; a male buffalo kept for reproduction. **२.** ☞ (**धुʔर /dʰuʔr/**)

बेलो /belo/ – [वि. *adj.*] **१.** दया, सहानुभूति राख्ने वा सहयोग गर्ने मन र व्यवहार भएको; करुणामय; दयावान्; दयालु। generous, helpful and thinking about other people's feelings; kind; compassionate. **२.** परिरहेको वर्षा रोकिएको; बिदो भएको। (of rain) stopped; abated.

बेल्न्य /belnjə, *ant.* **wanjə/ –** [अ.क्रि. *v.i.*] परिरहेको पानी थामिनु; झरी रोकिनु; बिदो हुनु। to stop raining.

बेसो /beso/ – [ना. *n.*] बनावटी कारण; बहाना। a pretext; a pretension.

बेह्यार /beɦjar/– [क्रि.वि. *adv.*] ☞ (**य़ाफी /jạfɪ/**)

बैःजी /bɨˈdʒiː/ – [ना. *n.*] आँखाको रोग निदान र उपचार सम्बन्धी परम्परागत ज्ञान राख्ने व्यक्ति। someone who treats eye diseases; ophthalmologist.

बैःत /bəˈːtə/ – [क्रि.वि. *adv.*] हिँड्दाहिँड्दै वा जाँदाजाँदै; यात्राको क्रममा। on the way; while walking; during a journey.

बैदाङ्गी /bəˈdaŋgɪ/ – [वि. *adj.*] **१.** धेरै लेखपढ गरेको; धेरै ज्ञान भएको; धेरै अध्ययन गरेको; शिक्षित। educated; learned. **२.** कुनै विषयमा विशेष दखल प्राप्त गरेको; धेरै विद्या र ज्ञान आर्जन गरेको; विद्वान्। a person with a high level of knowledge or skill; a specialist; a knowledgeable person; a learned person.

बैना /bəˈna/ – [ना. *n.*] घर, जग्गा वा कुनै चिज किन्ने सुनिश्चितताको लागि किन्नुभन्दा पहिल्यै दिइने मूल्यको केही अंश; अग्रिम रकम; पेश्की। a small amount of money paid to someone in order to buy sth in advance; an advance (sum).

बैःन्य /bəˈːnjə/ – [स.क्रि. *v.t.*] आफूसँगै लिएर जानु; साथै लानु। to take sb/sth along with you.

बैःसिन्य /bəˈːsɪnjə/ – [स.क्रि. *v.t.*] **१.** अरूलाई हिँड्न वा बस्न दिनको लागि आफू रहेको स्थानबाट हट्नु; हिँड्दाहिँड्दै अगाडि बढ्न खोज्नेलाई बाटो दिनु; बाटो छोडेर छेउतिर लाग्नु। to step aside in order to let others go ahead. **२.** [वि. *adj.*] साथै लिएर जान सकिने; लान मिल्ने। worth or easy enough to be carried; portable.

बैःसिनान्य /bəˈsɪnanjə/ [स.क्रि. *v.t.*] ☞ (**२. बानान्य /bananjə/**)

बोंदै /bõdəˈ/ – [ना. *n.*] आकाशमा उडेर एकै ठाउँमा स्थिर रही किरा, फटयाङ्ग्रा आदि चारा नियालेर खाने चिल जस्तै एक प्रकारको चरो; बेसारो। Eurasian Kestrel; a type of falcon that can hover in the sky and swoop down on its prey.

बोंन्य /bõnjə, *md.* **gʰaŋke/ –** [अ.क्रि. *v.i.*] **१.** चराको बच्चा (बचेरा) छिप्पिएर उड्नसक्ने हुनु; उमेर पुगेर उड्नु; गुँड छोड्नु। (of birds) mature enough to fly or leave the nest. **२.** (बाल-बच्चाहरू) उमेर पुगेर परिपक्व भई आफूले आफैलाई सम्हाल्ने हुनु; आफ्नो अभिभाराको दायित्त्व स्वयम् लिनु; बालिग हुनु। (of people) to be mature. **३.** चराचुरुङ्गी, यान आदि उड्ने चिजले उडिरहेकोभन्दा थप अरू उचाइ लिनु; पिङ खेल्दा झन् माथिमाथि पुग्नु; अक्कासिनु। (of birds, planes, etc.) to take height; to fly high.

-बो /bo/ – [प्रत्य. *suff.*] एक जनाउने सङ्ख्यावाची शब्दको पछिल्तिर लागेर एउटा

जनाउने प्रत्यय (*e.g.* तो+बो = तोबो "एउटा"; एक थान। suffix used to indicate one or one set of sth.

बोकोचा /bokotʃa/ – [ना. *n.*] **१.** मानिस, जनावर, किरा, फट्याङ्ग्रा आदिको जमात; हुल। a large group of insects, animals, people, etc.; a swarm; a herd; a group. **२.** कुनै चिजको थुप्रो। a pile of sth.

बोकोरो /bokorò/ – [ना. *n.*] खुट्टाको पञ्जामा जालो नहुने र छाला खस्रो हुने भ्यागुतो; खस्रे भ्यागुतो। a small brownish green animal, similar to a frog, which has big eyes and long back legs for swimming and jumping; a toad.

बोकोरो

बोकोरोम /bokorom/ – [ना. *n.*] एकै ठाउँमा एकत्रित हुने क्रिया; ताँती लगाइ; धुइरो; भिड। an act of gathering somewhere; a swarm; a crowd. > **बोकोरोम्सिन्य**[१] **/bokoromsɪnjə/**– [अ.क्रि. *v.i.*] एकै ठाउँमा बटुलिनु; गुजुमुज्ज पर्नु; थुप्रिनु; झुम्मिनु। to crowd somewhere; to come close together in a group; to huddle. > **बोकोरोम्सिन्य**[२]– भिड लाग्नु; एकत्रित हुनु; जम्मा हुनु। to gather around.

बोङ्गा? /boŋgá?/ – [वि. *adj.*] **१.** विना उद्देश्य घुमफिर गरिरहने बानी भएको; कामविना नै डुलिरहने; बरालिने स्वभावको; घुमक्कड। a wanderer; a loafer; a loiterer. **२.** (व्यक्ति) आफ्नो इज्जत, मान, प्रतिष्ठा केहीको बारेमा ख्याल नभएको; उद्देश्यविहीन। not caring about one's status, prestige and future, etc.; aimless; purposeless.

बोबो[१] **/bobó/** – [ना. *n.*] **१.** फुपूका लोग्ने; फुपा; फुपाज्यू। *phupu*'s husband. **२.** लोग्नेको बुबा; ससुरा। husband's father.

बोबो[२] – [ना. *n.*/निभु.भे. *nblv.*] लोग्नेकी फुपू। husband's *phupu.*

बोमो /bomo/ – [वि. *adj.*/प.भे. *plv.*] ☞ (**फोक्सा /foksa/**)

बोम्फा /bomfā/ – [ना. *n.*] एउटै फूलमा धेरै पत्रहरू हुने एक प्रसिद्ध पहेंलो फूल; सयपत्री। a plant with bright yellow or orange flowers; marigold.

बोम्फा

बोरो /boro/ – [ना. *n.*/उमै.भे. *hmlv.*] ☞ (**इजर /ɪdʒər/**)

बोरोम /borom/ – [ना. *n.*/निभु.भे. *nblv.*] ☞ (**२. ऱम /rə̦m/**)

बोरोम /borom/ – [ना. *n.*/प.भे. *plv.*] **१.** अनावश्यक रूपले थुप्रिएको भिड; हुल; रमिता। a crowd; a show. **२.** एकैसाथ कुनै काम गर्न वा कसैलाई आक्रमण गर्न झम्टेको, तम्सेको भिड। a crowd ready to do sth or to attack sb/sth.

बोरोल्न्य /borolnjə/– [अ.क्रि. *v.i.*] ☞ (**बरल्न्य /borolnjə/**)

बोर /bór/ – [ना. *n.*] **१.** कतै थुपारिएको थुप्रो; रास; डङ्गुर। heap; pile. > **बोर्न्य**[१] **/bórnjə/**– [स.क्रि. *v.t.*] (चिज) एकै ठाउँमा थुप्रो पार्नु; रास लगाउनु; डङ्गुर तुल्याउनु; थुपार्नु। to heap; to pile up. > **बोर्न्य**[२]– पछि चाहिन्छ भनेर जोहो गर्नु; सँगाल्नु। to preserve or store sth for future use; to collect and heap sth safely.

बोलो /bolo/ – [ना. *n.*/उमै.भे. *hmlv.*] ☞ (**लोः /loː/**)

बोलोङ /boloŋ/ – [नायो. *post.* / लु.भे. *llv.*] ☞ (**करप /kərəp/**)

-ब्याँ /bjã/ – [निपा. *part.*] प्रेरणार्थक क्रियाको पछाडि अह्रोट वा अनुरोधलाई जोड दिन प्रयोग हुने निपात। (*e.g.* जैके+ब्याँ = जैके ब्याँ; "गर्नुस् न", याँके+ब्या = याँके ब्याँ "दिनुस् न" आदि।) particle used after a verb to put emphasis on an imperative form.

ब्याँलो /bjãlo/ – [ना. *n.*] फुर्सदमा समय गुजार्नको लागि गरिने सानोतिनो काम; बसिबियाँलो। a job or a piece of work that is done just to pass time; a chore.

ब्याʔन्य /bjaʔnjə/ – [स.क्रि. *v.t.* / से.भे. *slv.*] ☞ (**१. च्युन्य /tʃjunjə/**)

ब्याल्न्य /bjalnjə/ – [अ.क्रि. *v.i.*] भाँडो, खाल्डो आदिमा कुनै चिज भरिएर बिट वा मुखसम्म आउनु; भरिनु। to be filled to the brim or the edge (of a pot, ditch, etc).

-ब्लो /blo/ – [प्रत्य. *suf.*] दुई जनाउने सङ्ख्यावाची शब्दको पछिल्तिर जोडिएर वटा, थान आदि अर्थ बनाउने प्रत्यय। (*e.g.* ने̤+ब्लो = ने̤ब्लो "दुई वटा" "दुई थान") classifier added to a countable noun to indicate two .

भ

भाँ /bʰĩ/ – [ना. *n.*] **१.** जरायो जस्तो प्रायः झोर-झाडीतिर रम्ने एकथरी ठूलो मृग; झारल। a type of dear called *jhāral* found in the mountain. **२.** गाई, भैंसी, घोडा आदिको पुच्छरमा उम्रने खम्रो रौं। bristles in the tails of cow, buffalo, horse, etc.

भातः /bʰitì/ – [ना. *n.*] सिमी जस्तै तर झुसिला पात हुने द्विदलीय अन्न वा गेडागुडी; भटमास। soya beans.

भाती /bʰitìː/ – [ना. *n.*] **१.** पैदल यात्रीलाई बाटोमा खान-बस्नको लागि सामान्य व्यवस्था भएको ठाउँ; होटल; भट्टी। an inn; a lodge. **२.** जाँड, रक्सी आदि बनाउने र बेचिने ठाउँ। a liquor store.

भात्किन्य /bʰitkɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** डरले आत्तिएर उफ्रनु; बिचकनु; तर्सनु। to be scared; to be frightened; to be startled. **२.** [स.क्रि. *v.t.*] निश्चित भइसकेको कामकुरालाई बटारिएर वा बाउँठिएर नहुने बनाउनु; बाउँठिनु। to fail or spoil a plan by not cooperating others. **३.** [अ.क्रि. *v.i.*] हुने कामकुरा आदि बिग्रनु; नहुने हुनु। (of plan) to fail. ४. बनेको वस्तुको रुप टुट्नु वा फुट्नु; भताभुङ्ग हुनु; भत्कनु। (of objects) to break; to be damaged.

भान्किन्य /bʰĩnkɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** खुब तातेर रिसाउनु; फन्कनु; भन्कनु। to rage (at/to against/about sb/sth); to be furious; to be angry. **२.** भिर, छाँगो आदिबाट पल्टँदै तल्तिर जानु; गुल्टनु। to roll down a slope, precipice, etc. **३.** तास, जुवा आदिमा हारेर सबै सम्पत्ति स्वाहा हुनु; धनपैसा हार्नु। to gamble away all your money. **४.** व्यापार व्यवसाय आदिमा ठूलो नोक्सानी व्यहोर्नुपर्ने हुनु; घाटा पर्नु। to go bankrupt; to suffer a loss in business.

भान्दी /bʰĩndɪ/ – [वि. *adj.*] (कुनैपनि विषय वा प्रसङ्गको) बुझिँदो अर्थ आउने खालको; यथार्थ छर्लङ्ग हुने गरी सविस्तार व्याख्या गरिएको; प्रष्ट बोलेर अर्थ स्पष्ट पारिएको। (of statement, speech, etc.) clarified; rephrased; elaborated. **~पारैःन्य /pɑrəˈːnjə/–** [स.क्रि. *v.t.*] बुझिँदो अर्थका साथ यथार्थ छर्लङ्ग पार्नु; सविस्तार व्याख्या गर्नु। to clarify or reword sth; to explain sth in detail.

भारस्तिन्य /bʰirɪstɪnjə/ – [अ.क्रि. *v.i.*] (कहीं, कतै) धुलो, कसिङ्गर फोहोरमैला पर्नु; फोहोर पर्नु। to make a place dirty; (of a place) to become dirty or filthy.

भारिन्य /bʰirɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** जवानीले भरिपूर्ण भई हृष्टपुष्ट हुनु। (of people) to become fully grown; to mature. **२.** (व्यक्ति) दुब्लोपातलोबाट मोटोघाटो हुनु; मोटाउनु। to become healthy and chubby after illness; to grow fat. **३.** फापरको साग खाँदा शरीर झमझमाउनु। (of body parts) to be numb after you have eaten cooked buckwheat leaves.

भार्किन्य */plv.* **bʰirkɪnjə**, *hmlv.* **bʰilkɪnjə/ –** [अ.क्रि. *v.i.*] रिसाए झैं गरी नबोलेर बस्नु; टेढिनु; बाउँठिनु; बटारिनु; रिसले फन्कनु। to sulk; to fume.

भर्क्या /*plv.* **bʰərkjɑ**, *glv.* **sərkjɑ**/– [वि. *adj.*] कुनै विषय वा प्रसङ्गप्रति असन्तुष्ट भई रिसाएर आफ्नो पूर्वविचार वा निर्णय नबदल्ने; बाउँठिने। sulky; sullen; stubborn.

भर्ची /**bʰɨrtʃiː**/ – [ना. *n.*] आइमाईका दिदी-बहिनी वा पुरुषका दाजुभाइकी छोरी; भतिजी। the daughter of your brother or sister; niece.

भल्कि /**bʰɨlkɨ**/ – [ना. *n.*] ☞ (**नोगोबाङ्गे** /**nogobɑŋge**/)

भल्किन्य /**bʰɨlkɪnjə**/ – [अ.क्रि. *v.i.*] घाउ, चोट आदिमा पिप जमेर फुट्ला झैं भई दुख्नु। (of a wound) to become full of pus and painful.

भल्की /**bʰɨlkɪ**/ – [ना. *n.*] अन्न-अनाज थन्क्याउन भाङ्वा अल्लाको रेसाबाट बनेको थैलो; धोक्रो। a sack made of hemp fibers.

भकन्या /**bʰəkənjɑ**/ – [वि. *adj.*] (शरीर) मोटोघाटो भई पुष्ट परेको; हृष्टपुष्ट। (of people) healthy; chubby; blooming; fit.

भकभक[१] /**bʰəkəbʰəkə**/ –[ना.*n.*](खानेकुरा) सबै खाएर सिध्याउने काम। an act of gobbling (down/up).

भकभक[२] /**bʰəkbʰək**/ – [ना. *n.*] **१.** ह्राल-ह्राल छादिरहने चाल। when someone vomits continuously. **२.** असाध्यै रिस उठ्ने स्थिति; झनक्क उठेको रिस। the situation when you become very angry; sudden anger.

भकम /**bʰəkɑ̃m**/ – [ना. *n.*] **१.** भिऱ्याउनुपूर्व पाकेकामध्येबाट छानेर घरमा ल्याइएको अन्न। fully ripe crops, especially maize, brought into the house for instant consumption before harvesting. **२.** दुष्कर्ममा लाग्नाले पाइने सजाय; कुकर्मको परिणाम, फल वा दण्ड। a punishment for a wrong deed.

भखर /**bʰəkʰər**/ – [ना. *n.*] भारी बोक्ने खसी-बोकाहरूको समूह। a herd of goats for carrying loads; a caravan of goats .

भङ्गैंन्य /**bʰəŋgəˈːnjə**/ – [स.क्रि. *v.t.*] बरालिने बनाउनु; कुलतमा फसाउनु; बहकाउनु। to mislead sb; to trick sb into sth/into doing sth; to beguile sb into doing sth.

भजला /*plv.* **bʰədʒəlɑ**, **bʰɪrkũ(ŋ)**, *hmlv.* **tɪndʒɑ**, *llv., tlv.* **fɪrkuŋ**/ – [ना. *n.*] प्रकाश छिर्न वा सफा हावा ओहोर दोहोर गराउन घरको भित्तामा बनाइने ढोकाबाहेकको सानो द्वार; झ्याल। a ventilator; a small window. ☞ (**झिम** /**zʰɪm**/) *for picture.*

भतभत[१] /**bʰətəbʰətə**/ – [ना. *n.*] कुनै काम गर्ने, खाना खाने, कुनै चिज कुट्ने, कसैलाई पिट्ने आदि गरिरहने काम। an act of eating, beating sb/sth or doing sth continuously.

भतभत[२] /**bʰətbʰət**/ – [ना. *n.*] कसैलाई बेसरी कुट्ने, पिट्ने, गोद्ने काम। an act of beating someone ruthlessly.

भतस्यान /**bʰətəsjɑn**/ – [ना. *n.*] (चिज) बिग्रिएर वा नासिएर सर्वत्र भएको विनाश। damage, destruction or ruin caused by failure of sth. > **भतस्यानो** /**bʰətəsjɑno**/ [वि. *adj.*] बिग्रेर, भत्केर भएजति सबै सकिएको; सर्वत्र बिनाश भएको; निमिटयान्न भएको। completely damaged or spoilt; ruined.

भताने /**bʰətɑne**/ – [ना. *n.*/लु.भे. *llv.*] ☞ (**क्वाल्जी** /**kwɑldʒiː**/)

भतान्जी /bʰətandʒiː/ – [ना. *n.* / प.भे. *plv.*] ☞ (**क्वाल्जी**)

भतारिन्य /bʰətarɪnjə/ – [स.क्रि. *v.t.*] ☞ (**खर्न्य /kʰənjə/**)

भत्काऱ्या /bʰətkarjɑ/ – [ना. *n.*] जन्तीभन्दा पहिल्यै दुलहीको माइतमा जानकारी र सरसल्लाहको लागि पुग्ने दुलहा तर्फका मानिस; वरयात्रीको अग्रदूत; भत्करु; भत्खराउ। messengers sent ahead of the marriage procession to the bride's house to give information of the procession's approach.

भत्याबाङ्ग /bʰtjabaŋgə/ – [ना. *n.*] नसुध्रने तहमा बिग्रेको कुनै कामकुरा; बर्बादीको स्थिति। sth that has been damaged beyond recovery or the situation when sth has been damaged in this manner. > **भत्याबाङ्गौ /bʰtjabaŋgəᵘ/** [वि. *adj.*] चिजबीज सबैतिर अलपत्र हुने गरी छरिएको; छरपस्ट। (of things) scattered; disordered.

भत्यार /bʰətjār/ – [ना. *n.*] मानिसहरू भेला भएर खाने खास भोजन; भोज। a large or special meal, especially for a lot of people and to celebrate sth; a feast.

भदै /bʰədəˈ/ – [ना. *n.*] पत्नीका दाजुभाइका छोरा वा छोरी; साला, जेठानका छोरा वा छोरी; भदै वा भदैनी। wife's brother's children.

भन्दा /bʰəndɑ/ – [वि. *adj.*] **१.** कामकुराबाट फुर्सदै नपाउने भएको; बेफुर्सद; व्यस्त। having a lot to do; busy. **२.** कुनै सामान्य काममा अल्झिनाले नयाँ काम गर्न नपाउने हुने स्थिति; कुनै काममा अल्झिनपुग्ने अवस्था। when you are stuck in unnecessary work.

भन्दारी /bʰəndarɪ/ – [ना. *n.*] (चिज) बाँडफाँड गर्ने मान्छे; बाँड्ने व्यक्ति। a distributor.

भन्दाहा /bʰəndaɦa/ – [वि. *adj.*] लाज-सरम त्यागेर वा मर्यादाको ख्यालै नगरी अश्लील कुरा गर्ने; पात्तिएको; छिहिलिएको। crossing the limits of decorum, etiquette while talking or behaving.

भन्दो /bʰəndo/ – [वि. *adj.*] (शब्द) लज्जाजनक; लज्जास्पद; (कुरो) फोहोर; अश्लील; अशिष्ट। rude and likely to upset or anger people, especially by referring to sex and the body in an unpleasant way; vulgar.

भन्बन्या /bʰənbənjɑ/ – [ना. *n.*] डाँडो पार गर्ने ठाउँनेरको घुमाउरो परेको ठाउँ वा बाटो; देउरालीको घुम्ती। the bend close to *deurāli* (a mountain pass).

भन्यालोसो /bʰənjɑloso/ – [वि. *adj.*] भनेको, अह्राएको खुरुक्क मान्ने; भनेको स्वीकार्ने; आज्ञा पालन गर्ने; आज्ञाकारी। obedient; dutiful.

भयाना /bʰəjanjɑ/ – [ना. *n.*] बालीनाली नोक्सान पुऱ्याउने पशुपक्षीलाई तर्साउन खेतबारीबीच राखिने मानिस आकारको तर्साउने वस्तु; बुख्याँचा। a scarecrow.

भर /bʰər/ – [ना. *n.*] **१.** कुनै काम, व्यवहार आदिको बारेमा कसैप्रति गरिने आशा वा भरोसा। reliance; trust **२.** मुख्य वस्तुलाई आड दिन राखिएको सहायक वस्तु; टेको; आधार; आश्रय। something that holds something firmly or carries its weight, especially from below to stop it from falling; a support; a prop.

भराःव /bʰərɑːwə, *ant.* **rũwə/** – [वि. *adj.*] **१.** (बोटबिरुवा, वनजङ्गल आदि) बढी फासलामा रोपिएको वा उम्रेको। (of plants) sparsely planted or grown. (कपडा, स्वेटर आदि) पातलो हुने गरी बुनिएको। (of clothes like sweaters) not closely woven or

knitted. **२.** (बिउ, बिस्कुन आदि) पातलो हुने गरी छरिएको, फिँजाइएको। (of crops on the floor, mats, etc. or seeds) sparsely scattered.

भरें /*plv.* **bʰərẽ(ŋ)**, *hmlv.* **bʰərə̃'**/ – [ना. *n.*] घरको तला छाप्न निदालभन्दा माथि लडाएर तेर्स्याइने लामो काठ; फल्याक, काठ, चिर्पट आदि छाप्दा आड दिन भारवहनको लागि बिछ्याइने ठूलाठूला काठ; दलिन; दार। a long thick piece of wood, especially used to support weight in a building or other structure; a rafter.

भरेः /**bʰərèː**/ – [ना. *n.*] कुनै ठाउँ वा कसैलाई माया मारी त्यागेर जाने काम। an act of abandoning a person or a place. ~**ख्यानैःन्य** /**kʰjanəˈːnjə**/– [अ.क्रि. *v.i.*] माया मारेर जानु; चटक्कै छोडेर जानु। to abandon a person or a place for good.

भरे /**bʰəre**/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**झापिन** /**dʒʰapɪn**/)

भरेमा /**bʰəremā**/ – [ना. *n.*] घर छाप्न दलिन मुनि गाह्रा-गाह्रामा घुसारी राखिने ठूलो काठ; धरिन; निदाल। the main beam on which the rafters rest.

भरेस /**bʰəres**/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**झापिन** /**dʒʰapɪn**/)

भर्कल /**bʰərkə̀l**/ – [क्रि.वि. *adv.*] केही बेर वा थोरै समय मात्र पहिले; भखरै। just a few moments ago; just.

भर्का /**bʰərkā**/ – [ना. *n.*] कामको रास थुप्रिँदा कहिले सिद्धिएला भनी हुने आच्छु-आच्छु; अत्यन्त हतार; कामको भिड; चटारो। piles of work; pressure one feels when work piles up.

भर्क्या /**bʰərkjɑ**/ – [वि. *adj.*] ☞ (**भःर्किन्य** /**bʰɨrkɪnjə**/)

भर्चा /**bʰərtʃā**/ – [ना. *n.*] आइमाईकी दिदी-बहिनी वा पुरुषका दाजुभाइको छोरो; भतिजो। (of women) sister's son; (of men) brother's son; nephew.

भर्ज़ा /**bʰərzɑ**/– [क्रि.वि. *adv.*] ☞ (**भर्कल** /**bʰərkəl**/)

भर्ता /**bʰərtɑ**/ – [वि. *adj.*] **१.** आकार, लम्बाइ र गुण आदि कुनै कुरामा अरूभन्दा बढी। not equal in weight, length or quality. **२.** सीमाभन्दा बाहिर। out of limit. **३.** चाहिएको वा आवश्यकताभन्दा बढी; हुनुपर्ने भन्दा ज्यादा; बढ्ता। more than necessary; too much. **४.** अमिल्दो; अप्रासङ्गिक। odd; unsuitable; out of context; non-contextual.

भऱ्या /*plv.* **bʰərjɑ**, *syn.* **tʃuluwɑ**, *ant.* **siː**/ – [ना. *n.*] **१.** भाँडाको बिटभन्दा माथिसम्म अटाउन्जेल चुल्याएर राखिएको कुनै चिज; भरिभराउ। the amount of sth filled over the brim. **२.** [वि. *adj.*] (चिज) भाँडाको बिटसम्म पुग्ने गरी टनाटन भएको; पोखिएला झैं हुने गरी भाँडामा राखिएको। (of containers) nearly overflowed with sth.

भल्र्यापभल्र्याप /**bʰərljɑp-bʰərljɑp**/ – [ना. *n.*] भिजेको लुगाफाटो आदि हल्लँदा आउने आवाज; ल्याफल्याफ। the sound produced when a piece of wet cloth flutters in the air.

भल /**bʰəl**/ – [ना. *n.*] ज्यादा बर्सात हुँदा सीमा नाघेर उर्लेको पानीको प्रवाह; ठूलो भेल; बाढी। a large amount of water covering an area; flood. > **भलपैरा** /**bʰəlpə̃ˈrɑ**/– अविरल वर्षाले भत्काई बगाएर ल्याएको ढुङ्गा-माटोसहितको लेदो; बाढी-पहिरो। a mass of rock and earth moving suddenly and quickly down a steeps slope; a landslide.

भला /bʰəlɑ/ – [ना. *n.*/से.भे. *slv.*] रातो र सेतो फूल हुने एक प्रकारको रुख वा सोको फूल; कोइरालो। Bahunia variegata; a type of tree with white flowers. > **भलाच्या /bʰəlɑtʃjɑ/–** कोइरालोको फूल। the flowers of this tree. Its flowers are eaten as pickle.

भलायो /bʰəlɑjo/ – [ना. *n.*] छालामा सम्पर्क हुँदा घाउ नै हुने, भुवादार बोक्रा हुने एक प्रकारको विषालु रुख। a type of wild tree whose sap is poisonous and causes rashes in the body.

भलासुकला /bʰəlɑsukəlā/ – [ना. *n.*] हित्तचित्त मिलेको मानिससँग सञ्चो-बिसञ्चो, सुखदुःख आदि सोधखोजको नाममा गरिने आपसी गफगाफ; मन खोलेर गरिने मैत्रीपूर्ण कुराकानी, भेटवार्ता; हार्दिक वार्तालाप; भलाकुसारी। pleasantries; chatting.

भलै /bʰələ̀ˈ/ – [ना. *n.*] शारीरिक सन्तुलनको लागि आवश्यक तागत। necessary stamina required for the balance of body.

भल्कात्या /bʰəlkɑtjɑ/ – [वि. *adj.*] (शरीर) ठूलो भई नसुहाउँदो, भद्दा; बेछाँटको। (of the body) improperly shaped; ugly; fatty; out of shape.

भल्खादा /bʰəlkʰādā/ – [ना. *n.*] खनेर वा भल-बाढी आदिले जमिनमा पारेको गहिरो खाल्डो; भड्खारो; खाडल। a ditch; a pit; a moat.

भल्था$_{१}$ /bʰəltʰɑ/ – [ना. *n.*] सिस्नुको बोटमा हुने खानयोग्य गाँठो। edible nodes that grow on nettle.

भल्था$_{२}$ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**कुइकरम /kuɪkərəm/**)

भल्थ्या /bʰəltʰjɑ/ – [वि. *adj.*] **१.** चोटपटक लागेर शरीरको अवयवमा उठेको (लोलो वा टुटिल्को); सुन्निएको। (of body parts) swollen. **२.** रिसाए झैं गरी नबोलेर टेढिएको; रिसले फन्केको; बाउँठिएको। angry; fumed (at/over/about sb/sth)

भाँ */plv.* **bʰã(ŋ)** > *hmlv.* **sbʰã/**) **–** [ना. *n.*] उज्यालाको लागि बालिने सुकेको बाँस; भाटा; निगालाका सिटा। dry bamboo to be used for burning in fires.

भाँगल /bʰãgəl, *ant.* **kʰəˈ/ –** [ना. *n.*] मित्रता, नाताबीच कुनै कारणले आइपरेको चिसोपना; मनमुटाव; भित्री बेमेल; चित्तको फाटो; मनोमालिन्य; कटुता; वैरभाव; वैमनस्य। lack of warm feeling in relationship or friendship; animosity; hostility.

भाँती /bʰãtɪ/ – [ना. *n.*] विविधतामध्ये कुनै एक किसिम; थरी; प्रकार। a particular variety or type; kind; sort; type; class.

भाँतिउ */hmlv.* **bʰãtɪᵘ**, *plv.* **sjəso/–** [वि. *adj.*] जस्तो छ त्यस्तो; जुन प्रकारको; झैं; नै; जस्तै। similar to sb/sth; like; similar; resembling.

भाँदी /bʰãdɪ/ – [ना. *n.*/प.भे. *plv.*] रक्सी पकाउँदा रक्सी जम्मा हुने माटाको भाँडो। an earthen pot in which liquor is collected while brewing. ☞ (**खोए /kʰoe/**) *for picture.*

भाँद्या /bʰãdjɑ/ –[ना. *n.*] फापर जस्तै बोट र गुण हुने, खाँदा छाला झमझमाउने जङ्गली वनस्पति। a type of (edible) wild plant that resembles buckwheat.

भाइगन्द्या /bʰɑˈgəndjɑ/ – [वि. *adj.*] पढेको-सुनेको वा देखेको आदि कुरा सम्झनामा राख्न नसक्ने; स्मरण शक्ति कम भएको; कमजोर स्मरणशक्तिको। forgetful; absent-minded.

भाउज़ा /*plv.* **bʰaᵘza**, *hmlv.* **bʰalo/** – [ना. *n.*] भर्खर जन्मेको बच्चा; नाबालक; दूधे बालक; शिशु। a suckling baby; an infant; a baby.

भाʔ¹ /**bʰaʔ/** – [ना. *n.*] **१.** कुनै वस्तुको खण्ड, हिस्सा वा अंश; भाग। part of sth.

भाʔ² – [ना. *n.*] सबैलाई पुग्ने गरी बाँड्ने वा पुऱ्याउने काम; वितरण। distribution; allocation.

भाʔ³ – [क्रि.वि. *adv.*] केहीक्षण पहिले; भर्खर। just now; a few moments ago. > **भाʔ क (ङ)** /**bʰaʔ kə(ŋə)/**– धेरै वर्ष पहिले; प्राचीन वा परापूर्वकालमा; उहिले; उहिल्यै। a long time ago; ages ago. > **भाʔज़ा** /**bʰaʔza/**– केही छिन अगाडि वा थोरै समय पहिले; भर्खरै मात्र। just now; a short time ago.

भाʔन्य /**bʰaʔnjə**, *ant.* **sjonjə**, *md.* **puŋke/** – [स.क्रि. *v.t.*] कुनै काम, चिज आदि एकभन्दा बढीलाई भाग लाएर दिनु; वितरण गर्नु; बाँड्नु। to divide or distribute sth among people. > **भाʔसिन्य¹** /**bʰaʔsɪnjə**, *md.* **bʰake/**– लोग्ने स्वास्नीबीचको सम्बन्धलाई औपचारिक रुपमै तोड्नु; दाम्पत्य सम्बन्ध विच्छेद गर्नु; पारपाचुके गर्नु। to end one's marriage legally; to end your marriage by an official or legal process; to divorce. > **भाʔसिन्य²**– बिदाबारी गर्नु; छुट्टिनु। to say farewell; to bid goodbye. > **भाʔसिन्य³**– (आफूसमेत संलग्न भई) कुनै चिजलाई परस्परमा भाग लगाउनु; बाँड्नु। to divide sth among each other. > **भाʔस्या** /**bʰaʔsja/**– [वि. *adj.*] आफूसँग रहेको चिज अरूलाई विना हिच्किचाहट दिने; दानदातव्य गर्न मन पराउने; उदार; दानशील; दानी। generous; beautiful; big-hearted.

भाʔर /**bʰaʔr/** – [ना. *n.*] भान्साका सामानहरू, चिजबीज आदि राख्न र सुकुटी आदि सुकाउन बनाइएको चुह्रो माथिको ठाउँ। a shelf over a hearth to keep utensils and to dry meat.


भाʔर

भाङ /**bʰaŋ/**–[ना.*n.*/प.भे.*plv.*] ☞ (**भाँ**/**bʰã/**)

भाङ्गो /**bʰaŋgo/** – [ना. *n.*] गाँजाको बोट वा सोबाट प्राप्त हुने रेसा। hemp plant called *bhāng* or its fibres. ~**सै** /**sə'/**– भाङ्को बियाँ, दाना। hemp seeds.

भातʔ /**bʰatʔ/** – [ना. *n.*] धाराप्रवाह बोल्नसक्ने मान्छे। a person who can give a long speech; a fluent speaker.

भाता /**bʰata/** – [ना. *n.*] बार बार्ने, बालेर उज्यालो पार्ने आदि प्रयोजनको चिरा नपारिएको सग्लो निगाला। the *nigālo* canes used as firewood or to make a fence.

भान्द्रा /**bʰandra/** – [ना. *n.*/उ.भे. *ulv.*] ☞ (**पगार** /**pəgar/**)

भान्ज /**bʰandʒə/** – [ना. *n.*] **१.** लोग्ने मान्छेको दिदी, बहिनीको छोरो; भानिज; भान्जा। son(s) of one's husband's sisters. **२.** छोरीको लोग्ने; ज्वाई। one's daughter's husband.

भान्जी /**bʰandʒiː/** – [ना. *n.*] **१.** लोग्ने मान्छेकी दिदी, बहिनीकी छोरी। (of males) one's sister's daughter; niece. **२.** मामाको छोराले फुपूकी छोरीलाई भनिने साइनो। *phupu*'s daughter. **३.** ज्वाइँको दिदी, बहिनी। son-in-law's sister(s).

भान्स्यारी /**bʰasjarɪ/** – [ना. *n.*] खानेकुरा पकाउने मान्छे; भान्से। a cook.

भाबन /bʰabən/ – [ना. *n.*] हिन्दू वर्णाश्रम धर्म अनुसार आर्य परिवारका चार वर्णमध्ये पहिलो मानिएको एक जाति; ब्राह्मण; बाहुन। the caste called *Bhrahmin.*

भाम्न्य /bʰàmnjə/ – [स.क्रि. *v.t.*] भिन्दाभिन्दै प्रकारका वस्तुहरूलाई एकै ठाउँमा थुपार्नु; सँगसँगै राख्नु; डङ्गुर, रास तुल्याउनु। to gather different things together.

भारपतर /bʰarpətər, *syn.* **bʰara/** – [ना. *n.*] फिर्ता गर्नै नसकिने स्तरमा कसैले लगाएको ऋण वा गुनको भारी; उपकारको बोझ। indebtedness; thankfulness; gratefulness.

भारा /bʰara/ – [ना. *n.*/निभु.भे. *nblv.*] ☞ (**कादा /kada/**)

भारामबुरुम /bʰaràm-burúm/ – [ना. *n.*] सँगसँगै लागिमेली गरी सम्पन्न गरिने कुनै काम; कार्यगत एकता। an act of doing sth together; working unity.

भारे /bʰarè/ – [निपा. *part.*] असहमति वा विरोध जनाउन वाक्यको अन्तमा प्रयोग हुने शब्द। word used at the end of a sentence to show your disagreement or objection contemptuously.

भार्ज्या /bʰardʒja/ – [ना. *n.*] अर्थहीन कामकुरो। meaningless stuff.

भार्ना /bʰarna/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**पगार /pəgar/**)

भार्‍या /bʰarja/ – [ना. *n.*] भारी बोकेर जीविका चलाउने मानिस; भारी बोक्ने व्यक्ति; भरिया। a person whose job is to carry loads; a porter; a coolie; a carrier.

सरेस /*plv.* **sərеs**, *nblv.* **rses/** – [ना. *n.*] कुनै वस्तुको चिनाउने सङ्केतको रूपमा रहेको निसाना; चिनो; चिह्न। a sign; a souvenir; a memento. > **सरेस्न्य[1] /sərеsnjə**, *mḍ.* **wɑrkе/**– [अ.क्रि. *v.i.*] खास स्वरुपको ज्ञान पाउनु; परिचय पाउनु; पहिचान्नु; चिन्नु। to know (of/about sth); to recognize; to identify. > **सरेस्न्य[2]**– अरूको बानीबेहोरा, खास प्रवृत्ति आदिको बारेमा थाहा पाउनु; जान्नु। to know about someone's nature, habit, etc. > **सरेस्सिन्य[1] /sərеssɪnjə/**– दुई जनाबीचमा मायाप्रीति गाँसिनु; प्रेमसम्बन्ध स्थापित हुनु; एकअर्कामा माया बस्नु। to fall in love. > **सरेस्सिन्य[2]**– एक अर्काबीचमा चिनजान हुनु; जानपहिचान, चिनापर्ची गर्नु; एकअर्काको बारेमा जानकारी हुनु। to

introduce to each other.

सरे̰ʔन्य /sərẽʔnjə/ – [स.क्रि. *v.t.*] **१.** बालबच्चालाई खेलौना खेल्न लगाउनु; खेलाउनु। to divert children by giving them toys to play; to entertain children. **२.** केटाकेटीलाई फकाइफुलाइ गरेर भुलाउनु; रुनबाट अल्मल्याउनु; फकाइफुलाइ गर्नु। to lull crying children; to divert children.

सरैन्य /sərəˈnjə/ – [स.क्रि. *v.t.*] **१.** कसैको बारेमा राम्रो बखान, सराहना गर्नु; तारिफ, प्रशंसा गर्नु; बखान गर्नु। to admire, praise or appreciate someone. **२.** कसैलाई कुनै काम गर्न हौस्याउनु; प्रोत्साहित गर्नु। to encourage sb to do sth.

सर्कैःन्य /sərkəˈːnjə/ – [अ.क्रि. *v.i.*] पकाइँदै गरिएको भात, ढिँडो, लिटो आदिको पानीको मात्रा घट्दै, सुक्दै जानु। (of water in rice, porridge or *dindo* etc.) to dry off (while it is being cooked).

सर्क्या /sərkjɑ/ – [वि. *adj.*/ग.भे. *glv.*] ☞ (**भर्क्या /bʰərkjɑ/**)

सर्गबान /sərgəbɑn/ – [ना. *n.*/निभु.भे. *nblv.*] रक्तचाप, चोट आदिको कारण शरीरको दायाँबायाँ अङ्ग वा कुनै भाग चेतनाहीन हुने रोग; पक्षाघात। when hou are unable to move all or certain parts of your body because of blood pressure or injury; paralysis.

सर्छल्न्य /sərtʃʰəlnjə/ – [स.क्रि. *v.t.*] **१.** (विश्वास) तान्त्रिक विधिद्वारा बिरामीलाई कुन प्रकारको लागो लागो बिमार लागेको वा के कारणले बिरामी भएको भनेर पत्ता लगाउनु; तन्त्रमन्त्र गरी जाँच्नु वा हेर्नु। (of common beliefs) to examine a person by a shaman or witch doctor by using a *tantric* method. **२.** कसैको शक्ति, ज्ञान, हालत, धन, तागत आदिको अड्कल लगाएर उसको महत्त्व वा स्तर पत्ता लगाउनु। to test someone's knowledge or skill in a particular subject; to examine sb (in/on sth). **३.** छाला वा मांसपेशीमुनि रहेको डल्ला, गिर्खाहरू बाहिरबाट छामेर थाहा पाउनु; खम्रो, मसिनो आदिको स्थिति हातले छामेर पत्ता लगाउनु; छाम्नु। to check your body parts for lumps. **४.** अँध्यारोमा के र को कहाँ छ भनी पत्ता लगाउन खोज्नु। to fumble or grope around in the dark looking for sb/sth.

सर्जाम /sərdʒɑm/ – [ना. *n.*] ☞ (**उदुम /udum/**)

सर्भल्न्य /sərdʒʰəlnjə/ – [स.क्रि. *v.t.*] ☞ (**३. सर्छल्न्य /sərtʃʰəlnjə/**)

सर्थाः /sərtʰɑːˀ/ – [ना. *n.*] लिखित रूपमा पठाइने वा दिइने खबर; पत्र; चिठी। a message that is written down or printed on paper and usually put in an envelope and sent to sb; a letter.

सर्द /sərdə/ – [ना. *n.*] कुनै कामकुराको खास अर्थ वा कारण। the significance or meaning of any work.

सर्न्य /sərnjə, *mḍ.* **rɪkke/ –** [स.क्रि. *v.t.*] **१.** कलम, सिन्का आदिद्वारा लिपिबद्ध गर्नु; लेख्नु। to make marks which represent letters, words or numbers on a surface, such as plank of wood slate paper, using a pen, pencil; to write. **२.** ग्रन्थ, लेख आदिको निर्माण गर्नु; रचना गर्नु। to write an article, book, etc. **३.** [अ.क्रि. *v.i.*] कुनै चिजमा रहेको ओसिलोभाव हट्नु; ओभाउनु; सुक्नु। to become dry. > **सरचार /sərtʃɑr/–** [ना. *n.*] लेखापढी गरेबापत पाइने ज्याला; लेख्दा पाइने पारिश्रमिक; लेखाउनी; लेखकस्व। a

payment for writing.

सर्बा /sərbɑ/ – [क्रि.वि. *adv.*] केही धेरै नै बेसी; बढी नै । pretty much; so many.

सर्मैःन्य /sərmə'ːnjə/ – [स.क्रि. *v.i.*] ☞ (**सरैन्य /sərə'njə/**)

सर्‍यो /sərjo/ – [ना. *n.*] मित्रको धर्म निभाउने काम वा स्थिति; मित्रभाव; मित्रता । the situation when you fulfil your duty as a good friend; friendship. ~**पुगिन्य /pugɪnjə/–** [अ.क्रि/स.क्रि. *v.i., v.t.*] मित्र वा आफन्तको लागि दुःख वा असजिलो पर्दा केही सहायता गर्न सक्षम हुनु; मित्रप्रति निभाउनुपर्ने दायित्त्व पूरा गर्नसक्ने हुनु; मित्रताको धर्म निभाउनु । to be able to help your relatives or friends when they are in trouble; to fulfil your duty as a good friend; to help your friend.

सर्वैं /sərwə'/ – [ना. *n.*/थ.भे. *tlv.*] ☞ (**रोङ्गो /roŋgo/**)

सल /səl/ – [ना. *n.*] **१.** छालाको बाहिरी सतहलाई छेडेर अल्झेको छेस्को । a splinter of wood that has pierced the surface of skin. **२.** मुर्दा पोल्नको लागि बनाइएको काठको हारी, चाङ; चिता । a pyre.

सलाः /sə́lɑʔ/ – [ना. *n.*] घरपालुवा जनावरको गोठ ओबानो राख्न ओछ्याइने सुख्खा पात, पतिङ्गर; सुकेको पात; सोत्तर । dry leaves used for making bedding; fallen dry leaves.

सल्लाँन्य /səlɑ̣̃njə <sɑ̣̃njə> sɑ̣ŋnjə/ – [अ.क्रि. *v.i.*] गर्मीमा सिर्सिर हावा चल्दा, हम्काउँदा वा पङ्खा घुम्दा शितलताको अनुभव गर्नु । to feel cold.

सल्लेम्न्य/səlẹ̣mnjə/ – [स.क्रि. *v.t.*] खानेकुरामा विभिन्न मिठास ल्याउने मिश्रण (खासगरी चिल्लो चिज) मिलाएर स्वाद बढाउनु; स्वादिलो तुल्याउनु । to make food tasty (by adding spices and oily substance); to add flavour to food .

सल्कैःन्य /səlkə'ːnjə/ – [स.क्रि. *v.t.*] कुनै चिजमा आगो लगाएर बल्ने गराउनु; सल्काउनु; बाल्नु । to light a fire; to kindle a fire.

सल्ला /səllɑ/ – [ना. *n.*] **१.** कामकुरा राम्ररी सम्पादन गर्न वा निर्णायक टुङ्गोमा पुऱ्याउन गरिने छलफल; एकभन्दा बढी व्यक्तिबीच कुनै विषयमा गरिने छलफल वा सो क्रममा हुने सहमति, सरसल्लाह; सल्लाह । when people talk about something and tell each other their ideas or opinions; discussion; agreement. **२.** कसैको हितको लागि दिइने उपदेश; अर्ती । a piece of advice; counsel.

सल्सलो /sə́lsəlo/ – [वि. *adj.*] (बोट, बिरुवा) बाङ्गोटिङ्गो नभएको; सलक्क परेको; सुरिलो । (of trees, branches) vertically straight.

सवल्न्य /səwəlnjə/ – [स.क्रि. *v.t.*] गइरहेकालाई फर्कने बनाउनु; फर्काउनु । to cause to return.

सव़ाँन्य /səwɑ̣̃njə, *syn.* səwɑ̣ŋnjə/ – [स.क्रि. *v.t.*] खाने-पिउने आदि चिजद्वारा तृप्त गराउनु; अघाउने बनाउनु; अघाउनु । to satisfy someone's hunger; to feed someone to their heart's content.

सवानी /səwɑnɪ/ – [ना. *n.*] एकै समयमा जन्मेको मान्छे; दौंतरी; समवयस्क । a person who is of the same generation as you; a contemporary. > **सवानीकाउ[1] /səwɑnɪkɑᵘ/–** [वि. *adj.*] एकै समयमा जन्मेको; बराबरी उमेरको; दौंतरी; दमाली । a contemporary. > **सवानीकाउ[2]–** बल, धन, पद, मर्यादा आदिमा आफू बराबरको; समकक्षी । a person who is of your level in strength, wealth, position.

सवैःन्य /səwə̀ːnjə/ – [स.क्रि. *v.t.*] **१.** कोपिलालाई फुल्ने पार्नु; फुल्न लाउनु; पुष्पित गराउनु; फुलाउनु to grow flowers; to cause to flower or blossom or bloom. **२.** [अ.क्रि. *v.i.*] फक्रन दिनु; फुल्न दिनु। to allow or cause to flower, blossom or bloom. **३.** [स.क्रि. *v.t.*] दूध चुसाउनु वा चुस्न लगाउनु; दूध पिलाउनु। to feed a baby or young animal with milk from the breast or udder; to suckle a baby or young animal.

सव़ैन्य /səwə̰ˈnjə/ – [स.क्रि. *v.t.*] प्वाल, खोल आदिलाई ठूलो वा खुकुलो पार्नु; खुकुल्याउनु। to make sth less tight or firmly fixed; to loosen sth.

ससर्न्य /səsərnjə/ – [स.क्रि. *v.t.*] वस्तुमा रहेको चिस्यान वा ओसिलोभावलाई तापद्वारा हटाउनु; ओबानो पार्नु; ओभाउनु। to dry sth by using heat.

ससार्न्य /səsə́rnjə/ – [स.क्रि. *v.t.*] नपुग्ला जस्तो भएको तरकारीमा पानी, नुन आदि थपेर झोलको मात्रा बढाउनु। to add some amount of water to curry and boil it again.

ससैःन्य /səsəˈːnjə/ – [स.क्रि. *v.t.*] **१.** बोटबिरुवाबाट फल लाग्ने पार्नु; फलाउनु। to grow fruit. **२.** प्रमाण र तुकविनाको विषय वा प्रसङ्गलाई बढाइचढाइ गर्नु; अतिशयोक्तिपूर्ण व्याख्या गर्नु; नक्कली प्रमाणको तर्क दिनु। to exaggerate sth; to give false evidence.

स़रो /sə̰ro/ – [वि. *adj.*] हुनुपर्ने भन्दा ज्यादा; बढ्ता भएको। more than enough; too much.

स़र्न्य /sə̰rnjə/ – [स.क्रि. *v.t.*] ☞ (**भुबुरैःन्य** /bʰuburəɪnjə/)

सहना /səɦənɑ/ – [ना. *n.*] दमाईले फुकेर बजाउने बाद्य। a type of musical instrument; clarinet.

सहना

साँ$_{१}$ /sã(ŋ)/ – [ना. *n.*] प्रकाश वा उज्यालो छेकिएर पर्ने छायाँ; ओझेल। the dark shape that sb/sth's form makes on a surface when they are between the light and the surface; a shadow. **२.** ऐनामा देखिने दुरुस्त रुप; प्रतिविम्ब; प्रतिच्छाया। a reflection of sb/sth seen in a mirror. **३.** स-साना ढुङ्गा (गिट्टी) एक हातमा लिएर एउटा माथि फालेर सो खस्न नपाउँदै अर्को टिपेर खसिरहेको ढुङ्गालाई थाप्ने फेरि माथि फालेर अर्को ढुङ्गा टिप्दै पालै-पालो गरी खेलिने खेल। a traditional game called *gattā* played by children, using some pieces of stones. **४.** ढुङ्गाको टुक्रा; गट्टा। pieces of stones used in this game.

-साँ$_{२}$ – [प्रत्य. *suf.*] धातुमा जोडिई अनुरोधबोधक आदरार्थी क्रियापद बनाउने प्रत्यय। (*e.g.* जै+साँ = जैसाँ "गर त/गर्नुस् त", ज़्यु+साँ = ज़्युसाँ "खाउ त/खानुस् त" आदि।) suffix added to a root to change the verb into imperative honorific.

साँगल/sãgəl/ – [ना. *n.*] मुन्द्राहरूलाई आपसमा जोडेर बनाइएको धातुको डोरी; सिक्री; साङ्लो; जन्जिर; साङ्ली। a series of connected metal rings, used for pulling or fastening things; a chain.

साँचिन्य /sãtʃɪnjə/ – [स.क्रि. *v.t.*] **१.** नमासेर वा खर्च नगरिकन जोगाएर/बचाएर राख्नु; किफायत गर्नु; फारो गर्नु। to economise on sth; to use sth frugally. **२.** भत्कन

बिग्रनबाट जोगाउनु; जतन गर्नु; बचावट गर्नु। to protect or preserve sth.

साँद /sãdə/ – [ना. *n.*] कुनै दुई वा सोभन्दा धेरै जग्गा-जमिन, वन, गाउँ, प्रान्त, देश आदिको बीचमा पर्ने भाग; सिमाना। the edge or limit of something; the line or part that divides country, land, village, state etc.; a boundary; a border.

साँप /sãpə/ – [ना. *n.*] **१.** अँध्यारोमा अनुमान लाउने काम; अड्कल। an act of fumbling around or groping for sth in the dark. **२.** ☞ (**माहा /maɦa/**)

साँपन /sãpən/ – [ना. *n.*] डोरीलाई दोहोऱ्याएर बाट्न गुथेर राखिने साधन। a traditional instrument used while making ropes.

साँबल /sãbəl/ – [ना. *n.*] शवको छेउछाउमा राखिने र शवयात्राको क्रममा बाटाबाटामा छरिने अन्नका गेडागुडी; बुर्की। grains strewn along the way when a dead body is being carried for cremation or burial.

साँबिला

साँबिला /sãbɪla/ – [ना. *n.*] खोर, पर्खाल आदिको मूलद्वारको दुबैतिर गाडेर ठड्याइएको खम्बामा प्वाल कोपेर सोभित्र दायाँबायाँ लामो गरालो घुसाएर बनाइएको बार; तगारो। wooden gate; a type of stile.

स़ाँन्य /sã̰njə/ – [अ.क्रि. *v.i.*] **१.** अरूले गरिरहेको कुराको रहस्य थाहा पाउन विशेष चासो राख्नु; ध्यान दिएर सुन्नु; कान ठाडो पार्नु। to eavesdrop; to prick up your ears. **२.** ☞ (**सल़ाँन्य /səlã̰njə/**)

सा[१] /*nblv.* **sa**, *plv.* **sapiː/ –** [ना. *n.*] तरकारी, अचार आदिलाई स्वादिष्ट तुल्याउन प्रयोग गरिने एक प्रकारको खनिज तत्त्व; क्षार; नुन। a common white substance found in sea water and in the ground, which is used especially to add flavour to food; common salt.

सा[२] **–** [वि.वो. *intj.*/प.भे. *plv.*] सम्भावित र सन्देहको सूचना गर्ने शब्द; हो कि ! हैन ! word used to express probability or doubt. Is it? Isn't it?

साः /saː > rsa/ – [वि. *adj.*] शरीरमा सञ्चित शक्ति; तागत; बल। physical strength; energy. ~**नैःन्य /nəˈːnjə/–** [स.क्रि. *v.t.*] गरिरहेको काम वा यात्राबाट थकाइ मार्न विश्रान्ति लिनु; बिसाउनु। to take a rest; to respite to take respite; (from work).

साइँसुइँःव /sãˈsũˈːwə/ – [ना. *n.*] कहीं कतै कुनै आवाज नआएको, हल्ला नभएको अवस्था; निःशब्द; सुनसान; सन्नाटा। without any sound; silence; quietness.

साइतो /saˈto/ – [ना. *n.*] **१.** यात्राको उपयुक्त अवसर; सगुनको मौका; शुभसाइत। an auspicious moment to set off your journey. **२.** शुभमाङ्गलिक कार्य गर्ने राम्रो अवसर; शुभसमय; शुभमुहूर्त। an auspicious moment to commence sth.

साइन /saˈnə/ – [ना. *n.*] एउटै कोखमा जन्मेर, वैवाहिक सम्बन्ध जोडिएर वा औपचारिक विधिद्वारा गाँसिन पुगेको बन्धुताबीच सम्मानार्थ प्रयोग गरिने सम्बोधनको शब्द; साइनो। the way in which a person is related to sb else in a family; relationship; kinship.

साउँ /sã[u]**/ –** [ना. *n.*] लगानी, ऋण, वस्तु निर्माण, खरिद आदिमा परेको मूलधन; सावाँ; लागत। the amount of money that is invested

in sth; cosdt; capital.

साःन्य /saʔnjə/ – [अ.क्रि. *v.i.*] **१.** खोलानाला, नदी, तलाउ, कुलो आदिमा पानी सुकेर खाली हुनु; सुक्नु। (of streams, rivers, lakes etc.) to dry up. **२.** फाँचा(द)को दूध कम हुँदै जानु। (of milk in the udder) to go dry. **३.** हिउँ, बरफ पग्लनु; सुक्नु। (of snow, ice) to melt; to thaw.

साकितर /sakıtərə/ – [ना. *n.*] **१.** कसैलाई बेसरी गुण लगाए जस्तो गरी गरिने चाकडीको स्वाङ्; बाहिर मात्र देखिने गरी गरिएको कृत्रिम तारीफ। flattery; sycophancy. **२.** कसैको अति निकट भइटोपल्ने काम; निकटतम सम्बन्धको बहाना। to be close to someone to win their favour; the pretension of being close to someone.

साक्क /sakkə/ – [वि. *adj.*] **१.** एउटै कोखमा जन्मनाको कारण बन्न गएको नजिकको खास नाता; सहोदर; (नाता) ज्यादै घनिष्ठ। (of relationship) from the same womb; uterine. **२.** [ना. *n.*] चापलुसी घसेर आफूलाई कसैको धेरै नजिकको देखाउने काम वा व्यवहार। flattery; sycophancy.

साखा /sakʰa/ – [ना. *n.*] **१.** खास नामको अगाडि वा पछाडि जोडी गिज्याएर सम्बोधन गरिने पुर्खा वा स्वयम्को कुकर्मको कारण बन्न गएको दुर्नाम; कलङ्कित नाम। an insulting name/word added to a person's name, used to make a remark on their or their ancestors' evil deed. **२.** कुनै गलत काम गरेर कलङ्कित नाम कमाउने पूर्वज। one's ancestors who defamed their clan or family by doing an evil deed. **३.** दुर्नाम कमाएका व्यक्ति। an infamous person. **४.** नराम्रो गरी चलेको नाम; दुर्नाम। disgrace; infamy; notoriety.

साङ्ला /saŋəla/ – [ना. *n.*] भित्ता, खाट, प्वाल भान्सातिर बस्ने एक किसिमको किरा; साङ्लो। a flat brown or black insect found in the home; cockroach.

साङ्गी /saŋgı/ – [ना. *n.*] **१.** बिरामी जनावरलाई बीचमा झुन्ड्याई दुबैतिरको टुप्पालाई काँधमा राखेर बोकिने लामो काठ। a long pole used for carrying a sick animal. **२.** शवलाई सद्गत गर्नको लागि झुन्ड्याएर लगिने (खास गरी हरिस) लामो काठ; डन्डी। a long pole used for carrying a dead body for cremation or burial.

साचो$_{१}$ */plv.* **satʃo**, *nblv.* **gəsãka/ –** [वि. *adj.*] जस्तो हुनुपर्छ त्यस्तै वा सन्देह नभएको; पत्याउन सकिने; विश्वस्त; साँचो; वास्तविक; सत्य। connected with facts rather than things that have been invented or guessed; true; correct.

साचो$_{२}$ – [ना. *n.*] वास्तविक वा प्रमाणित सिद्धान्त। reality; factual theory.

साता /sata/ – [ना. *n.*] **१.** सातदिनको अवधि वा एकाइ; हप्ता। a period of seven days; a week. **२.** झाँक्रीले बिरामीको ग्रहदशा हेर्नको लागि देवतासँग सम्वाद गर्दा बस्ने अन्तर्ध्यान। contemplation or meditation practised by a shaman or witch doctor while diagnosing the problem of an sick person.

साताकसुतुक /sataksutuk/ – [ना. *n.*] कसैले थाहै नपाउने गरी सुटुक्क गरिने कुनै कामकुरो; खुसुक्क गरिने काम। a secret talk or activity.

सातु /satu/ – [ना. *n.*] **१.** मानव अस्तित्वको भित्री मूल वस्तु; सातो; हँस। the essence of our existence; spirit; soul. **२.** प्राणीभित्र रहने सही र गलत छुट्याउने ज्ञान; चेतनतत्त्व;

चैतन्य; होस। the presence of mind; consciousness; sensibility.

साःदो /sáːdo/ – [ना. *n.*] **१.** अरूको उन्नति वा भलो देखेर मुखबाट उच्चारित हुने लोभ लाग्दा शब्द; लोभ, लालच, लिप्साको अवस्थामा व्यक्त हुने बोली। word that is uttered unknowingly while one envies of someone's prosperity or achievement. **२.** ज्यादै मन परेको कुरा पूर्ण हुँदा वा सो गर्न पाउँदा हुने सुखद अनुभूति; राम-रमाइलोपन। the feeling of being happy when you achieve that you have desired; happiness. **३.** कुनै किसिमको दुःख-कष्ट, असजिलो, बिस्मात आदि नभएको प्यारो स्थिति; आनन्द। the state of being physically relaxed and free from pain; the state of having a pleasant life, with everything that you need; comfort. > **साःदोकाउ¹ /sáːdokaᵘ/–** [वि. *adj.*] मनै लोभ्याउने खालको; मनोहर; राम्रो देखिएको; सुन्दर। beautiful; pleasant; alluring. > **साःदोकाउ²–** कुनै दुःख, कष्ट, असजिलो नभएको; आरामदायी; विलासी। comfortable; luxurious.

साधिन्य /sadʰɪnjə, *md.* **gʰokḍɪke/ –** [ना. *n.*] तन्त्रमन्त्र, ज्ञानगुन आदि घोक्नु; कण्ठ गर्नु। to commit *tantra-mantra* or any piece of information to memory.

साधु /sadʰu/ – [ना. *n.*] पत्नीकी दिदी या बहिनीको लोग्नेलाई बोलाउने साइनो; साढु दाइ वा भाइ। word used to address your wife's sister's husband.

सान /san/ – [ना. *n.*] शब्दविना वा नबोलेरै मतलब बुझाउन सकिने खालको शारीरिक हाउभाउ; साङ्केतिक शब्द; इसारा। gestures; body language; sign language.

सापी /sapiː/ – [ना. *n.*] ☞ (**सा /sa/**)

साप्न्य /sapnjə/ – [स.क्रि. *v.t.*] ☞ (**खीम्न्य /kʰiːmnjə/**)

साभर /sabʰər/ – [ना. *n.*] माडेर, पिटेर जुत्ता, पेटी वा झोला आदि बनाउनयोग्य हुने गरी नरम बनाइएको छाला। soft, tanned leather.

साभला /sabʰəla/ – [वि. *adj.*] **१.** मिसोट, कसर आदि क्यै नभएको; सिङ्गो। not mixed with anything else; with nothing added; pure and whole. **२.** शारीरिक रूपले तन्दुरुस्त; रोग नभएको; निरोगी; स्वस्थ; सद्दे। healthy; able-bodied; blooming.

साभल्या /sabʰəlja/ – [ना. *n.*] गोप्यरूपमा रहेको अवैध लोग्ने; गुप्त पोइ; नाठो। a woman's secret lover/boyfriend; (of males) a paramour.

साभिबेसो /sabʰɪbeso/ – [ना. *n.*] भएको वा गरिएको त्रुटिलाई अरूले थाहा पाएको छैन होला भनी गरिने सद्दे जस्तो हाउभाउ; देखावटी बहाना। a pretension; a pretext.

सामा /sama/ – [ना. *n.*] काम र उद्देश्य अनुसार चाहिने चिजबीजको प्रबन्ध वा जोरजाम; कामकाज पूरा गर्न गरिएको व्यवस्था; जोहो; बन्दोबस्त; चाँजोपाँजो। an arrangement of required things; an arrangement; a preparation.

सारा /sara/ – [ना. *n.*/से.भे. *slv.*] ☞ (**राँदै /rãdəˈ/**)

साराबाराउ /sara (nɪ) barau/ – [वि. *adj.*] (सामान) ठूलो ठाउँ नै ओगट्ने गरी बोकिएको वा थन्क्याइएको; (चिजबीज) अटाइ नअटाइ गरी कतै राखिएको। very full; crammed; bulging; chock-full.

सारिन्य /sarɪnjə/ – [स.क्रि. *v.t.*] धारिलो हतियारले धसेर रेट्नु; सेर्नु। to slit open.

सारैःन्य /sarəˈːnjə/ – [स.क्रि. *v.t.*] **१.** क्यै

चिज वा कसैलाई कतै पुऱ्याउनु; कुनै चिजलाई एक ठाउँबाट अर्कोमा पुऱ्याउनु; कुनै चिजलाई यथास्थानबाट अर्कोमा पुऱ्याउनु; सार्नु। to take sb/sth along; to escort; to move sth; to shift (sth) (from one pleace to another). **२.** स्वामित्त्व हस्तान्तरण गर्नु। to hand sth over (to sb); to hand over (to sb).

साःरो /saːro/ – [वि. *adj.*] ☞ (**सकस /səkəs/**)

सार्दापसर्दपो /sardap (nɪ) sərdəpo – [वि. *adj.*] कपडा गुन्यु, सारी आदि लगाउँदा हिंड्न, पाइला सार्न असजिलो भएको। (of women) being uneasy or difficult to walk in a *sāri, gunyu* etc. because it is tight.

साल /sal/ – [ना. *n.*] ☞ (**१. बिख /bɪkʰə/**)

सालनाल /salnal/ – [ना. *n.*] गर्भभित्रको बच्चा र सालसँग सम्बन्ति गर्ने डोरी। the cord of placenta.

सालिन्य /salɪnjə/ – [स.क्रि. *v.t.*] डोको, थुन्से, बोरा आदिको च्यातिएको भागमा चोया वा धागोले टालटुल पार्नु; जोड्नु। to mend or repair baskets by using bamboo splits; to darn or stitch sacks.

साल्ताकोल्ता /salta (nɪ) kolta/ – [ना. *n.*] एकपटक साटिसकेको चिजलाई पुनः उही चिजसँग साट्ने काम; घरीघरी गरिने साटासाट। the repeated exchange of the same things.

साल्तामसुल्तुम /saltam-sultum/ – [ना. *n.*] अति गोप्यरूपमा कसैको हत्या गरी लाशसमेत गायब गर्ने काम। an act of murdering sb. secretly and hiding the dead body.

सासाखिखी /sasakʰɪkʰɪ/ – [ना. *n.*] भत्कन्छ वा बिग्रन्छ कि भन्ने बारेमा वास्ता नराखी गरिने क्रियाकलाप; उट्पटयाङ्। a reckless or mischievous activity.

सास्तर/sastər/–[ना.*n.*]☞(**घऋर्ति?/gʰɨrtɪ?/**)

साहा /saɦa/ – [ना. *n.*] **१.** वर्षभरिको मौसमको परिबर्तनलाई जनाउने गरी बाँडफाँड गरिएको समयमध्ये एक; ऋतु। one of the divisions of the year based on weather conditions; season. **२.** (जनावर) गर्भधारण हुने समय वा अवस्था; गर्भवती बन्ने काम। (of animals) the state of being pregnant; pregnancy. **~बान्य /banjə/**– [अ.क्रि. *v.i.*] गर्भधारण गर्नु; गर्भ बोक्नु; गर्भिणी बन्नु; गर्भवती हुनु। to be pregnant.

साही /saɦiː/ – [ना. *n.*] वैवाहिक प्रस्तावस्वरुप केटा वा सो पक्षबाट केटीलाई दिइने रकम; साइपाटो। an amount of money offered by a boy or his side to a girl while proposing to her.

स़ारो /sa̤ro/ – [वि. *adj.* / प.भे. *plv.*] ☞ (**छार /tʃʰar/**)

स़ास्न्य */plv.* **sa̤snjə**, *syn.* **sa̤njə**, *glv.* **sə'ŋja**, *md.* **reʈke/**– [अ.क्रि. *v.i.*] **१.** खुसी वा रमाइलो लाग्दा ठूलो स्वरमा प्रसन्नता प्रकट गर्नु; खित्का छोड्नु; हाँस्नु। to laugh; to burst into laughter. **२.** [स.क्रि. *v.t.*] अर्काको गिल्ला, उपहास गर्नु; खिसी गर्नु। to laugh at sb; to mock sb.

सिँ /sĩ(ŋ)/ – [ना. *n.*] बाल्न प्रयोग गरिने रुखका चिरा, टुक्रा, हाँगाबिँगा, ठुन्का आदि; दाउरा। firewood. **~थप्का /tʰəpka/**– काठको गिँडको बीचबीचमा कोपेर खुड्किलो पारिएको खामे भऱ्याङ। a wooden ladder made from a single log.

सिँका /sĩ(ŋ)ka/ – [ना. *n.*] बाँस वा काठको सानो-लाम्चो छेस्को। a bamboo or

wooden splinter.

सिँलासो /sĩlaso/ – [वि. *adj.*] **१.** मात वा निद्रा लाग्दा आँखा चिम्म हुन लागेको वा भएको। (of eyes) sleepy. **२.** [ना. *n.*] मर्नै लागेको अवस्थामा हुने आँखाको चिम्लाइ। narrowing eyes of a dying person/animal.

सिउ$_{१}$ /sɪᵘ/ – [वि. *adj.*] शरीरबाट प्राण गएको; जीवन शक्ति गुमेको; लास भएको; सास गएको; मृत; मरेको। no longer alive; dead.

सिउ$_{२}$ – [ना. *n.*/लु.भे. *llv.*] पहाडतिर पाइने एक प्रकारको धुपी सल्लो। a fir tree; Juniprus sabina.

-सिउ$_{३}$ – [प्रत्य. *suf.*] धातुमा जोडिएर पूर्ण भूतकालिक क्रियापद बनाउने प्रत्यय। (*e.g.* फ्या+सिउ = फ्याःसिउ "चुँडालेको", जै+सिउ = जैसिउ "बनाएको" आदि।) suffix added to a root to form the past perfect form of a verb.

सिउम़ाउ /sɪᵘmạᵘ/ – [ना. *n.*] घरको कुनै सदस्य मरेर दुःख, आपद परेको अवस्था; मर्दापर्दाको स्थिति। an ordeal that you go through when your family member dies or when you are in trouble.

सिउऱ्या /sɪᵘrja/ – [ना. *n.*] (विश्वास) मानिस मरिसकेपछि पनि जीवित र सक्रिय रहेर मान्छेलाई सताउने आत्मा; मृत मान्छेको काल्पनिक आत्मा; मृतात्मा; मसान; भूतप्रेतको छाया। the spirit of dead person; a ghost.

सिऊन्य /sɪᵘːnjə/ – [स.क्रि. *v.t.*] नयाँ काम-कुराको ज्ञान, तन्त्रमन्त्र, ज्ञानगुन, शिक्षा, आदि सिकाउनु; अर्ती वा उपदेश दिनु; तालिम दिनु; प्रशिक्षण दिलाउनु। to teach sth new to sb; to train (sb); to counsel; to educate (sb); to edify sb.

सिकलैं /sɪkəlɔ̃ˈ/ – [ना. *n.*] कुनै शारीरिक मानसिक कार्यको लागि दक्ष बनाउन सीप सिक्ने-सिकाउने काम; कुनै निश्चित विधामा पोख्त बनाउन दिइने-लिइने शिक्षा; तालिम; प्रशिक्षण। the process of learning or teaching the skills you need to do; training.

सिकसिक्याःत /sɪksɪkjaːtə/ – [ना. *n.*] मन र जिउ नै सकसकाउने खालको घिन लाग्दो चिज; घिन वा घृणा; सिकसिको। a strong feeling of dislike at sth; disgust; feeling of hating something; abhorrence; aversion.

सिगुरुप /sɪgurup/ – [ना. *n.*] सुत्दा वा बस्दा गरिने गोडा खुम्च्याइ; गोडा खुम्च्याएर बस्ने आसन वा काम। an act of folding your legs while sitting or sleeping; sitting or sleeping with your legs folded.

सिङार^{१} /sɪŋar/ – [ना. *n.*] **१.** बाबुआमाले राखेको/कमाएको इज्जत; बिँडो। the fame that your ancestors have earned; the legacy of your family. **२.** मान-मर्यादा, सम्मान वा आदर-सत्कार गर्ने काम; आदरभाव; इज्जत। an act of respecting or honouring someone; respect, honour.

सिङार /sɪŋar/ – [ना. *n.*] राम्रो कार्य (सुकर्म) गरेबापत मिलेको ख्याती वा कीर्तिशाली नाम; असल कामबाट फैलने सुनाम; सुयश; प्रसिद्धि; कीर्ति; ख्याति; यश। glory; fame; good name; dignity.

सिङारु /sɪŋaru/ – [ना. *n.*] **१.** स्त्रीपुरुष वा भालेपोथीबीचको लिङ्गीय भेद नछुट्टिने; जनेन्द्रीय नभएको; नपुंसक। an eunuch. **२.** [वि. *adj.*] (वनस्पति वा प्राणी) फल नलाग्ने, नफल्ने; बीज नभएको। (of plants) unable to bear fruit; (of animals) sterile. **३.** शारीरिक रूपले स्पष्ट लिङ्गीय भेद छुट्टिए पनि मानसिक

रूपमा समान लिङ्गप्रति आकर्षित हुने; तेश्रो लिङ्गी। (of males) a gay; (of females) a lesbian; a third gender.

सिङार्न्य /sɪŋárnjə/ – [स.क्रि. *v.t.*] गल्ती गर्नेलाई ठूलो स्वरले गाली गर्नु; हकार्नु; झपार्नु; छाँस्नु। to rebuke sb (for sth/for doing sth); admonish sb (for sth/for doing sth); to chasten; to chide sb (for sth/for doing sth).

सिङ्का /sɪŋkɑ/ – [ना. *n.*] ☞ (**सिँका /sĩkɑ/**)

सिङ्गलिङ्ग /sɪŋgəlɪŋgə/ – [ना. *n.*] **१.** सविस्तार व्याख्या गर्ने वा वृत्तान्त सुनाउने काम। an act of elaborating sth in detail. **२.** क्यै बाँकी नराखी सबै सिध्याउने चाल। an act of completing sth without any fault. **३.** [क्रि.वि. *adv.*] सम्पूर्ण रूपले; आद्योपान्त। completely; thoroughly; from top to bottom; from top to toe.

सिज़ाः /sɪzáː/ – [ना. *n.*] **१.** बेसारे रङको गुराँस। yellow rhododendron. **२.** बारुलोभन्दा ठूलो, सोको आकारप्रकारसँग मिल्दो जमिनमुनि बस्ने एक प्रकारको विषालु चिल्ने किरा। a black blue insect that looks like a wasp. It can sting you.

सिभिन्य /sɪdʒʰɪnjə/ – [अ.क्रि. *v.i.*] कुनै चिजमा ओस लाग्नु, चिस्यान बस्नु; ओसिनु। to be damp; to be wet.

सित /sɪtə/ – [ना. *n.*] बिहानीपखतिर बोट-बिरुवाको पात आदिमा बस्ने पानीको थोपो; शीत। dew drops.

सितीकाउ /sɪtiːkɑᵘ/ – [वि. *adj.*] प्रवृत्ति, स्वभाव आदिमा नराम्रो; नराम्रो बानीव्यहोरा वा स्वभावको। having bad habit; behaving badly; undisciplined.

सितैन्य /sɪtəˈnjə/ – [स.क्रि. *v.t.*] कसैमा रहेको दुर्गुण, नराम्रो स्वभाव वा फोहोरीपनप्रति इङ्गित गरी घृणा गर्नु; घिन, सिकसिको मान्नु; छिःछि दूरदूर गर्नु। to loathe sb; to scorn (for sth); to have contempt for sb.

सिदी /sɪdiː/ – [ना. *n.*] पाहुना वा कुनै दुर्घटनाबाट बचेको कसैलाई काटेर स्वागत गरिने प्रयोजनका कुखुरा, खसी, बोका इत्यादि; मार। an animal that is butchered to feed a guest, or to a person who has survived an accident or any disaster.

सिन /sɪn/ – [ना. *n.*/प.भे. *plv.*] ☞ (**सरिङ /sərɪŋ/**)

सिनीक /sɪniːk/ – [वि. *adj.*] भएभरको सबै; सारा; सम्पूर्ण; जम्मै। whole; all; entire.

सिनु /sɪnu/ – [ना. *n.*] **१.** सुँगुरको जस्तो थुतुनो र शरीरभर लामालामा काँडाले जिउ ढाकेको हुने जङ्गली प्राणी; दुम्सी। an animal like a pig with a protective covering of long sharp quells (stiff hairs like needles) on its back; porcupine. **२.** मरेको प्राणीको देह। a carcass.

सिन्का /sɪnkɑ/ – [ना. *n.*] चोट परेको वा पिरिएको (पिलिएको) ठाउँको रगतलाई फाल्न तान्न प्रयोग गरिने सिङको सानो ढुङ्ग्रो। a small pipe of horn used to suck out pus from a wound.

सिन्की /sɪnkɪ/ – [ना. *n.*] मुलालाई मसिनो बनाई गुम्स्याएर अमिलो बनाइएको खाद्य; सिन्की। fermented dry slices of radish or mooli.

सिन्य¹ /sɪnjə, *mḍ.* sɪke/ – [अ.क्रि. *v.i.*] प्राणी वा वनस्पतिको जीवन समाप्त हुनु; शरीरबाट प्राण जानु; आयु सिद्धिनु; मृत्यु हुनु; मर्नु। (of animals/plants) to die.

-सिन्य² – [प्रत्य. *suf.*] **१.** धातुमा जोडिएर सकिने,

खालको, लायकको, आदि विशेषण बनाउने प्रत्यय। (*e.g.* पाʔ+सिन्य = पाʔसिन्य "फुटाल्न सकिने", जै+सिन्य = जैसिन्य "बनाउन सकिने" आदि।) suffix added to a root to form an adjective, meaning 'that can be' (e.g. breakable; that can be built). **२.** धातुमा जोडिएर काम वा कुरो देखावटी रूपमा मात्र गर्नु, स्वाङ पार्नु, झैं, मात्र गर्नु, टोपल्नु आदि अर्थ दिने बनाउने प्रत्यय। suffix added to a root to express 'as if/as though' (e.g. as if he is beating him/her). > **ज़्याउ जैसिन्य /zjɑʷ dʒəˈsɪnjə/–** खाएको स्वाङ् गर्ने। pretending to eat sth. > **प्लोव जैसिन्य /po̤w dʒəˈsɪnjə/–** पिटेको जस्तो गर्ने। pretending to beat sb/sth.

सिप¹ /sɪp/ – [ना.*n.*] **१.** चराचुरुङ्गीको भिन्दाभिन्दै पाराको घर; चराहरूको बासस्थान; चराले फुल पार्न र बच्चा काढ्न बनाएको ठाउँ; चराको घर; गुँड। a hollow place or structure that a bird makes or chooses for laying its eggs in and sheltering its young; a nest. **२.** प्राणीको पेटभित्रको बच्चा रहने थैली; गर्भ रहने ठाउँ; गर्भाशय; कोख। the organ in the body of a woman or other female animal in which a baby develops before birth; uterus; womb. **३.** कुनै वस्तुको सुरक्षाको लागि सोकै आकारमा बनेको वा बनाएको कपडा, छाला आदिको बाहिरी खोल, आवरण; कुनै वस्तु राख्ने थैलो जस्तो भाँडो। a thing that is put over or on another thing, usually to protect it; a cover; a case; a sack.

सिप² – [नायो. *post.*/प.भे. *plv.*] ☞ (**करप /kərəp/**)

सिपीसिन्य /sɪpísɪnjə/ – [स.क्रि. *v.t.*] सुरिलो रुखमा हातगोडाले च्याप्दै माथिमाथि उक्लनु; रुख चढ्नु। to shin up a tree, pole, etc.

सिप्न्य /sɪpnjə/ – [स.क्रि. *v.t.*] **१.** पाकेको अन्नबाली घरमा लिएर थन्क्याउनु; बाली भित्र्याउनु। to cut and gather a crop; to harvest. **२.** पसारिएका हातखुट्टा वा अङ्गहरू खुम्च्याउनु। to fold your body parts, especially legs and arms. **३.** सुकाएको बिस्कुन वा भुइँमा रहेको चिजबीज उठाउनु। to gather grains spread on the floor.

सिप्या /sɪpjɑ/ – [वि. *adj.*] (भाग) वस्तुको सुल्टोपट्टिको; सब्ल्याँटो; उल्टो नभएको; सुल्टो। (of things like shirts, trousers, etc) right side out.

सिमःली /sɪmɨlɪ/ – [ना. *n.*] बाँस वा निगालाको चोयाद्वारा बनाइएको सोली आकारको सानो भाँडो। a cone-shaped bamboo basket.

सिमाʔ /sɪmɑʔ/ – [ना. *n.*] धेरै चिसो ठाउँमा हुने आठदेखि नौ महिनासम्ममा पाक्ने एक प्रकारको स्वादिलो लेकाली जौ। highland barley.

सिम्या /sɪmjɑ/ – [ना. *n.*] **१.** शरीर दुब्लाएर क्षीण हुँदै जाने एक रोग; क्षयरोग; सुकेनास। tuberculosis. **२.** कुपोषित शरीर; पोषणतत्त्वको अभावमा हुने शारीरिक दुब्लाइ; कुपोषण। a malnourished body; malnutrition.

सिर /sɪr/ – [ना. *n.*/ग.भे. *glv.*] ☞ (**स्यार /sjɑr/**)

सिरा /sɪrɑ/ – [ना. *n.*/से.भे. *slv.*] ☞ (**ओसिऱ्या /osɪrjɑ/**)

सिरिङ्गिन्य /sɪrɪŋgɪnjə/ – [अ.क्रि. *v.i.*] कसैको विशेष माया पाएर झन्झन् अरूलाई नटेर्ने हुनु; मायाले मात्तिनु; बानी बिग्रनु। to be spoilt and pampered.

सिरुँदी /sɪrũdɪ/ – [ना. *n.*] **१.** माटाको गाग्री आदि डल्लो पिँध भएको भाँडो बसाल्न प्रयोग गरिने कपडा, पराल आदिको गोलाकार आसन; बिँडा।



a circular stand for an earthenware. **२.** कुनै चिजको भुइँमा अडिने पिँधतिरको भाग; पिँध। the bottom (of sth).

सिरुरुःव /sɪruruːwə/ – [वि. *adj.*] (चिज) ताँती लाग्ने गरी एउटै डोरी वा धागोमा उनिएको। (of objects) put on a string; strung together (वस्तु, जीवहरू आदिका समूह) ताँती लागेको। (of objects, animals, etc) standing or walking in a single file.

सिर्का /sɪrkɑ/ – [ना. *n.*] कम चौडाइ भएको खेत, आली, कपडा आदिको पाटो; सुर्को; धरो। a narrow stripe of land, cloth, etc. > **सिर्क्या /sɪrkjɑ/–** [वि. *adj.*] चौडाइभन्दा लम्बाइ बढी भएको चेप्टो वस्तु। a long flat object.

सिर्गुपो /srgupo, *syn.* **sɪrgupsɪᵘ/ –** [वि. *adj.*] मुजा परेर एकातिर सोहोरिएको; खुम्चिएको। smaller than before; shrunken; creased.

सिर्न्य /sɪrnjə/ – [अ.क्रि. *v.i.*] **१.** (खानेकुरा) विकृत भएर अमिलो हुनु। (of food) to rot and become sour; to go off. > **सिरो /sɪro/** < **सिर्व /sɪrwə**, *md.* **bɪrtʃə/ –** [वि. *adj.*] कागती, निबुवा, चुक आदिको स्वादको; अमिलो। (of taste) sour. **२.** कुनै कुरामा चित्त नबुझेर असन्तुष्ट भई बाउँठिनु; टेडिनु। to become unpleasant and unfriendly; (of relationship) to sour.

सिर्पाङ्गो /*plv.* **sɪrpɑŋgo**, *hmlv.* **spəˈ/ –** [ना. *n.*] झुलेर खेलिने झुन्ड्याएको डोरी; पिङ। a swing.

सिर्फारा /sɪrfɑrɑ/ – [ना. *n.*] (राँगो, खसी, सुँगुर आदिलाई काटेर) परल मोललाई समानुपातिक रूपले उठाउने सर्तमा गरिने मासुको बाँडफाँड; साझा अधिकार र सहमतिमा काटेर बाँडिने मासुको बिलो। meat (buffalo, goat pig, etc.) divided proportionately among those who share the cost price.

सिर्भार /sɪrbʰɑr/ – [ना. *n.*] भत्कने, बिग्रने वा नाश हुने आदि कुरामा लिइने जिम्मेवारी। accountability; responsibility.

सिर्मा /sɪrmɑ/ – [ना. *n.*] **१.** राज्यलाई तिरिने कर; तिरो। tax; revenue. **२.** असजिलो भई घाँटी चलाउन अप्ठ्यारो हुँदा मसान, प्रेतात्मा आदिको कारण त्यसो भएको ठानिने वा मानिने रोग; झारफुकद्वारा निको हुने विश्वास गरिएको सो रोग। a cramp felt in the neck which is believed to be caused by evil spirits. **~लागिन्य /lɑgɪnjə/–** [अ.क्रि. *v.i.*] कुनै अङ्ग मर्किए झैं भएर दुख्नु; बाउँडिनु। to get a cramp in your body parts.

सिर्लिको /sɪrlɪko/ – [वि. *adj.*] (चिज) बाङ्गोटिङ्गो नभई लामो सीधा भएको; सलक्क परेको। (of objects) straight.

सिसिरैःव /*plv.* **sɪrsɪrəˈːwə**, *llv.* **fuˈfuⁱːwə/ –** [वि. *adj.*] कँपाउने खालको चिसो हावा चल्ने; सिरेटो चल्ने खालको। cold; windy.

सिलःङ्गी /sɪliŋgɪ/ – [ना. *n.*] पहाडी वनपाखामा विविधरङ्गी फूल फुल्ने एक वनस्पति। a type of wild plant that grows on the slope of a hill and blossoms in multiple colours.

सिलःङ्गी

सिलिम्दिमो /sılımdımo/ – [वि. *adj.*] सतह मिलेर कतै, कुनै प्वाल वा होचो-अग्लो आदि क्यै नभएको; सबैतिरको प्वाल, दुलो बन्द गरिएको, भएको; टम्म भरिएको। level and smooth, with no curved, high, or hollow parts; flat; completely filled in.

सिली */plv.* **sılì**, *nblv.* **lũfılım/** – [ना. *n.*] घर छाउन प्रयोग गरिने चेप्टा, पातला ढुङ्गा; घर छाउने ढुङ्गा। stone tiles used to roof a house.

सिल्कैन्य /sılkəˈnjə/ – [स.क्रि. *v.t.*] लामालामा फड्का गरी साधारण सिलाइमा सिलाउनु। to sew or stitch sth coarsely.

सिल्न्य /sılnjə/ – [अ.क्रि. *v.i.*] चिप्लो, चिल्लो ठाउँ वा चिजमा खुट्टा परेर रड्कनु; टेकाइ असन्तुलित हुनु; चिप्लनु। to slip (over); to lose a balance; to lose a purchase.

सिल्पत /sılpət/ – [ना. *n.*] भाँडाबर्तन बनाइने सेतो खालको हलुका धातु। a light metallic element which is used especially for making cooking pots; aluminum.

सिल्सिउ /sılsɪᵘ/ – [वि. *adj.*] घोचेर वा प्वालमा छिराएर नत्थ्याइएको; उनेको। (of objects) strung together.

सिसीमामाःव /sısımamaːwə/ – [वि. *adj.*] अटाइ-नअटाइ गरी भरिएको कुनै चिज; धौधौ हुने गरी बोकिएको भारी; स्वाभाविक आकार र तौलभन्दा बढी, ठूलो। (of loads, burdens) too heavy to carry; huge.

सिस्या /sısjɑ/ – [ना. *n.*/उ.भे. *ulv.*] ☞ (**ओपराʔ /opərɑʔ/**)

सिसि़म /sısı̣m/ – [ना. *n.*] कुनै गर्नुपर्ने कामकुरा नगरी बेवास्ता गरेर मौन बस्ने काम। an act of sitting silently without doing a task that one is supposed to do; sitting idly.

सि़ना /sı̣nɑ/ – [ना. *n.*] गाईको मासु। the flesh of cows which is eaten; beef.

सि़र /sı̣r/ – [ना. *n.*] जुनारसँग मिल्दो तर बोक्रा बाक्लो हुने अमिलो फल; ज्यामिर। a type of citrus fruit.

सि़स्न्य */plv.* **sı̣snjə**, *llv.* **sı̣njə/** – [अ.क्रि. *v.i.*] (ओढिएको कपडा वा बाँधिएको धागो, डोरी आदि) खुस्कनु; डोरी, धागो बाँधिएको ठाउँबाट सर्नु। (of clothes, ropes, etc.) to slip; to be loose; to break or slip free.

सी /(u)síː/ – [ना. *n.*] **१.** नाकद्वारा चाल पाउन सकिने वा हावामा मिलेर फिँजिएको कुनै वस्तुको सूक्ष्मकणहरूको प्रसार; नाकले थाहा पाउने बास्ना, सुगन्ध, दुर्गन्ध, महक, वास। the quality of sth that people and animals sense through their noses; smell. **२.** नराम्रो गन्ध; दुर्गन्ध; हरक; गन्ध। bad smell, foul odour, stink; reek; stench. **३.** [वि. *adj.*] गेडागुडी, पीठो आदि भाँडाको बिटसम्म टम्म हुने गरी भरिएको; भरी। full or filled to the brim.

सीउसिन्य /siːᵘsınjə, *md.* **pɑɦɑke/** – [स.क्रि. *v.t.*] अर्काबाट कामकाज, बानीबेहोरा, रीतिस्थिति आदि बुझ्नु; जान्नु; ज्ञान लिनु; सीप आदि प्राप्त गर्नु; अध्ययन वा अभ्यास गर्नु; पढ्नु; सिक्नु। to gain knowledge or skill by studying, from experience, from being taught, etc.; learn (sth) (from sb/sth); to study (sth); to practise (sth); to make a habit of sth.

सीःन्य /siːʔnjə/ – [स.क्रि. *v.t.*] क्यै चिजमाथि खुट्टाले टेक्नु; गोडाले थिच्नु; कुल्चनु। to step (on sth); to tread (on/in/over sb/sth).

सीःन्य /siːnjə/ – [स.क्रि. *v.t.*] **१.** कुचो, खक्रेटो (खरेटो) आदिले बढारेर धुलो, कसिङ्गर आदि सफा पार्नु; सोहोर्नु; बढार्नु। to clean a

room, surface, etc. using a broom; to sweep. **२.** (आँसु, फोहोर आदि) पुछ्नु। to wipe tears from your eyes; to wipe sth; to clean.

सीम्न्य /siːmnjə/ – [स.क्रि. *v.t.*] **१.** बिस्कुन वा फिँजाइएको चिज थन्क्याउनको लागि बटुलबाटुल पारेर उठाउनु; सोहोर्नु। to gather the grains or sth spread on the floor; to amass sth. **२.** ओछ्याइएको, पसारिएको ओछ्यान, डसना, गुन्द्री आदि उठाउनु। to roll up bedding; mats, etc.

सील[1] /siːl/ – [ना. *n.*/प.भे. *plv.*] भुइँमा टेक्दा बस्ने पैतालाको छाप; पैतालाको डाम; पाइलो; पदचिह्न। the mark made by a person's or animal's foot; a footprint.

सील[2] – [ना. *n.*/उमै.भे. *hmlv.*] ☞ (**च्यार /tʃjar/**)

सील्न्य$_1$ /siːlnjə, *md.* **ʈʰuʈke/ –** [स.क्रि. *v.t.*] भाँडा, बर्तनमा रहेको कस, मैला वा जुठो पखाल्नु; माझ्नु। to wash dishes after a meal; to wash dishes up; to scrub dishes clean; to wash (sth) up.

सील्न्य$_2$ /siːlnjə, *md.* **rupke, dʒʰɪlɪkke/ –** [स.क्रि. *v.t.*] **१.** पोते, फूल आदिलाई उनेर हार वा मालाको रुप दिनु; उन्नु। to put a series of small objects on a string, etc.; to join things together with a string, etc.; to string. **२.** [अ.क्रि. *v.i.*] बाथ रोगले गर्दा जोर्तीहरू दुखेर हलचल गर्न गाह्रो हुनु; सिल्कनु। to be unable to move your body parts because of gout or rheumatism.

सुँध्याल्नी /sũdʰjalnɪ/ – [ना. *n.*] सुत्केरी हुन लागेकी आइमाइलाई सहयोग र प्राथमिक उपचार गर्न तालिम प्राप्त स्त्री; सुँडेनी। a person, usually a woman, who is trained to help women they are giving birth; a midwife.

सुइ /suɪ/ – [ना. *n.*] भाँडाबर्तनको मुख वा प्वाल आदि बन्द पार्ने साधन; ठेंडी; बुजो। a lid; a plug; a stopper made of leaves, cloth or paper. > **सुइन्य /suɪnjə/–** [स.क्रि. *v.t.*] बुजाले मुख, प्वाल बन्द गर्नु; थुन्नु; बुज्नु। to fill a hole with a piece of suitable material; to plug; to clog sth (up) (with sth).

सुकू /sukʊ/ – [वि. *adj.*] ☞ (**नेखोलो /nekʰolo/**)

सुख /sukʰə/ – [ना. *n.*] **१.** कुनै पिरपिराउ नभएर आनन्दपूर्वक रहेको अवस्था; अनुकूल स्थितिबाट मनमा हुने शान्तिको अनुभूति; आराम र सुविस्ताको सुखद अनुभव; रमाइलोबोध; सुबिस्ता। enjoyment; bliss; delight; ecstasy. **२.** अर्काको भलाइ गर्न पाउँदा मनमा हुने आत्मसन्तुष्टि; मनमा हुने शान्ति। a pleasant feeling which you get when you have helped others, or when you receive something you wanted, or when you have done something you wanted to do; satisfaction. **३.** अभाव र अपुग नभएको अवस्था; धनसम्पत्तिले भरिपूर्ण भएको स्थिति; समृद्धि र सम्पन्नता; पुग्दो श्रीसम्पत्ति। the state of being successful and having a lot of money; prosperity.

सुगुन /sugun/ – [ना. *n.*] **१.** शुभ माङ्गलिक लक्षण; साइत। a good omen for a journey. **२.** साइतको बेलामा लिइने, दिइने कोसेली। a present offered at the auspicious moment of departure. **३.** शुभमङ्गल होस् भनेर खाने, खुवाइने भोजन, पेय। a drink or food for a good omen or good luck.

सुघिन्य /sugʰɪnjə/ – [अ.क्रि. *v.i.*] चिन्ता मान्नु; शोकमग्न हुनु; शोकमा डुब्नु; शोकाकुल हुनु। to be bereaved; to be grief-stricken. >

सुघिउ /sugʰɪᵘ/– [वि. *adj.*] शोकले व्याकुल भएको; शोकमा डुबेको; शोकमग्न; शोकाकुल; शोकसन्तप्त। bereaved; grief-stricken.

सुछूम्न्य /sutʃʰʊmnjə/ – [स.क्रि. *v.t.*] (सरसामान) व्यवस्थित तरीकाले ठीक ठाउँमा थन्क्याउनु; उचित स्थानमा सजाउनु। to keep or store sth in an appropriate place; to keep sth in a safe place.

सुभिन्य /sudʒʰɪnjə/ – [ना. *n.*] ☞ (**थुकिन्य /tʰukɪnjə/**)

सुत्को /sutko/ – [ना. *n.*] ☞ (**ज़ाधान /zadʰan/**)

सुदूम्न्य /sudʊmnjə/ – [स.क्रि. *v.t.*] पुगे नपुगेको थाहा पाउन गन्ती गरी सङ्ख्या जाँच्नु; गन्ती पुऱ्याउनु; गणना गर्नु; गन्नु। to count (sth) (up); to reckon sth.

सुधुरी /sudʰrɪ/– [ना. *n.*] ☞ (**घोतो /gʰoto/**)

सुनुइँन्य /sunũˈnjə/– [स.क्रि. *v.t.*] ☞ (**सवैःन्य**[३] **/səwəˈːnjə/**)

सुप्सुपो /supsupo/ – [वि. *adj.*] श्वास फेर्न गाह्रो हुने खालको; साँगुरो; साँघुरो। (of space) stifling; suffocating.

सुभिन्य /subʰɪnjə/ – [अ.क्रि. *v.i.*] **१.** औखतीले फाइदा गर्दै जानु; सुभ्नु; राम्रो हुनु। (of medicine) to work; to be effective. **२.** फलिफाप हुनु; शुभ हुनु; फाप्नु। to be suitable; (of sth) to be in your favour.

सुमुलैन्य /sumuləˈnjə/ – [स.क्रि. *v.t.*] ☞ (**भोम्तैन्य /bʰomtəˈnjə/**)

सुर[१] */plv.* **súr** > *hmlv.* **psur/ –** [ना. *n.*] **–** कम्मरपछाडि दुबै छेउ दायाँको बायाँ र बायाँको दायाँ पार्दै दोहोरो सप्को पारी भिर्ने अठाह्र मगरात क्षेत्रका मगर महिलाहरूको पहिरन; गादो। a long garment worn by women from the *Athāra Magarāt* region. Its two ends are fastened together crosswise at the back of the waist; *gādo*. ~**भरैन्य /bʰərəˈʔnjə/–** दण्ड, जरिमाना तिर्नु; क्षतिपूर्ति भर्नु। to recompense. ~**सुर्सिन्य /sursɪnjə/–** गादो पहिरिनु। to put on the cloth called *gādo*.

सुर[२] **–** [ना. *n.*] **१.** कुनै कामकुराको आँटपूर्वक गरिने थालनी; प्रारम्भ; शुरुवात; आरम्भ। courageous beginning; commencement. **२.** कामकुरा गर्ने मनको उत्साह; साहस; आँट; हिम्मत; हौसला। courage; daring; encouragement. ~**दान्य /dɑnjə/–** [स.क्रि. *v.t.*] कुनै कामकुरा गर्ने आँट गर्नु। to dare to do sth; to pluck up courage.

सुरा /surɑ/ – [वि. *adj.*] ☞ (**जबर /dʒəbər/**)

सुरास्न्य/surɑsnjə/– [अ.क्रि. *v.i.*] **१.** साहसिक काम गर्न उत्साहित हुनु; सुरिनु; हौसिनु। to gird (yourself/sth) (up), to brace yourself (for sth) up; to be emboldened. **२.** कसैमाथि जाइलाग्न आँट गर्नु; सुरो बन्नु। to be ready to attack sb.

सुरूसुरुव /surúsurùwə/ – [वि. *adj.*] **१.** कुनै काममा तनमनका साथ लागिपर्ने। (of people) tending to work steadily. **२.** भनेको अह्राएको खुरुक्क मान्ने। obedient.

सुरूप्न्य /surúpnjə/ – [स.क्रि. *v.t.*/प.भे. *plv.*] ☞ (**सेप्न्य /sepnjə/**)

सुर्काउन्या /surkɑᵘnjɑ/ – [ना. *n.*] धागो, डोरी, तुना आदिलाई एक छेउबाट तान्दा सजिलै फुस्कने गरी पारिएको गाँठो; सुर्केनी। a knot

that can easily be made tighter or looser by pulling one of its ends; a slip-knot.

सुर्चैःन्य /surtʃəˈːnjə/ – [अ.क्रि. *v.i.*] **१.** भुलेको ठाउँ, बाटो आदि पत्ता लगाउनु; कुनै घटना, प्रसङ्ग, कुरा आदि सम्झनु; ठम्याउनु। to remember a path, place, incident, matter, etc. **२.** होसमा आउनु; होस सम्हाल्नु। to become conscious again; to come around/round; to collect yourself.

सुर्जुमुँदल /surdʒumũdəl/ – [ना. *n.*] सूर्यतिर फर्केर पहेंलो फूल फुल्ने, दाना पेलेर तेल बनाउन हुने नगदेबाली; सूर्यमुखी। a plant usually having a very tall stem and a single large round flat yellow flower; a sunflower.

सुर्जुमुँदल

सुर्न्य /súrnjə, *md.* **tʃʰjake/ –** [स.क्रि. *v.t.*] **१.** कुनै वस्तुलाई धागो, डोरी आदिले कस्नु; बाँध्नु। to tie sth with a string or rope; to tether sth (to sth). **२.** मर्यादाभित्र राख्नु; नियन्त्रणमा राख्नु। to keep sb within bounds of decency or propriety.

सुर्लुपो /surlupo/ – [वि. *adj.*] **१.** (कपडा वा ओढो) शरीरको अधिकाङ्श अङ्ग ढाक्ने एकै खालको सिङ्गो। (of garments) single and covering almost all parts of your body. **२.** (चिज) टुक्रा वा खण्डित नभएको; सिङ्गो; सग्लो। in one piece; whole.

सुरुप /surup̤/ – [ना. *n.*] रस, झोल आदि पदार्थ हावासहित जोडले मुखमा तान्दा आउने आवाज; पन्यालो चिज त्यसरी तान्ने काम; सुरुप्प; सुर्को। a sucking noise; an act of drinking sth with a sucking noise.

सुरुल्न्य /surul̤njə/ – [स.क्रि. *v.t.*] कुनै आपद, विपत्ति वा दुर्घटनाबाट बचेकालाई नयाँ वस्त्र पहिऱ्याई मार काटेर भोजन गराउनु। to offer someone new clothes and a feast of meat who have survived an accident or disaster.

सुल्क्या /sulkjɑ/ – [ना. *n.*/से.भे. *slv.*] ☞ (**राँझुल्या /rãdʒʰuljɑ/**)

सुल्त्या /sultjɑ, *ant.* **ultjɑ, bɪpjɑ/ –** [वि. *adj.*] उल्टो नभएको; सुल्टो। having the right side out.

सुल्पा /sulpá/ – [ना. *n.*] सुर्तीको सुकेको पात र डाँठ कुटेर हाली धुवाँ तान्न हुने एक प्रकारको माटोद्वारा बनेको चिलिम। a short narrow tube with a small container at one end, used for smoking, especiallytobacco; a pipe. > **सुल्प्या /sulpjɑ/–** [वि. *adj.*] धुम्रपान धेरै गर्ने बानी भएको; धुम्रपानको लत परेको। having the habit of smoking.

सुवा /suwɑ/ – [ना. *n.*] धामी-झाँक्रीहरूले वरिपरि घुमेर नाच्न फेदबाट काटेर गाडिएको स्याउलासहितको सल्लाको बोट। a tall pine pole (with foliage) which is erected at the crossroads. A shaman dances around it on some special occasions; a totem pine pole with foliage.

सुइँ /**sṹ'**/ – [ना. *n.*] **१.** सुस्केरा हाल्दा सुनिने आवाज; खुइय्य ! a slow noisy breath; a sigh. **२.** मस्त निदाउँदा सुनिने गरी नाकबाट निस्कने श्वासको तीखो आवाज; फ्वाँफ्वाँ। noisy breathing through your nose while you are sleeping; a snore.

सुइँकिन्य /**sṹ'kɪnjə**/ – [स.क्रि. *v.t.*] फटाफट गोडा चाल्नु; हतारमा हिँड्नु; वेगसाथ उडे झैं गरेर एक ठाउँबाट अर्को ठाउँमा पुग्नु; दौडनु; दौडेसरी गरी लम्कनु; टुइँकिनु। to stride; to take to your heels; to make a bolt for somewhere; to spring.

सुइँकैन्य /**sṹ'kə'njə**, *syn.* **sṹ' kʰjɑnjə**/ – [स.क्रि. *v.t.*] कुनै चिजलाई वेगका साथ फ्याँक्नु; जोडले मिल्काउनु; हुर्याउनु। to throw sth in a violent way; to sling sth; to hurl sth.

सुइँन्य /**sṹ'njə**/ – [अ.क्रि. *v.i.*] क्यै चिज कुनै ठाउँ, पत्र आदिमा अट्न वा रहनसक्ने हुनु; क्यै राख्न, थन्क्याउन वा हाल्नको लागि ठाउँ पर्याप्त हुनु; अटाउनु। to be the right size or shape for sth; to fit.

सुन्य /**sṵnjə**/ – [अ.क्रि. *v.i.*] सास फेर्ने प्रक्रियामा बाधा पर्नु; सास रोकिन जानु; सास रोकिएर प्राण जानु; निसासिनु। to suffocate; to choke.

सुसूःव /**sṵsʊːwə**/ – [वि. *adj.*] तरलको मात्रा कम भएको; लेदोयुक्त; बाक्लो। thick liquid.

सू[1] /**sʊ**/ – [ना. *n.*] **१.** पिलो, डन्डीफोर, खटिरो आदिको खिल। a hard centre of a boil or pimple. **२.** पाँसुलोभित्र रहने रक्त उत्पादक चिल्लो तत्त्व; मासी; मज्जा। bone marrow.

सू[2] – [वि.वो. *int.* / प.भे. *plv.*] ☞ (**कोचै**/**kotʃə'**/)

सूरिन्य[1] /**sʊrɪnjə**/ – [स.क्रि. *v.t.*] **१.** कोर्रले हिर्काउनु; सुम्ठ्याउनु; बेसरी चुट्नु; मरुन्जेल हुने गरी कुट्नु। to whip; to cane; to flog; to thrash; to beat. **२.** राम्रो-नराम्रो भएजति सबै बटुलबाटुल पारेर उठाउनु; सोहोर्नु। to collect or take all (including both good and bad).

सूरिन्य[2] – [स.क्रि. *v.t.*] ☞ (**थुकिन्य**/**tʰukɪnjə**/)

सूल्न्य /**sʊlnjə**/ – [स.क्रि. *v.t.*] **१.** भिड आदिमा छिर्न पहिले खुट्टा घुसाउनु। to push through a crowd. **२.** प्वाल, अन्तर वा अट्ने रिक्त स्थानभित्र थप अरू चिज घुसाउनु; पसाउनु; छिराउनु; घुसार्नु। to insert sth (in/into/between sth).

सेंन्य /**sẽnjə**/ – [स.क्रि. *v.t.* / निभु.भे. *nblv.*] ☞ (**थर्न्य** /**tʰərnjə**)

स़ें[1] /**sẽ̤(ŋ)**, *mḍ.* **mɪsɪn**/ – [ना. *n.*] नाक समातेर जोडले सास फ्याँकी सिँगान फाल्ने काम; त्यसो गर्दा आउने आवाज; स्याँक्क। an act or sound of blowing your nose.

स़ें[2] – [ना. *n.* / प.भे. *plv.*] ☞ (**इँ** /**ĩ̤**/)

स़ेंकोरे /**sẽ̤kore**/ – [ना. *n.*] रुँदा वा चिसो लागेर सिँगान पातलो भएको बेला श्वास भित्रतिर तान्दा निस्कने आवाज। sounds of taking sudden and sharp breaths (as in sobbing).

स़ेंन्य /**sẽ̤njə**/ – [अ.क्रि. *v.i.*] **१.** आलु, तरुल आदि रोपिएको कन्दको मुना पलाएपछि मूल चाउरी परेर सुक्नु; चाउरी पर्नु; चाउरिनु। (of potato, yam) to wrinkle after sprouting. **२.** रगत-मासु सिद्धिएर शरीर जीर्ण हुनु। to age; to grow older.

सेउँ /**sẽᵘ**/ – [क्रि.वि. *adv.*] अकस्मात् कतै गइहाल्दाको किसिम; सुटुक्क। (leaving a place) secretly; stealthily.

सेउ /**seᵘ**/ – [ना. *n.*] कुनै चिज जम्मा (सङ्कलन) गर्दा कसैको तर्फबाट हालिने भाग। the share that you contribute from your side.

सेउन्य /**seᵘnjə**/ – [स.क्रि. *v.t.*] ☞ (**फाँतिन्य** /**fãtɪnjə**/)

सेउःन्य /seᵘːnjə/ – [अ.क्रि. *v.i.*] (जीवनमा) कुनै कुरा (चिज) पाउने समय, अवसर सिद्धिनु; मौका चुक्नु; (फलफूल) खास अवसर बित्नु। (of opportunity, time, occasion, season) to be missed; to be over.

सेʔ /*plv.* **seʔ**, *nblv.* **swəjo**, *slv.* **hle**/ **–** [ना. *n.*] स्वादको ज्ञान गराउने र शब्दोच्चारण गर्न विशेष भूमिका रहने मुखभित्रको मासुको कोमल इन्द्रिय; जिब्रो। the large soft piece of flesh in the mouth which you can move and which you use for tasting, speaking, etc.; tongue. ~**छेउ /tʃʰeᵘ/–** सम्झे सम्झे झैं भएको बिर्सेको कुनै कुरा। sth that you remember hazily. > **सेफर्ले /sefərle/–** [वि. *adj.*] मुख नबोल्ने। unable to speak; mute. > **सेरोल /serol/–** बोल्दा जिब्रो लटपटिने। having a minor difficulty in speaking.

सेकन /sekən/ – [ना. *n.*] अर्काले गरेको कामको अनुकरण; नक्कल; सिको; देखासिकी। an imitation.

सेकःसेक /sekəːsekə/ – [ना. *n.*] गएको वा बसेको ठाउँमा लगातार लामो समयसम्म बसिराख्ने वा रहिरहने ढंगले। an act of remaining for a long time where you are.

सेका /sekɑ/ – [ना. *n.*] ☞ (**छिन्छिन्य /tʃʰɪntʃʰɪnjə/**)

सेकाʔ /sekɑʔ/ – [ना. *n.*] विपरीत दिशाबाट लहरो घुम्ने तरुल जस्तै एक तितो कन्द। a yam-like root from a climbing plant. It tastes bitter.

सेकैन्य /sekəˈnjə/ – [स.क्रि. *v.t.*] **१.** कुनै चिज वा अङ्गलाई तातो पारी सो ताप अर्कोमा सार्नु; सेक्नु। to warm a body part or an object by heating your hands or another object by the fire. **२.** हातगोडा वा लट्ठी आदिले चुट्नु; ठटाउनु। to beat sb with the hand, leg or stick; to slap; to smack; to kick; to thrash.

सेघर्चे /segʰərtʃè, segʰãᵘsegʰãᵘ, sjãᵘsjãᵘ, sjɑmsjɑm/ – [ना. *n.*] कुनै ठाउँमा भिडभाड भएर थुप्रिएको स्थिति; हुल। the situation when people crowd somewhere; a crowd.

सेघेःसेघेःव /segʰeːsegʰeːwə/ – [वि. *adj.*] (घाउ) घाउ पाकेर पिप नै पिपले भरिएको; पाकेर ठूलो भएको। (of a wound or part of the body) septic; festering and swelling.

सेघोल्या /segʰoljɑ/ – [वि. *adj.*] शरीरमा धेरै मासु लागेको; थसुल्लो। (of people) stout and healthy.

सेङ्गे /seŋge/ – [क्रि.वि. *adv.*] कुनै हलचल नगरी बसिराख्ने चालमा; थुपुक्क। in the manner of sitting without any movement.

सेङ्गोए /seŋgoe/ – [ना. *n.*] गाजरसँग मिल्दोजुल्दो हुने, पहाडी वनपाखामा पाइने एक झार। a carrot-like weed that grows on the slope.

सेजो /sedʒo/ – [ना. *n.*] अन्न वा फलफूलमा मर्चा हाली रासायनिक प्रतिक्रिया गराई कुहाइएको, झोल खान र रक्सी बनाउन हुने खाद्य; रक्सीको कोरा रुप; जाँड। malt; home-made beer.

सेतारी /setarɪ/ – [वि. *adj.*] मासु असाध्यै मन पराउने। (of people) loving to eat meat excessively.

सेत्या /setjɑ/ – [वि. *adj.*] सेता रङका गेडा हुने मकै। white corn or its cob.

सेदन /sedən/ – [ना. *n.*] (विश्वास) मान्छेलाई गायव नै पार्ने र कपाल जिङ्ग्रिङ्ग भएको कल्पना

गरिएको वनप्रेत। a ghost with dishevelled hair that is believed to live in forest and to abduct a human being; a forest ghost.

सेध्या /sedʰja/– [ना. *n.*] ☞ (**झुरी? /zʰuriː?/**)

सेःन्य /seːnjə/ – [अ.क्रि. *v.i.*] धान, मकै आदि अन्न-बालीमा बाला लाग्नु, पसाउनु। (of seeds in ears or cob) to begin to show.

सेप /(o)sep/ – [ना. *n.*] चिसो र ठन्डी वातावरण भएको सेपिलो ठाउँ। a damp or moist place; a swamp and shady place.

सेप्त्या /septja/ – [वि. *adj.*] (सिमी, बोडी आदि फलको दाना, गुदी) राम्ररी विकास नभएर स्याप्प परेको; पोटिलो नभएको; दाम्रो। (of peas, bean pods) not plump.

सेप्न्य /*plv.* **sepnjə**, *llv.* **surʊpnjə**, *md.* **mɪsakke/ –** [स.क्रि. *v.t.*] **१.** बच्चालाई सुत्नको लागि लेटाउनु; सुत्न लाउनु; सुताउनु। to put a baby to bed. **२.** कसैलाई आफूसँगै सुताउनु। to allow someone to sleep by your side.

सेप्या /sepja/ – [ना. *n.*] चाकमा दुईवटा सिङ जस्तै च्याप्न हुने अङ्ग भएको किरा; कन्सुल्लो। a small insect with two pincers (curved pointed parts) at the back end of its body; an earwig.

सेप्सेप पिन्य /sépsèp pɪnjə/ – [स.क्रि. *v.t.*] भाँडा आदिको बिट वा कतै मुख जोडेर तरल पदार्थ तान्नु; चपाइएको चिजबाट रस चुस्नु। to drink sth by touching the brim of a pot with your lips; to suck juice from sth.

सेभेःसेबेःव /sebʰeːsebeːwə/ – [वि. *adj.* ☞ (**पसप का पसबो /pəsəb ka pəsəbo/**)

सेम/sem/– [ना.*n.*] सधैं पानी जमिरहने चिस्यान जमिन; सिमसार; सिम। swamp; marsh; wetland. > **सेमङ्गैं /semŋɑ̃ˈ/–** सिमसारमा हुने एक प्रकारको सिमसाग; खोलेसाग। a type of green leafy vegetable found in wetland.

सेमे /semè/ – [ना. *n.*] **१.** सोह्र माना (दुई पाथी) परिमाणको वस्तु अटाउने भाँडो। a container that holds sixteen *mānās* of quantity. **२.** [वि. *adj.*] दुई पाथी परिमाणको। sixteen *mānās* of sth.

सेम्ता /serma, *syn.* **daŋkərɪ/ –** [ना. *n.*/से.भे. *slv.*] सल्लाको फल। a pine cone.

सेम्न्य /semnjə/ – [अ.क्रि. *v.i.*] परिरहेको पानी बिस्तारै रोकिँदै जानु; बर्षात् कम हुनु; बिदो हुनु। (of rain) to abate; to stop raining.

सेर/(o),(sja)ser/– [ना.*n.*] मारकोशिरलगायत अन्य मुख्यमुख्य अङ्ग कुलका अग्रजको उमेरको मर्यादाक्रमानुसार सम्मानस्वरुप टक्र्याइने उपहार। a present of a head and other parts of a butchered animal offered to the eldest member of the clan.

सेरा /sera/ – [ना. *n.* /से.भे. sd.] ☞ (**धिम /dʰɪm/**)

सेराङ्गु /seraŋŋu/ – [ना. *n.*/से.भे. *slv.*] भाङ्को बियाँ; फल। hemp *bhāng* seeds.

सेराथापन/seratʰapən/ – [ना.*n.*] **१.** (मन्दिर, घर, पुल-पुलेसा आदि) भौतिक संरचना निर्माण गर्दा सर्वप्रथम साइतसाथ विधिपूर्वक ढुङ्गा, इट्टा आदिको जग हाल्ने काम; जगपूजा; शिलान्यास। an act of lying a foundation stone of a temple, building, bridge, etc. with foundation worship. **२.** शुभ साइतका साथ गरिने कुनै कामको थालनी। any activity that is performed for a good omen

before you begin your journey.

सेरारा /*plv.* **serara**, *hmlv.* **fərara**/ – [ना. *n.*] फराकिलो भएर पानीको गहिराइ कम भएको नदी। an area in a river or stream which is not deep and can be crossed on foot; a ford.

सेरो$_{१}$ /**sero**, < **serwə**, *syn.* **serdʒʰaᵘ**/ – [वि. *adj.*] **१.** (पुरुष) उमेर छिप्पिएको; बृद्ध; बूढो। (of men) old; elder. **२.** (पुरुष) उमेर बढी पुगेको; सरदर साठी वर्ष वा सोभन्दा बढी उमेरको; जवानीले छोडेको; बूढो। an old man, especially who has crossed sixty.

सेरो

